The Dharmakirti

# धर्मकीर्ति

## रजत जयन्ती विशेषाङ्क



Dhamma.Digital

वर्ष-२५, अङ्क-१

बुद्ध सम्वत् २५५१






Your visit to one of the world's oldest renowned religious relics–the Lumbini Garden is greatly anticipated by the HOTEL LUMBINI GARDEN NEW CRYSTAL. Situated just opposite the entrance to the sacred Garden of Lumbini and 5 minutes walking distance from the restored Mayadevi Temple, which marks the birthplace of the apostle of peace–the Lord Buddha.

Hotel Lumbini Garden New Crystal, one of the modern property of the vicinity in the palpable tranquility and the spiritual serenity of Lumbini, captured in the Hotel environment and the refined hospitality and outstanding facilities make it a bewildering combination.

**H·O·T·E·L**
**Lumbini Garden**
NEW CRYSTAL PVT. LTD.

Buddha Nagar, Mahilwar, Lumbini, Nepal
Phone: (071) 622155, 580145, Fax: +977-71-580045
Email: lumcrystal@ntc.net.np



# POKHARA : the valley of joy

Enrich your Pokhara experience by being at NEW HOTEL CRYSTAL, located midway between town and the famed Fewa lake and close proximity to the airport. Our trained staffs enjoy serving that ascertain as one of the pioneer hotel in the region. Later, when you take a trek, go hiking or visit Lumbini or air dash to another destination, the memories of Valley of Joy will linger.

**New hotel Crystal**
POKHARA (PVT.) LTD.

Nagdhunga, P.O. Box 234, Pokhara, Nepal.
Tel: (061) 520035, 520036 Fax: +977-61-520234
E-mail: newcrystal@ntc.net.np

Mails/Reservations: 38 Chhusya(baha) Galli, Jyatha Tole, Kathmandu, Nepal.
P. O. Box 1253, Tel (01) 4228011, 4228561
Fax: +977-1-4228028, Email: ajsthapit@mail.com.np

Downloaded from http://www.dhamma.digital

संयोजक

लोचनतारा तुलाधर

रीना तुलाधर

प्रमुख व्यवस्थापक

विद्यासागर रञ्जित

फोन: ४२५ ८९५५, ४२२ ४११२

व्यवस्थापकहरू

चिनीकाजी महर्जन

फोन: ४२५ ३१८२

ज्ञानेन्द्र महर्जन

फोन: ४२७६९०८

सह-व्यवस्थापक

ध्रुवरत्न स्थापित

सम्पादक

भिक्षुणी वीर्यवती

फोन: ४२५ ९४६६

प्रधान सम्पादक

भिक्षु अश्वघोष महास्थविर

फोन: ४२५ ९११०

प्रकाशक र विशेष सल्लाहकार

भिक्षुणी धम्मवती

फोन: ४२५ ९४६६

कार्यालय

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी

धर्मकीर्ति विहार

श्रीघ: नघ:टोल

e-mail: dharmakirtivihar@mail.com.np

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोन: ४२५ ९४६६

बुद्ध सम्वत् २५५१

नेपाल सम्वत् ११२६

इस्वी सम्वत् २००७

बिक्रम सम्वत् २०६४


| | |
|---|---|
| विशेष सदस्य | रु. १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. ७५/- |
| यस अङ्कको | रु. १०/- |

DHARMAKIRTI

# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

A Buddhist Monthly

**Silver Jubilee Special**

## रजत जयन्ती विशेषाङ्क

**2551st VAISAKH FULL MOON DAY**

**2nd MAY 2007**


वर्ष- २५ | अङ्क- १ | वैशाख पुन्ही | वैशाख २०६४





★ रीसले वैरभाव शान्त हुने छैन, प्रेमभावले मात्र वैरभाव शान्त हुन सक्छ, यही सनातन देखि चली आएको धर्म हो।

★ ★ ★

★ सुमार्गमा लागेको चित्तले आफूलाई जति उपकार गर्दछ; त्यति उपकार बाबु आमा र कुटुम्बले समेत् गर्न सक्तैनन्।

★ ★ ★

★ आफ्नो दोष देखाइ दिनेलाई गाडेको धन देखाइ दिने मित्र भनि ठान्नुपर्छ; ज्ञानीहरू आफूलाई गालि गरेर शिकाउनेको सत्संगत् छोड्दैनन् त्यस्ताको सत्संगत् गर्नाले आफ्नो उन्नति सिवाय हानी हुँदैन।

## ▪ सम्पादकीय ▪

वि.सं. २०२९ सालको वैशाख पूर्णिमाको दिन प्रथम पटक प्रथम अंकको रूपमा प्रकाशित भएको धर्मकीर्ति पत्रिकाले आजको दिन ३५ वर्ष पूरा गरेको छ। ३५ वर्षिय लामो यात्रामा यस पत्रिकाले बिचमा कहिंपनि थकाई मार्दै विश्राम लिएको भने देखिएन।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको मुखपत्रको रुपमा प्रकाशित यस पत्रिकाको स्वरूपमा भने केही हेरफेर चाहिं अवश्य भएको छ। किनभने वि.सं. २०२९ साल वैशाख पूर्णिमा देखि निरन्तर १२ वर्ष सम्म (हरेक वर्षको वैशाख पूर्णिमाको दिन) वार्षिक पत्रिकाको रुपमा प्रकाशन भइरहेको यस पत्रिकाले त्यसपछि दुईवर्ष सम्म त द्वैमासिक पत्रिकाको रुपमा आफ्नो स्वरूप फेरेको थियो। फेरि वि.सं. २०४२ असार देखि नियमित मासिक पत्रिकाको रुपमा हालसम्म पनि निरन्तर प्रकाशित हुँदैछ।

युवा पुस्तामा भगवान् बुद्धको व्यवहारिक शिक्षा प्रचार प्रसार गर्ने उद्देश्य बोकी प्रकाशित यस पत्रिका शुरुमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको नियमित सदस्यहरूको लेख संकलनबाट शुभारम्भ गरिएको थियो। त्यसताका नेपालमा बुद्धधर्म सम्वन्धि पत्र पत्रिकाहरू आजजस्तो छ्याप्छ्याप्ती पाउँदैनथ्यो। धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको साप्ताहिक कक्षामा बसी अध्ययन गरी हासिल गरेका बुद्ध शिक्षालाई अध्ययन गोष्ठीका सदस्यहरूले लेख, गीत र कविताको रुपमा प्रस्तुत गरी यस पत्रिकामा छाप्ने गरिन्थ्यो। पछिपछिको अंकहरूमा भन्ते, गुरूमां एवं अन्य बौद्ध विद्वानहरूका लेखहरू पनि भित्रिन थाले। यसरी नै विभिन्न स्थानका बौद्ध गतिविधिहरू पनि उल्लेखित समाचारहरूले यस पत्रिका रोचक बन्दै गयो।

पत्र पत्रिका तथा पुस्तकहरू किनेर पढ्ने बानी नभएका त्यसताकाका पाठकहरू बिच जन्म लिएको यस पत्रिकाले आफ्नो अस्तित्त्व जोगाइराख्न विभिन्न कठिनाईहरूको सामना गर्नुपरेको थियो। तैपनि श्रद्धालु दाताहरूले नियमित ग्राहक बनी उपलब्ध गराएको रकम, दाताहरूको चन्दा तथा विशेष सदस्य बनी उपलब्ध भएको रकमहरू जम्मा गरी यस पत्रिकालाई आजसम्म पनि जीवित पार्न सफल भएको छ। घाँटी हेरी हाड निल्नु भन्ने पुराना बुद्धिजीवि वर्गहरूको ज्ञानवर्द्धक उपदेशलाई मनन गर्दै यस पत्रिकाले आफ्नो बाह्य आवरणमा तडक भडक गर्न उचित ठानेन। साधारण छपाई स्तरले आफ्नो औकात अनुसारको बजेट कायम गर्नुलाई नै बुद्धिमानी ठानेको छ। सर्वसाधारणले पनि किनेर पढ्न सकुन् भन्ने धारणा राखि यस पत्रिकाको मूल्य आजसम्म रु. ७/- नै कायम गरिएको छ। जुन मूल्य आजको पत्रिका बजारमा प्रकाशित अन्य पत्रिकाहरूको मूल्य दरको दाँजोमा एकदम न्यून रहेको छ। वैशाख पूर्णिमाको दिनमा मात्र रंगीन आवरणले सुसज्जित हुने यस पत्रिकाको चलन यथावत नै रहेको छ। भने शुरुदेखि आज सम्म पनि यसको साइज पनि यथावत नै कायम रहेको छ।

बुद्ध शिक्षाले आचरण शुद्धि तर्फ जोड दिने गर्छ। आफ्नो चित्तमयल पखाली आचरण शुद्ध गर्न सल्लाह दिने यस शिक्षाले देउता पूजा गर्ने, लाखबत्ति बाल्ने र महापरित्राण पाठ गर्ने कार्यमा मात्र आफूलाई सीमित नराख्न पनि सल्लाह दिने गर्छ। किनभने भक्तिमार्गमा मात्र भुलिरहेमा मनभित्रको क्लेश हट्ने सम्भव छैन। त्यसैले यस धर्मकीर्ति पत्रिकाले आ-आफ्नो आचरण शुद्ध गर्नुपर्ने व्यवहारिक पक्षका लेखहरूलाई विशेष स्थान दिने गरेको छ। यसको साथै विभिन्न राष्ट्रिय दैनिक समाचार पत्रबाट मननयोग्य घटनाहरूका समाचार पनि साभार गरी यस पत्रिकामा प्रकाशन गर्ने गरिन्छ। जुन आम पाठकवर्गहरूको लागि उदाहरण बनोस्। त्यतिमात्र होइन, धम्मपद अर्थकथा सहितको स्थायी स्तम्भले धेरैजसो जिज्ञासु पाठकवर्गहरूको मन जित्न सफल भइरहेको छ। पत्रिकाको विशेष सदस्यहरूको गुण स्मरण गर्दै उहाँहरूको देहावसान पछि यही पत्रिका मार्फत धर्मकीर्ति पत्रिका परिवारले समवेदना प्रकट गर्ने कार्यलाई निरन्तरता दिंदै आइरहेको छ।

धर्मकीर्ति विहारकी सह-संस्थापिका रत्नमञ्जरी गुरुमांको देहावसानमा उहाँको गुणानुस्मरण गरी यस पत्रिकाले विशेष स्मृति अङ्क प्रकाशित गरेको थियो (वर्ष-२४, अङ्क-७, २०६३), भने प्रकाश वज्राचार्य (वि.सं. २०४१ देखि २०५१ सम्म सम्पादकको कार्यभार वहन गर्नुभई सेवा पुऱ्याउनु भए वापत) को गुणानुस्मरण गर्दै प्रकाश वज्राचार्य स्मृति अङ्क (वर्ष-२३, अङ्क-९, २०६३) प्रकाशित गरिएको थियो।

देशकाल र परिस्थिति अनुसार विभिन्न स्थानहरूमा सम्पन्न गरिएका धार्मिक गतिविधिहरूको समाचार सम्प्रेशन गरी पाठकवर्ग सामु पुऱ्याइने संचार सम्बन्धी कार्यमा यसले राम्रो भूमिका निभाई रहेको छ। मानिसहरूले बुद्धको मूल उपदेश रूपी सम्यक जीवन यापन गरेमा देशमा स्थायी शान्ति पलाउने आशा यस पत्रिकाले बोकेको छ। यही आसय बोक्दै यस पत्रिकाले धर्मप्रचार कार्यमा आफूले सक्दो प्रयास जारी राखेको छ। आशा छ धर्मकीर्तिको यस इच्छा अवश्य पुरा हुनेछ।

- संयोजिकाद्वय



Downloaded from http://www.dhamma.digital

## विषय-सूचि


| | | | |
|---|---|---|---|
| १. | बुद्ध वचन | - | १ |
| २. | सम्पादकीय | - | २ |
| ३. | अमर निर्वाणको सत्य | - कल्याण मित्र सत्यनारायण गोयन्का | ५ |
| ४. | मानवतालाई जोगाऔं | - भिक्षु ज्ञानपूर्णिक महास्थविर | ८ |
| ५. | जब म ब्युंझिएँ | - प्रेम लक्ष्मी तुलाधर | १० |
| ६. | 'आठ गरु धर्म' – मेरो केही तर्क | - रीना तुलाधर | ११ |
| ७. | लुम्बिनी केवय् थौं छु थें ? | - अमीरकुमारी शाक्य | १३ |
| ८. | धर्मकीर्तिको गतिविधितिर फर्केर हेर्दा | - भिक्षु अश्वघोष | १४ |
| ९. | मैत्री केन्द्र बाल आश्रम ध्यानकुटी विहार, बनेपालाई सहयोग | - | १६ |
| १०. | बुद्ध गुणो अनन्तो | - भिक्षुणी धम्मवती | १७ |
| ११. | नेपालमा थेरवादी प्रव्रज्यादीक्षा–गति : एक लघु दृष्टि | - भिक्षु कोण्डन्य | २१ |
| १२. | हिंसा रोक्ने उपाय | - भिक्षु संघरक्षित | २४ |
| १३. | स्वाभीमानी महिला–विशाखा महाउपासिका | - लोचनतारा तुलाधर | २६ |
| १४. | थौं छन्हुसां | - राज शाक्य | २७ |
| १५. | स्वाँया पुन्ही वल | - बुद्धरत्न शाक्य 'क' | २७ |
| १६. | बुद्धको कल्याणकारी उपदेश : सोचेर हेर्दा | - घनश्याम राजकर्णिकार | २८ |
| १७. | बुद्ध शिक्षा प्रचार कार्यमा 'धर्मकीर्ति' को देन | - मदनरत्न मानन्धर | ३० |
| १८. | सर आशुतोष मुकर्जी | - रत्नसुन्दर शाक्य | ३२ |
| १९. | अश्वघोष भन्ते र धर्मकीर्ति पत्रिका | - मीना तुलाधर | ३५ |
| २०. | सब्वेसत्ता कम्मस्सका | - विजयलक्ष्मी शाक्य | ३७ |
| २१. | वार्षिक, द्वैमासिक एवं मासिक 'धर्मकीर्ति' केलाउँदा | - प्रस्तुती: रीना तुलाधर | ३९ |
| २२. | स्वागत् म्ये | - श्री ज्ञानमान तुलाधर | ४२ |
| २३. | 'धर्मकीर्ति' को विशेषाङ्कहरू | - प्रस्तुती: लोचनतारा तुलाधर | ४३ |
| २४. | धर्मकीर्ति पत्रिकाको व्यवस्थापन पक्षबाट ... ... | - प्रस्तुती: ज्ञानेन्द्र महर्जन, चिनीकाजी महर्जन | ४४ |
| २५. | धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू | - | ४७ |
| २६. | धर्मकीर्ति विहार – स्वास्थ्य सेवा | - रोसनकाजी तुलाधर | ४८ |
| २७. | धर्मकीर्ति पत्रिका र न्यू नेपाल प्रेस | - संयोजकको कलमबाट | ४९ |
| २८. | 'शान्ति' | - नरेन्द्रनाथ भट्टराई | ५० |
| २९. | योगाभ्यास विधि–२७ | - डा. गोपाल प्रधान | ५१ |
| ३०. | बैशाख पूर्णिमा | - राजीव वज्राचार्य | ५१ |
| ३१. | 'धर्मकीर्ति गतिविधि' धर्मकीर्ति स्थायी स्तम्भ | - | ५२ |
| ३२. | धर्मकीर्ति व भिक्षु सुदर्शन महास्थविर | - दुण्डबहादुर वज्राचार्य | ५४ |
| ३३. | बुद्ध धर्मया लँपुइ भिक्षुणी धम्मवतीया योगदान | - अमृतमान शाक्य भिक्षु | ५६ |
| ३४. | सुजाता प्रति | - जुक्तिजङ्ग लामिछाने | ५८ |
| ३५. | विजय माला स्वखायुगु दिं | - र वे ध्वं | ५९ |
| ३६. | पञ्चबुद्ध | - फणीन्द्ररत्न वज्राचार्य | ६० |
| ३७. | मेरा हातले लेखनु छ युग भुलेको कहानी | - भिक्षु गौतम (शिशिर) | ६४ |
| ३८. | नाम संगती न्हपं दुम्ह महामञ्जुश्री | - उत्तमराज शिलाकार | ६५ |
| ३९. | बोधिज्ञान या सुखँ | - आनन्द मानसिं तुलाधर | ६६ |
| ४०. | शान्तिया लँपु | - लक्ष्मीहीरा तुलाधर | ६७ |
| ४१. | धन व गुण | - वरदेश मानन्धर | ६९ |
| ४२. | Peaceful Suffering | – Suwarna Sakya | ७२ |
| ४३. | Core Message of Lord Buddha | – Bhikkhu Upatissa | ७४ |
| ४४. | Loosing Ground in Gender Equality... | – Sumon K. Tuladhar | ७८ |
| ४१. | धर्मकीर्ति विहार–गतिविधि | - | ८० |
| ४२. | धर्मकीर्ति पत्रिकाका विशेष सदस्यहरू | - | ८२ |
| ४३. | यो पनि जानी राखे राम्रो | - | ८८ |
| ४४. | धर्म प्रचार–समाचार | - | ८९ |
| ४५. | अ.ने.भि.म.द्वारा संचालित ... ... परीक्षा परिणाम | - | ९१ |

२५५१ औं बैशाख पूर्णिमाको उपलक्ष्यमा
शुभकामना साथै धर्मकीर्ति पत्रिकाको रजत-जयन्तीको उत्तरोत्तर प्रगतिको लागि
हार्दिक शुभकामना गर्दछौं ।

# नेपाल शेयर मार्केट्स एण्ड फाईनान्स लिमिटेड

( नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त )

## बढी ब्याज पाइने मुद्दती खाता

## खोल्नुहोस् ।

## सुरक्षित लगानी र बढी सेवा सुविधाको लागि हार्दिक आमन्त्रण गर्दछौं ।

| अवधि | ३ वर्ष भन्दा माथि | ३ वर्ष | २ वर्ष | १ वर्ष | ६ महिने | ३ महिने |
|---|---|---|---|---|---|---|
| वार्षिक ब्याज प्रतिशत | ८.०० | ७.५० | ७.०० | ६.५० | ६.०० | ५.५० |

बचत खातामा ५.५०%
( दैनिक मौज्दातमा ब्याज गणना गरिने )

हरेक प्रकारको कर्जा तथा सापटमा वार्षिक
१०.००% देखि १३.००%
सम्म बाँकी साँवामा

मुद्दती निक्षेप धितो कर्जामा पाउने
ब्याजमा थप २.००% मात्र

**सम्पर्क राख्नुहोस्**

**प्रधान कार्यालय**
पो.ब.नं. ९९०९, रामशाहपथ, काठमाडौं
फोन नं. (०१) ४२६७६०६, ४१६७५९७, ४२५२३३२, फ्याक्स: (०१) ४२४८८४५

**पोखरा शाखा**
महेन्द्रपूल, कास्की
फोन नं.: (०६१) ५२३५८१, ५३०९८३
फ्याक्स : (०६१) ५२८९६०

**नयाँ सडक शाखा कार्यालय**
फसिकेब, काठमाडौं
फोन नं.: ४२४४६१८, ४२५०४२७
फ्याक्स : (०१) ४२२७७१


Downloaded from http://www.dhamma.digital

# अमर निर्वाणको सत्य

सानो-साना सामान्य साधारण घटनाहरू त सबैको जीवनमा घटीरहन्छन् । तर कहिले कांहीं अति साधारण जस्तो लाग्ने घटनाहरू पनि कोही पुण्यशाली ब्यक्तिको लागि अपूर्व प्रेरणा दिने हुनसक्छ । र त्यस घटनाले त्यस व्यक्तिमा एउटा यस्तो उत्साह भरिदिन्छ कि उस्ले सारा सुख - सुविधालाई लात मारेर मुक्तिको मार्गमा प्रबल पराक्रम गर्दै अगाडि बढ्छ ।



कल्याण मित्र सत्यनारायण गोयन्का

कोही बूढो ब्यक्तिलाई देख्नु, कोही बिरामी मानिसलाई देख्नु, कोही लाशलाई देख्नु र सन्यासीलाई देख्नु कुनै ठूलो कुरो होइन । यी कुराहरू त जो कोहीले देखिरहन्छन् । शायद, राजा शुद्धोदनले आफ्नो छोरा सिद्धार्थ गृहत्याग गरेर जाला भनेर विलास-वैभव र आमोद-प्रमोदमा लगाई राखेको हुनसक्छ । यस्तो पनि हुनसक्छ कि उसले मुर्दा हेर्ने पहिला कहिल्यै पनि अवसर नै पाएको थिएन । तर बूढो मान्छे त देखेकै होला । बूढा-बूढी नोकर-नोकरानीहरूबाट टाढा-टाढा राखेको हुनसक्छ तर सिद्धार्थको बुबा र सानीमा प्रजापती गौतमी त लगभग ७० वर्ष उमेर पुगिसकेका थिए जबकि राजकुमार २५-२९ बर्षका थिए । उनीहरूको फुलेको केश, चाउरी परेको अनुहार त अवश्य देखेको हुनुपर्छ । त्यस्तै उनीहरू मध्ये कोही रोगबाट ग्रस्त भएको पनि देखेको होला । धर्मवान राजघराना थियो । पहिला-कहिले साधु-सन्तहरूलाई भोजन-दान दिएर उनीहरूको सम्मान र सत्कार गर्ने पनि गरिन्थ्यो होला । उनीहरूको वन्दना गर्न र मंगल आशिर्वाद लिनको लागि कहिले कांही राजकुमारलाई उनीहरूको अगाडि पनि लगिन्थ्यो होला । त्यसैले यस्ता दृश्यहरू राजकुमारले पहिले पनि देखिसकेको होला भन्ने अनुमान लगाउन सकिन्छ । परन्तु त्यसदिनमा त्यही निमित्तहरूलाई देखेर उसको मनस्थिती यस्तो भयो होला जस्को कारणले गृहत्याग गरेर सत्यलाई खोज्ने यस्तो प्रबल प्रेरणा जाग्यो, जुन कसैले रोकेर रोकेन ।

त्यसदिन देखेको जरा, ब्याधि र मृत्युको प्रतीकमा संसारको सारा दुःख उभरेर आयो होला र त्यस गृहत्यागी सन्यासीको शान्त मुहारमा दुःख विमुक्तिको अपूर्व आश्वासन मनमा जाग्यो होला । यसै कारण त्यस समयमा त्यस घटनाले चिन्तनशील राजकुमारको मनमा विचारहरूको ठूलो तूफान ल्याई पुऱ्यायो होला ।

संसारमा जहाँ जन्म, जरा, ब्याधि र मृत्युको सत्य छ, त्यहाँ त्यस भन्दा पर अजर-अमर निर्वाणको सत्य पनि अवश्य हुनेछ । मैले त्यसको खोजी गर्नुछ ।

जसरी संसारमा एक तर्फ इन्द्रिय-दुःख छ भने अर्को तर्फ इन्द्रिय-सुखको अस्तित्व पनि छ । त्यस्तै जहाँ भव-चक्र छ त्यहाँ भव-निसःरण पनि अवश्य हुन्छ ।

जस्तो संसारमा न्यानोपन छ त्यसको दाँजोमा, शीतलता पनि छ त्यस्तै जहाँ त्रिविध ताप छ त्यहाँ सर्वतापनाशक निर्वाणको परम शान्ति पनि अवश्य हुन्छ ।

जस्तो जहाँ पाप छ र त्यसको विपरित पुण्य पनि छ, त्यस्तै जहाँ जन्म छ त्यहाँ अजन्म अवस्था पनि हुन्छ । जहाँ जरा छ त्यहाँ अजर अवस्था पनि हुनेछ । जहाँ मृत्यु छ त्यहाँ अमृत अवस्था पनि अवश्य हुनेछ । मैले त्यसको अनुसन्धान गर्नुछ, पर्यवेषणा गर्नुछ ।

जन्म, जरा, ब्याधि, मृत्युको यस दुःखद भवचक्रको कुनै त मूलभूत कारण होला, र यदि छ भने त्यसको निवारणको उपाय पनि अवश्य होला । यदि कुनै उपाय छ भने त्यस उपाय द्वारा भवचक्र बाट सर्वथा विमुक्त हुनुपर्छ, नितांत दुःख निरोधको अवस्थाको परम सत्य उपलब्ध गर्न सकिन्छ र गर्नु पनि पर्छ । केवल मेरो दुःख-निरोधको लागि मात्र होइन, संसारका यति धेरै प्राणीहरू दुःखबाट तड्पीरहेका छन्, यिनीहरूको दुःख विमुक्तिका लागि पनि परम सत्यको खोजी गर्नु अति आवश्यक छ ।

मैलोले भरिएको व्यक्तिलाई आफ्नो मैल पखाल्नको लागि नदी-तलाऊ त छ नै, तर यदि उसले नदी-तलाऊको खोजी नै गरेन भने दोष कस्को ? नदी-तलाऊको दोष होइन ।

प्राणघातक दुश्मनहरूले घेरेको व्यक्ति भाग्न त सकिन्थ्यो, भाग्नका लागि बाटो थियो, परन्तु यदि उस्ले

बाटो खोज्ने प्रयास नै गरेन भने दोष कस्को ? बाटोको त होइन नि । दनदनी आगो बलेको घरबाट भाग्ने बाटो त थियो तर बाटोको खोजी नै गरेन भने दोष कस्को ? बाटोको त होइन नि । रोग हटाउने उपचार त थियो तर रोगीले उपचार गराउन नै चाहेन भने दोष कस्को ? चिकित्साको त होइन । जन्म जन्मान्तरको भवचक्रबाट पीडित व्यक्तिहरूका लागि क्लेश निवारणको मार्ग छ तर त्यस मार्गको खोजी नै गरेन भने दोष कस्को ? मार्गको त होइन ।

यस मार्गको खोजी घरमा बसेर सम्भव थिएन । घर-गृहस्थीमा त धर्मको नाममा घेरैजसो कर्मकाण्ड नै हुनेगर्छ । त्यसमा परम सत्यको खोजी गर्नु निस्सारबाट सार खोज्नु जस्तै हुन्छ । उनका बाबुले त्यस समयका दर्शन-शास्त्रका आचार्यहरूलाई घरमा बोलाएर सबै दार्शनिक मान्यताको बारेमा जान्ने अवसर जुटाएका थिए । परन्तु यस चिन्तन-मनन मात्र गरेर परम सत्य उपलब्ध हुन्छ भन्नु असम्भव छ । पहिलाका मुक्त भएका महापुरुषहरूले सत्यको साक्षात्कार स्वयंले गरेका थिए र आफू भित्र गरेका थिए । मैले पनि यही गर्नुछ । परम सत्यको खोजी आफू भित्र नै गर्नुछ । यसको लागि अन्तर मनसम्म पुग्ने कुनै वैज्ञानिक विधि पत्तालगाउनु पर्नेछ, निरन्तर अवरोध विहीन अभ्यास गर्नका लागि अनुकूल वातावरण हुनुपर्दछ जुन राजमहलको राजसी वातावरणमा पाउनु सम्भव थिएन ।

परम सत्यको खोजी गर्ने तीब्र अभिलाषालाई यस सामान्य लाग्ने चार प्रसंगले कति बल दिएको थियो । अत्यन्त सुन्दरी र सुकोमल नवजात शिशु राहुलको सारा आकर्षण त्यागेर सत्यको शोध गर्न सिद्धार्थले गृहत्याग गरे । राज्यको सम्पूर्ण वैभव-विलास, आमोद-प्रमोदका साधनहरूलाई यति निसंग भावले त्याग गरे कि जस्तो शौचालयमा गएर कोही मल-मूत्र त्यागेर जान्छ र त्यसलाई कहिल्यै फर्केर पनि हेर्दैन ।

परम सत्य खोज्न निस्किएको राजकुमार अनेक ठाउँमा भट्किए, अनेक प्रकारका अभ्यास गरेर हेरे । आफूभित्र समाधिको गहराई नाप्नका लागि त्यस समयका प्रसिद्ध ध्यान-आचार्यहरू अलारकलाम र उद्दकरामपुत्रसंग क्रमशः सातौं र आठौं ध्यान सिके । यसबाट पनि इन्द्रियातीत परम सत्यको साक्षात्कार हुन सकेन । यी त्यस समयका प्रचलित ध्यान विधिका उच्च अवस्था थिए । पहिलो देखि चौथौं ध्यानसम्म आफू भित्र र पाचौं देखि आठौं ध्यानसम्म बाहिर अनन्तसम्म फैलने ध्यान हुन् । यी ध्यानका अनेक आलम्बनहरू छन् । माटो, पानी, आगो, हावा बाहेक विभिन्न प्रकारका रंग तथा प्रकाशलाई पनि आलम्बन बनाईन्छन् । धेरै समयको अभ्यास पछि यस्ता आलम्बनहरूलाई सानो गर्दै-गर्दै बन्द आँखाको सामु एउटा सानो बिन्दुमा केन्द्रित गरिन्छ र त्यसैमा स्थिर गरिन्छ र फेरि प्रबल मनोबल द्वारा त्यसैमा अधिकार जमाउन अनेक प्रकारका प्रयोग गरिन्छ । त्यसपछि साधक त्यसलाई जति सक्दो ठूलो गर्ने र फैलाउने गर्दछ । अनन्तसम्म फैलाउँदै जान्छ । लेशमात्र रंगको बिन्दु, र पछि गएर प्रकाशको सानो बिन्दुलाई अनन्तसम्म फैलाएर साधक आफ्नो चित्तलाई त्यसैमा समाहित गर्दछ । सानो लेशबाट अनन्त आयतनसम्मको पाचौं देखि आठौं ध्यान समापत्तिहरूद्वारा साधकको मन धेरै अंशसम्म निर्मल हुन्छ । परन्तु अन्तर्मनको गहिराईमा रहेका अनेक जन्मदेखिका कर्म-संस्कारहरूका कषाय-क्लेशका केही जराहरू बाँकी नै रहन्छन् । त्यसलाई नउखेलिकन मुक्ति कसरी हुन्छ ? आठौं ध्यान लाभ गरेको साधक भवाग्रमा अरूप ब्रह्मलोकको अधिकारी त अवश्य हुन्छ, तर भवबाट परको निर्वाण कहाँ पाउँछ ? यस्तो साधक अतीन्द्रिय अनुभूतिहरू प्राप्त गरेर अनेक प्रकारका अलौकिक ऋद्धि-सिद्धिहरूको अधिकारी अवश्य बन्दछ तर इन्द्रियातीत नित्य, शास्वत, ध्रुव परम शान्तिको अवस्था कहाँ पाउँछ ? जबसम्म कर्म-क्लेशको लेश बाँकी रहन्छ तबसम्म भव चक्र, लोकचक्र, दुःखचक्र त चल्दैरहन्छ । जस्ले विमुक्तिको परम सत्यको खोजी गर्न चाहन्छ ऊ यहींसम्म रोकेर कसरी बस्न सक्छ ? ती ध्यान आचार्यहरूसंग लेशमात्र बचेका अनुशय, सुषुप्त क्लेशलाई हटाउने कुनै साधना थिएन । अतः राजकुमार तपस्वी अन्य साधनाको खोजीमा अगाडि बढ्दै गए ।

त्यस समयमा एउटा प्रचलित प्रबल मान्यता यस्तो थियो कि भिन्न-भिन्न प्रकारले शरीरलाई यातना दियो, कष्ट दियो भने कर्मको मैलो पखालिन्छ । यस मान्यतालाई पनि एक पटक अभ्यास गरेर किन नहेरौं ? असीम वैभव विलासमा हुर्किएका सुकुमार, सुकोमल राजयोगी यस दुष्कर चर्यामा पनि दृढतापूर्वक लागे र यस विधिको माथिल्लो तहसम्मको अभ्यास गरेर हेरे । त्यस समयमा



Downloaded from http://www.dhamma.digital

प्रचलित सबै प्रकारका शरीर यातना दिने तपश्चर्या गरेर हेरे । विभिन्न प्रकारले शरीरलाई यातना दिने प्रयोग अपनाए ।

अनेकौं दिन काँडा विछ्याएर सुते । अत्यन्त जाडो मौसममा भिजेको कपडा लगाएर सुत्ने अभ्यास गरे । जाडो मौसममा रातभर खुला मैदानमा बस्ने र दिनमा घनघोर वनमा रहने गर्थे । ग्रीष्म महिनामा टण्टलापुर घामको खुला मैदानमा बस्थे भने राती सघन वनपाखामा शरीरलाई अनेक प्रकारले कष्ट दिइरहे । विभिन्न प्रकारका अभक्ष्य भोजन गरेर हेरे । जब उपवास बस्न थाले तब शरीरलाई सुकाएर हाडछालाको अस्थिपंजर बनाए । कहीं मासु नै रहेन । हाडको पिंजरा र त्यसमाथि चाउरी परेको छाला मात्र बाँकी रह्यो । ३५ वर्षको युवा अवस्थामा ८० वर्षको बुढोको जस्तो हालत भयो । स्वर्णिम चम्किलो सुन्दर शरीरको रंग कालो भयो । ठाउँ-ठाउँमा मैलको थुप्रो जमेको हुन्थ्यो । कुहिँना ऊँटको खुट्टा जस्तो भएको थियो । मेरुदण्डका हाडहरूको उठेको डबेको भाग मज्जाले देखिन्थ्यो । जोर्नीहरू सबै भत्किन लागेको घरको काठ झैं खुकुलो परेको थियो । गहिरो कुवामा ताराको प्रतिबिम्ब देखे झैं आँखा भित्र सम्म गाडिएको थियो । टाउकोको छाला घाममा सुकाएको लौका झैं खुम्चिएको थियो । पेटको छाला पीठ्यूँको हाडसंग जोडीएको थियो । पेटमा हात राख्यो भने मेरुडण्डको हाड भेटिन्थ्यो । शरीर यति दुर्बल भएको थियो कि कुनै अंगलाई सहारा दिएर उठाउन खोज्यो भने त्यहाँको सुकेको छालाको पत्र उप्केर आउँथ्यो । दिशा-पिसाबको लागि उठ्न खोज्दा एक पाईला पनि हिँड्न सक्दैनथ्यो, त्यहीं ढलमलिएर लडिन्थ्यो । यस्तो काया-क्लेश थियो ।

लगभग छः बर्षसम्म शरीरलाई यातना दिने यस्तो कठोर दुष्कर चर्या गरेर हेरे तर आठौं ध्यान पछि अन्तरमनको गहिराईमा जुन लेशमात्र अनुशय-क्लेश बचेको थियो त्यो जतिको त्यत्ति नै बाँकी थियो । अलिकति पनि घटेको थिएन । तब कुरा बुझ्न थाल्यो कि जुनप्रकारले काम-भोग, विलास-बैभवको जीवन जिएर कोही व्यक्ति एउटा अतिको जीवन जिऊँदछ र मुक्ति मार्ग भन्दा झन टाढा रहन्छ त्यस्तै गरी कायडण्ड दिने तपश्यामा लागेका व्यक्तिहरू पनि दोस्रो अतिको जीवन जिउँदछ र उनीहरू पनि मुक्तिबाट त्यत्तिकैं टाढा रहन्छ । मनलाई पो सुधार गर्नु पर्छ । मनलाई बिकारबाट विमुक्त गर्नुछ । यस विमुक्तिको साधनाको लागि मध्यम मार्गको खोजीगर्नुपर्छ ।

फेरि शरीरलाई चाहिने आहार ग्रहण गरेर साधना गर्न योग्य बनाए र स्वयं आफू भित्र मध्यम मार्गको साधनाको खोजीमा लागे । अनेक प्रकारका आन्तरिक बाधाहरूको सामना गर्दै रहे । अन्तमा आफ्नो अनेक जन्ममा संचित संवर्धित गरेको पुण्य पारमिताहरूको अपरिमित बल प्रस्फुटन भयो र विपश्यनाको मुक्तिदायिनी मार्ग उजागर भयो । काम भोगको बन्धन स्पष्ट भयो । देह दण्डनको निस्सारता स्पष्ट भयो । कर्मकाण्डको व्यर्थ प्रयोजन स्पष्ट भयो । विभिन्न दार्शनिक मान्यताको जंजाल छुट्यो । स्वानुभूतिको आधारमा जागेको भावनामयी प्रज्ञाको बलमा अन्धमान्यताजन्य दर्शन सम्यक्-दर्शन बन्यो । बौद्धिक चिन्तन-मननवाला भ्रामक ज्ञान सम्यक्-दर्शनको आधारमा प्रत्यक्ष अनुभूति युक्त सम्यक ज्ञान बन्यो । काल्पनिक विमुक्ति सम्यक विमुक्ति बन्यो । परम कल्याणी सम्यक् सम्बोधिको उपलब्धि भयो । सम्पूर्ण अनुशय क्लेश नष्ट भयो । समस्त विकारहरूले भरिएको चित्त नितान्त रुपमा विमुक्त भयो । चेतोविमुक्ति प्रज्ञाविमुक्तिमा सहायक भयो । नित्य शाश्वत, ध्रुव, प्रणीत, प्रशान्त शिव प्राप्त भयो । परम सत्यको साक्षात्कार भयो ।

सिद्धार्थ राजकुमार सम्यक सम्बोधि प्राप्त गरेर सम्यक-सम्बुद्ध बने । सर्वथा जाग्रत, प्रबुद्ध, सर्वज्ञ । सामान्य साधारण लाग्ने यी चार प्रकारका प्रतीक कसरी असीम प्रेरणाको स्रोत बन्यो । साधकको मनमा सत्यको अन्वेषण गर्ने जुन जोश जाग्यो त्यो अनन्त शान्तिको परम अवस्थासम्म पुगेर नै रोक्यो । साधक धन्य भए । यस्तो साधक पाएर स्वयं साधना पनि धन्य भयो । यस्तो साधक केवल आफ्नो स्वस्ति-मुक्तिको कारणमात्र बनेन लाखौं-करोडौंको स्वस्ति मुक्तिको प्रेरणाको स्रोत बन्यो । दु:खमा डुबेका व्यक्तिहरूका लागि प्रकाशमान दीप-स्तम्भ बन्यो ।

हामी भित्र पनि यस्तै मंगलमयी प्रेरणा जागोस् जुन असीम शुभ-फलदायी होस् । ■

*साभार : "जागे मंगल प्रेरणा"*

*सस्ता साहित्य मण्डल प्रकाशन, १९९०*

# मानवतालाई जोगाऔं

**"मनुस्सत्तभावो दुल्लभो लोकस्मिं** = यो संसारमा मनुष्य जीवन लाभ गर्न पाउनु दुर्लभ छ" – भगवान् अरहत् सम्यक्सम्बुद्धको दिनहुँ भिक्षुहरूलाई सम्झना दिनुको रूपमा दिनहुने अववाद उपदेश भित्रको यो वचन कत्तिको महत्वपूर्ण छ, कत्तिको गहकिलो र गम्भीर छ, कत्तिको अर्थपूर्ण, भावपूर्ण र सारगर्भित छ, कत्तिको रहस्यपूर्ण छ; मानिसले मानिसको रूपमा रहेर विचार गर्नु अति नै आवश्यक देखिन्छ ।



भिक्षु ज्ञानपूर्णिक महास्थविर

आज हामी मानिसको रूपमा जन्मिराखेका छौं । मानवको रूपमा बाँचिरहेका छौं । प्राणी जगतमा मानव प्राणी अत्यन्त उच्चस्थ अवस्थाको जीव हो । यसको अस्तित्व र महत्व अन्य कुनै प्राणीहरूसित दाँज्न र तुलनागर्न सकिन्न । मानव यो जीवनको संसारमा अति नै मूल्यवान् जीवन हो । हरेक क्षेत्रमा यसको स्थान उच्चस्तरीय छ । मानवले आफूमा अन्तर्निहित आफ्नो मानवीय क्षमतालाई स्वतन्त्र र खुल्ला रूपमा उजागर गर्न सकियो भने उसले गर्न नसकिने यो संसारमा केही पनि छैन । सर्वज्ञ सम्यक्सम्बुद्ध तथागत बुद्धले यो संसारमा मनुष्यत्वलाई जति महत्व दिई प्रशंसा गरिराख्नु भएको छ, त्यति कुनै देवी देवता तथा ब्रह्मा जस्तालाई पनि प्रशंसा गरिराख्नु भएको पाइँदैन । देवत्व ब्रह्मत्व प्राप्तगर्नसक्ने कुनै सत्व कुनै प्राणीको संसारमा छ भने त्यो मनुष्य प्राणी नै हो । मनुष्यले गरेर नसक्ने यो संसारमा कुनै पनि काम छैन । यो विश्व ब्रह्माण्डमा सर्वश्रेष्ठ सर्वोत्तम सर्वोच्च शीर्षस्थ तह (श्रेणी) भनेको नै सर्वज्ञत्व सम्यक्सम्बुद्धत्व हो, त्यो समेत पाउँनसक्ने क्षमता मनुष्यत्वमा छ। त्यसको ज्वलन्त उदाहरण आजको वैज्ञानिक युग नै रहेको छ । जुन कुरा आजको युगले प्रमाणित गरेर देखाइसकेको छ । भविष्यको संसारले त के के गरेर देखाउँदै गइरहने छ, त्यसको लेखाजोखा कसैले पनि गर्नसक्ने छैन । मनुष्यको करामतले आज विश्व नै उलटपुलट भइसकेको छ । भूमण्डललाई मात्र होइन, आज मनुष्यले नभमण्डललाई समेत आफ्नो कब्जामा लिने प्रयास जारिराख्दै छ । जलमण्डलमा पनि उसले विजय हासिल गर्ने काम गर्दै गइरहेको छ । यसरी सर्म्पूर्ण ब्रह्माण्ड, सम्पूर्ण भूमण्डल सम्पूर्ण विश्वलाई नै नचाउनसक्ने क्षमता मनुष्यमा रहेको स्पष्ट छ । किनभने मानव मन र मस्तिष्कले प्रत्येक क्षण प्रत्येक पलमा एक न एक नयाँ नयाँ आविष्कार गर्दै गइरहेको छ । त्यो गति रोकिएको छैन; रोकिँदैन पनि ।

भगवान् बुद्धले भन्नुभएको छ– **"लोकविसयो अचिन्तेय्यो"** अर्थात् "यो संसारको विषयलाई चिन्तन गरेर साध्य हुँदैन । कारण गमनद्वारा यसको अन्त गर्नसक्दैन । चलायमान गतिशील परिवर्तनीय संसारको अन्त्य कहिल्यै हुँदैन ।"

आविष्कार गर्नु भनेको नै एक पछि अर्को नयाँ नयाँ निर्माण एवं उत्पादन गर्दै जानु हो । पहिलेको पुरानो हुन्छ, सेलाएर जान्छ, बिलाएर जान्छ, नयाँ नयाँ जन्मदै जान्छ, उत्पन्न हुँदै गइरहन्छ, आविष्कार हुँदै रहिरहन्छ । मानवको अगाडि फेला पर्नु र नपर्नुमा मात्रै फरक पर्ने हो र मानव मन मस्तिक पनि कहिल्यै नरोकिने गतिशील प्रक्रिया हो । जुन भौतिक प्रक्रियाहरू भन्दा सयौं, हजारौं, लाखौं अझ भनौं करोडौं गुणा भन्दा पनि द्रुतगतिले गतिमान रहिरहेको हुन्छ । निरन्तर चलिरहेको हुन्छ । त्यसैले नै मामव मनले यो संसारलाई उथल पुथल पार्न सक्छ । निर्माणतिर पनि यो सशक्त छ, ध्वंशगर्नतिर पनि यो प्रबल छ ।

त्यसरी मनुष्यलाई सर्वशक्तिमान अवस्थामा पुऱ्याउने तथ्य के हो त ? केलाएर हेरेको खण्डमा उसमा रहेको मानसिक शक्ति नै हो । त्यसमा पनि उसमा रहेको विचार, चिन्तन मनन, ज्ञान, बुद्धि, विवेक, प्रज्ञा शक्ति नै सबभन्दा महत्वपूर्ण तथ्य हो । त्यो तथ्यलाई जब मनुष्यले सही दिशामा प्रयोग गर्दछ, त्यसबाट स्व-पर दुबै पक्षलाई उसले लाभ पुऱ्याउँछ, फाइदा दिन्छ, उपकार गर्दछ । त्यति मात्र कहाँ हो र, उसले त सम्पूर्ण सांसारिक दु:ख दर्द, भय उपद्रव, रोग, शोक, भोक, आपत्ति, विपत्ति, अन्तराय निर्मूल गराउनसक्ने बाटो समेत दर्शाउन सक्तछ ।



Downloaded from http://www.dhamma.digital

तर जब मनुष्यले ज्ञान-बुद्धि, विवेक, प्रज्ञाशक्तिलाई वास्ता नराखी पन्छाई स्वार्थपूर्ण, मतलबी, बेइमानी, असत्य, दूषित विचार, कुचिन्तन कुदृष्टिलाई अगाडि सारी दुष्कृत्य, अमानवीय क्रियाकलापतिर ऊ अगाडी बढ्छ, तब उसले यो संसार, यो विश्व ब्रह्माण्डलाई समेत दनदन आगो दन्काई, नष्ट भ्रष्ट र भष्मीभूत पारिदिने कुरामा कुनै किसिमको द्विधा संशय गरिरहन आवश्यक पर्दैन । त्यसैले यो लोकमा मानिसजस्तो सर्वश्रेष्ठ सत्पुरूष पनि अरू कोही हुन सक्तैन भने त्यो जस्तो सबभन्दा भयंकर प्रलयंकारी दुष्ट पनि अरू कोही हुनै सक्तैन ।

तसर्थ मानिस दुई धारे तलवार जस्तै राम्रो र नराम्रो दुबै पक्षमा तीखो धारिलो स्वभाव भएको प्राणी हो । जे होस्, मनुष्यको वास्तविक शोभा, व्यक्तित्व नै उसको राम्रो पक्षमा छ । मानवीय चरित्र, मानवीय गुण मानवताले मनुष्य परिपूर्ण छ भने उसले यो संसारलाई स्वर्गतुल्य बनाउन सक्छ; स्वर्ग नै बन्छ पनि ।

कुन दिशातिर यसलाई दोहऱ्याउने हो ? त्यसको निर्णय पनि मानवले आफैले गर्नुपर्दछ । उसमाथि आधिपत्य जमाउनसक्ने अन्य प्राणी कोही पनि यो संसारमा छैन । यसको शक्ति अपार छ, अपरम्पार छ ।

मानवले उसलाई सर्वशक्तिमान प्रभुत्वसम्पन्न निर्धारित गरिराखेको छ त्यो पनि मानवकै मन मस्तिष्कको कल्पना भित्रको उपज नै त हो नि, होइन र ! नत्र भने मानवले भने जस्तो, सोचे जस्तो, कल्पना गरे जस्तो मात्र उसले गरिरहने होइन होला नि ! उसको अन्हाऊ पन्हाऊमा नाच्न परिराखेको नै यसको ज्वलन्त उदाहरण र प्रमाण होइन र । त्यो भन्दा माथि पुगेर मानव प्रदत्त शक्ति भन्दा बाहिर गएर उसले पनि त केही गरेर देखाउनुपर्ने थियो । तर खोइ, त्यस्तो किसिमको केही असाधारण घटनाहरूको यो संसारमा घटिरहेको !

प्राकृतिक प्रकोपहरू त्यत्तिकै मच्चिरहेको छ; हिंसा, चोरी, डकैती, लुटमार, अत्याचार, व्यभिचार, भ्रष्टाचार, छलकपट, जालझेल आदि आदिहरू, प्राणीमात्रलाई असह्य हुने किसिमको शोक सन्ताप डाह छटपटी गराइने खालका अप्रिय घटनाहरू जघन्य अपराधहरू यो धरतीमा मच्चिराखेकै छन्; रोग भोक पिपाशाहरूले प्राणीमात्र पीडितै छन्; मरणान्तक सास्ति खाएर, दुःख भोगेर, चित्कार गरिरहेकै छन्; हाहाकारको परिस्थिति भोगिरहेकै छन्; कसैले अहँ त्यसको कारण निराकरण गरिदिएको पाइँदैन ।

त्यसको सट्टामा बरू मानव आफैले त्यसको उपचार सक्दोरूपमा जसो तसो गरिरहेको छ; उपचारको बाटो खोजिरहेको छ । तर... तर सर्वशक्तिसम्पन्न कसैले पनि "यो गर न" भनी यति मात्र समेत सुझाव पेश गरेको, अर्ति दिएको, समस्या सुल्झाइदिएको, बाटो देखाइदिएको आजसम्म पनि कहीं कतै फेलापारेको पाइँदैन । हरे, यो कस्तो शक्ति हो, त्यो सर्वशक्तिमानको ! खोई, सर्वशक्तिमानहरू कहाँ लुकिबसेका छन् ! कि त उनीहरू पनि मोजमस्तीमै ब्यस्त छन् कि ! हाय ! मानव आफैले सबै ठोक गर्नपरिराखेको छ; उसैबाट असल काम पनि भइरहेको छ; खराब काम पनि । अनि उसैबाट राम्रो प्रतिफल पनि निस्किराखेको छ; नराम्रो प्रतिफल पनि । सारा प्रलयको मार पनि उसैको थाप्लोमा बज्रिराखेको छ । अब के भन्ने भन्नुस् त !

जुन मानवमा मानवीय गुण र मानवत्व छ, मानवता जागेको छ, उसबाट असल काम भइरहेको छ, संसारको कल्याण भइराखेको छ । उसको उल्टो जुन मानवमा दानव घुसिरहेको छ उसबाट प्रलयंकारी विध्वंसात्मक क्रियाकलापहरू अगाडी दावानल जस्तै बढिराखेको छ । र त्यसको दुष्परिणाम पनि यो धरतीले भोगिरहनु परिरहेको छ ।

मानवता र दानवता दुबै किसिमको स्वभाव पनि मानव मन मस्तिष्कबाट नै उब्जिरहेको छ । त्यसैले आजको संसारमा यदि मानवले साँच्चैको सुखानन्दको प्रतिफल चाहन्छ भने उसले कुचिन्तन, कुदृष्टि, कुभावनाको कारण आफूमा निहित दानव प्रवृत्तिलाई विवेक र बुद्धिको ब्रेक लगाई रोक्नुपऱ्यो । र सही चिन्तन, सुदृष्टि र सद्भावनालाई अगाडी बढाई आफ्नो मानवत्व तथा मानवतालाई जगाई सच्चा मानव बन्नपऱ्यो । यसैमा उसको मानव स्वरूप जीवित रहिरहने छ र यस विश्व ब्रह्माण्डलाई उसले आफ्नो बनाइराख्न सकिने छ । यसलाई समृद्ध तुल्याई स्वर्ग बनाइराख्न सकिने छ ।

तसर्थ मानवको सबभन्दा महत्वपूर्ण कर्तव्य नै मानवतालाई जोगाइराख्नुमा भरपरिरहेको छ । मानवतालाई जोगाउन के कस्ता साधनहरू जुटाउनुपर्ने

माध्यमहरू अपनाउनुपर्ने हो त्यो पनि मानव मन मस्तिष्क मै लुकिराखेको छ । त्यसलाई उसले आफै भित्र अनुसन्धान र उत्खनन् गर्दै सजगताका साथ ध्यान पुऱ्याई आत्मसात गर्नु र प्रयोगमा ल्याउनु नितान्त आवश्यक छ । यही तथागत सम्यक्सम्बुद्धको पनि महाकरूणायुक्त उपदेश हो ।

त्यसैले मनुष्यमा मानवता जगाउन उसलाई शुद्ध, स्वच्छ, निर्मल, विशुद्ध हावापानी वातावरणको खाँचो छ । परिष्कृत, परिशुद्ध सम्प्रदायविहीन, सार्वभौमिक, सार्वदेशिक, सार्वकालिक, सार्वजनिक, पारलौकिक मार्ग निर्देशनको रूपमा सच्चा धर्मको आवश्यकता छ । त्यो बुद्ध तथागत प्रवेदित प्रवर्तित सुआख्यात, सांदृष्टिक, अकालिक, एहिपश्यिक, औपनेय्यिक र विज्ञ प्रत्यक्ष वेदितव्य धर्म नै हो । जस-जसले त्यो धर्मलाई सही ढंगले अंगालो मार्नेछ, अभ्यासमा उतार्नेछ, जीवनमा ढाल्नेछ, प्रयोगमा ल्याउनेछ, त्यो मनुष्य दिव्यत्वमा पुग्नेछ, ब्रह्मत्वमा पुग्नेछ, अमरत्वमा पुग्नेछ, मोक्षमागी हुनेछ । मुक्तिलाभी बन्नेछ । त्यो प्राणी यो संसारमा सर्वोत्तम, सर्वश्रेष्ठ, सर्वपूज्य अवस्थामा पुग्नेछ । धन्य हुनेछ, कृतकृत्य हुनेछ, सफल हुनेछ, सार्थक हुनेछ, पूर्णत्वमा पुग्नेछ । सच्चा मनुष्यत्व उसैमा मात्रै निहित हुन पुग्नेछ ।

जसले मानव महत्व प्रति दृष्टि पुऱ्याउँदैन, अवहेलना गर्छ, अपमान गर्छ, तुच्छ सम्झन्छ, नगण्य ठान्छ, मूल्यांकन नगरीं अवमूल्यन गर्छ, त्यस त्यसको जीवन व्यर्थमा गुमिरहेको हुन्छ, निरर्थक भइरहेको हुन्छ, स्व-पर दुबै पक्षको निमित्त हानिकारक सिद्ध हुन्छ ।

यसमा कुनै किसिमको भेदभाव र संकीर्णता लुकिराखेको छैन । चाहे पुरूष होस् या महिला, जसमा मानवता छ त्यो मानव एवं मानवी हो । जसमा त्यो छैन त्यो दानव एवं दानवी हो ।

खास भन्नुपर्दा यो संसारमा कोही पनि चेतनशील यस्तो प्राणी हुँदैन जसले आफूलाई दानव भन्न रूचाउने हो । अतएव दानवतालाई सदाका लागि त्यागी मानवताले परिपूर्ण मानव बनौं । यही धर्म हो; यही कर्म हो र यही जीवन जीवनको मूललक्ष्य पनि हो ।

सबै सबैको कल्याण होस्, मंगल होस् । ■

# जब म ब्युंझिएँ

**प्रेम लक्ष्मी तुलाधर**

के गरुं के गरुं भयो मलाई
जब म ब्युझिएँ
अनि मैले आँखा खोल्दा
अगाडि श्रद्धेय धम्मवती गुरुमां को
आँखा पो देखें ।
त्यसमा के छ भनेर हेर्न खोज्दा
चतुर्ब्रह्म विहार पो देखें ।
फेरि त्यो विहारलाई नमस्कार
गरेर आँखा खोल्दा
अनि मैले नाकलाई पो देखें
नाकले के बताउन खोज्यो भनेर
बुझ्न खोज्दा
राम्रो नराम्रो होइन शीलको बास्नालाई
सुंघ भन्ने भाव पो बुझें ।
फेरि त्यसलाई पनि नमस्कार गरेर
आँखा खोल्दा
जिब्रोलाई पो देखें ।
जिब्रो किन चलबलिएको भनेर
कारण बुझ्न खोज्दा
मिठो नमिठो स्वादको लागि होइन
जिउनुको लागि मात्र खाना खानु हो
भन्ने इसारा पो देखें ।
त्यसलाई पनि नमस्कार गरेर आँखा खोल्दा
ओठलाई पो देखें ।
ओठबाट के बचन निस्किरहेको भनेर
नियाल्न खोज्दा
धर्म गर, पाप कहिल्यै नगर भन्ने
महानवाणीको आसय पो बुझें ।
त्यसलाई पनि नमस्कार गरेर आँखा खोल्दा
कानलाई पो देखें ।
कानको धारणा के हो भनेर बुझ्न खोज्दा
बुद्धको ज्ञानलाई राम्ररी श्रवण गरेर
चतुआर्यसत्य, आर्य अष्टाङ्गिक मार्ग
शीललाई राम्ररी पालन गरेर
व्यवहारमा उतार भन्ने
धम्मोपदेश पो सुनें ।
त्यसलाई पनि नमस्कार गरेर आँखा खोल्दा
पूर्ण रूपको श्रद्धेय धम्मवती गुरुमालाई
धर्मकीर्ति विहारमा पो देखें ।
उहाँलाई कोटाणकोटी वन्दना गर्दै
श्रद्धाले भरिएको भित्रि हृदय देखि
७२ वर्षको जन्मोत्सवको उपलक्ष्यमा
दिर्घायु, निरोगी, साथै हार्दिक
मंगलमय शुभकामना दिन्दै
अभिवादन पो गर्न पुगें ।



Downloaded from http://www.dhamma.digital

# 'आठ गरु धर्म' - मेरो केही तर्क

**सारा त्रिपिटक पालीमा पढ्ने ताकत छैन ममा**
**जे जति अनुवाद भए मैले बुझ्ने भाषामा**
**पढ्दै गएँ ती केही आफ्नो निम्न क्षमतामा**
**उब्ज्यो कुनै सन्देह त केही चिन्तना मनमा**



रीना तुलाधर
*'परियत्ति सद्धम्म कोविद'*

सन्देह ! चिन्तना ! तँ को होस् र तेरो के क्षमता मैले आफैलाई तोकें। तर मन भने मानेन । तब गएर सम्झना आयो– कालाम सूत्र । अंगुत्तर निकाय, तिक निपात, महावग्गमा उल्लेखित **'केसपुत्तसुत्त'** । भगवान बुद्ध कोशल जनपदमा भिक्षु संघसँगै चारिका गर्दै केशपुत्त नामको कालामहरूको निगममा आइपुग्नु भएको थियो । कालामहरूले भगवान बुद्धसँग भने– जति पनि श्रमण ब्राह्मणहरू केशपुत्तमा आउँछन् तिनीहरूले आ-आफ्नै मतको प्रकाश गर्छन्, अरूको मतको निन्दा गर्छन् । भन्ते, यसले गर्दा हाम्रो मनमा शंका उत्पन्न हुन्छ– **"यी श्रमण, ब्राह्मण मध्ये कसले सत्य कुरा गऱ्यो, कसले झूठ ?" "हे कालामहरू शंका गर्नु ठीक छ, सन्देह भएको ठीक छ, शंका गर्नुपर्ने ठाउँमा सन्देह भएको छ ।"** – भगवान् बुद्धले भन्नुभयो । भन्दै जानुभयो– **"एथ तुम्हे, कालामा, मा अनुस्सवेन, मा परम्पराय, मा इतिकिराय, मा पिटकसम्पदानेन, मा तक्कहेतु, मा नयहेतु, मा आकार परिवितिक्केन, मा दिट्ठिनिज्झानक्खन्तिया, मा भब्बरूपताय, मा समणो नो गरुति । यदा तुम्हे, कालामा, अत्तनाव जानेय्याथ – "इमे धम्मा अकुसला, इमे धम्मा सावज्जा, इमे धम्मा विञ्ञुगरहिता, इमे धम्मा समत्ता समादिन्ना अहिताय दुक्खाय संवत्तन्ती" ति, अथ तुम्हे, कालामा, पजहेय्याथ ।"**

*अर्थात्*– "हे कालामहरू, आउ तिमीहरूले कुनै धर्मलाई केवल यो धर्म अनुश्रुत हो भनीकन, "यो धर्म परम्परागतको हो, यो धर्म यसरी नै बताइएको छ, यो हाम्रो पिटकको अनुकूल छ, यो तर्क सम्मत छ, यो न्याय सम्मत छ, आकार-प्रकार राम्रो छ, यो हाम्रो मत अनुकूलको हो, बताउनेको व्यक्तित्त्व आकर्षक छ भनीकन, "बताउने श्रमण हाम्रा पूज्य हुनुहुन्छ भनीकन स्वीकार नगर । हे कालामहरू, जब तिमीहरूले आ-आफै यी धर्म विज्ञ पुरुषबाट निन्दित छ, यी धर्म अनुसार जानाले आदित हुन्छ, दु:ख हुन्छ भनीकन, हे कालामहरू, तब तिमीहरूले त्यो धर्मलाई छोडिदिनु ..." 'अंगुत्तर नियक' धर्मरत्न शाक्य त्रिशुली ।

**मा अनुस्सवेत** – सुनेको मात्रले विश्वास नगर
**मा परम्पराय** – परम्परा भनेर विश्वास नगर
**मा पिटक सम्पदानेन** – आफ्नो धर्मग्रन्थसँग मिल्छ भनेर विश्वार नगर
**मा तक्क हेतु** – संवादसँग मिल्छ भनेर विश्वास नगर
**मान नय हेतु** – नियमसँग मिल्छ भनेर विश्वास नगर
**मा आकार परिवितक्केन** – कारण मिल्छ भनेर विश्वास नगर
**मा इतिकिरियाय** – यो यस्तै हो विचार गरेर विश्वास नगर
**मा दिट्ठि निज्झानक्खन्तिया** – आफ्नो दृष्टिसँग मिल्छ भनेर स्वीकार नगर
**मा भब्ब रूपताय** – यो भिक्षु आकर्षक छ, उसको कुरा मान्नुपर्छ भनेर विश्वार नगर
**मा समणो गरुति** – श्रमण हाम्रो गुरु हो भनेर विश्वास नगर ।

***(स्रोत: दीपंकर श्रामणेर 'कालामसूत्र' धर्मकीर्ति–वर्ष ६; अङ्क ३)***

यो केसपुत्तिसुत्तको एक सानो अंश मात्र हो जुन मैले नमूनाको रूपमा पेश गरेको ।

वास्तवमा यो हो बुद्धको बरदान मानवलाई– वैचारिक स्वतन्त्रता । जुन स्वतन्त्र चिन्तनको खुल्ला नीति बुद्धले अपनाउनु भयो त्यो पक्कै पनि बुद्धको पृथक विशेषता हो । अत: नहिच्किच्याई म पनि चिन्तना गर्न लागें, तर्क पेश गर्न तर्फ लागें आठ गरु धर्मलाई लिएर ।

सांसारिक दु:खबाट विरक्तिएर बुद्धकी सानी आमा प्रजापती गौतमीले प्रव्रजित हुने आफ्नो तिव्र आकांक्षाले गर्दा तथागतको स्वीकृति बिना स्वयं काषाय-वस्त्र धारण गर्नुभयो । अन्य पाँचसय शाक्य स्त्रीहरूलाई पनि काषाय-वस्त्र धारण गराई वैशालीमा पुग्नुभयो । भगवान् बुद्धले स्त्रीलाई प्रव्रज्या दिन चाहनु भएको थिएन रे । भिक्षु आनन्दको पटक-पटकको आग्रह र सिफारिश पछि भगवान् बुद्धले स्त्री जातीले ८ वटा गरु धर्म पालना गर्न

सक्छौ भने त्यही नै उनको उपसम्पदा होस् भन्नुभयो । प्रजापती गौतमीले हाँसीखुसी ती आठ नियम स्वीकार गर्नुभयो र त्यहींबाट बुद्ध शासनमा भिक्षुणी शासनको स्थापना भयो । अंगुत्तर निकाय अट्ठकथामा उल्लेखित भनिएको यी प्रसङ्ग भिक्षु अमृतानन्दद्वारा लिखित बुद्धकालीन श्राविका चरित– भाग–१ पुस्तकमा 'महाप्रजापती गौतमी' शिर्षक अन्तर्गत लेखिएको छ । आठ गरु धर्म यी हुन्–

१) उपसम्पदाद्वारा सयवर्ष भएकी भिक्षुणीले त्यतिखेरै उपसम्पन्न भएका भिक्षुहरूलाई पनि अभिवादन, प्रत्युथान, अञ्जलीकर्म तथा सामीचिकर्म (=सम्मान सत्कार) गर्नुपर्दछ । यो धर्म (=नियम) लाई सत्कार पूर्वक, गौरवपूर्वक, मानगरी तथा पूजा गरी जीवनभर उल्लंघन गर्नुहुन्न ।

२) "भिक्षु नभएको आवास गृहमा अर्थात् भिक्षुणी बस्ने ठाउँ नजिकै कुनै भिक्षु नभएमा त्यस्तो ठाउँमा भिक्षुणीले वर्षावास (=वर्षाद समय) बस्नु हुन्न । यो धर्मलाई पनि सत्कारपूर्वक, गौरवपूर्वक, मान गरी तथा पूजागरी जीवनभर उल्लंघन गर्नुहुन्न ।

३) प्रत्येक आधा महिनामा भिक्षुणीले भिक्षु संघबाट दुई धर्म (=कारण)हरूको प्रतीक्षा गर्नुपर्छ– उपोसथ कहिले हो भनी सोध्ने र अववाद–उपदेशको निमित्त जाने । यो धर्मलाई पनि सत्कारपूर्वक, गौरवपूर्वक, मानगरी तथा पूजा गरी जीवनभर उल्लंघन गर्नुहुन्न ।

४) वर्षावास बसिसकेकी भिक्षुणीले– (देखेको भए, सुनेको भए तथा शंका भएको भए भन्नुहोस् भनी यीनै तीन प्रकारले पवारणा (=याचना) गर्नुपर्छ । यो धर्मलाई पनि सत्कारपूर्वक "जीवनभर उल्लंघन गर्नुहुन्न ।

५) गुरु धर्म (=गरुंगो दोष) प्राप्त भिक्षुणीले दुवै संघ (=भिक्षु र भिक्षुणी संघमा पक्ष मानत्त लिनुपर्छ । यो धर्मलाई पनि सत्कारपूर्वक... जीवनभर उल्लंघन गर्नुहुन्न ।

६) दुई वर्षसम्म ६ धर्महरू (=शिक्षाहरू) सिकिसकेकी शिक्षमाणाले दुवै संघ (भिक्षु र भिक्षुणी संघ) मा उपसम्पदा हुनुपर्छ । यो धर्मलाई पनि सत्कारपूर्वक जीवनभर उल्लंघन गर्नुहुन्न ।

७) कुनै पनि प्रकारले भिक्षुणीले भिक्षुलाई आक्रोश, परिभाष गर्नुहुन्न । यो धर्मलाई पनि सत्कारपूर्वक ... जीवनभर उल्लंघन गर्नुहुन्न ।

८) आजदेखि भिक्षुप्रति भिक्षुणीको वचन-पथ बन्द गरियो तथा भिक्षुणी प्रति भिक्षुको वचन-पथ बन्द गरिएन ।

त्रिपिटकमा उल्लेखित यी कुरामा केही भन्नु मेरो कुनै क्षमता छैन । तर पनि मनमा लागेको केही तर्क पेश गर्न त सक्छु नि म । मेरो तर्कः–

(१) उप-सम्पदा प्राप्त गरेकी स्त्रीले सय वर्ष नै पुगीसकेकी बुढी भए पनि आज मात्रै उप-सम्पदा प्राप्त गरेको भिक्षुलाई अभिवादन, प्रत्युस्थापन, नमस्कार तथा मान सत्कारादि गर्नुपर्छ भन्ने जस्ता न्याय संगत नभएको नियम भगवान बुद्धले बनाउनु भएको थियो भनीकन स्वीकार गर्नुभन्नु नै हामीले भगवान बुद्धलाई एउटा विवेकहीन व्यक्ति हो भनेर सावित गर्नु हुन्न र ! एकातिर दीघ निकाय, पाटिकवग्गमा उल्लेखित सिगालोवाद सूत्रमा भगवान बुद्धले सिगाललाई ठूला-बडाको आदर गर्नुपर्छ भनीकन लामो उपदेश दिनु भएको छ ।

(२) भिक्षुणीले कुनै प्रकारले पनि भिक्षुहरूको निन्दा नगर्ने र तिनीहरूप्रति अपशब्द प्रयोग नगर्ने व्रत लिनुपर्छ, भिक्षुहरूप्रति भिक्षुणीहरूले आफ्नो मुख बन्द गर्नुपर्छ र भिक्षुणीहरूप्रति भिक्षुहरूलाई संधै मुख खोल्ने अधिकार दिनुपर्दछ– भनीकन भगवान् बुद्धले भन्नुभयो भनेर कुन मनले पत्याउने ? संयुत्त निकाय कोसल संयुत्तमा भएको मल्लिक सुत्तमा भगवान् बुद्धले "**इत्थी पि हि एकच्चिया, सेय्या पोस जनाधिप, मेधाविनी सीलवती, सस्सुदेवा पतिब्बता**" "महाराज, यहाँ कोही स्त्री बुद्धिमानी, शीलवती, सासु-ससुरालाई देवसम्मान मान्ने 'पतिव्रता भएर पुरुषभन्दा पनि श्रेष्ठ हुनसक्छ" पनि भन्नुभएको छ ।

(३) कुनै सान्दर्भिक कारण र घटना नघटीकन भगवान बुद्धले एउटा पनि भिक्षु नियम बनाउनु हुन्न भनीकन उल्लेख भएको छ । एकपल्ट सारिपुत्र भिक्षुले भगवान बुद्धसँग भन्न आएको थियो– बुद्ध शासन लामो समयसम्म टिकाईराख्न धेरै भिक्षु विनय (नियम) बनाई दिनोस् भनेर । तब भगवान बुद्धले "खटिरा ठूलो भएर रोगीलाई दुःख भएपछि मात्र चीरफार गरेर निको पारीदिएमा वैद्यसँग रोगीसँधै खुशी हुन्छ" भन्ने उपमा दिनु भईकन कारण नभईकन नियम बनाउन हुन्न भन्नुभएको थियो । राहुल कुमारलाई प्रव्रजित गराउँदा शुद्धोदन महाराजाले ठूलो विलाप गरेकोले अबबाट आमाबाबुको अनुमति बिना प्रव्रजित गराउनु हुन्न भन्ने नियम बनाउनु



Downloaded from http://www.dhamma.digital

भएको हो । देवदत्त भिक्षुले पाँचवटा धुतांग नियमको प्रस्ताव ल्याउँदा पनि भगवान बुद्धले अस्वीकार गर्नुभएको थियो । भिक्षुणी शासन स्थापना हुनु अगाडि नै भिक्षुणीको ८ वटा गरु नियम बनाउनु भयो होला र ?

(४) बुद्धकालीन साहित्यको अध्ययनबाट तत्कालीन नारीले समाजमा राम्रै स्थान पाएको अनुमान लगाउन सकिन्छ । आज विश्वमा अनुसन्धानले महिलामाथि शोषणको कारण मध्ये सम्पत्तिमा हक नहुनु, निर्णायक कार्यमा अधिकार नहुनु हो पनि भन्दै आएको छ, बुद्धकालीन महिलाहरू विशाखा, सुजाता, काली, उत्तरा, नकुल माता इत्यादिको कथाबाट तत्कालीन समाजमा नारीले यस्तो हक पाएको अनुमान लगाउन सकिन्छ । यदि यस्तो हो भने किन गएर बुद्धले नारी दमनको नीति अपनाउनु पऱ्यो ।

(५) भगवान बुद्धले प्राप्त गर्नुभएको ज्ञानको गहिराईसम्म पुग्दा त्यहाँ मानव शरीरमा स्त्री र पुरुष भन्ने हुँदैन भनिएको छ । दीघ निकायमा महातण्हासंखय सूत्रमा उल्लेखित "प्रतीत्य समुत्पाद" जुन बुद्धको मौलिक दर्शन हो त्यहाँ सिर्फ नाम र रूपको अस्तित्व हुन्छ । परमार्थ सत्यको गहन से गहन सत्य जानीसक्नु भएका बुद्धले व्यवहारिक सत्यको नारी पुरुष भेदमाथि जोड दिनुभयो होला र ?

(६) बुद्धकालीन अग्रस्थान प्राप्त गरेका श्राविकाहरूले जन्म-जन्मान्तरदेखि उक्त स्थान हासिल गर्नका लागि अधिस्थान गरेको र पारमी पुरा गर्दै आएको पनि उल्लेख छ । थेरीगाथा, थेरी अपदान जस्ता ग्रन्थहरू पढ्न सकिन्छ । यदि तिनीहरूको अधिस्थान र पारमिरूपि मेहनत पुरा भएर उक्त जन्ममा त्यो अग्रस्थान प्राप्त हुनुपर्थ्यो भने यदि भगवान बुद्धले नचाहेर भिक्षुणी शासन स्थापना नगर्नु भएको भए तिनीहरूमाथि के न्याय हुन्थ्यो ? मननीय छ ।

(७) उसो त आठ गरु धर्म 'अर्थकथा'मा उल्लेखित भएको भनिएको छ । त्रिपिटक भित्र पनि घूसपैठ भएको छ भन्ने शंका गर्ने ठाउँ छ । नारी दमन गर्नुमा पुरुषत्त्व ठान्ने हिमायतीहरूले त्रिपिटकमाथि पनि हात हालेको हुन सक्तैन र ?

तर्कै मात्र त पेश गरेको छु ! कुनै दावा गरेको छुइन । आखिर म पनि ती मानव मध्ये एक हुँ जसलाई भगवान बुद्धले वैचारिक स्वतन्त्रता रूपी बरदान दिनु भएको छ ।

'कालाम सूत्र' मा दश किसिमले मानिसको चिन्तन शक्तिलाई प्रधानता दिइएको छ । ■

# लुम्बिनी केबय् थौ छु थे ?



अमीरकुमारी शाक्य

घननन घननन बाजं थायका
झंगः पन्हि म्वालि पुयका
सिरिसिरि सितल सुमधुर हावका
लुम्बिनि केबय् थौ छु थे ?
शुद्धोदन महाराजं वचन बियका
सखिगणपिं सकलें मुंका
थःछें वन्ह मायादेवी लासा
लुम्बिनी केबय् नकतिनी थ्यन थें ।
शान्ति भूमि व लुम्बिनी केबय्
सितल तायकल माया देवीया मनय्
सिमाच्वः ज्वना आनन्द थापिल छुँ
लुम्बिनी केबय् थौ छाय् थें ?
धर्तिइ सन्त पले उत्पन्न जुल हँ
बहे सन्त पले पला छियत
नाबालक छाह्र जन्म जुल हँ
लुम्बिनी केबय् व सु थें ?
देव गणपिसं ह्वाल कोसीयका
आकाशनं स्वाँ वा गायका
प्रकृति माला हे मुसुमुसु काल हँ
लुम्बिनी केबय् थौ छाय् थें ?
चतुआर्य सत्ययात ध्वाथुइका बिइम्ह
आर्य अष्टाङ्गिक मार्ग केनो बिज्याइम्ह
शितल शान्तिया सन्देश ज्वना
बिज्यात वसपोल बुद्ध जुयत
वसपोल खः शान्तिया अग्रदूत
पदवी वसपोलया भगवान बुद्ध
रूप अनया सुन्दर शान्त
उपदेश वसपोलया मध्यम मार्ग
"लुम्बिनी केबय् थौ उत्सव हँ"

# धर्मकीर्तिको गतिविधितिर फर्केर हेर्दा



भिक्षु अश्वघोष

वि.सं. २०२२ सालमा स्थापना भएको धर्मकीर्ति विहारको संस्थापिका धम्मवती गुरुमां हुनुहुन्छ । १४ वर्षको कलिलो उमेरमा साहस गरेर बर्मामा गई खूब उत्साह र मेहनत गरी बर्माकै उच्चस्तरीय धम्माचरिय जाँच पास गरी 'धम्माचरिय' उपाधि हासिल गरेर नेपाल फर्कनु भयो । आफूले अध्ययन गरेको धर्मको प्रचार गर्नको लागि केन्द्रको रुपमा धर्मकीर्ति विहार स्थापना गर्नुभयो । शुरुमा यहाँ ४०।५० जना मानिस अट्ने सानो हल थियो भने अहिले श्रद्धालुहरूको संख्या बढेपछि श्रद्धालुहरूको सहयोगले धर्मकीर्ति विहार हाल विशाल भवनको रुपमा परिवर्तन भएको छ । अहिले यहाँ पाँचसय मानिस अट्ने हल पनि छ ।

धम्मवती गुरुमांको वाकसिद्धिले धेरै उपासक उपासिकाहरू प्रभावित भएको देखियो । तिनीहरू मध्ये ७५ प्रतिशत जति महिला पर्दछ होला । महिलाहरूको प्रधान केन्द्रको रुपमा विकसित भएको धर्मकीर्ति विहारमा महिलाहरूले धेरै सुविधा र स्वतन्त्रता रहेको अनुभव गरे ।

धर्मकीर्ति विहारमा धर्म देशनाको क्रममा धेरै जसो शील अर्थात सदाचार सम्पन्न जीवन अपनाउनु पर्ने तथा पर स्पर कर्तब्य परायण हुनुपर्ने चर्चा हुने हुँदा यसबाट धेरैलाई प्रभावित पारेको देखियो । विहारमा गईसकेपछि महिलाहरूको व्यवहारमा परिवर्तन भएर आएको देखेपछि पुरुषहरूको पनि धर्मकीर्ति विहारतिर ध्यान आकर्षित भएको देखियो । फलस्वरूप आ-आफ्ना गृहिणी तथा छोरा-छोरीहरूलाई पनि धर्मकीर्ति विहारतिर पठाउन थालियो ।

जनभावना अनुकूल भक्तिमार्गतिर लागी पूजाविधिमा बढी ढल्केको आभास हुन थाल्यो । युवा वर्गलाई आकर्षित र सन्तुष्ट पार्न सकेन । फलस्वरूप २०२८ सालमा 'धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको' नाउँमा युवावर्गको लागि अलग्ग शाखा खोलियो । अध्ययन गोष्ठीको आयोजनामा हरेक शनिवार बिहान २ घण्टा कक्षा संचालन हुँदै आएको छ । अध्ययन गोष्ठीको कक्षामा बुद्ध र बुद्धको शिक्षा सम्बन्धी गहन अध्ययन, छलफल र समीक्षा हुने गर्दछ । कक्षाको कार्यक्रम अद्यापि निरन्तर रुपमा चालू भईरहेको छ । अध्ययन गोष्ठीको कक्षा संचालन भन्ते, गुरुमांबाट प्रमुख रूपमा हुन्छ भने अन्य बौद्ध विद्वानहरू, वज्राचार्य गुरुहरूबाट पनि कक्षा संचालन हुन्छ ।

यस अध्ययन गोष्ठीले विद्वान युवक युवतीहरू उत्पादन गरेको छ– जस्तै प्रकाश वज्राचार्य, बरदेश मानन्धर, श्यामलाल चित्रकार, डा. सुमन कमल तुलाधर, मीना तुलाधर, कीर्ति तुलाधर, सोभियत रत्न तुलाधर, लोचन तारा तुलाधर, रीना तुलाधर आदि आदि धेरै छन् । सबैको नाम समावेश गर्न नसकिएकोमा क्षमा प्रार्थी छु । विद्वान मात्र होइन असल चरित्रका युवा युवतीहरूको उत्पादन कार्य भएको उल्लेखनीय छ ।

अध्ययन गोष्ठीको उद्देश्यहरूमध्ये प्रमुख धर्मको ज्ञान हासिल गर्ने, त्यस अनुरूप अरुलाई पनि प्रचार गर्ने । त्यही अनुसार ग्रामीण क्षेत्रमा धर्म प्रचार कार्यक्रम बनाउने । धेरै वर्षसम्म उपत्यका भित्र मात्र होइन, उपत्यका बाहिरका ठाउँ जस्तै: बनेपा, पनौति, खोपासि, नुवाकोट, त्रिशुली, पाल्पा-तानसेन, बुटवल, पूर्वमा धरान, धनकुटा, विराटनगर आदि ठाउँसम्म गई अध्ययन गोष्ठी परिवारले धर्म प्रचार कार्यक्रम संचालन गरेको थियो । हाललाई यस्ता कार्यक्रम सेलाएर बसेको जस्तो देखिन्छ ।

अर्को उद्देश्य अनुरूप स्वदेशी तथा विदेशी बौद्ध विद्वानहरूको स्वागत सम्मान र अभिनन्दन गर्ने कार्यक्रम अद्यापि सुचारू रुपमा संचालन भईरहेको छ ।

धर्म प्रचार गर्नलाई पनि नयाँ नयाँ तरीका अपनाई संचालन गर्नु पर्ने आवश्यकतालाई औंल्याई धर्मकीर्ति विहारले पनि 'धर्मकीर्ति' पत्रिका प्रकाशन शुरु गरे । शुरुमा वार्षिक, त्यसपछि केही समय द्वैमासिक र हालसम्म मासिकको रुपमा 'धर्मकीर्ति' प्रकाशनमा छ । यस पत्रिका मार्फत धर्मकीर्ति विहारको गतिविधि प्रकाशित भईरहेको छ । अध्ययन गोष्ठीको स्थापना साल २०२८ सालदेखि



Downloaded from http://www.dhamma.digital

धर्मकीर्ति पत्रिका आजसम्म निरन्तर रुपमा प्रकाशित भईरहेको यो कम महत्वको कुरा होइन ।

धर्म प्रचारलाई धर्म देशना र बुद्धपूजामा मात्र सिमित राखेर नपुग्ने रहेछ । रचनात्मक कार्यक्रम पनि चाहिँदो रहेछ । त्यसैले धर्मकीर्ति स्वास्थ्य कमिटि गठन गरी हरेक शनिवार नि:शुल्क स्वास्थ्य सेवाको कार्यक्रम चलीरहेको छ । यसको लागि डा. योगेन्द्रमान शाक्य, डा. मोतिराज वज्राचार्य, डा. विजयलाल श्रेष्ठ, डा. सुरेन्द्र शाक्य, डा. चन्द्रेशरत्न तुलाधर आदि थुप्रै अन्य डाक्टरहरूको पनि योगदान छ भने सिष्टर तारादेवी, रोशन काजी र सिस्टर सानु केसरी आदिको योगदान उल्लेखनीय छ । गौरवको कुरा हो शुरुमा केही ग्रामीण क्षेत्रमा दुई चारवटा स्वास्थ्य शिविर संचालन गरी आएको यस धर्मकीर्ति स्वास्थ्य कमिटिले अटुट रूपमा नियमित स्वास्थ्य क्लिनिक संचालन गरीरहेको छ ।

धर्मकीर्तिले एउटा नौलो कार्यक्रम शुरु गऱ्यो– सफाई अभियान । प्रत्येक पूर्णिमाको एकदिन अगाडि धर्मकीर्तिका उपासिकाहरू समूह समूह बनाई श्रीघ: विहार परिसर भित्र सफाई गर्ने कार्यक्रम संचालन भईरहेको छ । कसैले भन्ने गर्छ- यो पनि धार्मिक कार्यक्रम हो र ! सफाई भनेको शील र धर्मको अभिन्न अंग हो । भगवान बुद्धले भन्नुभएको थियो- सफा सुग्घर गरेन भने शील पूरा नहुने मात्र होइन उसको शील शुद्ध हुँदैन । प्रज्ञाहीन भएर दु:खबाट मुक्त हुन सक्तैन ।

**"वत्तं अपरिपूरेन्तो सीलं न परिपूरति,**
**असुद्ध सीलो दुपञ्ञो दुक्खा न परिमुच्चति"**

तर आजकल यो सफाइ अभियान विस्तारै सेलाउँदै गएको देखिन्छ ।

धर्मकीर्तिले समय समयमा १० दिने, ७ दिने अस्थायी श्रामणेर तथा ऋषिनी प्रव्रज्या कार्यक्रम बनाई पुरुष तथा महिलालाई त्यागी जीवन र सादा जीवनको अनुभव गराउने अभ्यास गराउने गर्दछ । विभिन्न तालिम, प्रशिक्षण दिई असल मान्छे बन्न सक्ने अभियान चलाएको छ । यस्ता कार्यक्रमहरू निरन्तर रुपमा चलीरहेको छ ।

अर्को उल्लेखनीय कार्यक्रम हो, गृहिणी तालिम कार्यक्रम । घर गृहस्थी सँभाल्नु पर्ने गृहिणीहरूलाई कर्तव्य र नैतिकता सिकाउने यस्ता कार्यक्रमको मुख्य उद्देश्य हो ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तीर्थयात्रा कार्यक्रम पनि धर्मकीर्तिको उल्लेखनीय कार्यक्रम हो । भारत, श्रीलंका, बर्मा (म्यानमार) थाइलैण्ड आदि देश भ्रमण गराई बौद्ध जीवनको दृष्टान्त अनुभव गराउने कार्यक्रम महत्वपूर्ण छ । तीर्थयात्राबाट व्यक्तिको अली परिचय पाउँछ । खराब स्वभावका मानिस असल बन्नको लागि सहयोग मिल्छ ।

उपरोक्त कार्यक्रमहरू युवा तथा प्रौढलाई भन्नुपऱ्यो । हाल आएर 'धर्मकीर्ति शिक्षा सदन' नामक स्कूल खोलेर बाल बालिकाहरूको चरित्र सुधार हुने शिक्षा दिई असल मान्छे बनाउन लागेको छ ।

वयस्कहरूको हृदय परिवर्तन गर्ने काम सजिलो छैन । मैलो कपडामा रंग राम्रोसँग जम्दैन । शुद्ध कपडामा रंग लगाउँदा राम्रोसँग जम्छ । कुम्हालेको चक्कामा राखेको माटो मुलायम भएको खण्डमा मात्र कुम्हालेले चाहेको भाँडो बनाउन सक्दछ । त्यस्तै कलिलो अवस्थामा बाल बालिकाहरूलाई नै तालिम दिन सके असल नागरिक र असल मानिस बन्न सकिन्छ जस्तो लाग्छ । यही उद्देश्य लिएर अध्ययन गोष्ठीका सदस्यहरू उत्साहीत भई यो स्कूल प्रारम्भ गर्ने जमर्को गरेको छ ।

अर्को रचनात्मक धर्म प्रचार कार्य भनेको धर्मकीर्ति प्रकाशन हो । श्रद्धालुहरूको आर्थिक सहयोगले नेपाल भाषा र नेपाली भाषामा गरी लगभग २२५ वटा पुस्तकहरू प्रकाशित भइसकेका छन् ।

यहाँसम्म भौतिक उन्नतिको रूपमा धर्म प्रचार काम भईरहेको गतिविधिको चर्चा भयो । अब चर्चा गरौं बुद्धको दृष्टिकोणमा सही धर्म प्रचार गर्ने तरिकातिर । बुद्धले सर्व प्रथम धर्मचक्र प्रवर्तन पछि धर्म प्रचारको लागि धर्मदूतको रुपमा भिक्षुहरूलाई तीन महिना तालिम दिनु भयो । असल धर्मदूत बनाउनु भयो । त्यसपछि भिक्षु संघलाई निर्देशन दिनु भयो– भिक्षुहरू, हामीहरू सांसारिक बन्धनबाट मुक्त भयौं । नि:स्वार्थी भयौं । धेरै जसो मानिसहरूको स्वभाव स्वच्छ र शुद्ध छैन । पारिवारिक चिन्तनमा अलमलिरहेका छन् । सही धर्मको ज्ञान छैन । परोपकार भावनाको अभाव छ । म र मेरो, तँ र तेरो भावनाले ग्रसित छ । त्याग भावनाको अभाव छ । उनीहरूलाई सर्वप्रथम धर्म के हो र किन धर्म चाहिएको बुझाउनु पर्छ । पारिवारिक जीवनमा परस्पर कर्तव्य पालन गर्नुपर्ने, सेवा भावले काम गर्न सके स्नेह र माया ममता बढ्ने कुरा सिकाउनु पर्छ । अनि मात्र सुखपूर्वक जीवन निर्वाह गर्न सकिन्छ । बुद्धले फेरि भन्नु भयो–

**"अत्तानंएव पठमं पटिरुपे निवेसये**
**अथञ्ञ मनुसासेय्य न किलिस्सेय्य पण्डितो"**

*अर्थात्*– सर्वप्रथम आफूलाई उचित मार्गमा लगाउनु अनि पछि मात्रै अरुलाई उपदेश गर्नु, यसो गर्नाले पण्डितलाई क्लेश हुने छैन ।

यसले के बुझिन्छ भने धर्म प्रचारकहरूमा स्वार्थ भावना आउन सक्छ, सहनशीलता घट्न सक्छ भन्ने सचेत गराउनु भएको हो । भिक्षुहरू ! जन्मेपछि सबै बुढो हुनुपर्छ, बिरामी हुनुपर्छ, एकदिन मर्नुपर्छ । मरेपछि लिएर जाने केही छैन । आफूले गरेको असल र खराब कामको फल मात्र लिएर जान्छ । मृत्युपछि रुप जिर्ण भएर जान्छ । नाम, काम, गोत्र मात्र रही रहन्छ । हो, बाँचुञ्जेल आधारभूत आवश्यकताको पूर्ति हुनुपर्छ । त्यसको लागि इमान्दारीपूर्वक कमाउनु पर्छ । खानलाई मात्र पुग्ने गरी कमाएर पुग्दैन । धर्म कार्यमा दान दिन र परिवारलाई व्यवस्थित राख्न र नाता कुटुम्ब भाईबन्धुलाई खुवाउन पनि आम्दानी हुनुपर्छ । आफुले दिन सके साथी भाइ हुन्छ, दिन नसके एक्लै असाहारा बनी बस्नु पर्ने हुन्छ । यो कुरा धेरै साधारण मानिसहरूलाई थाहा हुँदैन । सदाचार सम्पन्न हुन सके जीवन सुखमय हुन सक्छ । अन्यथा दुःखी भएर बस्नु पर्नेछ । यस्तो कुरा राम्रोसँग सम्झाउनु पर्छ– बुद्धको कथन ।

भगवान बुद्ध स्वयं धर्म प्रचारार्थ नगर, नगर, गाउँ गाउँमा भ्रमण गर्नुभयो । श्रावस्तीमा उहाँको धर्म प्रचारको प्रमुख केन्द्र बनेको थियो । उहाँको कथन थियो– सुनाथ धारेथ चरथ धम्मे अर्थात् श्रोतावर्ग, सर्वप्रथम ध्यान दिएर धर्मको कुरा सुन्नुपर्छ, त्यसपछि मनमा धारण गर्ने प्रयत्न गर्नु त्यसपछि आचरण राम्रो पार्न प्रयत्न गर्नु, व्यवहारमा उतार्न प्रयत्न गर्नु । परिवारमा परस्पर कर्तव्य पालनका साथै छिमेकीहरूसँग प्रेम र मैत्री पूर्वक बस्न सके जीवनमा सुनमाथि सुगन्ध थपिने छ । यथाशक्ति गरीबहरूलाई दान दिनु धर्म हो । दान दिन सके अन्तिम समयसम्म पछि पछि आएर सहयोग दिने साथी पाउनेछ, मन बलियो हुन्छ । अन्तिम अवस्थामा मन प्रसन्न भएर मर्न पाए सुगति प्राप्त हुन्छ । पालि साहित्य अनुसार बुद्धले उपदेश दिँदाखेरि दान कथा (दानको बारेमा) शील कथा (सदाचार सम्बन्धी) स्वर्ग कथा (सुगती जाने बारे) त्यसपछि **कामानं आदिनवो** (सांसारिक सुखको कामना गर्नाले दुःख हुन्छ) भन्ने देशना क्रमैसित गर्नु हुन्छ ।

तसर्थ दुःखबाट मुक्त हुने आशाले धर्म कर्म गर्नु राम्रो हुन्छ । मतलब सांसारिक सुख कामना गरी धर्मकर्म नगर्नु । बारम्बार जन्म लिनु दुःख हो । यो वर्तमान जीवन चिन्तारहित भए जीवन सुखमय हुन्छ । दुःखबाट मुक्त हुनु नै बरदान र आशिर्वाद हो ।

बुद्धको यस्तै शिक्षा अनुशरण गरी धर्मकीर्ति विहार र धर्मकीर्ति पत्रिका आफ्नो अभियानमा बढेको हो र बढ्दै छ । सबैको सहयोग निरन्तर रुपमा पाएमा धर्मकीर्ति पत्रिका यही रुपमा गतिशील भएर अगाडि जाने विश्वास छ । यो पत्रिका व्यापारिक दृष्टिकोणले होइन केवल धर्म प्रचारको एउटा मात्र लक्ष्य लिएर प्रकाशनमा आई रहेको हो । सबैको सहयोगको अपेक्षा गर्दछु । निरन्तर रुपमा धर्मकीर्ति चलीरहेको यो उपलब्धि र सह्राहनीय कुरा हो भन्नुपर्दा अत्युक्ति हुँदैन होला । हामीलाई भगवान बुद्धले निर्देशन दिनु भएको छ–

**"अभिक्कम्म मा निवत्त"** अर्थात् अघि बढ, पछि नहट । ■

## मैत्री केन्द्र बाल आश्रम ध्यानकुटी विहार, बनेपालाई सहयोग

बनेपा मैत्री केन्द्र बालआश्रम ध्यानकुटीलाई आर्थिक सहयोग दिनुहुने दाताहरूको नामावली–

| | | |
|---|---|---|
| १. | सिद्धार्थमान तुलाधर, सुमनकमल तुलाधर | रु. ५,०००/- |
| २. | कृष्णकुमारी ठकुरी, लगन | रु. २,०००/- |
| ३. | रुद्रबहादुर बहुगी | रु. १,५००/- |
| ३. | स्व. पुत्रको स्मृतिमा तीर्थरत्न मानन्धर | रु. ५००/- |
| ४. | रत्नदेवी कंसाकार, ब्याठा | रु. १,०००/- |
| ५. | नियुत मान सिंह तुलाधर, आभाष मान सिंह तुलाधर, नक्साल | रु. १,०००/- |
| ६. | केशवचन्द्र शाक्य, बनेपा | रु. ३००/- |
| ७. | भक्तलाल मानन्धर | रु. १०००/- |
| ८. | ललिता मानन्धर | रु. १०००/- |
| ९. | कमला मानन्धर | रु. १०००/- |
| १०. | निर्मला रञ्जित | रु. ८००/- |

११. प्रकाश मानन्धर सपरिवारबाट भिक्षुहरू प्रमुख बालिकाहरूलाई भोजन दान साथै दक्षिणा समर्पित गरेको छ ।




Downloaded from http://www.dhamma.digital

# बुद्ध गुणो अनन्तो



**भिक्षुणी धम्मवती**
*शासनधज धम्माचरिय*
*अग्ग महागन्थवाचक पण्डित*

भगवान बुद्धको गुण अनन्त छ । उहाँको दाँजोमा आउन सक्ने व्यक्ति हाल वर्तमान समयमा पनि कोही छैन । भविष्यमा पनि हुने छैन । पहिले भूतकालमा पनि थिएन । भगवान् बुद्धका ९ वटा अमूल्य गुणहरू छन् । ती यसरी प्रस्तुत गरिन्छ–

**१) अरहं** **२) सम्मासम्बुद्धो**
**३) विज्जाचरण सम्पन्नो** **४) सुगतो**
**५) लोकविदू** **६) अनुत्तरो पुरिसदम्म सारथी**
**७) सत्थादेव मनुस्सानं** **८) बुद्धो**
**९) भगवा**

यी ९ वटा गुणहरूलाई एक-एक गरी जसले अध्ययन गरी राम्ररी बुझ्न सक्दछ, उसले मात्र भगवान् बुद्ध, भन्ने व्यक्ति कति महान र दुर्लभ व्यक्ति हुनुहुँदो रहेछ भनी उहाँको महत्त्व थाहा पाउनेछ । तर बुद्ध एक महापुरुष हुनुहुन्छ, यस्ता महापुरुषहरू संसारमा कति आउँछन् कति जान्छन् भन्दै मन्दबुद्धि भएका साधारण व्यक्तिहरूले उहाँको व्यक्तित्वलाई पनि साधारण रूपमा नै लिने गर्छन् । तर प्रज्ञा तिक्ष्ण व्यक्तिहरूले जब बुद्धको महत्त्व बुझ्न थाल्दछ, तब उनीहरूले बुद्धलाई र उहाँले दिनुभएको ज्ञानलाई साधारण रूपले नलिई यसलाई भित्री हृदयदेखि स्वीकार्दै आफ्नो दैनिक व्यवहारमा प्रयोग गर्न पछि पर्दैनन् । त्यसैले बुद्ध शिक्षा एवं धर्मगुण "**पच्चत्तं वेदितब्बो विञ्ञूहि**" मा स्पष्ट भनिएकी छ– "आफूसंग ज्ञान बुद्धि छिप्पिँदै आएपछि मात्र बुद्ध शिक्षाको महत्त्व बुझिनेछ र यसलाई तब मात्र आ-आफ्नो व्यवहारमा प्रयोग गर्न तम्सिनेछ ।" बुद्ध शिक्षालाई हामीले आ-आफ्नो व्यवहारमा प्रयोग गर्न नसकेसम्म हामीमाझ शान्तिले वास गर्नेछैन ।

अब बुद्ध गुणहरू नौवटालाई सम्ररी बुझ्ने प्रयास गरौं–

**(१) अरहं–**

बुद्ध गुण अरहंलाई तीन किसिमले नै परिभाषा दिन सकिन्छ । ती यसरी रहेका छन्–

(क) अ+रहं = 'अ' को अर्थ नरहेको अर्थात् छैन ।

'रहं' – को अर्थ गुप्त पाप हो ।

यसले गुप्त पाप नभएको भन्ने अर्थ बुझाउँदछ । भगवान् बुद्धले गुप्त रूपले समेत पाप गर्नुहुन्न ।

यस संसारमा खराब व्यक्तिहरूले लाजशरम नै पचाई खुलेआम पाप कर्म गर्न डराउँदैनन् भने पाप कर्म गर्न हुन्न भनी बुझिसकेका तर आफ्नो मनबाट क्लेश हटाउन नसकिरहेका व्यक्तिहरूले खुलेआम पाप कर्म नगरे पनि लुकीछिपी गुप्त तरिकाले पाप कर्म गरिरहेका हुन्छन् ।

यसको लागि बर्माको एउटा घटना उदाहरणको रूपमा प्रस्तुत गर्न सकिन्छ ।

बर्मामा एकजना भिक्षु रहेछ । उहाँलाई राजाले कहिले काही भोजन दान दिन पठाउने गर्दोरहेछ । अरू दिन उक्त भिक्षुले अन्य साधारण भोजन नै सेवन गरी बस्थ्यो । राजाले भोजन दान दिन पठाउँदा स्वादिष्ट भोजन खाई त्यही स्वादमा पल्किसकेको उक्त भिक्षुले राजकीय भोजन खान नपाउने बेला साधारण खाना नरूच्ने भएपछि उसको कुटी नजिक रहेको पोखरीमा बल्छी लगाउँदै माछा मारेर खान पल्केछ । एकदिन राजाले उक्त भिक्षुलाई आदरपूर्वक दूतको हातबाट भोजन दान गर्न पठाएछ । राजाले त उसैलाई शीलवान् भिक्षुका रूपमा नै भक्ति गरी भोजन दान दिन पठाएको थियो । तर त्यसदिन उक्त भिक्षुले स्वादको बसमा लागी आफू बसेको ठाउँमा सुनसान हुने भएकोले त्यसको फाइदा उठाई आफ्नो चीवर फुकाली पोखरीतर्फ गई बल्छी लगाएर माछा मारिरहेको थियो । भोजन दान गर्न आएका राजाको दूतले कुटीमा भिक्षु नदेखेपछि यताउता खोज्दै हिंड्दा पोखरी छेउमा बसी माछा मार्दै रहेको भिक्षुलाई देखेछ । यो अशोभनिय दृश्य देख्ने वित्तिकै राजाको दूतको मनमा उक्त भिक्षुप्रतिको चोखो श्रद्धा धमिलिन पुग्यो । फलस्वरूप उसले दान दिन ल्याएको भोजन दान नगरीकन नै खुरूक्क दरवारमा फर्काएछ । उता माछा मारिरहेको भिक्षुले जब आफ्नो गुप्त पाप राजाको दूत सामु उदांगियो, तब उ लाजले भुतुक्क हुँदै मुख रातो पारी पोखरी छेउबाट विस्तारै उठेर बल्छी एकातिर फाल्यो । आफूले फुकालेको चीवर लगाई लुसुक्क कुटीभित्र पस्यो ।

भोजनदान नदिईकन दरवारमा नै फर्काएको देखी राजाले दूतलाई कारण सोधेछ । अनि दूतले पनि यथार्थता बताउँदै भनेछ–

"महाराज ! त्यो भिक्षु त नक्कली परेछ । उसले आफै पोखरीछेउ बसी माछा मारिरहेको रहेछ । यो दृश्य देख्ने वित्तिक्कै मेरो मनले यस्तो ढोंगी भिक्षुलाई दान दिएर पनि पुण्य प्राप्त हुन्छ र ? भन्ने सोच्न थाल्यो । त्यसैले भोजन दान नदिईकन फर्काएर ल्याएँ ।" यो कुरो सुनी राजा एकछिन अकमक्क परे । अनि केहीबेर पछि राजाले दूतलाई प्रश्न गऱ्यो– "दूत ! त्यस भिक्षुले तिमीलाई देख्ने वित्तिक्कै के गऱ्यो नि ?"

दूतले भन्यो– "महाराज उसले मलाई देख्ने वित्तिकै मुख रातो पारी लाजले भुतुक्क भयो । अनि बल्छी एकातिर फाली चीवर लगाउँदै लुसुक्क आफ्नो कुटीभित्र पस्यो ।"

यस्तो उत्तर सुन्ने वित्तिक्कै राजाले भन्यो–

"हे दूत ! अहिलेसम्म त्यस भिक्षु भोजन दान दिन योग्य नै रहेछ । छिटो गएर उक्त भिक्षुलाई भोजन दान दिएर आउनु । उसलाई भोजन दान दिनुपर्छ । किनभने त्यो भिक्षुमा पाप कर्म-गर्ने बेलामा लाज शरम त बाँकी नै रहेछ नि ! जबसम्म मानिसमा नराम्री काम गर्ने बेला लाज शरम बाँकी रहन्छ, तबसम्म उक्त व्यक्तिलाई दान दिन योग्य हुन्छ ।

जब लाज शरम पचाउने बानी बस्छ, त्यस्ता नीच व्यक्तिले खुलेआम पापकर्म गर्न डराउँदैन । यस्ता व्यक्ति पशु भन्दा नीच स्तरमा गिर्दै जान्छ ।"



Downloaded from http://www.dhamma.digital

गुप्त रूपले पनि पाप कर्म नगर्ने व्यक्तिहरू यसलोकमा दुर्लभ नै छन् । त्यसैले बुद्धको अमूल्य गुण अ+रहं अर्थात् गुप्त रूपले समेत पाप कर्म नगर्ने बुद्धको पवित्र गुणलाई बुझे पछि बुद्धप्रति मानिसहरूको मन श्रद्धाले त्यसैपनि झुकिन्छ ।

(ख) **अर + हं =**

**अर** – राग, द्वेष र मोह रूपी क्लेश

**हं** – जरा देखि नै निर्मूल भएको ।

यसको अर्थ बुद्धले राग, द्वेष र मोहरूपी क्लेशहरूलाई जरा नै उखेलेर निर्मूल पारिसक्नु भएको छ भन्ने कुरा जनाउँदछ ।

राग, द्वेष र मोहरूपी क्लेश बाँकी रहेका मानिसहरूले यी क्लेशहरूको वसमा लागी पहिला यी क्लेशहरूबाट आफू पोल्दै अशान्तीमा होम्न पुग्छन् । पछि त्यही अशान्तिको आगोले अरूलाई पनि पोल्दै हिंड्छन् । तर बुद्धको मनमा यी अशान्तिका आगोको जरा उखेलेर फालिसकेको हुँदा उहाँको मनमा पवित्र शान्ति र मैत्री रूपी शीतलताले बास गरिसकेको हुन्छ । बुद्धको यस पवित्र गुणलाई जब मानिसले बुझ्नेछन् तब उहाँको पवित्रता प्रति श्रद्धाले झुक्ने गर्छन् ।

त्यसैले बुद्ध भन्नुहुन्छ–

**"यो धम्मं पस्सति सो मं पस्सति"**

"जसले धर्मलाई देख्छ, उसले मात्र मलाई (बुद्धलाई) देख्नेछ ।"

त्यसैले बुद्धलाई राम्ररी चिन्न सक्ने व्यक्ति पनि दुर्लभ नै हुन्छन् ।

(ग) **अरहं = अरहं** भनी तीनवटै अक्षरहरूसंगै राखियो भने यस तीनवटा अक्षरको समूहले ब्रह्मा देव र मानिसहरू सबैले पूजा गर्न योग्य व्यक्ति भन्ने भाव जनाउँदछ ।

बुद्धले प्राप्त गर्नु भएको पवित्र ज्ञानलाई जसले अभ्यास गर्न सक्छ उसले दु:खबाट मुक्ति प्राप्त गर्न सक्छ । यसरी नै ब्रह्मा, देव र मनुष्यहरू समेतलाई दु:खबाट मुक्ति दिलाउन सक्ने बुद्ध शिक्षा भएको हुँदा भगवान् बुद्ध ब्रह्मा, देव र मनुष्यहरू सबैले पूजा गर्न योग्य व्यक्ति हुनुहुन्छ ।

**(२) सम्मासम्बुद्धो–**

संसारमा जति पनि धर्म ग्रन्थहरू छन्, ती सबै धर्मलाई भगवान् बुद्धले अध्ययन र चिन्तन मनन गर्नुभई बुझिसक्नु भएको छ । ४ असंख्य र १ लाख कल्पसम्म विभिन्न गुरुहरूका चेला बन्नुभई उहाँले अनेक धर्म शास्त्रहरू अध्ययन गरिसक्नु भएपछि मात्र बोधि ज्ञानलाभ गर्नुभएको थियो । त्यसैले उहाँले अनन्त कल्पसम्म धर्म अध्ययन गर्नुभई सम्पूर्ण धर्मलाई बुझिसक्नु भएपछि मात्र हामी जस्ता अज्ञानीहरूलाई धर्मको विषयमा व्याख्या गर्नुभएको थियो । त्यसैले उहाँलाई सबै धर्म राम्ररी बुझिसक्नु भएका सही धर्मका ज्ञाताको रूपमा सम्मासम्बुद्धो भनिएको हो ।

त्यसैले अशोक महाराजाले आफूले चक्रवर्ती राजा बनी राज्य चलाउनु भएको बेला भिक्षु उपगुप्तसँगै भगवान् बुद्धसँग सम्बन्धित मुख्य-मुख्य स्थानहरूमा तीर्थयात्रा गर्नुभई ती अमूल्य स्थानहरूमा अशोक स्तम्भ खडा गर्नुभएको थियो । यस कार्यलाई अशोक महाराजाको ठूलो देनको रूपमा लिन सकिन्छ । लुम्बिनीमा पनि अशोक स्तम्भ नभेटिएको भए त्यहाँ स्थापना गरिराखेको मायादेवी (बुद्ध माता) को मूर्तिलाई वनदेवी बनाई बली चढाउँदै आइरहेको कार्यलाई हालसम्म पनि निरन्तरता नै दिइरहने थियो होला । अशोक स्तम्भले ऐतिहासिक सत्य तथ्यलाई बचाईराख्न साथ दिइराखेको छ । यी अशोक स्तम्भहरूको माथि कहीं घोडा, कहीं साँढे, कहीं हात्ति र कहीं सिंहका मूर्तिहरू राखिएका छन् । धेरैजसो स्तम्भको माथिल्लो तहमा सिंहको मूर्ति नै राखिएको देखिन्छ । तर सारनाथमा भगवान् बुद्धले प्रथमपटक धर्मचक्र प्रवर्तन गर्नुभएको कारणले उक्त स्थानको स्तम्भ माथि चारवटै दिशातर्फ फर्किरहेका चारवटा नै सिंहहरूको मूर्ति राखिएका छन् । सक्कली स्तम्भलाई आजभोली पनि सारनाथको म्युजियममा हेर्न जान सकिन्छ । यस मूर्तिको अर्थ यसरी रहेको छ–

"भगवान् बुद्धले चारवटै दिशाहरूबाट आउने सबै धर्मगुरु एवं विद्वानवर्गहरूलाई सिंह जस्तै निर्भिक हुनुभई चित्त बुझ्ने तरिकाले धर्मको विश्लेषण गर्न सक्नु हुन्छ ।"

यसरी बुद्ध सम्पूर्ण धर्मका ज्ञाताको रूपमा सबै धर्मलाई राम्ररी आफैले बुझ्न सक्षम हुनुभएको प्रमाणित भएको कारणले उहाँ सम्मा सम्बुद्धो हुनुहुन्छ ।

**(३) विज्जा चरण सम्पन्नो–**

भगवान् बुद्ध सम्पूर्ण विद्याले पूर्ण र शुद्ध आचरणले सम्पन्न हुनुहुन्छ । तर आजभोली संसारका कतिपय विद्वान वर्गहरूको बानी व्यवहार अध्ययन गरी हेर्ने हो भने धेरैजसो मानिसहरू विद्याले सम्पन्न भएपनि शील आचरणले भने सम्पन्न हुन सकिरहेका छैनन् ।

संसारमा निम्न उल्लेखित स्वभावका व्यक्तिहरू छन्–

(क) शील आचरण पनि भ्रष्ट भएका र विद्या गुण पनि नभएका ।

(ख) विद्याले सम्पन्न भई परोपदेश पण्डितको रूपमा रही अरूहरूको लागि मात्र विद्वान, कुरा गर्न शिपालु, सिकाउनु र भाषण गर्न सक्षम, विभिन्न पुस्तक र पत्र-पत्रिकाहरूमा लेखहरू छापी विद्वता दर्शाउन शिपालु भएपनि आचरण भने भ्रष्ट बनिरहेका हुन्छन् । त्यस्ता व्यक्तिले आफ्नो आचरण सुधार्ने कार्यतर्फ ध्यान दिन सकि रहेका नै हुँदैनन् ।

(ग) कोही व्यक्ति गफ हाँक्न र भाषण गर्न त्यति जान्दैनन् । तर उसमा विद्यमान शील आचरण भने शुद्ध, शान्त, दान्त स्वभावका हुन्छन् । त्यस्ता व्यक्तिलाई देख्दा हाम्रो मन आनन्द र शीतल हुनेछ । यस्ता धार्मिक व्यक्तिहरू हाम्रो सामु अहिलेसम्म पनि विद्यमान नै छन् ।

(घ) तर भगवान् बुद्ध जस्तो धर्मलाई बुझ्नसक्ने व्यक्ति अरू कोही छैन । विभिन्न मानिसहरूको विभिन्न स्वभाव अनुसार उनीहरूलाई ठीक-ठीक तरिकाले ज्ञान सिकाउन र बुझाउन सिपालु हुनु भएका भगवान बुद्धले दु:खले छटपटिएर आउने दु:खीहरूलाई दु:ख हट्ने तरिका अपनाई धर्मोपदेश दिने गर्नुहुन्थ्यो ।

उदाहरणको लागि आफ्नो श्रीमान्, बाल बच्चाहरू, लगायत आमा-बुबा समेत गुमाउन पुगी बहुलाईसकेकी पटाचारालाई पनि भगवान् बुद्धले उनीलाई सुझाउँदो तरिका



Downloaded from http://www.dhamma.digital

अपनाई धर्मोपदेश गर्नुभई बोध गर्नुभएको थियो । यसरी नै आफ्नो एक्लो बालक छोरो गुमाउन पुगेकी र यस पीडा सहन नसकी बहुलाएकी कृषा गौतमी नामगरेकी महिलालाई पनि अर्कै तरिकाले धर्मोपदेश गरी बोध गर्नुभएको थियो ।

यसरी भगवान बुद्धले आफूसँग लुकेर बसेका दुःखका कारणको रूपमा रहेका क्लेशहरूलाई निर्मूल पार्नु भई आफ्नो मनलाई शील आचरणले परिपूर्ण गरिसक्नु भएपछि मात्र अरूहरूको मनमा रहेका क्लेश हटाउने उपायहरू बताउँदै उनीहरूको दुःख हटाउने कार्य गर्नुभएकोले उहाँ विज्जा चरण सम्पन्नो हुनुहुन्छ ।

**(४) सुगतो–**

सुगतोको दुईवटा अर्थहरू रहेका छन् । दुःख अन्त्य भएको मार्गमा लाग्नु भएको कारणले उहाँलाई सुगतो भनिएको हो ।

यसरी नै अरूलाई हित सुख हुने कुरा बाहेक दुःख, पीडा पुग्ने कुरा कसैलाई पनि नगर्ने व्यक्ति भएको कारणले पनि भगवान बुद्धलाई सुगतो भनिएको हो ।

**(५) लोकवीदू–**

यस संसारमा प्राणीहरू रहने सम्पूर्ण ३१ वटा लोकहरू, सत्तलोक, संस्कार लोक र ओकास लोकको विषयमा राम्ररी ज्ञान भएका उहाँ भगवान बुद्धलाई लोकवीदू पनि भनिन्छ ।

**(६) अनुत्तरो पुरिसदम्म सारथी–**

देवता र मनुष्यहरूहरूलाई ज्ञानद्वारा बोध गराउनु भई ज्ञानी बनाउने कार्यमा शिपालु हुनुभएका भगवान् बुद्धलाई यस क्षत्रको उत्तम सारथीको रूपमा लिइएको छ । जसरी एक कुशल सारथीले चण्ड घोडाहरूलाई तालिम दिई आफ्नो वसमा लिन सिपालु हुन्छ, त्यसरी नै भगवान् बुद्धले चण्ड स्वभावका व्यक्तिहरूलाई पनि उनीहरूको अविद्यारूपी पर्दा हटाई ज्ञानको आँखा खोलिदिनुभई ज्ञानी बनाउन सिपालु हुनुहुन्छ ।

एकदिन भगवान् बुद्ध समक्ष एक घोडा व्यापारी आइपुगेछ । उक्त घोडा व्यापारीले घोडाहरू ल्याई तालिम दिने र तालिम प्राप्त घोडालाई थुप्रै पैसा लिई बेच्ने गर्थ्यो । उसले बुद्ध समक्ष यसरी प्रसंसा गर्दै प्रश्न राखेछ–

"भो भगवान् ! हजुर धन्य हुनुहुन्छ । किनभने मैले त घोडालाई वसमा राख्नको लागि तालिम दिने काम गर्छु । घोडा भनेको त पशु हो । पशुहरू सीधा-साधा हुन्छन् । छलकपट गर्न जाँदैनन् । उनीहरूलाई त वसमा राख्न र तालिम दिन ज्यादै कठिन हुँदो रहेछ भने तपाईं त पशुहरू भन्दा पनि चण्ड स्वभावका छलकपट गर्न जान्ने मानिसहरूलाई नै तालिम दिनुभई ज्ञानी बनाउन र शिक्षित बनाउनु सिपालु हुनुहुन्छ । यस्ता चण्ड स्वभावका मानिसहरूलाई तपाईंले कसरी बोध गर्नुभएको होला ? धन्य हुनुहुन्छ तपाईं ।"

घोडा व्यापारीको कुरा सुन्नुभई भगवान बुद्धले उनलाई यसरी उत्तर दिनुभयो– "मैले पनि तिमीले जस्तै विधि अपनाएर नै यी मानिसहरूलाई बोध गर्नेगर्छु ।"

यो कुरा सुनी घोडा व्यापारीले भन्यो–

"भो भगवान् ! मैले त पहिला घोडाहरूलाई फकाई-फकाई मिजास गरी तालिम दिन्छु । यदि फकाएर पनि काम चलेन भनेर कुटेर तालिम दिन्छु । कुटेर पनि काम चलेन भने चाहिं खुकुरीले चट्ट काटी नै दिन्छु । के तपाईंले पनि मैले जस्तै हतियार नै प्रयोग गरी तालिम दिने गर्नुहुन्छ र ।"

बुद्धले भन्नुभयो– "मैले पनि मेरा चेलाहरूलाई पहिला सम्झाई-बुझाई तालिम दिने गर्छु । यसरी पनि उनीहरूले शिक्षा सिक्न सकेन भने नर्कको भय देखाई बोध गराउँछु । यसरी पनि ठीक ठाउँमा आएन भने त मैले उपेक्षाभाव गरी बोध गर्दछु ।"

यसरी बुद्धले मानिसहरूको विभिन्न चरित्र र संस्कार अनुसार सुहाउँदो व्यक्तिलाई सुहाउँदो तरिका अपनाई बोध गराउनु हुन्छ । जम्बुपति राजा जस्तो अभिमानले चूर भएका आलवक राक्षसलाई पनि भगवान् बुद्धले आफ्नै तरिका अपनाई बोध गराउनुभयो भने बक ब्रह्मा जस्ता मिथ्या धारणा राखीरहने व्यक्तिलाई पनि सत्य ज्ञान देखाउनु भई बोध गर्नुभयो । त्यसैले भगवान् बुद्ध अनुत्तरो पुरिसदम्म सारथी गुणले सम्पन्न हुनुहुन्छ ।

**(७) सत्था देव मनुस्सानं–**

भगवान् बुद्ध देव मनुष्य र ब्रह्माहरूको पनि गुरुहुनुहुन्छ । उहाँले देवताहरूलाई पनि ज्ञान दिनुभई ठीक मार्ग देखाउने गर्नुहुन्छ । अनित्यलाई पनि नित्य ठानी गलत धारणा राखीरहने ब्रह्मदेवलाई समेत अनित्य स्वभावको सत्यतथ्यलाई प्रष्टाउनुभई बोध गर्नुभएको प्रमाणले यस कुरालाई छर्लङ्गाउँदछ । अंगुलीमाल जस्ता हिंसक व्यक्तिलाई पनि आफ्नो हीत र परहीत हुन कार्य सम्बन्धी ज्ञान दिनुभई उहाँ गुरु बन्नुभएको थियो । यसरी भगवान् बुद्ध देवता र मानिसहरूको सक्कलि गुरु हुनुहुन्छ ।

**(८) बुद्धो–**

**"सब्ब धम्मे बुज्झतीति बुद्धो"**

*अर्थात्*– संसारमा रहेका सबै धर्मलाई बुझ्नुभई यही एउटा मात्र धर्मले हाम्रो दुःख उन्मूलन हुनेछ भनी सक्कली धर्मलाई बुझ्नु भएका उहाँ भगवान् बुद्ध हुनुहुन्छ ।

**(९) भगवा–**

**"भग्गो यस्स अत्थिति भगवा"**

*अर्थात्*– सम्पूर्ण भाग्यले सम्पन्न भगवान् बुद्ध हुनुहुन्छ ।

**"भग्ग रागो भग्ग दोसो भग्ग मोहोति भगवा ।"**

*अर्थात्*– भगवान् बुद्धले राग, द्वेष र मोह आदि सम्पूर्ण क्लेशहरूलाई भग्न गरिसक्नु भएको छ । त्यसैले उहाँलाई मारका सुन्दरी छोरीहरूले समेत वसमा राख्न सकेनन् । राग, द्वेष, मोह सहितका व्यक्तिहरू जति त्यागी, शीलवान भनिए पनिउनीहरूको मन समय समयमा क्लेशले कम्प भइरहने गर्दछ ।

मोहले छोपेपछि राग, द्वेष विस्तारै भित्रिने गर्छ । तर भगवान् बुद्धले मोहरूपी अन्धकारलाई निर्मूल पारी प्रज्ञा ज्ञान उत्पन्न गरिसक्नु भएको कारणले उहाँ भगवान् हुनुहुन्छ ।

यसरी भगवान् बुद्ध ९ वटा विशेष गुणहरूले सम्पन्न हुनुहुन्छ । यी ९ वटा बुद्ध गुणहरूलाई हामीले एकचित्त गरी स्मरण गर्न सके हाम्रो मन शान्त र आनन्द हुनेछ । यस कार्य सुनेको भरमा मात्र होइन, आफैले ठीक तरिकाले अभ्यास गरेर हेर्नुपर्दछ । यसरी बुद्ध गुणलाई बारम्बार स्मरण गर्दै शान्ति प्राप्त गर्न सकौं ।

भवतु सब्ब मंगलं । ■




Downloaded from http://www.dhamma.digital

# नेपालमा थेरवादी प्रव्रज्यादीक्षा-गति : एक लघु दृष्टी

■ कोण्डन्य
बुद्ध विहार भृकुटीमण्डप

जुनसुकै यान र सम्प्रदायका भएतापनि नेपालका बौद्धहरूको थेरवादप्रति गहिरो श्रद्धा र विश्वास रहेको पाइन्छ। नेपालमा थेरवादको पुनर्स्थापनको इतिहास बडो संघर्ष एवं कष्टमय छ, जेल र नेलको अनेक दुःख र यातना सहेर नेपालमा थेरवादको पुनर्स्थापना गर्ने श्रेय नेवार समुदायबाट प्रवर्जित भएका बौद्ध भिक्षुहरूलाई छ। प्रारम्भिक महायान र वज्रयानमा गृहस्थधर्म छोडी भिक्षुव्रत लिएर विहारमा बस्ने भिक्षु परम्परा टुटिसकेको छ। महायान र वज्रयानका भिक्षुहरू अहिले लामा बुद्धधर्मम्म मात्र पाइन्छ। अहिले प्रारम्भिक वज्रयानमा वज्राचार्यबाहेक अरू कुनैपनि जातका व्यक्तिले म वज्रयानको दीक्षा र वज्राभिषेक लिन्छु भन्यो भने पाईदैन। कालान्तरमा वर्णव्यवस्था जन्मिंदा जातिमा परिणत भएजस्तै अहिले वज्रयानको दीक्षा पनि निश्चित घेराभित्र सीमित हुन पुगेको पाइन्छ। तर प्रारम्भमा यस्तो थिएन। वज्रयानमा श्रद्धा र विश्वास राख्ने कुनैपनि जातका व्यक्तिले वज्रयानको दीक्षा लिन पाउँदथ्यो। वज्रयानको ज्ञानमा पोख्त भएपछि वज्राचार्यको पदवी पाउँदथ्यो।[1]

थेरवादभित्र प्रव्रज्यादीक्षा प्राप्तपछि आजीवन भिक्षु हुनुपर्छ भन्ने कुनै पनि त्यस्तो धार्मिक मापन वा अनिवार्य नियम छैन। कुनैपनि श्रद्धालु वा इच्छुक कुनैपनि बेला नियम पुऱ्याएर उसले दीक्षा प्राप्त गर्न सक्छ। आजीवन अनगारिका वा भिक्षु हुन्छु भनेर पनि पछि विभिन्न समस्याका कारण वा व्यक्तिगत इच्छा आदिका कारण चीवर वस्त्र त्याग गर्ने प्रचलन कुनै नौलो नभएपनि अझै कयौं मानिसहरू यसलाई अनौठो मानिरहेका हुन्छन्। वास्तवमा थेरवादभित्र संस्कारको रूपमा समेत प्रव्रज्या धारण गर्ने चलन बसिसकेको छ, जसलाई अल्पकालीन प्रव्रज्या भनिन्छ। जसरी नेपालमा थेरवाद पुनः प्रवेशसँगै महाप्रज्ञाको पहिलो पदार्पणपछि हालसम्म कतिजनाले चीवर वस्त्र धारण गरे भन्ने विषयमै केन्द्रित भई कुनै आंकडा प्रकाशित भएका छैनन् भने त्यसरी नै अहिलेसम्म नेपालमा चीवरवस्त्र धारण गरिसकेका र वस्त्र त्याग गरिसकेका भिक्षु, श्रामणेर तथा अनगारिकाहरूको आंकडा पनि यति भैसकेका छन् भन्ने विषय पनि प्रकाशमा आएका छैनन्। जे भएपनि थेरवादको पुनः प्रवेशले स्थायी वा अस्थायी रूपमा प्रव्रज्या धारण गर्ने परम्परा कायम गरेको छ। प्रव्रज्या धारणले उल्लेख्यबमोजिम गतिशीलता पाएको छ।

थेरवादभित्र अल्पकालीन प्रव्रज्या र ऋषिनी प्रव्रज्या संस्कारको रूपमा विकसित हुने कार्य अगाडि बढेको छ। जातीयताको मापदण्ड नहुनु नै थेरवादभित्र परम्परागत बौद्धधर्मलाई मान्ने परिवार र अन्य सम्प्रदायकाहरू प्रभावित भएका छन्। त्यसो त आर्थिक दृष्टिकोण अनि सरलताको हिसाबले पनि आज थेरवादभित्रको अल्पकालीन प्रव्रज्याले बढावा पाउँदै गएका छन् भने यसलाई बरे छुइगु, व्रतबन्ध र गुफा राख्ने चलनको परिमार्जित स्वरूप अपनाएको भनिन्छ। अल्पकालीन प्रव्रज्यालाई संस्कारगत रूपमा विभिन्न विहारमा हुनेगरेका छन् भने बाल शिविरको बेला अल्पकालीन श्रामणेर नै भई बस्ने प्रचलन सबैभन्दा बढी शंखमोलस्थित बौद्ध भावना केन्द्रमा प्रभावकारी रूपमा चलिरहेको छ। त्यहाँ वर्षेनी विविधकार्यक्रमसहित त्यस्ता गतिविधि नियमित रूपमै आयोजना गर्दै आएका छन्। नेवार सानी केटीहरूलाई बेल विवाह वा इहीपछि गुफा राख्ने वा बाह्रा तयेगु भनेर जुन रजस्वला हुन अगावै गरिने संस्कार छ, त्यस संस्कारअन्तर्गत थेरवाद विहार भित्र ऋषिनी प्रवज्या गराउने भनी विहारमै पूजापाठ, ध्यान तथा नियमका साथ राखिन्छ। शुरुवातमा अल्पकालीन प्रव्रज्या दुबै कम्तिमा सातदिन भन्ने सोच हुन्थ्यो भने आजकाल त्यसमा कमी आएको छ। ऋषिनी प्रव्रज्या नेपालमा बर्माको प्रभाव मानिन्छ भने यस प्रथालाई अगाडि बढाउनुमा अनगारिका धम्मवती र धर्मकीर्ति विहारको महत्वपूर्ण योगदान रहेको देखिन्छ। हाल विशेषगरी काठमाडौंस्थित धर्मकीर्ति विहार र पाटनस्थित शाक्यसिंह विहारमा यो संस्कारलाई बढावा दिने काम भइरहेको छ भने शंखमोलस्थित भावना केन्द्रमा पनि वर्षेनी बाल शिविरअन्तर्गत ऋषिनी कार्यक्रमको आयोजना हुँदै आएका छन्। यस विधिले आर्थिक रकमलाई समायोजन गर्ने मात्र नभई अन्तर्जातीय विवाहपछि प्राप्त छोराछोरीलाई गरीने संस्कार सहजरुपले अगाडि बढाउनमा यस किसिमका परिवर्तनमुखी कार्यले सकारात्मक प्रभाव पारेको देखिन्छ।

नेपालमा अस्थायी प्रव्रज्या गर्ने चलन पनि बसेको छ। जसअनुसार वि.सं. २०४२, बैशाष ११ गते नेपालका संघनायक भिक्षु प्रज्ञानन्द महास्थविरको ८५ औं जन्मोत्सवको उपलक्ष्यमा १०५ जनालाई कीर्तिपुर विहारमा अस्थायी श्रामणेर प्रव्रज्या गरिएको थियो भने यो सबैभन्दा बढी संख्यामा पहिलो पटक अस्थायी प्रवज्या भएको घटना हो। यसरी नै वि.सं. २०५९ वैशाष, १८ गते भिक्षु अश्वघोष महास्थविर तथा भिक्षु कुमार काश्यप महास्थविरको ७७ औं वर्षको उपलक्ष्यमा १११ जना कुलपुत्रहरूलाई कीर्तिपुर विहारमा अस्थायी प्रव्रजित गरिएको थियो भने यो नै नेपालको थेरवाद इतिहासमा सबैभन्दा बढी संख्यामा अस्थायी प्रवज्या समारोह हो, जुन सुखी होतु नेपालले आयोजना गरेको थियो। जुन आयोजित ऐतिहासिक अल्पकालीन दुर्लभ शतकुलपुत्र प्रव्रज्यामा हिन्दू, मुस्लिम, क्रिश्चियनहरू समेत सहभागी हुनु उपलब्धिमूलक नै मान्नु पर्छ।

उपत्यका बाहिरका परम्परागत बुद्धधर्मानुसार बरे छुइगुलाई स्वयं भिक्षुहरूबाटै प्रयास हुनु समन्वयात्मकताको लागि राम्रो उदाहरणीय चर्चा हुन्। तर वज्राचार्य गुरुजुहरूका गुरुमालाई नाममात्रको गुरुमाभन्दा माथि पुऱ्याउन पहल हुनुपर्ने देखिन्छ। स्मरणीय छ- वि.सं. २००८ सालमा आचार्य भिक्षु अमृतानन्दको सक्रियतामा पश्चिमाञ्चलबाट भिक्षु शाक्यानन्द र पूर्वाञ्चलबाट भिक्षु सुबोधानन्द राजदरबार जानुभई श्री ५ त्रिभुवनसित उपत्यकाबाहिर पनि चूडाकर्म गर्नपाउने हुकुम

प्रमाज्ञा लिनुभएको थियो । यसपछि २०१३ सालमा भोजपुर टक्सारमा श्री शाक्यमुनि विहारमा र २०१३ सालमा करूणाचैत्य विहारमा चूडाकर्म सम्पन्न हुनथाल्यो । चैनपुर (संखुवासभा) मा वि.सं. २०२०/२०२१ सालदेखि बगैंचाटोलमा रहेको बुद्धचैत्यमा चूडाकर्म हुनथाल्यो । त्यसपछि २०२८ साल धरानको स्वयम्भू चैत्य विहारमा चूडाकर्म गरियो ।[२]

नेपालमा थेरवाद बुद्धशासनलाई निरन्तरता दिन परम्परागत शिक्षा मात्र हैन सैद्धान्तिक एवं व्यावहारिक शिक्षाको पनि त्यत्तिकै आवश्यकता रहेको हुन्छ भन्ने अवधारणाको विकास गरी त्यसलाई दैनिक व्यवहारमा कार्यरुप दिन दशकौं अगाडिदेखि नै नेपालका कुलपुत्र तथा कुलपुत्रीहरू परदेशमा गई धर्माध्ययन-धर्माभ्यास कार्य सिकेर, जानेर, बुझेर नेपालमा धर्मप्रचार कार्यमा लागिरहेका छन् । जहाँसम्म परियत्ति शासनको विषय छ, त्यसलाई निरन्तरता दिन प्रव्रजित भिक्षु/श्रामणेरहरूको पनि अत्यन्त खाँचो एवं जरूरत पर्छ भन्ने अभिप्रायले वि.सं. २०३८ सालमा भिक्षु अश्वघोष महास्थविरको अध्यक्षतामा काठमाडौं, ढल्कोस्थित संघाराम भिक्षु तालिम केन्द्रको स्थापना भएको थियो । विशेषत: भिक्षु मैत्री, दाता श्री द्वारिका दास श्रेष्ठ (वि.सं.१९५७-२०५९)[३] तथा उपासिका दाता सुश्री रत्नमाया शाक्य (अनगारिका धर्मरक्षिता) को सहयोगमा भिक्षु अश्वघोष महास्थविर त्यस तालिम केन्द्रका प्रमुख भई नेपालमै भिक्षु श्रामणेर तालिम लिनेदिने अवधारणाको विकाससँगै सुरुमै १३ मंसिर, वि.सं.२०३८ का दिन तत्कालीन नेपालका संघनायक भिक्षु प्रज्ञानन्द महास्थविरको उपाध्यायत्वमा भिक्षु अमृतानन्दसहित अधिकांश भिक्षु तथा अनगारिकाहरूको उपस्थितिमा बलम्बुका ५ जना र पाटनका ५ जना नेवार कुलपुत्र गरी १० जना श्रामणेरहरूलाई अध्यापन प्रारम्भ गरिएको थियो । तर १० महिनापछि नै व्यवस्थापकीय समस्याले ती सम्पूर्ण श्रामणेरहरूलाई बनेपास्थित ध्यानकुटी विहारमा स्थानान्तरण गराई भिक्षु अश्वघोषले तिनीहरूलाई विद्यालय-स्तरीय अध्यापन पनि गराए भने त्यहाँबाट पनि केही वर्षपछि धेरै जसोलाई बुद्धधर्म अध्ययनार्थ श्रीलंका पठाइयो । हालका भिक्षुहरू विनीत, भद्दिय, आनन्द[४], उपतिस्स, मंगल, शोभित, सद्धातिस्स र कोलित संघारामका पहिलो समूहका श्रामणेर हुन् ।

संघाराम भिक्षु तालिम केन्द्रलाई २०४४ सालमा पुन: निरन्तरता दिने प्रयासस्वरूप भिक्षु अश्वघोष अध्यक्ष, उपाध्यक्षहरू भिक्षु ज्ञानपूर्णिक, लोक दर्शन वज्राचार्य, द्वारिका दास श्रेष्ठ, सुपरिवेक्षक भिक्षु सुशोभन (हाल डा. लक्ष्मण शाक्य), व्यवस्थापक भिक्षु मैत्री, सहयोगी रत्नमाया शाक्य हाल (अनगारिका धर्मरक्षिता), कोषाध्यक्ष धर्मदास ताम्राकार तथा सदस्यहरूमा अनगारिका धम्मवती, सुवर्ण शाक्य, माणिकरत्न कंसाकार रहेको यौटा संचालक समिति गठन गरियो । यसपछि २०४४ भाद्र १० का दिन काठमाडौं, पाटन, भक्तपुर, बनेपा, कीर्तिपुरका १० जना नेवार केटाहरूलाई श्रामणेर दीक्षा प्रदान गरी कार्य थालनी गरियो । तर यतिबेला पनि २ वर्षसम्म निरन्तरता कायम हुन सकेन, धेरै घरतिर लागे । भिक्षु अश्वघोषकै शब्दमा भन्नुपर्दा– "यस समूहका श्रामणेरहरूले स्कूलको शिक्षा पनि माग गरे । त्यसैले उनीहरूलाई गीता माता माध्यमिक विद्यालयमा भर्ना गरिदिएँ, तर अफसोच यिनीहरूले पछि बुद्धशिक्षा र पालि भाषा सिक्नेकार्यमा रूचि देखाएनन् । उनीहरूको विचारअनुसार पालि भाषा र बुद्धशिक्षा पढेर उनीहरूको भविष्य सुध्रिने छैनन् रे । यो कुरा सुनेर मेरो मनमा नराम्रो चोट पऱ्यो । त्यतिमात्र होइन स्कूल गइसकेपछि यी श्रामणेरहरूको रहन सहनमा प्रशस्त छाडापन आएको महशूस हुन थाल्यो । फलस्वरूप यिनीहरू मध्यें कोण्डन्य र अस्सजि बाहेक सबै चीवर छोड्दै घर फर्के । कोण्डन्य आनन्दकुटी विहार सरुवा भयो र अस्सजि श्रीलंका गयो ।"[५] पुन: ४९ सालतिर तामाङ्ग र शेर्पासहित १० जना श्रामणेर बनाइए, यसपटक पनि धेरैजसो घर फर्के भने बाँकी अध्ययनार्थ श्रीलंकातर्फ लागनेहरूमा भिक्षु अशोक र भिक्षु त्रिरत्न मात्रै चीवरवस्त्रमै छन् ।

नेपालको थेरवादी बुद्धशासनिक क्षेत्रमा संघाराम भिक्षु तालिम केन्द्रले अगाडि सारेको भिक्षु तालिम केन्द्रको अवधारणाको सुरुवातले मौलिकपनको विकास गरीनुपर्छ भन्ने मान्यता स्थापना गरिदियो, यद्यपि संघाराम भिक्षु तालिम केन्द्रलाई तालिम केन्द्रको रूपमा निरन्तरता दिन सकिएन, विभिन्न अवरोधका कारण तालिम कार्य स्थगित भएका छन्, तर भविष्यमा पुन: निरन्तरता पाउँदै जालान् भन्ने आशा चाहिँ गर्न सकिन्छ । संघारामको तालिम कृयाकलाप व्यवस्थित रूपमा चल्न नसकी तालिम केन्द्र विहारको रूपमा परिणत हुँदैगर्दा काठमाडौंको नयाँ बानेश्वरस्थित वि.सं. २०४२ सालमा संस्थापित विश्व शान्ति विहारमा भिक्षु ज्ञानपूर्णिक महास्थविरको नेतृत्वमा श्रामणेर (भिक्षु) तालिम केन्द्रकै स्वरूपमा अगाडि बढाउन वि.सं.२०५४ मा विश्व शान्ति बौद्ध शिक्षालय स्थापना भयो । वस्तुत: थेरवाद बुद्धशासनलाई निरन्तरता दिन प्रवर्जित दीक्षितहरू आवश्यकता पर्दछ भने श्रामणेर, भिक्षुहरूलाई जीवन्त तुल्याउन उपासकोपासिकाहरूको अहं भूमिका रहेको हुन्छ । यसरी बुद्धशासनलाई निरन्तरता दिन प्रव्रर्जित एवं गृहस्थ उपासकोपासिकाहरूको समन्वयात्मक भावना, आपसी सहृदयी एवं एकाताको सोचाइको आदान-प्रदानको कार्यले ठूलो टेवा पुऱ्याउने हुन्छ । नेपालमैं बुद्धशासनका लागि भविष्यका कर्णाधारहरू तय गर्ने सोचाइअनुरूप वर्तमान अवस्थामा विश्वशान्ति विहारमा संचालित "विश्वशान्ति बौद्ध शिक्षालय" नेपालको वर्तमान थेरवाद बुद्धशासनमैं यौटा नमूना केन्द्र साबित भएको छ, यहाँ बुद्धशासनको लक्ष एवं उद्देश्य प्राप्तार्थ लक्षसहित गन्तव्यतिर उन्मुख हुन समष्टिगत भावनालाई उजागर गर्ने प्रयासहरू भइरहेका छन् ।

आज बुद्धधर्मको अध्ययन स्वदेशमै सम्भव छ भन्ने कुरालाई साकार पार्न विश्वशान्ति बौद्ध शिक्षालयमा जुनरूपले धर्माध्ययन-ध्यानाभ्यास, बुद्धपूजा, परित्राणपाठ, भिक्षाटन आदि कार्यमा लगावकासाथ निरन्तरता दिइरहेको छ, त्यो प्रकृयालाई नजिकबाट हेर्दा त्यहाँ सम्पूर्ण आवश्यक पक्ष जुटेकै छन् भन्न जो कसैलाई अनुभूत हुने स्वाभाविक पक्ष हो । त्यहाँ दैनिक रूपमैं तालिकाअनुरूपै श्रामणेर तथा अनागारिकाहरूलाई बुद्धधर्मको सैद्धान्तिक एवं ब्यावहारिक पक्षको अध्यापन कार्य संचालन भइरहेको छ । यस शिक्षालयले वर्तमान परिवेशलाई समेत समेटी अध्ययनार्थीहरूलाई बुद्धधर्मको ज्ञान दिने, बौद्ध विनयानुकूल वातावरण श्रृजना गर्ने, बुद्धशासनिक क्षेत्रलाई



Downloaded from http://www.dhamma.digital

उजागर पार्न प्रचारप्रसारार्थ व्यक्तित्व निर्माण गर्ने, अध्ययनार्थीहरूलाई बाह्यज्ञानसमेत होस् भन्ने उद्देश्यलाई अधिसारी सरकारी मान्यता प्राप्त विद्यालयस्तरीय शिक्षा अनुबन्धनको रूपमा परीक्षा दिलाउने कार्य पनि भइरहेको छ।[६] वस्तुतः शिक्षालयले प्रव्रजित विद्यार्थीहरूलाई भविष्यमा पेशामुखी, भौतिक सुख सुविधामुखी होइन अपितु धर्ममुखी बनाउने प्रयास गरिरहेको छ । त्यसरी नै शिक्षालयमा अध्ययनरत गर्नेहरूको ध्येय-उद्देश्य हिलोमा माछामार्ने प्रवृत्ति हुनुहुँदैन, पढाई सकाउने अनि कुईंचाभाग कस्ने, ठूलो भैगो कुलेलम ठोकौं भन्ने जस्ता भावना जगाउनु र त्यसअनुरूप वस्त्र छोडेर घरतिर लाग्ने अवस्थाले बुद्धशासनको लागि घाटा व्यहोर्नुपर्ने एवं दाताहरूको आस्था र श्रद्धामा ठेस लाग्ने सम्भावनालाई नकार्न सकिंदैन । वास्तवमा प्रव्रजित जीवनमा बुद्धोपदेशलाई जीवन्त अभ्यास गर्दैजाने तवरका विधिव्यवहार अपनाउँदै जानुपर्छ । जसरी कुनैपनि शिक्षालयले बुद्धशासनिक पक्षलाई ध्यानकेन्द्रित गरी श्रद्धालु दाताहरूको दानदातव्यलाई सदुपयोग गर्ने जमर्को गरिरहेको हुन्छ, त्यसको परिपूर्तिका लागि शिक्षालयका प्रवर्जित विद्यार्थीलगायत सम्बन्धित पक्ष सबैको रचनात्मक सहयोगको जरूरत छ, वर्तमान सहयोगी भावनामा निरन्तरता थपिदै जानुपर्छ । यसबाट बुद्धशासनिक क्षेत्र रचनात्मकरूपमा भर्याँगिदै जाने हुन्छ, जसले गर्दा शान्तिकामी सबैका लागि सुखकर पथहरू खुल्दैजाने हुन्छ ।[७]

संघाराम भिक्षु तालिम केन्द्रको अवधारणा सफलिभूत देखिए पनि यसले निरन्तरता भने पाउन नसके पनि वि.सं. २०५२ देखि विश्वशान्ति विहारमा भिक्षु ज्ञानपूर्णिक महास्थविरको प्रमुख व्यवस्थापनमा विशेषतः नेपाली एवं विदेशी दाताहरूको सहयोगले विश्वशान्ति बौद्ध शिक्षालय संचालन भइरहेको छ, जहाँ विभिन्न जातजातिका श्रामणेरहरू अध्ययनरत छन् । एकातिर भौतिक पूर्वाधारसहित स्वदेशी तथा विदेशी दाताहरूको श्रद्धाले बुद्धशासनिक योगदानलाई अगाडि बढाउन सहज भइरहेको देखिन्छ भने अर्कोतिर तालिम केन्द्रका प्रव्रजितहरू वस्त्र त्याग गरी जाने संस्कृति पनि मौलाउँदो छ, जुन सर्वसाधारण जनता एवं श्रद्धालु दाताहरूका लागि सुखकर विषय हुनसक्दैन भने त्यस्तो प्रकृयाप्रति उनीहरू दुःख व्यक्त गर्दछन् । अनगारिका भैसकेपछि वस्त्र त्याग गर्नेहरूभन्दा धेरै भिक्षुश्रामणेर भैसकेकाहरूले वस्त्र त्याग गरी पुनः गृहस्थमा प्रवेश गर्ने गरेको पाइन्छ । त्यसो त विश्व शान्ति विहारमा श्रामणेरहरूलाई बुद्धशिक्षासहित सरकारी मान्यता प्राप्त सरकारी शिक्षा पनि दिंदै आइरहेको छ तापनि बच्चाहरूमा प्रव्रजित जीवनको संस्कारलाई निरन्तरता दिनमा अझै सहजता देखिएको छैन, यो स्वाभाविक वा अस्वाभाविकभन्दा पनि यस प्रकृयाप्रति दूरगामी भई समाधानको उपाय पहिल्याउनु पर्ने देखिन्छ ।

यसरी नै धर्मकीर्ति विहारका प्रमुख अनगारिका धम्मवती वर्तमान नेपालमा नारीहरूलाई अनगारिका दीक्षा दिई निरन्तरता दिलाउँदै जाने काममा सकृय देखिन्छ भने त्यसै विहारमा सबैभन्दा बढी अनागारिकाहरू छन् । शंखमोलस्थिति बौद्ध भावना केन्द्रमा अनगारिका तालिम केन्द्रको विधिवत स्थापना गरिएतापनि पठनपाठनको व्यवस्था शुरू गरिएको छैन । अहिले उहिलेभैं परदेशमै गएर बुद्धशिक्षाको अध्ययन गर्नै जानुपर्ने अवस्थाबाट मुक्ति पाएको छ । वर्तमान अवस्थामा भिक्षु, श्रामणेर तथा अनागारिकाहरू धार्मिकबाहेक सरकारी मान्यता प्राप्त शिक्षा अध्ययन गर्नेतर्फ बढी ध्यान केन्द्रित हुँदै गइरहेको छ भने यसले सकारात्मकताभन्दा बढी नकारात्मकतर्फ घचेटिने संभावना बढी देखिन्छ तर पनि त्यसरी शिक्षा प्राप्त गर्नु उनीहरूका लागि बाध्यता एवं अपरिहार्यता पनि हुनसक्छ किनभने उनीहरू आफ्नो भविष्य सोचबाट मुक्त हुनसक्ने अवस्था बनेकै छैन भन्ने मानसिकताले प्रभावित भएका पनि देखिन्छन् । त्यसैले भोलि वस्त्र त्याग गर्नु परेमा समस्या पर्ला भन्ने डर उनीहरूमा हावी हुने कारणले नै सरकारी मान्यता प्राप्त शिक्षा अध्ययनको क्षेत्रप्रति उनीहरू सजग नै रहेका देखिन्छन् ।

थेरवाद बुद्धधर्मको पुनः प्रवेशसँगै भिक्षु, श्रामणेर एवं अनगारिका स्वेच्छाले दीक्षा प्राप्त गर्ने प्रचलनको शुरुवात भएको देखिन्छ । सुरुवातदेखि नै श्रीलंका, म्यानमार तथा थाइलैण्डमा थेरवादी बुद्धधर्म र पालि साहित्य अध्ययन गर्न जाने परम्परा रहीआएकोमा हाल म्यानमार जाने संख्यामा कमी देखिएको छ । वास्तवमा वर्तमान थेरवाद बुद्धधर्मको बलियो रूपमा अभ्यास र प्रचारप्रसारको बाहुल्यता रहेको मुलुक नै थाइलैण्ड, श्रीलंका र म्यानमार नै हुन् । त्यसैले नेपालका थेरवादी प्रभावशाली एवं प्रचारप्रसारमा लागीपरेका भिक्षु तथा अनगारिकाहरू ९५% प्रतिशत ती थेरवादी प्रभाव भएका मुलुकबाटै अध्ययन गरेर आएका हुन् । अभैसम्म नेपालमै चाहेजस्तो व्यवस्थित रूपमा भिक्षु, श्रामणेर तथा अनगारिकाहरूको तालिम प्राप्त गर्ने, थेरवाद बुद्धधर्मको व्यवस्थित एवं प्राज्ञिक अध्ययन गर्ने स्थलको अभावका कारण नेपाली श्रामणेर, भिक्षु तथा अनगारिकाहरू परदेशमैं अध्ययन गर्नजाने परिपाटी रहेको छ । नेपाली थेरवादी भिक्षु, श्रामणेर तथा अनगारिकाहरूको वर्षेनी आंकलन प्रकाशित भएअनुरूप २०६३ वा सन् २००७ को सुधारिएको आँकलनअनुसार नेपालमा ३२२ थेरवादी भिक्षु, श्रामणेर तथा १४५ जना अनगारिकाहरू गरी नेपालमा जम्मा ४६७ जना भिक्षु, श्रामणेर तथा अनागारिका रहेका छन् । जसमध्ये नेवारको बाहुल्यता रहेको छ भने केही बाहुन, क्षेत्री, तामाङ्ग, थारुलगायत जनजातिअन्तर्गतका पनि छन् । तीमध्ये २१७ जना भिक्षु, श्रामणेर तथा अनगारिकाहरू विभिन्न मुलुकमा अध्ययनरत छन् ।[८]

पाद टिप्पणी–

१ जगमान गुरुङ, **नेपालका बौद्धहरूः एक विवेचना**, कार्यपत्र, (काठमाडौं: धर्मोदय सभा, दोस्रो राष्ट्रिय बौद्ध सम्मेलन- लुम्बिनी, वि.सं.२०४६), पृ.३ ।

२ केदार शाक्य, "काठमाडौं, पाटन र भक्तपुर बाहिर नेवार बौद्ध संस्कृतिको अवस्था", कार्यपत्र; **नेपाल मण्डलया बौद्ध संस्कृति सम्मेलन - ११११ छगू प्रतिवेदन**, (ललितपुर : लोटस रिसर्च सेन्टर, वि.सं. २०५६), पृ. २८४ ।

३ रत्न सुन्दर शाक्य, **भिक्षु अश्वघोष महास्थविर**, (काठमाडौं : युवा बौद्ध समूह, वि. सं. २०६२), पृ. २१ ।

४ वर्तमान अन्तरिम विधायक उहाँ नै हुनुहुन्छ ।

५ रत्न सुन्दर शाक्य, (पूर्ववत पाद टिप्पणी संख्या ३) पृ. २३-२४ । उल्लेख्य श्रामणेर अस्सजि हाल गृहस्थ भैसकेको छ ।

६ सम्पादकीय, **शान्ति सन्देश**, (काठमाडौं : वर्ष ४, अङ्क ४, वि. सं. २०६०) ।

७ **ऐजन** ।

८ कोण्डन्य, "थेरवादी भिक्षु, श्रामणेर तथा अनागारिका तथा विहारहरू", (चापागाउँ : **ज्योति उदय**, बु.सं. २५५०), पृ. ८४-९१ ।

# हिंसा रोक्ने उपाय





भिक्षु संघरक्षित

धेरै समय अघिको कुरा थियो । त्यसबेला बोधिसत्त्व बनारस देशका अग्रमहारानीको कोखबाट जन्मेका थिए । त्यसबेला उनको नाम ब्रह्मदत्त कुमार राखियो । उहाँले तीन वेद र अठार विद्या पनि सिके । समय पुगेपछि उनलाई युवराजको पदमा राखियो ।

त्यस समयमा त्यहाँका जनताहरू देवभक्त थिए । उनीहरू देवताहरूलाई भनेपछि धेरै पुज्दथे । सबै पूजामा मस्त थिए । तसर्थ उनीहरूले देवताहरूको नाममा हाँस, कुखुरा, खसि, सुँगुर, राँगो आदि निरिह प्राणीहरूलाई बलि दिन्थे । यस्तो हिंसा देखेर बोधिसत्त्व युवराज चिन्तित हुन्थे । उनी विचार गर्थे, 'म राजा भइसकेपछि यस्तो हिंसा हुनदिने छैन । धर्मपूर्वक राज्य गर्नेछु ।'

एक दिनको कुरा थियो । युवराज रथमा बसेर नगर घुम्न गए । नगर घुम्नेक्रममा उनले एउटा दृश्य देखे । एउटा ठूलो रुखको वरपर धेरै मान्छेहरू जम्मा भइरहेका थिए । युवराज पनि त्यहाँ नजिकै गएर हेर्न गए । अहो, त्यहाँ त मान्छेहरू रुखलाई बृक्षदेवताको रूपमा पूजा गरेर कसैले छोरा, कसैले छोरी, कसैले श्रीमान्, कसैले श्रीमती, कसैले के, कसैले के मागिरहेका थिए । यदि त्यो माग पूरा भएमा ठूलो बलिपूजा गर्ने कुरा पनि भइरहेको थियो ।



यो देखेर युवराज पनि त्यहाँ सबैको अगाडि पुगे । उनले पनि बृक्षदेवतालाई अरूले पूजा गरेझैं राम्ररी भव्यरूपमा पूजा गरे । यसरी उनले बरोबर त्यस रुखको पूजा गर्न थाले । आफूलाई बृक्षदेवताको भक्तका रूपमा सबैलाई देखाए ।



यस घटनाको धेरै समय नबित्दै युवराजको बाबु बिते । राजाको मृत्युपछि युवराज भएका बोधिसत्त्वलाई नै राज्य प्राप्त भयो । उनी त्यस देशका राजा बने ।

बोधिसत्त्व राजा भइसकेपछि उनले सबै ब्राह्मण पुरोहित आदि महाजनहरूलाई दरबारमा भेला पारे । त्यसपछि उनले सोधे– "हे महाजनहरू, तपाईंहरूलाई थाहा छ कि कसरी यो राज्य मलाई प्राप्त भयो ?"

उपस्थित सबैले भने– "महाराज, थाहा छैन ।"

राजाले भने– "म बरोबर बृक्षदेवताको मा गई पूजा गरिरहेको त थाहा छ, होइन ?



Downloaded from http://www.dhamma.digital



उनीहरूले भने– "हो, महाराज, थाहा छ र हामीले प्रत्यक्ष देखेका पनि छौं ।"

राजाले भने- "हः, महाजनहरू, बृक्षदेवताकै कृपाले आज मलाई यो राज्य प्राप्त भएको छ । राज्य प्राप्त भइसकेपछि मैले ठूलो बलिपूजा गर्ने प्रतिज्ञा गरेको छु । त्यसैले, हे महाजनहरू, यसमा बिलम्ब नगर्नुहोस् ।"

सबैले खुशी हुँदै भने- "यो त खुशीको कुरा हो, महाराज । आज्ञा गर्नुहोस्, बलिपूजाको लागि के-के सामानहरू जोरजाम गर्नुपर्ला ?"

राजाले भने-"हे महाजनहरू, हे मन्त्रिगणहरू । बृक्षदेवताको अगाडि वाचा गर्दा मैले भनेको छु, 'यस राज्यमा पञ्चदुश्शील र हिंसा कर्म आदि दश अकुशल गर्ने मान्छेहरू धेरै छन् । म उनीहरूको बलि पूजा गरेर, रगत-मासु चढाएर, आन्द्राको माला लगाई बलिपूजा गर्नेछु । त्यसैले त्यस्ता मान्छेहरू नै जम्मा गर्नुपर्ला ।"



सबै छक्क पर्दै सोध्न थाले- "महाराज, अब के गर्नुपर्ला ?"

राजाले भने- "हे महाजनहरू, हे मन्त्रिगणहरू हो, अब तपाईंहरूले नगरभरि, देशभरि घोषणा गरिदेऊ, 'हे नागरिकहरू हो, महाराज पहिला युवराज छँदाको समयमा उहाँले आफूलाई राज्य प्राप्त भएमा पञ्चदुश्शील मान्छेहरूलाई मारेर बलिपूजा गर्ने भाकल गरेका छन् । अब यहाँका पञ्चदुश्शील तथा दश अकुशल कर्म गर्ने मान्छेहरूलाई भेला पारेर फलानो ठाउँमा बलि-पूजा गर्नेछन् ।"

राजा न परे, सबैले आज्ञा मान्नैपर्‍यो । मन्त्रिगणहरूले नगरभरि, देशभरि राजाबाट हुकुम भएझैं घोषणा गरिदियो । सबै जनताहरूमा खलबलि मच्चियो । सबै मान्छेहरू, जो बलि दिएर आनन्दित भइरहेका थिए, तर्सिन थाले । आफूलाई राजाले अथवा सजाको मान्छेले समातेर बलि दिन लग्ला भन्ने डरले जनताहरू पञ्चदुश्शील तथा दश अकुशल कर्म गर्न थरथराए । उनीहरू भरसक ती पापकर्महरूबाट परै बसे । हेर्दाहेर्दै त्यस नगरमा, देशभरिमा पञ्चदुश्शील तथा दश अकुशल कर्म गर्ने मान्छे भेट्टाउन पनि गाह्रो हुन थाल्यो ।



यो देखेर बोधिसत्त्व राजा साह्रै खुशी भए । देशमा कसैलाई हिंसा नगरी, पीडा नदिई आफ्नो योजनाले जताततै शान्ति-सुव्यवस्था कायम गर्न सकेकोमा प्रसन्न भए । यसरी नै उहाँले धर्मअनुसार राज्य गरी आफ्नो समय भएपछि परलोक गए । ■

# स्वाभीमानी महिला–विशाखा महाउपासिका



लोचनतारा तुलाधर

बुद्धकालीन प्रसिद्ध उपासिका विशाखाको पूर्णवर्द्धन सेठ संग धूमधामसंग विवाह भयो। छोराको विवाहको शुभ उपलक्षमा मृगार सेठले आफ्नो घरमा सात दिनसम्म मंगलोत्सव मनाए। सातौं दिनमा मृगार सेठले आफ्ना तिर्थकर गुरुहरूलाई भोजनको निम्ति निमन्त्रणा दिए। यता विशाखा परिन् बुद्ध, धर्म, संघमा अटल श्रद्धा राख्ने उपासिका! धनन्जय सेठ र सुमनादेवीको सुपुत्री विशाखा सानै उमेरदेखि तीक्ष्ण बुद्धिकी थिइन्। आफ्नो बाउ बाजेले दिएको संस्कार अनुसार विशाखाले कलिलै उमेरमा भगवान् बुद्धको सार गर्भित उपदेशलाई आत्मानुसात गरेकी थिइन्। आफूमा शील, समाधि र प्रज्ञाको बलियो जग बसालि सकेको उनले मिथ्यादृष्टि, विचिकिच्छा र शीलव्रत परामर्श छेदन गरी स्रोतापन्न भइसकेकी थिइन्। त्यसैले उनको आत्मविश्वास बलियो थियो।

नवबधु विशाखालाई ससुरा मृगार सेठले "दुलही अरहत साधुहरूलाई दर्शन गर्न आऊ" भनी निम्त्याए। अरहत भिक्षुहरूको दर्शन गर्न पाउने भयो भनी विशाखा प्रसन्न भई साधुहरू बसिराखेको बैठक कोठामा पुगिन्। त्यहाँको दृश्य देखि विशाखाको जिउ सिरिंग पो हुन गयो। आफ्नो इच्छा विपरित त्यहाँ त नांगा साधुहरू पो लाममा बसिराखेका थिए। यी निरवस्त्र नांगाहरू कसरी अरहन्त हुन्थे र! उनले मनमनै सोचिन्। यीनीहरू क्लेश रहित अरहन्त होइनन् त म किन वन्दना गरुं। शुद्ध धर्म के हो भित्री मन देखि बुझिसकेको ती नववधुले नांगा साधुहरूलाई वन्दना गर्न उचित ठानेन। सत्य धर्म प्रति सजग उनलाई उनको पतिकुलमा अरुले के भन्लान् भन्ने अलिकति पनि संकोच लागेन बरु ती नांगाहरू देखि पो लाज लागेर आयो। अनि उनले ससुरातर्फ हेरी "ससुराज्यूले यी नांगा साधुहरूलाई किन निमन्त्रणा दिए होलान्" भनेर भनी फनक्क फर्केर गइन्। कुल घरानाकी भनी भित्र्यायकी दुलहीको यस्तो व्यवहारले मृगार सेठलाई के गरुँ कसो गरुँ भयो र रीस पनि उठ्यो।

निमन्त्रणामा आइरहका ती साधुहरू विशाखाको कुरा सुनी आफ्ना अपमान ठानेर रीसले चूर भयो। श्रमण गौतमका अलच्छिना उपासिकालाई बुहारीको रुपमा किन भित्र्याइस् भनेर लाञ्छना लगाए र तुरुन्तै घर निकाला गर्नु भनी आदेश दिए। तर कुल घरानाकी शिक्षित बुहारीलाई तत्काल घर निकाला गर्नु पनि सेठलाई उचित लागेन। आफ्ना गुरुहरूलाई जसोतसो सम्झाई बुझाई माफी मागी भोजन गराइ बिदा दिइ पठाए।

यो घटनाको केही दिन नबित्दै एकदिन मृगार सेठ भोजन गरिरहेको बेला एक शीलवान् पिण्डाचारीक भिक्षु आइपुगे। त्यसबेला विशाखा ससुरालाई पंखा हम्काइरहेकि थिइन्। सेठले भिक्षुलाई नदेखे झैं गरी वास्ता नगरी आफू फकापक भोजन गर्दै गरे। भोजनको समय भिक्षुलाई केही भोजन दान दिने आज्ञा होलाकि भन्ने विशाखाको मनमा थियो। तर त्यसो भएन। अनि उनले परिस्थितिलाई मध्यनजर राखी भिक्षुलाई बिन्ति गरिन्– "भन्ते जानुस्। मेरो ससुराज्यू पुरानो बासी खाना खाइरहनु भएको छ।" विशाखाको कुरा बुझी भिक्षु अन्तैतिर लागे। ससुराज्यू रीसले चुलुर्म्म भइ खाना छोडी उठ्दै कराए – "मलाई पुरानो बासी खाना खाइरहेको भनी झुठो कुरा गर्ने यसलाई घरबाट निकाली दे।" सेठजीको गर्जनले घर परिवार नोकर चाकरहरू सबै चकित भए। तर विशाखा कति पनि विचलित भइनन् उनले दृढ स्वरमा भनिन्– "बुबाज्यू, यतिकुराको निहुँले म घर छाडी जान्न। मलाई खोलातिर बाट कुम्भदासी झैं पाएर ल्याउनु भएको होइन। बाजागाजा सहित ससम्मान भित्रिएकी बुहारी हुँ। यस्तै कारण पर्ला भनेर मेरो पिताजीले आठजना कुटुम्बीहरू मेरो साथमा पठाउनु भएको छ। वहाँहरूलाई बोलाउनुस् र दोषादोष छुट्टाउनुहोस्।"

विशाखाको कुरा सुनी सेठजीले आठ कुटुम्बीहरू बोलाइ सारा वृतान्त सुनाए। छलपल पछि विशाखाले आफ्नो कुराको सफाइ यसरी दिइन्– "मैले हाम्रो ससुराज्यूले बासी खाना खाइरहनु भएको छ भनेकी हुं। यसको अर्थ उहाँले यस जन्ममा पुण्य गर्नुभएको छैन, केवल पहिलेको कर्मको फल मात्र भोगिरहनुभएको छ भनेकी हुं।" विशाखाको यस कुरालाई कुटुम्बीहरूले यसमा त दोष दिने कुरा छैन सत्य नै हो भने पछि सेठज्यूले त्यसो हो त भैगो भनी पठाए।



Downloaded from http://www.dhamma.digital

यसरी समय समयमा संघर्ष गर्दै विशाखा आफ्नो ससुरालाई भगवान् बुद्धको उपदेश सुनाउनमा सफल भइन् । जसको फलस्वरूप मृगार सेठ स्रोतापति फलमा प्रतिष्ठित भए । सही धर्मको रस पान गरीसकेपछि प्रसन्न भई सेठले भगवान् बुद्ध कै अगाडि आफ्नी बुहारीको प्रशंसा गर्दै भने– "बुहारीकै कारणले गर्दा म अपाय र दुर्गतिबाट मुक्त हुन सक्षम भएँ । बुहारी यस घरमा प्रवेश गरेकीले नै मेरो कल्याण भयो ।" ससुराको मुक्तकण्ठबाट बुहारीको यस्तो प्रशंसा सुन्न पाउनु सम्पूर्ण नारीजाति कै लागि गर्वको कुरा हो ।

पच्चीस सय वर्ष अगाडिको आदर्श महिला विशाखा माथिको घटनाहरू विचारणीय छ । हुन त विशाखाको जीवन चरित्र पल्टाउँदा यी बाहेक थुप्रै घटनाहरू छन् जुन आजको नारीहरूले अनुकरण गर्न लायकका छन् । विवाह पश्चात् आफ्नो अस्तित्व नै मेट्ने, पति कुलको जुनसुकै नराम्रो संस्कारलाई मान्नै पर्ने बाध्यतालाई विशाखाले तोडिदिइन् । नव दुलही विशाखाले म कस्तो घरमा परेँ भनेर घुम्टो भित्र बसी विलाप गरिनन् बरू त्यस्को प्रतिकार गरिन् । फेरि प्रतिकार गर्ने भन्दैमा आफ्नो ससुरा, पतिलाई अपमानित गर्ने घटना भने उनको जीवनमा कतै भेटिन्न । विशाखाको पाइलाले उनको परिवारलाई सत्यको मार्गमा डोऱ्याइएको पाइन्छ । ती शिक्षित दुलही आफ्नो हैसियत दर्शाउनुमा पछि परेन । ती स्वाभीमानी महिलाले सत्य कुरा बोल्न कतिपनि संकोच मानिनन् । यसरी आफ्नो कार्य कुशलताले सबैको मन जित्न सफल विशाखाले पछि गएर २७ करोड धन खर्च गरी पूर्वाराम महाविहार निर्माण गरी भिक्षु संघलाई दान दिइन् । र उनी गृहस्थी नारीहरू मध्ये अग्र भनी भगवान् बुद्धद्वारा अग्रस्थान प्राप्त महाउपासिका भइन् । एक महिलाले समाजमा कतिसम्म गहकिलो प्रभाव पार्न सक्छ भन्ने कुरा विशाखाको जीवन चरित्रले छर्लङ्ग देखाउँछ । ■

## थौं छन्हुसां

■ राज शाक्य, चाकुपाट, यल

अहो ! थौला बैशाख पुन्ही रे बैशाख पुन्ही
चोनेनु पञ्चशीले थौं छन्हुसां रे ।
तया करुणा पशु-पन्छी प्रति
नयेगु त्वतेनु ला-खें थौं छन्हुसां
त्वतेनु त्वतेनु अयेला-थ्वं थौं छन्हुसां
शीले चोना शुद्ध चित्त निर्मल–
न्ह्याकेनु जीवन थौं छन्हुसां रे
अहो ! थौला बैशाख पुन्ही रे बैशाख पुन्ही
चोने नु पञ्चशीले थौं छन्हुसां रे ! अहो ! थौला ...
तमोगुण छोय्का सात्विक ह्वनेका:
भगवान बुद्ध यागु उपदेश न्यं वनेनु
दया करुणा प्रेम-मन्त्र सार्थक यायेत
सकल प्राणीपिन्त समभावं खंकेनु
धया: जुया थें झिसं थ:त बौद्ध
जुयेनु पक्का 'बुद्धिष्ट' थौं छन्हुसां रे
अहो ! थौला बैशाख पुन्ही रे बैशाख पुन्ही
चोनेनु पञ्चशीले थौं छन्हुसां रे ! अहो ! थौला ...

## स्वाँया पुन्ही बल

■ बुद्धरत्न शाक्य 'फ'

बल, लुमक, थौ स्वाँया पुन्हि,
लोकय् अलौकिक ध्व शुभ दि ।
दिला न्हिन्हि ख: धन दि,
अपेसं संसारया ध्व विस्के दि ।
मदु धाई, राजकुमार पिके थासे,
सिद्धार्थ अतिक स्यागु लसंचाल्हि ।
व नुसंधायात महसीका कायेव ।
रया: स्यनम्ह स्वाँया पुन्हि ।
व्याधी, जरा, मृत्यु जन्म दि,
स्वीकृगु निदान थुगु हे दि ।
सर्वं:या क्यव: न फये मफया:
स्वाँया: वगु ख: थुगु हे दि ।
तथागते आयु संस्कार त्वागयोना,
निर्वाण प्राप्त यागु ख: ध्व दि ।
जन्म बोधित्व निर्वाण प्राप्त,
गौतमया तधंगु भाशान दि ।
मेघराज यागु नसता तक न ।
स्वाँया जुया: वगु थुगु दि ।
लुमन, जगया थौ स्वाँया पुन्हि,
स्वाँया गा:गु थौ थुगु दि ।
नि खुस: दं न्ह्योया महान पुन्हि
निर्मल थीनि थौ ध्व दि ।
ध्यन: न्यन: व्याकक जनेनि: ।
स्वाँया पुन्हिया पुण्य प्रकाशदि ।

# बुद्धको कल्याणकारी उपदेश : सोचेर हेर्दा



घनश्याम राजकर्णिकार

मनुष्य जातिको इतिहासमा भगवान् बुद्धको जस्तो महिमामय नाम अरू कसैको छैन। बुद्धको प्रादुर्भाव भएपछि यस धरतीमा एउटा नयाँ अध्याय शुरू भएको छ। पच्चीस सय बर्षअघि भगवान् बुद्धले भन्नु भएका कुराहरू आज पनि उत्तिकै सार्थक र सत्य भइरहेछ तथा आउँदा दिनहरूमा झन्झन् महत्वपूर्ण हुँदैजानेछ।

हिमालयको काख नेपालमा जन्मनु भएका भगवान् बुद्धलाई एशियाको ज्योति तथा संसारको शान्तिनायक भन्ने गरिन्छ किनभने उहाँले सम्पूर्ण मानवलाई कल्याण हुने उपदेश प्रतिपादन गर्नु भएको छ। यस्ता महामानवको उपदेश विषयक विशेष अध्ययन विना केही लेख्नु भनेको सूर्यको अगाडि बत्ती बाल्नु झैं नहोला भन्न सकिन्न। तैपनि उहाँ भगवान् बुद्धप्रति असीम श्रद्धाको एउटा सानो पुष्पाञ्जलीस्वरूप उहाँको पहिलो उपदेशबारे छोटकरीमा केही विवेचना गर्ने घृष्टता गर्दैछु।

भगवान् बुद्धले भारतको सारनाथमा आफ्ना पाँच शिष्यलाई दिनु भएको पहिलो उपदेशलाई "धर्म चक्र प्रवर्तन" भनिन्छ। उहाँको यो पहिलो उपदेशले विशेष महत्व ओगटेको छ। त्यसैले होला बौद्ध साहित्यमा तथागत्‌को यो पहिलो उपदेश अर्थात् धर्म-चक्र-प्रवर्तनलाई यत्रतत्र प्रमुखताका साथ उल्लेख गरिएको पाइन्छ।

यस अन्तर्गत चार आर्यसत्य र आठओटा सत्यबाटो (आर्य अष्टाङ्गिक मार्ग) बारे दिनुभएको उपदेश नै बुद्धको पहिलो कल्याणकारी सन्देश हो। यस संन्देशको विशेषता के हो भन्ने यसले यस लोकमा नै सुख, शान्ति र निर्वाण प्राप्त गर्ने सल्लाह दिन्छ। यसले परलोकमा पाइने लाभको विषयमा कुरा गर्दैन। यसले मानिसको स्वभावमा रहेको सबैभन्दा महत्वपूर्ण निष्काम भावनालाई जगाउने, घचघच्याउने काम गर्दछ। निष्पाप जीवन र पुण्यमय कर्मबाटै मुक्तिको बाटो अवलम्बन गरी निर्वाण प्राप्त गर्न सकिन्छ भन्नु हुने यस लोकको सबैभन्दा अग्रणी व्यक्ति बुद्ध नै हुनुहुन्छ।

मानिसको ठूलो समस्याको रूपमा रहेको दु:ख भन्ने कुरा सबैलाई थाहा छ। तर यसलाई दर्शन वा सत्यको रूपमा कसैले लिएका थिएनन्। भगवान् बुद्ध नै यस्तो पहिलो व्यक्ति हुनु हुन्छ जसले दु:खलाई दर्शनको रूपमा, सत्यको रूपमा सर्व प्रथम प्रतिपादन गर्नुहुन्छ।

भगवान् बुद्धले आफ्ना पाँच शिष्य अर्थात् पञ्चभद्र वर्गीय शिष्यलाई पहिलो पटक उपदेश दिनु हुँदा सर्वप्रथम चार आर्यसत्य बारे बोल्नु भएको थियो। ती हुन् : (१) दु:ख (२) दु:खको कारण, (३) दु:खको निरोध (४) दु:ख निरोध गर्ने उपाय। तथागत्‌को भनाइ अनुसार जरा, ब्याधि र मरण अर्थात् बुढ्याईं, रोग र मृत्यु दु:खका तीन रूप हुन्। यी कुरा जन्मेदेखि नै मानिसको जीवनमा छाँयाझैं पछिपछि लागिर हेका हुन्छन्। त्यसैले जन्मनु नै दु:ख हो। दु:ख नै पहिलो प्रत्यक्ष अर्थात् आर्य सत्य हो। भगवान् बुद्ध फेरि भन्नुहुन्छ– दु:खको कुनै न कुनै कारण अवश्य हुन्छ। कारण नभै कार्य हुँदैन भने झैं दु:खको उत्पत्ति पनि विनाकारण हुँदैन। कुनै न कुनै कारणबाट दु:ख उत्पन्न हुने हुँदा दु:खको कारण पनि एउटा सत्य हो। जसलाई दोस्रो आर्य सत्य भनिन्छ। बुद्ध फेरि भन्नुहुन्छ – दु:खलाई निरोध गर्न सकिन्छ। कुनै पनि कुराको उपचार हुन्छ। यो अर्को अर्थात् तेस्रो सत्य कुरा हो अर्थात् आर्य सत्य हो। बुद्धले भनेका चौथो कुरा हो दु:खको निरोध गर्ने उपाय पनि छ अर्थात् कुनै पनि समस्याको समाधान गर्ने बाटो पनि हुन्छ। यी चार सत्यलाई बुद्धको पहिलो दर्शन अर्थात् चार आर्यसत्य भनिन्छ। यसरी धर्म-चक्र-प्रवर्तनमा बुद्धले निर्माण गर्नु भएको पहिलो दर्शन-चार आर्यसत्य दु:खवादबाट शुरू भई दु:खमै अन्त्य नभै आफ्नो प्रयासबाट आत्म विकासको चरमोत्कर्षमा पुगी टुङ्गिन्छ। बुद्ध भन्नुहुन्छ, जसले दु:ख, दु:खको कारण, दु:खको निरोध र दु:ख निरोध गर्ने उपाय थाहा पाएको हुन्छ, ऊ सही अर्थमा सत्पथतिर अग्रसर भई दु:खबाट विमुक्त भएको हुन्छ।



Downloaded from http://www.dhamma.digital

त्यसपछि धर्म-चक्र-प्रवतर्नमा निहित बुद्धको अर्को महत्वपूर्ण उपदेश मध्यम मार्ग हो अर्थात् बीचको बाटो अवलम्बन गर्नु । यस अनुसार अतिशय भोगविलासमा आसक्त नभै तथा कठोर साधनबाट पनि आत्मा, मन र शरीरलाई दु:ख नदिई मध्यम मार्ग लिई जीवन यापन गर्नु हो । अर्थात् यस शिक्षामा दुई अतिशयहरूको बीचको बाटोलाई आत्मसात गर्नु हो । यो बीचबाटो अवलम्बन गर्न आठओटा कुराको आवश्यकता पर्दछ जसलाई तथागत बुद्धले आर्य अष्टाङ्गिक मार्ग भन्नुभएको छ । यो तथागतको अर्को मौलिक दर्शन तथा क्रान्तिकारी अविष्कार हो । मानिसलाई अँध्यारोबाट उज्यालोतिर लागिदिन, चेतना जगाइदिन, ज्ञान र विवेकले परिपूर्ण हुन, शान्ति प्राप्त गर्न, संबोधि पाउन र आखिरमा निर्वाण प्राप्त गर्न सघाउने **"आर्य अष्टाङ्गिकमार्ग"** अन्तर्गत पर्ने आठओटा विधिहरू यस प्रकार छन् : (१) सम्यक् दृष्टि, (२) सम्यक् संकल्प, (३) सम्यक् वचन, (४) सम्यक् कर्मान्त, (५) सम्यक् आजीव, (६) सम्यक् व्यायाम (७) सम्यक् स्मृति र (८) सम्यक् समाधि ।

सम्यक् दृष्टिको मतलब हो– जुन बस्तु वा जीवनको प्रकृति जे जस्तो अवस्थामा छ त्यसलाई त्यही रूपमा हेर्नु ।

सम्यक् संकल्पको अर्थ हो– पवित्र चिन्तन अर्थात् काम, क्रोध, लोभ, मोहबाट विमुक्त भई गरिने चिन्तन मनन गर्नु ।

सम्यक् वचनअन्तर्गत मानिसले झूठो नबोल्ने, भद्दाशब्द प्रयोग नगर्ने तथा निन्दा चुक्ली नगर्ने कुरा आउँछ ।

सम्यक् कर्मान्त अन्तर्गत जीव हत्या नगरी सबै प्रति उदार र दयाभाव राख्ने तथा चोरी, परस्त्री-गमन र नशालु सेवनबाट विमुक्त हुने कुरा आउँछ ।

सम्यक् आजीवनको अर्थ हो मानिसले आफ्नो जीविकोपार्जन गर्ने काममा कसैलाई धोखा नदिनु, शोषण नगर्नु, अन्याय नगर्नु, नोक्सान नपुऱ्याउनु हो ।

सम्यक् व्यायाममा दश पूर्णताहरू समावेश छन् । ती हुन् दान, शील, निष्काम, प्रज्ञा, पुरूषार्थ, शान्ति, सत्य, दृढ संकल्प मैत्री र समता ।

सम्यक् स्मृतिको अर्थ हो आध्यात्मिक उन्नतीको लागि सतत् प्रयत्न गर्नु (ठीक होशमा हुनु) । अर्थात् आफ्नो मस्तिष्कमा प्रतिक्षण प्रस्फुरण हुने यथार्थ र कल्पनालाई राम्ररी बुझी कल्पनाको पछि नलागी यथार्थ बन्ने प्रयत्नमा लाग्नु ।

त्यसपछि आर्य-अष्टाङ्गिक-मार्गको अन्तिम तर महत्वपूर्ण बिन्दू हो सम्यक् समाधि । राग र द्वेषबाट निर्लिप्त भई बिना प्रतिक्रिया समतामा बसेर अनित्य बोध गरी अन्तरात्मा विकास गर्ने विपश्यना ध्यान भावना नै सम्यक समाधि हो । यसमा निपूण हुँदै गएमा निर्वाण प्राप्त हुने यो विपश्यना ध्यान बुद्धको अति मौलिक तथा अति महत्वपूर्ण आविष्कार हो ।

भगवान् बुद्धले आफ्ना पहिलो पाँचजना शिष्यलाई अरू पनि विविध कुराको उपदेश दिनुभयो । तदुपरान्त वाराणसीको वणिक पुत्र यशको प्रवज्यापछि उसका ५४ मित्रहरू पनि प्रव्रजित भैसकेपछि ६० जनाको समुहले बुद्धको ज्ञानबाट लाभ प्राप्त गरे । तत्पश्चात तथागत्को 'संघ' निर्माण गर्नुभएको थियो । भगवान् बुद्धप्रति असीम श्रद्धा व्यक्त गर्न हामी भन्ने गर्छौं– **बुद्धं शरणं गच्छामि, धम्मं शरणं गच्छामि, संघं शरणं गच्छामि**, अर्थात् बुद्धको शरणमा जान्छौं, धर्मको शरणमा जान्छौं, संघको शरणमा जान्छौं । वस्तुत: यो उपासनाको प्रादुर्भाव सारनाथमा बुद्धको आगमन भई आफ्ना पाँच शिष्यलाई धर्म-चक्र-प्रवर्तन अन्तर्गत धर्मबारे पहिलो उपदेश दिई तिनीहरूलाई संघमा परिवर्तन गरिसकेपछि भएको हो ।

यसरी भगवान् बुद्धको उपदेशको सबैभन्दा राम्रो विशेषता के हो भने यसले यस लोकमा नै सुख, शान्ति र निर्वाण प्राप्त गर्न सल्लाह दिन्छ । यसले परलोकमा पाइने लाभको विषयमा कुरा गर्दैन । अर्थात् मरेपछि सुगति पाउने लालसामा नलागी बाँचेको अवस्थामा नै जीवनलाई सही तरिकाले उपयोग गर्न सिकाउँछ । यसले ध्यान मार्फत मानिसको स्वभावमा रहेको राग र द्वेषबाट निर्लिप्त भई समभावमा रही पवित्र जीवन यापन गर्न सिकाउँछ । त्यस्तै निष्पाप जीवन र पुण्यमय कर्मबाट मुक्तिको बाटो अबलम्बन गरी निर्वाण प्राप्त गर्न सकिन्छ भन्नु हुने यस लोकको सबैभन्दा अग्रणी व्यक्ति बुद्ध नै हुनुहुन्छ । ■

# बुद्ध शिक्षा प्रचार कार्यमा 'धर्मकीर्ति' को देन



मदनरत्न मानन्धर

आजभन्दा २६३१ वर्ष अगाडि नेपालको वर्तमान तराई जिल्ला, कपिलवस्तुका राजा शुद्धोदन र रानी मायादेवीको कोखबाट जन्मनु भएका राजकुमार सिद्धार्थ संसारिक दु:खबाट मुक्त हुने उपाय खोज्न २९ वर्षको उमेरमा गृहत्याग गरि करिब ६ वर्षसम्मको अथक परिश्रम र अविरल प्रयासको फलस्वरूप ३५ वर्षको उमेरमा 'सम्यक सम्बुद्धत्व ज्ञान' प्राप्त गर्नुभई भगवान गौतम बुद्ध कहलिए ।

ककुच्छन्द बुद्ध र कनकमुनी बुद्धको पनि जन्मस्थल बनेको यस पावन बुद्धभूमि नेपालमा शाक्यमुनि तथागत अर्थात् भगवान गौतम बुद्धको पनि जन्म भएबाट यस देशको गौरवगाथा संसारभरि फैलिनुमा समस्त नेपालीहरू हर्षातिरेक प्रफुल्लित र प्रमुदित हुनुमा कुनै आश्चर्य मान्नुपर्ने भएन ।

आफ्नै पुरुषार्थले प्राप्त गरेको बोधिज्ञानलाई समस्त मानव लगायत चराचर जीवको कल्याणार्थ उहाँ तथागत सम्यकसम्बुद्धले करिब ४५ वर्षसम्म अनवरत रूपमा बाँड्नुभयो र ८० वर्षको परिपक्व उमेरमा कुशीनगरमा आफ्नो शरीरलाई त्याग गर्नुभयो अर्थात् महापरिनिर्वाण हुनुभयो ।

उहाँबाट उपदेशित धर्मसमूह ८२,००० र भिक्षु संघबाट उपदेशित र उहाँबाट अनुमोदित २,००० गरी ८४,००० धर्मसमूह अर्थात् धर्म-उपदेशलाई त्रिपिटक नामाकरण गरेर समर्थवान भिक्षु-भिक्षुणीहरूबाट कण्ठस्थ गरिराख्ने र गुरु-शिष्य परम्परा अन्तर्गत गुरुबाट शिष्यमा हस्तान्तरण गर्ने प्रक्रिया अपनाइँदै आएको बुद्ध शिक्षालाई सर्वप्रथम ताडपत्रमा लेखेर संरक्षण गर्ने कार्य आजभन्दा करिब २१०० वर्ष पहिले सम्पन्न गरियो । तत्पश्चात सो शिक्षालाई विभिन्न देशले थरिथरिका ढुंगामा कुँदेर संरक्षण गरियो । प्रेसको आविष्कार भएपछि कागजमा लिपिबद्ध गरेर अत्यन्तै श्रद्धा तथा गौरवका साथ संरक्षण कार्य पनि भयो ।

लगभग २६०० वर्षको यात्राकालमा बुद्ध शिक्षाले विभिन्न विद्वान तथा विदूषिहरूको सान्निध्य पाए । फलस्वरूप यस शिक्षा भित्र विभिन्न टीका, अर्थकथा, शब्दकोष आदि अत्यन्त महत्त्वपूर्ण एवं पठनीय, ग्रहणीय र संग्रहनीय ग्रन्थहरूको आविर्भाव भयो । वर्तमान विश्वमा बुद्ध शिक्षाको प्रचूर मात्रामा प्रचार प्रसार हुनसकेको विभिन्न कारणहरू मध्ये यो पनि एक सशक्त कारण रहन गयो ।

समयको अन्तराल र मानिसको परिवर्तनीय स्वभाव अनुसार बुद्धभूमि रहेको नेपालमा बुद्धशिक्षाको पठन-पाठन, अभ्यास र व्यवहारमा क्रमश: ऱ्हास आउँदै कुनै वखत शून्य प्राय: अवस्थासम्म पुगेको कुरा इतिहासको कालखण्डमा हामीले पाउँछौं । तथापि आफ्नो ज्यान प्राणसम्मको पनि पर्वाह नगरी बुद्ध शिक्षालाई जीवन्त राख्ने विभिन्न उपाय र जुक्ति लगाउने दिग्गज पूर्वजहरूप्रति समस्त नेपालवासी कृतज्ञ हुनुमा हामी आफै गौरवको महसूस गर्न सक्छौं ।

बुद्धको शिक्षा पठन-पाठन, प्रचार-प्रसार र विधि व्यवहारमा शून्य प्राय: रहेको अवस्थामा आजभन्दा करिब ७७ वर्ष पहिले बि.सं. १९८६ सालतिर भिक्षु प्रज्ञानन्द महास्थविरबाट काठमाडौंमा सर्वप्रथम थेरवादी श्रामणेरको रूपमा भिक्षाटनका साथै बुद्ध शिक्षा प्रचार कार्यको पुनर्थालनी पछि क्रमश: यस देशमा बुद्धशिक्षाको पुनर्जागरण भएको कुरा यहाँनिर स्मरणीय हुन आउँछ । तत्पश्चात् विभिन्न देशबाट बुद्ध शिक्षा अध्ययन र अभ्यास सम्पन्न गरी पाल्नु भएका नेपाली भिक्षु, श्रामणेर तथा गुरुमांहरूको अथक प्रयासको फलस्वरूप हाम्रो देशमा बुद्ध शिक्षाको उत्थान आजको स्वरूपमा हामीले पाइरहेका छौं ।

यसैक्रममा श्रद्धेय गुरुमां धम्मवतीज्यूबाट बर्मामा बुद्ध शिक्षाको गहन अध्ययन र अभ्यास सकाएर नेपालमा पनि बुद्धशिक्षा प्रचार-प्रसार गर्ने पुनित उद्देश्यले स्वदेश फर्कनुभई 'धर्मकीर्ति विहार'को स्थापना बि.सं. २०२२ सालमा गर्नुभयो । पूज्य भिक्षु अश्वघोष महास्थविरज्यूको सत्प्रयास र अथक मेहनतबाट सर्वप्रथम बि.सं. २०२९ सालमा 'धर्मकीर्ति' बौद्ध पत्रिकाको पादुर्भाव भयो । शुरूमा



Downloaded from http://www.dhamma.digital

वार्षिक प्रकाशनको रूपमा निस्केको यो पत्रिका केही वर्षपछि द्वैमासिकको रूपमा प्रकाशित भयो । सद्धर्मप्रेमीहरूको माया, सद्भाव र चाहना अनुरूप आजभन्दा २५ वर्ष पहिलेदेखि यो पत्रिका मासिक रूपमा प्रकाशन हुन थाल्यो र आज यसले २५ औं गौरवमय वर्ष पूर्ण गर्ने सुअवसर प्राप्त गर्दैछ ।

२५ वर्षसम्म यसरी अटूट रूपमा प्रकाशन हुन सक्नुमा प्रधान सम्पादक पूज्य भिक्षु अश्वघोष महास्थविर ज्यूको उल्लेखनीय देन रहेको कुरा यहाँ बिर्सनु हुँदैन । साथै पूज्य गुरुमां धम्मवतीज्यूबाट प्रकाशकको अभिभारा बहन नगरीदिनु भएको भए पनि यो सम्भव हुने थिएन । विभिन्न व्यक्तिहरूबाट व्यवस्थापनको जिम्मेवारी र सम्पादनको जिम्मेवारी लिई कार्य सम्पादन भएकोलाई पनि कम आँक्नु कृतघ्नता ठहरिने छ । सबैभन्दा सन्हानीय कुरो के भने प्रधान सम्पादक, सम्पादक, प्रकाशक, व्यवस्थापकहरू सबैले बिना कुनै पारिश्रमिक श्रद्धापूर्वक श्रमदान गर्दै आइरहनु भएको छ ।

यस 'धर्मकीर्ति' पत्रिका प्रत्येक पूर्णिमाको दिन निस्कन्छ । यसमा धार्मिक, सामाजिक एवं नैतिक पक्षका लेख, कविता, कथाहरू तथा विहार एवं विभिन्न स्थानमा भएका बौद्ध गतिविधिहरूको समाचारहरू यथाशक्य संकलन गरी प्रकाशन गर्दै आइरहेको छ । आर्थिक भार बहन गर्नका लागि विशेष सदस्य, ग्राहक तथा यदाकदा विज्ञापनको सहारा लिइरहेको छ ।

प्रत्येक अङ्कमा बुद्धवचन, सम्पादकीय, धर्मकीर्ति विहारको गतिविधि तथा धर्मप्रचार प्रसारका समाचारहरू नियमित स्तम्भकै रूपमा रही आएको छ । 'धम्मपद' को गाथा तथा अर्थकथाको नियमित सम्प्रेषण रीना तुलाधर बाट हुँदै आएको छ ।

नेपालका अधिकांश जिल्ला र विदेशमा समेत वितरण हुने यस पत्रिकाले गर्दा बुद्धका मौलिक शिक्षाहरू, नैतिक र चारित्रिक गुण बढाउने ज्ञानहरू र विशेषत: देश तथा विदेशमा भइरहने बौद्ध गतिविधिहरू बारे जानकारी पाएर हर्षित, प्रमुदित र उत्साहित भएको पाठकहरूको प्रतिक्रिया रहेको पाइन्छ ।

यस पत्रिकाको प्रकाशनले गर्दा प्रतिभाशाली लेखक, लेखिकाहरूलाई आफ्ना अभिव्यक्तिहरू सार्वजनिक गर्ने मञ्च प्राप्त भएको कुरा निर्विवाद छ । त्यस्तै नवप्रतिभाशाली लेखक, लेखिका तयार गर्नमा पनि प्रत्यक्ष, अप्रत्यक्ष योगदान रहेको छ । भगवान बुद्धका अनुसार संसारिक दु:खबाट मुक्त हुनका लागि अभ्यास नगरी नहुने तीन कुरा– दान, शील, भावना मध्ये दान कुशल कार्य अभ्यास गर्न र दान पारमीता पूर्ण गर्ने एक सशक्त माध्यम पनि यो पत्रिका रहेको तथ्य शायद धेरैले महसूस नगरेको हनुसक्छ । शील सदाचारका व्याख्या, आवश्यकता र महत्त्वका बारेमा झक्झकाउने खालका लेखहरू प्राय: सबै अङ्कहरूमा पाइन्छन् । भावना अर्थात् ध्यानको उपयोगीता, अभ्यास गर्ने तरिका र उपलब्धिहरूका बारेमा लेखिएका र व्यक्त गरिएका गम्भिर र मननीय अभिव्यक्तिहरू समय-समयमा प्रकाशित हुँदै आएका छन् ।

'धर्मकीर्ति' पत्रिकामा नेपाल भाषा, नेपाली तथा कहिलेकाहीं अंग्रेजी भाषाका लेखहरू एउटै अङ्कमा पस्किने गर्दै आइरहेको छ । हुनत: यी तिनै भाषाका छुट्टा-छुट्टै संस्करणहरू निकाल्ने सोचपनि बेलाबखतमा नआएको होइन तर ग्राहक संख्या, वितरण व्यवस्थापन र आर्थिक भारका कारण सो सोच कार्यान्वयन हुन सकिरहेको छैन । वास्तवमा हाल वार्षिक ग्राहक शुल्क रु. ७५/– रहेको यस पत्रिकाको प्रकाशन खर्च सो भन्दा बढी भइरहेको छ, तथापि विशेष सदस्यहरूको रकमको व्याज र सहृदयी विज्ञापन दाताहरूको आर्थिक सहयोगका कारण भरथेग हुँदै आइरहेको भएपनि यसलाई अझ सशक्त, समयानुकूल र बहुजनको चाहना अनुरूप नयाँ ढंगबाट प्रकाशन गर्नका लागि समस्त शुभचिन्तकहरूको सल्लाह, सुझाव एवं सहयोगको अपेक्षा गर्नु असान्दर्भिक होला जस्तो लाग्दैन ।

वर्तमान नेपालमा बुद्ध शिक्षा सम्बन्धी पत्र-पत्रिकाको संख्यात्मक वृद्धि निक्कै भएको पाउँछौं तर नियमित रूपमा र अटूट रूपमा निस्कने पत्रिका खोज्नुपर्दा 'धर्मकीर्ति' र 'आनन्दभूमि' मात्र पाउँछौं । तसर्थ रजतजयन्ती वर्षको यस पावन अवसरमा 'धर्मकीर्ति' अझ सशक्त सबल र निरन्तर रूपमा प्रकाशित भइरहन सकोस्, समस्त शुभचिन्तकहरूको माया र सद्भाव अटूट रूपमा प्राप्त गर्न सकिरहोस् र बुद्धभूमि नेपालमा बुद्धको शिक्षालाई शुद्ध रूपमा सबैलाई बाँडिरहन सकोस् भन्ने शुभ आकांक्षा राख्नु धृष्टता भइन्न भन्ने विश्वास लिन सकिन्छ ।

अस्तु !

# सर आशुतोष मुकर्जी



*सर आशुतोष मुकर्जी (सन् १८६४-१९२५)*



रत्नसुन्दर शाक्य

१९ औं शताब्दीको उत्तरार्द्धमा भारतमा राजेन्द्रलाल मित्र (सन् १९२२-९१), हर प्रसाद शास्त्री सन् (१८५३-१९३१), सरतचन्द्र दास (सन् १८४९-१९१७) आदि संस्कृत एवं तिब्बती साहित्यका विद्वानहरूको प्रयासशबाट बौद्धसाहित्य (विशेषत: नेपालमा आई) को खोजविनकार्य शुभारम्भ भएको थियो ।

उपयुक्त ३ जना विद्वानहरूमा चटगाउँ (हाल बंगलादेश) निवासी भई दार्जीलिङ्गमा प्रवासी जीवन बिताउँदै आएका रायबहादुर शरत्चन्द्र दास द्वारा "Buddhist Text Society" नामक एक संस्था सन् १८८२ मा स्थापना गरिएको थियो । उक्त संस्थाको तर्फबाट उहाँले संस्कृत तिब्बती र अंग्रेजीमा बौद्धसाहित्यको सम्पादन एवं अनुवाद गरी प्रकाशन गर्दै आएको थियो । उहाँको भारतमा बुद्ध-धर्म पुनरूद्धार गर्न आउनुभएका श्रीलंकाका अनगारिक धर्मपाल (सन् १८६४-१९३३) सित घनिष्ठ सम्पर्क थियो । अत: उहाँ (अनगारिक धर्मपाल) ले सन् १८९३ मा अमेरिकाको शिकागोमा भएको विश्व धर्म सम्मेलनमा भागलिन जानुभएको बेला आफूले सम्पादन एवं प्रकाशन गर्दैआएको "The MahaBodhi" पत्रिकाको कार्यभार शरत्चन्द्रदासलाई सुम्पेर जानुभएको थियो ।

स्मरणीय छ, अनगारिक धर्मपालले भारतमा बुद्ध-धर्मको पुनरुत्थान एवं बौद्ध तीर्थस्थलहरूको पुनरुद्धार हेतु ३१ मई १८९१ का दिन आफ्नो देश श्रीलंकाको कोलम्बोमा "Maha-Bodhi Society" को स्थापना गर्नुभएको थियो । कोलम्बोको विद्योदय परिवेण (स्थापना १८७४) को प्रधानाचार्य हिक्कडुबे सुमंगल महास्थविर (सन् १८२७-१९११) को अध्यक्षतामा र आफ्नै महासचिवत्वमा स्थापना गरिएको "महाबोधि-सभा" को स्थापनापश्चात् यसको प्रधानकार्यालय कोलम्बो पश्चात् भारतको विहार प्रदेशस्थित 'गया' शहरमा राख्न ल्याइएको थियो, वर्षदिनपछि पुन: सन् १८९२ देखि सो प्रधानकार्यालय बंगालको सदरमुकाम कलकत्ता शहरमा राख्न ल्याइएको थियो । यसै वर्षको वैशाख-पूर्णिमाका दिनदेखि "The Maha-bodhi" अंग्रेजी मासिक पत्रिकाको सम्पादन एवं प्रकाशन अनगारिक धर्मपालले शुरु गर्दै ल्याउनुभएको थियो ।

यस्तै बंगालको अन्य एक प्रमुख शहर चट्गाउँ-जहाँ सदियौंदेखि परम्परागत रुपमा बुद्ध-धर्म मानिदै आएको भएतापनि आधुनिक तवरमा बुद्ध-धर्म व्यापक प्रचार-प्रसार गर्नमा तल्लीन दुईजना प्रमुख भिक्षु थिए- भिक्षु पुण्यसार र भिक्षु कृपाशरण ।

उहाँहरू दुइजनामा पनि विशेष रूपमा भिक्षु कृपाशरण (सन् १८६५-१९२६) कलकत्तामा आउनु भई "महाबोधि-सभा" सित सम्पर्क राखी बुद्ध-धर्म प्रचार-प्रसारार्थ केही सरसल्लाह गरेको थियो । पछि उहाँ स्वयंले पनि ५ अक्टोबर १८९२ (आश्विन-पूर्णिमा पवारणा) का दिन "बौद्ध धर्माङ्कुर सभा" (The Bengal Buddhist Association) नामबाट एक अन्य संस्था स्थापना गर्नुभएको थियो । यस सभा उहाँकै अध्यक्षता र सुरेन्द्रलाल सुरसुदिको महासचिवत्वमा गठित भएको थियो ।

१९ औं शताब्दीको अन्तिम दशकमा आएर कलकत्तामा प्रधानकेन्द्रको रुपमा स्थापित यी दुवै संस्था (महाबोधि सभा र बौद्ध धर्माङ्कुर सभा) लाई उल्लेखनीय (विशेष) योगदान दिएका केही प्रतिष्ठित बंगाली व्यक्तित्वहरूमा तत्कालिन कलकत्ता हाइकोर्टका प्रधान न्यायाधीश हुनुभएका सर आशुतोष मुकर्जी पनि एक प्रमुख हुनुहुन्थ्यो ।

२९ जून १८६४ का दिन जन्मनुभएका आशुतोष मुकर्जीले यौवनावस्थामै अत्यधिक योग्यता हासिल गरी बंगाली समाजमा शैक्षिक,



Downloaded from http://www.dhamma.digital

न्यायिक, स्पष्ट एवं नीडर व्यक्तित्वको रुपमा आफ्नो प्रभाव देखाउन सफल हुनुभएको थियो। यसैको फलस्वरूप उहाँको ख्यातिले "The Lion of Bengal" को रूपमा प्रसिद्धि पाइसकेको थियो। त्यसताका उहाँले अंग्रेजहरूको तर्फबाट पनि 'सर' को उपाधि हासिल गरिसकेको थियो।

सर आशुतोष मुकर्जी विशेषत: भिक्षु कृपाशरण (उपसम्पन्न- सन् १८८५) को व्यक्तित्वबाट प्रभावित थिए। अत: उहाँकै सम्पर्कमा रही बुद्ध-धर्म एवं पालिसाहित्य पठन-पाठनको आवश्यकता महशुस गरी कलकत्ता विश्वविद्यालयमा सन् १८९९ देखि Post-Gradute Level को अध्ययन प्रबन्ध सर आशुतोष मुकर्जीले नै शुरु गर्नुभएको थियो। यस अनुरूप सर्वप्रथम पालिमा पोष्ट ग्रेजुयत स्कलर एवं पालिमा एम.ए. गर्ने मौका पूर्वी बंगाल-फरीदपुर निवासी महामहोपाध्याय सतीशचन्द्र विद्याभूषणले पाउनुभएको थियो जो त्यसताका कलकत्ता संस्कृत कलेजका प्रिन्सिपल थिए। उहाँले त्यसै समयमा बडो परिश्रमले पालिभाषा सिकी यसैमा कलकत्ता विश्वविद्यालयको तर्फबाट एम.ए. को परीक्षा हुन्थे तर अध्यापनको व्यवस्था थिएन, यसमा पालिभाषा पनि एक थियो। अत: शतीशचन्द्र विद्याभूषणलाई एम.ए. परीक्षा दिलाउन प्रश्नपत्र बनाउने र परीक्षक हुनको निमित्त लन्दनका पालि प्रोफेसर रोस डाय्विड्स (सन् १८४३-१९२२) लाई आग्रह गरिएको थियो। प्रो. रोस डाय्विडस ले शुरुमा यो कार्य (प्रशन पत्र बनाउने र जाँच्ने) सजिलै कलकत्ता निवासी विद्याभूषण महाशपले गर्न सकिन्छ भनी जवाफ पठाएको थियो तर परीक्षार्थी स्वयं विद्याभूषण नै रहेको खवर पठाएपछि उहाँले सो कार्य गर्न सहर्ष स्वीकृति पठाएको थियो।

यसप्रकार परीक्षा दिई सन् १९०१ मा पालिमा एम.ए. गर्नुभएका सतीशचन्द्र विद्याभूषण नै पछि कलकत्ता विश्वविद्यालयका पहिलो पालि अध्यापक नियुक्त हुनुभएको थियो। उहाँले सन् १९०१ मै अंग्रेजी अनुवाद सहित देवनागरि लिपिमा "कच्चायन पालि व्याकरण" प्रकाशित गरिएको थियो।

सन् १९०६ मा सर आशुतोष मुकर्जीलाई कलकत्ता विश्वविद्यालयको उप-कुलपतिमा नियुक्त गरिएको थियो। उहाँ उप-कुलपति हुनासाथ उहाँकै प्रयत्नमा सतिशचन्द्र विद्याभूषण पश्चात् आचार्य धर्मानन्द कौशाम्वी (सन् १८७६-१९४७) लाई कलकत्ता विश्वविद्यालयमा पालिको अध्यापक नियुक्त गरिएको थियो।

सर आशुतोष मुकर्जिले भिक्षु कृपाशरण महास्थविर को सल्लाह अनूरूप एवं आफूले पनि पालि एवं बौद्धसाहित्यको महत्वको हृदयंगम गरी कलकत्ता विश्वविद्यालय अन्तर्गत रहेका कयौं स्कूल एवं कलेजहरूमा पालिभाषाको पठन-पाठनको व्यवस्था गरिदिए।

सर आशुतोष मुकर्जी सिर्फ बौद्ध धर्माङ्कर सभा र यसको संस्थापक भिक्षु कृपाशरण महास्थविरको मात्र शुभेच्छुक (समर्पित) व्यक्ति थिएनन् महाबोधि सभा एवं यसको प्रमुख संस्थापक अनगारिक धर्मपालको हरकार्यमा पनि त्यतिनै दत्तचित्तले सहयोग गर्दै आउनुभएका व्यक्ति थिए। यसै कारण महाबोधि सभाका संस्थापक अध्यक्ष हिक्कडुवे श्री सुमंगल महास्थविरको निधन (२० अप्रिल १९११) पश्चात् उहाँलाई नै यस सभाको आजीवन अध्यक्ष नियुक्त गरिएको थियो।

सन् १९०६ देखि १९१४ सम्म कलकत्ता विश्व विद्यालयमा (पहिलो भारतीय नागरिकले प्राप्त गरेको पद) उप-कुलपति हुनुभएका सर आशुतोष मुकर्जीले आफू उप-कुलपति भइरहेको बेला सरकार समक्ष तथागतको धर्मचक्र प्रवर्तनस्थल-सारनाथमा "बौद्ध विश्वविद्यालय" स्थापना गर्ने प्रस्ताव राख्नुभएको थियो। यदि त्यो प्रस्ताव स्वीकृत भएमा त्यस विश्व विद्यालयको रेजिष्टार अनगारिक धर्मपाललाई गर्ने उहाँले निश्चय गरिराखेको थियो। यसबाट उहाँको अनगारिक धर्मपालसितको सम्वन्ध स्पष्ट हुन्छ, यद्यपि त्यसताका त्यो प्रस्ताव स्वीकृत भएन।

सर आशुतोष मुकर्जी उपकुलपति हुनुभएको बेला उहाँले अन्य एक विशेष कार्य पनि गर्नुभएको थियो- त्यो हो कलकत्ता विश्वविद्यालय अन्तर्गत रहेका सम्पूर्ण स्कूलहरूमा स्थानीय भाषा (मातृभाषालाई पनि एक अनिवार्य विषय गराउनु)।

स्मरणीय छ, त्यसताका नेपाल राज्य भरमा अंग्रेजी पढाउने एक मात्र स्कूल-दरवारस्कूल (काठमाडौंको रानी पोखरी अगाडि) पनि कलकत्ता विश्वविद्यालय अन्तर्गतको थियो अर्थात् दरवार स्कूलबाट सेन्ड-अप भएका विद्यार्थीहरू म्याट्रिक जाँच दिन कलकत्ता जानुपर्दथ्यो।

त्यसबेला दरवार-स्कूलमा पढिरहेका विद्यार्थीहरू

प्राय: खुशी भए कारण तिनीहरूले आफ्नो मातृभाषा (नेपालभाषा) पढ्न पाउने भए । तर अफशोच ! त्यसताकाका प्रधानमन्त्री श्री ३ चन्द्रशम्शेर (शासन काल १९०१-२९) ले यहाँ प्राय:को मातृभाषा-नेपालभाषा 'वर्नाकुलर' हुनुपर्नेलाई छोडी नेपाली (गोर्खाली) भाषालाई वर्नाकुलर गरिदिए । यो सरासर नै वेइमानी भएको थियो ।

सन् १९११ देखि महाबोधि सभाका अध्यक्ष हुनुभएका सर आशुतोष मुकर्जीले आफ्नो कार्यकालमा गर्नुभएको अन्य एक विशेष कार्य थियो– कलकत्ताको कलेज स्क्वायर स्थित "धर्मराजिक विहार" को शिलान्यास । ६ दिसम्वर १९१८ का दिन सम्पन्न गरिएको सो विहारको शिलान्यास कार्यको निमित्त उहाँले तत्कालीन बंगालका गभर्नर Lord Ronaldshay को हातबाट प्राचीन तक्षशिला (हाल पाकिस्तानमा अवस्थित) को धर्मराजिक स्तूपको भग्नावशेषमा प्राप्त बुद्धको अस्थि प्राप्त गरी सरकारी भवनदेखि भव्य शोभापात्राका साथ (विना जुत्ता-नांगै खुट्टा) ब्राह्मण भेषमा रेशमी धोती एवं रेशमी खास्टो लगाई वडो श्रद्धाका साथ सो अस्थि धातु कलेज स्क्वायरमा पुऱ्याइ सो पुण्य कार्य सम्पन्न गरिएको थियो ।

उक्त विहार दुइ वर्षको अवधिमा तयार भएपछि बंगाल गर्भनर-लर्डरोनाल्डेको हातबाट २० नवम्वर १९२० का दिन भव्य समारोहका साथ समुद्घाटन सम्पन्न गरिएको थियो ।

स्मरणीय छ, यस विहार समुद्घाटनको केही महिनापछि अर्थात् सन् १९२१ को शुरु (वि.सं. १९७६ सालको अन्त) मा मैट्रिक परीक्षा दिन नेपालबाट कलकत्ता पुग्नुभएका विद्यार्थीहरूमा जगतमान् वैद्य पनि एक थिए– जो श्री ३ जुद्धशम्शेरका दरवारिया वैद्य वृषमानका कनिष्ठ पुत्र थिए ।

जगतमान वैद्य-पाटन चिकं-बहीका एक शाक्यपुत्र-जो १८/१९ वर्षका नवयुवक थिए । त्यहाँ एक नयाँ बुद्ध विहार विहारमा महाबोधि-सभाका महासचिव अनगारिक धर्मपाल-पहिलो विश्वयुद्धको कारण कलकत्ता शहरबाट बाहिर जान नपाउने गरी नजरबन्दीको रूपमा बिताइरहेको समय । परीक्षा अवधि भर वा डेढ-दुई महिनाको कलकत्ता निवासकालमा जगतमान वैद्यले सो विहारमा पुगी अनगारिक धर्मपालसित घनिष्ठ सम्पर्क राखी उहाँलाई गुरुको रूपमा स्वीकार गरी स्थविरवाद बुद्ध-धर्मको अध्ययन-मनन शुरु गर्नुभएको थियो । स्मरणीय छ, अनगारिक धर्मपालकै सुझावबाट जगतमान् वैद्यले पछि आफ्नो नाम "धर्मआदित्य धर्माचार्य" राख्नु भएको थियो ।

जगतमान वैद्य-म्याट्रिक पासभएपश्चात् उच्च शिक्षा अन्तर्गत वाणिज्य शास्त्र अध्ययनयनार्थ पुन: कलकत्तामै पुगे । यसैताका उहाँको सम्पर्क महाबोधि सभाका अध्यक्ष सर आशुतोष मुकर्जीसित पनि हुँदै गयो ।

अफशोच ! सर आशुतोष मुकर्जीसित उहाँको सम्पर्क त्यति घनिष्ठ हुन नपाउँदै २३ मई १९२४ का दिन आफ्नो व्यावसायिक कामको प्रसंगमा पटना पुगनुभएका मुकर्जी साहेबको त्यही एक्कासी हृदयाघात भई निधन भएको थियो ।

उहाँको शवलाई पटनामा दुइदिन दर्शनार्थ राखी २६ मई १९२४ का दिन कलकत्ता पुऱ्याइयो । कलकत्तामा अपार जनसमूहका साथ उहाँको शवयात्रा कलेज स्क्वायर को Senate House बाट शुरु गरी घण्टौं पश्चात् कियरतल्ला कालिघाटमा पुऱ्याई दाहसंस्कार कार्य सम्पन्न गरिएको थियो । त्यस दिन कलकत्तावासीहरूले आ-आफ्नो दुकान, कलकारखाना, स्कूल, कलेज, न्यायालय सबै बन्द गरी उहाँको शवयात्रामा सामेल हुन आएका थिए ।

अस्तु !

*सन्दर्भ ग्रन्थ–*

*(1) The Mahabodhi- Centenary volume (1892-1992) - The Mahabodhi Society of India*

*(2) Hundred years of the Boudha Dharmankar Sabha -Bauddha Bharmankar sabha (The Bengal Buddhist Association)*

*(३) नेपालय् स्थविरवाद गुकथं व:गु ख:-लाकौल वैकुण्ठ प्रसाद - मालती लाकौल*

*महाबुद्ध, कान्तिपुर- ने.सं. ११०५*



Downloaded from http://www.dhamma.digital

# अश्वघोष भन्ते र धर्मकीर्ति पत्रिका



मीना तुलाधर

**१. धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी :**

२०२२ सालमा स्थापना भएको धर्मकीर्ति विहारमा शुरुमा प्रौढ व्यक्तिहरूलाई बुद्ध शिक्षा प्रदान गर्न बुद्ध पूजा, धर्म देशना आदि विभिन्न कार्यक्रम संचालन गर्दै आएको हो । पछि युवा युवतीहरूको लागि चार उद्देश्यहरू–

१. बुद्ध शिक्षाको अध्ययन गर्ने

२. बुद्ध शिक्षा गाउँ गाउँमा प्रचार गर्ने

३. बुद्ध धर्म सम्बन्धी पुस्तक पत्र पत्रिका प्रकाशित गर्ने

४. स्वदेशी तथा विदेशी बौद्ध विद्वानहरूको स्वागत सत्कार तथा विचार आदान प्रदान गर्ने उद्देश्यहरू लिई धम्मवती गुरुमांको अध्यक्षतामा २०२८ साल जेष्ठ ७ गते शुक्रवार धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको स्थापना भयो । उद्देश्य अनुरूप प्रत्येक शुक्रवार साँझ ४ बजे देखि ६ बजे श्रद्धेय धम्मवती गुरुमां अश्वघोष महास्थविर, ज्ञानपूर्णिक महास्थविर र अरु बौद्ध विद्वानहरूले बुद्ध धर्मको अध्यापन गराउन धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको कक्षा लिन आउनु हुन्थ्यो । हामी युवा सदस्यहरू अध्ययन गोष्ठीको कक्षामा आएर पढ्ने गर्दथ्यौं । र श्रद्धेय अश्वघोष भन्तेले प्रत्येक शुक्रवार कक्षा सञ्चालन गर्दा हामी मध्ये एक जना सभापति र एक जनाले धन्यवाद ज्ञापन गराउनु पर्ने नियम बनाउनु हुन्थ्यो । श्रद्धेय अश्वघोष भन्तेले कक्षामा बुद्ध धर्म सम्बन्धी विषयमा केही बुंदाहरू हामीलाई दिनु हुन्थ्यो र अर्को हप्तामा हामीले त्यस बुंदाको आधारमा लेख लेखेर कक्षामा सुनाउनु पर्थ्यो । यसरी लेख लेख्ने मौका र सभापति र धन्यवाद दिंदा माइकको अगाडि बोल्ने मौका पाएकोले आज यस गोष्ठीको सदस्य साथीहरू थुप्रै साहित्यकार, बौद्ध विद्वान, कुशल वक्ता भएर पञ्चविरसिं सिरपा: जस्ता अनेकौं पदकहरू बाट सम्मानित हुन पनि सफल भईसकेका छन् ।

**२. धर्मकीर्ति पत्रिका :**

आज धर्मकीर्ति पत्रिकाको रजत जयन्तिको लेख लेख्ने बेलामा पनि मलाई पहिला जस्तै श्रद्धेय अश्वघोष महास्थविरका बुँदाहरू पाए हुन्थ्यो जस्तो लागिरहेको छ । वि.सं. २०२९ सालमा वैशाख पूर्णिमाको अवसरमा सर्वप्रथम धर्मकीर्ति पत्रिका प्रकाशित भएको थियो । यस पत्रिकाको शुरुवात गर्ने श्रद्धेय भन्ते अश्वघोष महास्थविर हुनुहुन्छ । जसको सम्पादक उहाँ नै हुनुहुन्थ्यो । त्यतिबेला यसको मुल्य सिफ १ रुपैयाँ मात्र थियो । त्यस पत्रिकामा अश्वघोष भन्तेको लेखको साथै मागुणवती गुरुमांको लेख तथा हामी सदस्यहरूको लेख र चनाहरू प्रकाशित भएको थियो । त्यसबेला हामीले उक्त पत्रिकामा प्रकाशित लेख सचनाहरू धेरै पटक पढ्ने गर्दथें । आज पत्रिका प्रकाशन भएको २५ वर्ष बिति सक्यो र २५ वर्षको पत्रिकाको रजत जयन्तीमा लेख लेख्न पाएकोमा आफूलाई धेरै गर्वको महशुस साथै ज्यादै हर्षको अनुभव भइरहेको छ ।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले आफ्नो स्थापना कालमा बर्षमा एउटा मात्र धर्मकीर्ति पत्रिका निकाल्ने लक्ष्य राखेको भएता पनि बि.सं. २०२८ साल देखि वि.सं. २०४० साल सम्म क्रमश: बार्षिक रूपमा १२ अङ्क सम्म प्रकाशित भयो । त्यस पछि वि.सं. २०४० देखि वि.सं. २०४२ साल सम्म १२ अङ्क द्वैमासिक रूपमा र २०४२ साल देखि हाल सम्म मासिक रुपमा अटुट रूपले प्रकाशन हुँदै आइरहेको छ ।

नेपालमा स्थविर वाद बुद्ध धर्मको प्रचार प्रसार कार्यमा धर्मकीर्ति पत्रिकाको ठूलो योगदान रहेको छ । यस पत्रिकाको माध्यमबाट बौद्ध धर्मावलम्बीले बौद्ध ज्ञान पाउने ठूलो अवसर पाइरहेको छ । बौद्ध गतिविधिहरूको क्रियाकलापको समाचार यस पत्रिकामा छापिने हुनाले हामी पाठक वर्गले बौद्ध गतिविधिको जानकारी पाउने पनि अवसर पाइरहेको छ ।

**३. धर्मकीर्ति पत्रिकाको स्थायी सम्पादक अश्वघोष भन्ते:**

पत्रिकाको संस्थापक श्रद्धेय महास्थविर अश्वघोष भन्तेलाई चिन्ने, उहाँको तर्फबाट अमूल्य बौद्ध ज्ञान सिक्ने, अध्ययनगर्ने सुअवसर हामीलाई धर्मकीर्ति पत्रिकाले दिईराखेको छ । अक्सर हरेक अंकमा भन्तेको लेख प्रकाशित हुन्छ । उहाँको धर्मोपदेश र उहाँको लेखाई,

सोचाई हामीले बुझ्न सक्यौं भने हामी असल मानिस बन्न सक्ने कुरामा दुई मत हुन सक्दैन ।

अश्वघोष भन्ते आफ्नो अनुभवको आधारमा धर्मदेशना गर्नु हुन्छ । खालि धर्म भनेर अन्धविश्वासको आधारमा धर्ममा नलाग्ने, आफूले बुझेको कुरालाई मनन गरेर आफ्नो जीवन सुधार गर्ने, आचरण राम्रो बनाउने शिक्षामा जोड दिने तथा अति रोचकपूर्ण, हास्यात्मक ढंगले उपदेश दिने धर्म प्रचारक हुनु हुन्छ । उहाँले वर्तमान बृद्धावस्थाको उमेरमा पनि कलम रोक्नु भएको छैन । अझै जीवनलाई परिशुद्ध बनाउने नैतिक उपदेशहरू जनमानसमा पुऱ्याउन लेखी राख्नु भएको छ । उहाँ भन्तेको धर्मोपदेश गर्ने शैलि भिन्दै छ । भन्तेको धर्मोपदेश नबुझेर भन्तेलाई निन्दा गर्ने व्यक्तिहरू पनि छन् । तर हामीले उहाँको सोचाई र धर्मोपदेश बुझ्न सक्यौं भने हामी साँच्चै बौद्ध बन्न सक्छौं ।

भन्तेको क्रियाकलापबाट हामी उहाँलाई चिन्न सक्छौं जसका एक उदाहरण यहाँ म प्रस्तुत गर्न लागेको छु । एउटा कार्यक्रममा एउटा प्रश्नकर्ताले उहाँलाई प्रश्न राख्नु भयो– "भन्ते गुरुमांहरूले परित्राण पाठ गरी सकेपछि किन जल र धागो वितरण गर्नु हुन्छ ? धागो र परित्राण जल हामीले लियौं भने धर्म प्राप्त हुन्छ ? उहाँको उत्तर थियो "धागो र परित्राण जलले धर्म प्राप्त हुने होइन तर धागो र परित्राण वितरण नगरेमा हामी भन्तेहरूले भोजन प्राप्त गर्न सक्दैनौं" श्रोता वर्गलाई यो उत्तर बुझ्न गाऱ्हो हनु सक्छ । भन्तेको उत्तरको आशय थियो । धागो बाँध्दैमा र परित्राण जल पिउँदैमा हामीलाई बुद्ध धर्मको ज्ञान प्राप्त हुने होइन । तर आज मानिसहरूले बुद्ध धर्मको ज्ञान राम्ररी नसिकेकोले हामीले मानिसहरूलाई बुद्धधर्मको ज्ञान दिलाउन उनीहरूको संस्कार अनुसार नै कार्य गरीरहनु पर्दछ ।

मैले बाल्यकालमा भन्तेको धर्मोपदेश सुनेको जुन धेरै बुझ्न खोजेको तर नबुझेको एक उदाहरण पनि प्रस्तुत गर्न चाहन्छु । अश्वघोष भन्तेले धर्मोपदेशमा एक महिला स्वच्छ पानी (निल:) देउतालाई चढाउन आई रहेको बेलामा यदि बाटोमा प्यासले छट्पटिएर रहेको बृद्ध मान्छे भेटेमा हामीले देउतालाई (निल:) स्वच्छ पानि चढाउनुमा भन्दा त्यस बृद्ध मान्छेलाई पानी ख्वाउनुमा धेरै धर्म हुन्छ भन्नु भएको थियो । त्यसबेला मैले भन्तेको कुरा गलत सम्झेकी थिएँ किनकी त्यस बृद्ध मान्छे भन्दा त देउता नै ठूलो छ नि । देउतालाई पानी चढाउनु धेरै धर्म हुन्छ भनि बुझेकी थिएँ । त्यस मान्छेलाई पानी ख्वाउँदा के धर्म गरेको भयो त भन्ने सम्झेकी थिएँ । यस्तो व्यवहारिक कुरा व्यवहारमा उतार्नु पर्ने कुरा उहाँले धेरै सिकाउनु हुन्थ्यो । एक गृहस्थीले आफ्नो विवाह पश्चात् आफ्नो घरमा गर्नु पर्ने कर्तव्य आदि व्यवहारमा उतार्नु पर्ने कुरा उहाँले धेरै सिकाउनु हुन्छ । आज पनि गृहस्थी जीवनमा पुरानो संस्कार अनुसार कार्य गरी रहँदा म त अश्वघोष भन्तेको शिष्य बन्न नसकेको जस्तो भान हुन्छ र सके सम्म आफूलाई परिवर्तन गर्ने कोशिश गर्दैछु ।

हामीले उहाँसँग कुरा गर्दा पनि हामी साँच्चै बौद्ध विद्वान भन्तेसँग कुरा गरेको अनुभव हुन्दैन । किनकी उहाँको सरल जीवन यापन, विद्वानपन देखाउन नचाहने शैलीले गर्दा उहाँलाई राम्ररी चिन्ने मौका पाउँदैन । उहाँको लेख रचना, पुस्तकहरूमा विद्वानपन पाईदैन । नरम भाषा सरल शब्दहरू राखिएको व्यवहारीक आचरण कसरी राम्रो तुल्याउने किसिमले लेखिएको पाइन्छ । यो उहाँको पृथक लेखन शैली हो । धर्मकीर्ति पत्रिकाको शुरु देखि नै सम्पादक र प्रधान सम्पादक भई अटुट रुपमा उहाँको अथक प्रयासले पत्रिकाको निरन्तरता कायम भईरहेको र उहाँ प्रति भित्र हृदय देखि श्रद्धा व्यक्त गर्दै वन्दना गर्न चाहन्छु ।

**अन्तमा मेरो भन्नु केही कुरा–**

पत्रिका प्रकाशनमा शुरु देखि नै हाल सम्म स्थायी रूपमा विशेष सल्लाहकारका रूपमा निरन्तर रूपमा आवश्यक सुपरिवेक्षण र निर्देशन दिनु भएकी श्रद्धेय भिक्षुणी धम्मवती गुरुमां प्रति हार्दिक श्रद्धा भाव व्यक्त गर्नुको साथै वन्दना गर्न चाहन्छु । साथै हाल सम्पादक पदमा रही पत्रिका प्रकाशन कार्यमा लाग्नु भएका श्रद्धेय भिक्षुणी विर्यवती गुरुमां प्रति हार्दिक श्रद्धाभाव व्यक्त गर्न चाहन्छु । यस पत्रिकामा अटुट रुपमा धम्मपदको श्लोकमा आधारित कथा लेख्नु भएका रीना तुलाधरलाई हार्दिक धन्यवाद र बधाई दिन चाहन्छु । यसको अलावा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा व्यवस्थापन, सम्पादन तथा अन्य कार्यहरूको जिम्मा लिई सहयोग गर्ने गोष्ठीका सम्पूर्ण धार्मिक साथीहरूलाई विशेष गरी हाल प्रमुख व्यवस्थापक रही कार्यरत रहनु भएका विद्या सागर रञ्जितलाई हार्दिक धन्यवाद र बधाई दिन चाहन्छु ।

॥ भवतु सब्ब मङ्गल ॥



Downloaded from http://www.dhamma.digital

# सब्बेसत्ता कम्मस्सका



विजयलक्ष्मी शाक्य

बुद्धधर्ममा चत्तुर ब्रह्म विहारको अतिनै महत्व देखिन्छ । बुद्ध धर्मानुसार आमा बाबुलाई ब्रह्मा भन्ने गरिन्छ । कारण आमा बाबुहरू मैत्री, करुणा, मुदिता र उपेक्षा यी चार किसिमका गुणहरूले युक्त हुन्छन् ।

कुनै पनि आमा बाबुहरूको कर्तव्य विचार गर्ने हो भने उनीहरूले आफूभन्दा माथि वा पूर्वकोलाई आफू प्रति गरेको गुणको बदलामा गुण गरी र आफूभन्दा पछिको आफ्नो छोराछोरीहरू प्रति पनि अनेक गुणहरू गरी कर्तव्य पूरा गरिरहेका हुन्छन् । आफू भन्दा पूर्वको व्यक्तिहरू प्रति होस् वा पछिको प्रति होस् सबै प्रति कर्तव्यको नाममा जानी नजानी मैत्री भावले कर्म गरिरहेका हुन्छन् ताकि तिनीहरू सबै अवैरी होऊन्, इर्ष्याविहीन होऊन्, उपद्रबविहीन होऊन्, सबैको सम्पत्ति नासेर नजाओस् ।

त्यस्तै किसिमले सबैले दुःख नपाओस् भन्ने करुणा भावले कर्तव्यहरू पूरा गरिरहेका हुन्छन् ।

सबैको आफूले सत्कर्मद्वारा कमाएको धन सम्पति नासेर नजाओस्, सुखपूर्वक उपभोग गर्न पाओस् भन्ने मुद्दिता भावले काम गरिरहेका हुन्छन् ।

यसरी आ-आफ्नो कर्तव्य पूरा गरिरहे पनि परिवारमा अरुको व्यवहार आचरणमा परिवर्तन आउँदैन भने अन्तमा यो पनि भन्ने गरिन्छ कि सबैको आफ्नो कर्म हुन्छन्, त्यही अनुसार नै फल पनि हुन्छन् । जसलाई मैत्री भावनामा उपेक्षा भाव भनेर भनिन्छ । यसमा साक्षी वा तटस्थ भावले हेर्ने गरिन्छ । यस उपेक्षा भावलाई पाली भाषामा भन्ने गरिन्छ– **"सब्बे सत्ता कम्मस्सका"** ।

यसलाई बुझ्न अति कठिन छ तर हामीले अलिकति भएपनि बुझे अनुसार यसले आ-आफ्नो कर्म सुधार गर्ने भएपनि बुझे अनुसार यसले आ-आफ्नो कर्म सुधार गर्ने निर्देशन दिन्छ । बुद्धको महत्वपूर्ण उपदेशमा दुःखको कारण वा समस्या बुझि त्यसको समाधानको लागि उहाँले हामीहरूलाई आर्य अष्टाङ्गिक मार्गको उपदेश वा निर्देशन दिनुभएको छ । त्यही मार्गको तीन खण्ड शील, समाधी र प्रज्ञा मध्यमा प्रज्ञा खण्डमा सम्यक दृष्टि र सम्यक संकल्प पर्दछन् ।

सम्यक दृष्टि वा सम्मा दिट्ठिलाई पनि तीन भागमा विभाजन गरिरहेको पाइन्छ । पहिलोमा कम्मस्सकता सम्मादिट्ठि, दोश्रोमा दश वत्थुक सम्मादिट्ठि, तेश्रोमा चतुसच्च समादिट्ठि ।

कम्मस्सकता सम्मादिट्ठि भन्नाले सबै प्राणीको आफ्नो कर्महुन्छ भने धारणानै सम्यक दृष्टिहो भन्ने बुझिन्छ । सबै प्राणीको आफ्नो काम वा कर्मकै कारणले र त्यसैको फल प्राप्तिको कारणले गर्दा मनुष्य, देव, ब्रह्मा, प्रेत असुर, अपाय वा पशु योनीमा जन्मन्छन् भन्ने धारणालाई विश्वास गर्न सके त्यो पनि सम्यक दृष्टिमा पर्ने हुन्छ ।

संसारमा जन्मिने प्राणीहरूले जन्म जन्मान्तरमा परिवर्तन हुँदै अनेक जन्ममा अनेक धन सम्पत्तिहरू कमाए पनि त्यसलाई निजी सम्पत्ति भन्नु उचित हुँदैन । बरु तिनीहरूले गरेका कायिक, बाचिक, मानसिक कर्महरू मात्रै हरेक जन्ममा आफ्नो साथ रहन्छ भन्ने बुद्धको उपदेशलाई बुझ्नु नै सम्यक दृष्टि हुनेछ ।

तसर्थ बुद्ध भन्नुहुन्छ आ-आफ्नो कर्महरू नै सबै प्राणीहरूको निजी सम्पत्ति हुन्। ती कर्महरू पनि दुइ प्रकारका छन्– (१) कुशल कर्म (२) अकुशल कर्म यी कर्महरू र त्यसको फलले वर्तमान र भविष्यको जीवनमा असर पारिरहेका हुन्छन् । त्यसैले कर्म सुधारी पहिले वर्तमान जीवन सुधार भन्ने तथागत बुद्धले दिनु भएको उपदेश अतीनै स्मरणीय छ ।

दश अकुशल कर्महरू जस्तै प्राणीहत्या गर्ने, चोरी गर्ने, ब्यभिचार गर्ने, झुठो बोल्ने, चुगली, निन्दा गर्ने, कडा वचन बोल्ने, बेकामको कुरा गर्ने, लोभको वसमा रहने, द्वेष गर्ने र मिथ्या दृष्टि हुने आदि छोड्ने वा त्याग्न सकेमा वर्तमान जीवनको साथै भविष्यको जीवन सुध्रने कुरा बुद्ध शिक्षाले अनेक जातकमा, उपदेशमा बताइरहेको हामी पाउँदछौं ।

त्यसरी नै यो जन्म र अर्को जन्म सुधार्नको लागि दश पुण्य क्रियाहरू पनि बुद्धले दिनु भएको हामी पाउँदछौं । सर्वप्रथम दश पुण्य क्रियामा दान, शील, भावना आउँदछन् । दान शब्द त्याग संग जोडिएको छ जुन अहंकार रहित हुने हुन्छ । दानको फल सामाजिक, आर्थिक

र धार्मिक दृष्टिकोणले गहन देखिन्छ । भनिन्छ–

**दानं विभूषणं लोके, दानं दुर्गति निवारणम् ।**
**दानं स्वर्गस्य सोपानं, दानं शान्तिकर शुभम् ॥**

अर्थात् दान नै यो लोकमा आभूषण हो, यसले दुर्गति हुनबाट बचाउँछ, सुगति प्राप्त हुन्छ । र यसले नै शान्ति र सुख पनि प्राप्त हुन्छ ।

दान, त्यागकै कारणले बुद्धको अनेक पारमी पूर्ण भयो । सम्यक सम्बुद्धत्व प्राप्त गरी लोक जनको हितार्थ धर्मोपदेश दिंदै ४५ वर्ष पूरा गरी महापरिनिर्वाण हुन भयो । जन्म मरणको चक्रलाई तोड्नु भयो । आफुले उदाहरण वनी कर्मकै कारणले त्यसैको फल अनुसार सबै सत्वको जीवन चल्दछ वा हुन्छन् भन्ने कुरा प्रष्ट देखाउनु भयो । त्यस्तै शील पालना गर्नाले मानिसको शुद्ध र कुशल आचरण हुन्छ र उसलाई सामाजिक, आर्थिक र धार्मिक दृष्टिकोणले राम्रो फलाफल प्राप्त हुन्छ भनी उपदेश दिनु भयो । भनिन्छ कि–

**सीलेन सुगति यन्ति, सीलेन भोग सम्पदा ।**
**सीलेन निब्बुती यन्ति, तस्मा सीलं विसोधये ॥**

शील पालन गर्नाले अपतिलाभ हुन्छ शीलले भोग सम्पत्ति प्राप्त हुन्छ । यसले नै निर्वाण सम्म पुऱ्याइदिन्छ । त्यसैले सीललाई राम्ररी पालना गर्नुपर्दछ । शील पालना गर्ने कर्म गर्दा यसबाट सुख शान्ति प्राप्त हुने हुन्छ । उदाहरणको लागि बुद्धबाट हामी जस्ता पृथक जनको लागि पंचशीलको उपदेश दिनुभएको छ । यस मध्ये सुरापानको एउटा मात्र उदाहरणको रुपमा लियौं भने पनि बुझ्न सकिने हुन्छ । हुन त सुरापान आधुनिक युगमा सभ्यताको चिन्ह जस्तै भइ सक्यो । तैपनि जसले सुरापानको सेवन गर्दछ जस्तै रक्सी, चुरोट, हायुसिस त्यस्तै जुवा तास खेल्नमा लाग्दछ ती व्यक्ति चाहे त्यागी होस् वा भोगी, शिक्षक, डाक्टर, इन्जिनियर, विद्यार्थी कामदार, ब्यापारी, गरीब धनी, ब्राहमण, क्षेत्री वैश्य जुन समयमा वा जहाँसुकै ठाउँमा भएपनि त्यसले आफ्नो चमत्कार देखाउँदछ । कसैले पनि यसको नसाले नछोडेसम्म बुद्धि सपार्न सक्दैन, अर्थात् आफूले गरेको काममा होंश् पुऱ्याउन नसक्ने हुन्छ । त्यसले शुद्ध विचार आचरणको त कुरै आउँदैन । त्यस्ता व्यक्तिले अरु चारवटामा कुनै पनि शीलहरू विगार्नमा पछि पर्दैनन् । त्यही कर्मको फल वर्तमान अवस्थामै भोग्नु पर्नेहुन्छ भनी सचेत बनाउन र कुशल र अकुशल धर्मको फल यही जन्ममा देखिनेहुँदा भगवान बुद्धले यस धर्ममा 'एहि पस्सिको' आएर हेर्न सक्ने धर्म भनी उपदेश दिएकौ हामी पाउँदछौं ।

उपमाको लागि राम भन्ने ब्यक्ति रक्सी खाएर चूर भएमा अर्को श्याम भन्ने ब्यक्तिलाई असर पर्दैन । त्यही रक्सीले मातेको ब्यक्तिले नै पंचशील नष्ट गरेमा उसैले विपाक भोग्नु पर्ने हुन्छ । कुलतमा मज्जा लिई बस्ने बानीले गर्दा उसैलाई हानी गर्दछ । उही रोगी बन्न पुग्दछ, रिसाहा, झगडालु भइ कंगाल बन्न पुग्दछ । उसको भविष्य र मृत्यु पछिको सुगतिको के ठेगान ?

त्यस्तै भावनाको क्षेत्रमा पनि बुद्धोपदेशमा लेखिएको हामी पाउँदछौं कि–

**दानं ददन्तु सद्धाय, सीलं रक्खन्तु सब्बदा ।**
**भावना भिरता होन्तु, गच्छन्तु देवता गता ॥**

सीलमा प्रतिस्थित भई श्रद्धाले दान गरेमा कर्मस्थान भावनालाई जीवनमा उतार्न सकेमा देवताहरू सन्तुष्ट भइ फर्कने हुन्छन् । ध्यान भावनाले समाधि प्राप्त भई प्रज्ञाको विभिन्न तहहरू जस्तै श्रोतमय, चिन्तनमय र भावनामय प्रज्ञा प्राप्त भई सम्यक दृष्टि लाभ हुने हुन्छ । सर्वसत्वको आफ्नै कुशल र अकुशल कर्मको कारणले सुख-दुःख हुने सीप धन सम्पत्ति प्राप्त हुने जुन कुनै ईश्वर, ब्रह्मा, देवको उपकार वा वरदान होइन, जुन आगो, पानी, चोर, डाँका वा अरुबाट नासिने हुँदैन आदी कुराहरू तथागत बुद्धले दिनु भएको उपदेश सब्बे सत्ता कम्मस्सका" मा पाउँछौं ।

मानिसको कर्म नै जन्म जन्ममा साथ रहने सम्पत्ति हुन् भन्ने कुरा खालि बौद्धमार्गीलाई मात्र लागू नभइ सबै हिन्दु, इसाई, मुस्लीम धर्म मान्ने मानवमात्रमा पनि लागू हुने हुन्छ । जुन सुकै देश, काल, परिस्थितिमा पनि लागू हुने हुन्छ । त्यसैले यो मानवतावादी धर्म हो । यसले मानिसलाई सच्चा मानिस बन्न मानवतावादी धर्म निभाउनको लागि कुशल कर्म गर्नु पर्दछ, शील पालना गर्नु पर्दछ भनी प्रेरणा दिने गर्दछ ।

यसरी भविष्यको कर्म र जीवनको निर्धारण वर्तमान जीवनको कर्म वा काममा निहित छ वा आधारित छ भने बुद्ध धर्मानुसार पूर्व कर्म राम्रो भए वर्तमान जीवन सुध्रने र वर्तमान जीवन राम्रो भए भविष्यको जीवन वा जन्म जन्मान्तर पनि सुधी सुखमय जीवन हुने हुन्छन् भनी यो **"सब्बे सत्ता कम्मस्सका"** को उपदेश आर्य अष्टाङ्गिक मार्गको **"सम्मादिट्ठि"**मा दिनु भएको हामीले पाउँदछौं ।

अन्तमा कर्मलाई प्रधान मान्यता दिने बौद्ध धार्मिक दृष्टिकोणले मानिसले गरेको कर्म नै आफ्नो नाथ वा मालिक हो भन्ने संकेत दिएको पाउँदछौं । त्यस्तै गरी कुशल कर्म गरी कर्मरुपी धर्मको शरणमा परी अरु कसैको शरणमा नपरी आफ्नै शरणमा जानु पर्ने र त्यस्तै आफ्नो द्विप वा साहारा पनि आफै हुनु पर्ने धारणा दर्शाइरहेको पनि हामी बुद्ध शिक्षामा पाउँदछौं । ■



Downloaded from http://www.dhamma.digital

# वार्षिक, द्वैमासिक एवं मासिक 'धर्मकीर्ति' केलाउँदा



प्रस्तुती- रीना तुलाधर

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको ४ वटा प्रमुख उद्देश्य मध्ये एउटा पूर्ति गर्ने प्रयासमा वि.सं. २०२९ सालमा प्रथम पल्ट वार्षिक पत्रिकाको रुपमा प्रकाशित 'धर्मकीर्ति' पत्रिकाले आज ३४ वर्षको यात्रा पुरा गरी ३५ वर्षमा प्रवेश गरेको छ । नेपालमा बुद्ध धर्म प्रचार गर्ने कार्यमा उल्लेखनीय योगदान पुरा गर्दै आएको 'धर्मकीर्ति' पत्रिका १२ वर्षसम्म 'वार्षिक' को रुपमा, दुई वर्षसम्म द्वैमासिकको रूपमा प्रकाशित भएपछि वि.सं. २०४२ असार देखि नियमित मासिकको रुपमा आजसम्म अटूट रुपले प्रकाशित हुँदै आएको छ ।

'पत्रिका' पत्रकारिताको अंग हो । धर्मकीर्ति पत्रिकाले सदैव 'धर्म प्रचार' लाई आफ्नो प्रमुख उद्देश्यको रुपमा लिएकोले यसले व्यावसायिक पत्रकारिताको रुप कहिल्यै लिएन । यो सँधै मिशन जोर्नालिज्म (Mission Journalism) कै रुपमा रहेको छ । भविष्यमा पनि धर्मकीर्तिको नीति यथावतै रहने छ । अति निम्न मूल्यमा प्रकाशित भईरहेको 'धर्मकीर्ति' को लागि श्रद्धालुहरूको सहयोग नै प्रमुख आर्थिक स्रोतको रुपमा रहँदै आएको छ भने 'विशेष सदस्य' को नाउँमा सदस्यता लिएर श्रद्धालुहरूले दिँदै आएको सहयोग पनि उल्लेखनीय छ । यस पत्रिकाको व्यवस्थापन तथा सम्पादन पक्षमा अहिले सम्म जति कार्यकर्ताले काम गरे, त्यो जम्मै स्वयं सेवाको रुपमा श्रद्धाको कारणबाट गरेको हो । कोही पेशागत कामदार अहिलेसम्म भएको छैन । मिशनरी जोर्नालिज्मको नमूना हो यो । साथसाथै मुद्रण क्षेत्रमा प्रमुख मुद्रक 'न्यू नेपाल प्रेस'ले समेत श्रद्धाकै स्वरूप अतुलनीय सहुलियत प्रदान गर्दै आएको छ ।

३४ वर्षको दौरानमा 'धर्मकीर्ति' पत्रिकालाई यहाँसम्म पुऱ्याउनमा धेरै श्रद्धालुको प्रत्यक्ष तथा अप्रत्यक्ष सहयोग जुटेको छ । पत्रिकामा उल्लेखित भएको अनुसार मात्रै टिपण गरेर केही रिकर्ड तयार गर्ने जमर्को निम्न रुपमा गरिएको छ–

**वार्षिक 'धर्मकीर्ति'**

बुद्ध संवत २५१६, ने.सं. १०९२, इ.सं. १९७२, वि.सं. २०२९ बैसाखमा प्रथम पल्ट 'धर्मकीर्ति' वार्षिक पत्रिकाको रुपमा प्रकाशित भएको हो । यस पत्रिकाको सम्पादक भिक्षु अश्वघोष हुनुहुन्छ भने प्रकाशक 'धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी' हो व्यवस्थापकको नाम उल्लेख छैन । यस पत्रिका भित्रका अधिकांश लेखहरू गोष्ठीका संस्थापक सदस्यहरूले नै लेखेको देखिन्छ । भिक्षु अश्वघोषले अध्ययन गोष्ठीको कक्षामा सिकाउनु भएको विषय वस्तुहरूमै ती लेखहरू केन्द्रित भएको देखिन्छ । लेख, गीत, कविता गरी १९ वटा लेखहरू सम्मिलित यो पत्रिका गोष्ठीका सदस्यहरूको लागि प्रेरणाको स्रोत बनेको थियो ।

रु. १।- मूल्य तोकिएको यो प्रथम 'धर्मकीर्ति' प्रकाशनमा आएपछि नेपालमा लेखक तथा पाठक वर्गहरूको निम्ति एउटा ज्ञानको स्रोत स्थापना भयो । त्यसपछि लगातार वि.सं. २०३०, २०३१ गर्दै वि.सं. २०४० सम्ममा १२ वटा वार्षिक पत्रिकाको रुपमा 'धर्मकीर्ति' प्रकाशित भयो । यी बाह्रैवटा 'धर्मकीर्ति' मा सम्पादक भिक्षु अश्वघोष तथा प्रकाशक धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी उल्लेख गरिएको छ भने व्यवस्थापकको नाम उल्लेख छैन । धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको सदस्यहरूले नै यसको व्यवस्थापन तथा वितरण गरेको हुनुपर्छ ।

**द्वैमासिक 'धर्मकीर्ति'**

बु.सं.२५२७ ने.सं. ११०३, गुरु पुन्ही, वि.सं. २०४० असारदेखि धर्मकीर्ति द्वैमासिकको रुपमा प्रकाशित भयो । द्वैमासिकको रुपमा प्रकाशित भएदेखि 'धर्मकीर्ति' को व्यवस्थापन सम्पादन पक्षलाई व्यवस्थित ढंगमा संगठित गरियो । व्यवस्थापन समितिमा: अगम्य रत्न कंसाकार, ज्ञानी रत्न कंसाकार, उद्योग रत्न तुलाधर, दीपक रत्न शाक्य र विद्या सागर नियुक्त हुनुभयो । सम्पादन सहयोगीमा- सरीता तुलाधर र रीना बनिया नियुक्त हुनुभयो । सम्पादकमा- बरदेश मानन्धर नियुक्त हुनु भयो भने पूजनीय भिक्षु अश्वघोषले प्रधान सम्पादक पदमा बसेर कार्यभार सँभाल्नु भयो । पूज्यनीय धम्मवती गुरुमां विशेष सल्लाहकार बन्नुभयो ।

यही कार्यदलले दुई वर्षसम्म द्वैमासिक धर्मकीर्ति प्रकाशन गऱ्यो । बु.सं. २५२९, २०४२ बैसाखसम्म दुई वर्ष अवधिमा जम्मा १२ वटा 'धर्मकीर्ति' पत्रिका द्वैमासिकको रुपमा प्रकाशित भयो ।

द्वैमासिकको रुपमा 'धर्मकीर्ति' को प्रति मूल्य रु. २।- र वार्षिक सदस्यता शुल्क रु. १०।- तोकिएको थियो ।

'धर्मकीर्ति' को क्रम संख्याहरूमा एक रुपता ल्याउन भने केही समय लागेको देखिन्छ । प्रथम 'द्वैमासिक' अंकमा वार्षिक १२ वटाको पनि जम्मा गरेर वर्ष १३ । अंक १ छापिएको छ । दोश्रो 'द्वैमासिक' मा यही क्रम गरेर वर्ष १३, अंक २ छापिएको छ ।

तेश्रो देखि छैठौं द्वैमासिक सम्म भने अंक मात्र जनाएर अंक-६ गरी छापिएको छ ।

द्वैमासिकको रुपमा ६ वटा अंक सम्म प्रकाशित भईसकेपछि दैमासिक दोश्रो वर्ष प्रवेश हुँदाको सातौं अंकमा वर्ष २। अंक १ पूर्णाङ्क-७ गरी छापियो । यही क्रमबाट हाल धर्मकीर्ति वर्ष-२५ मा प्रवेश भएको हो ।

***बु.सं. २५२९, बैसाखपूर्णिमा, २०४२ (पूर्णांक १२) सम्म धर्मकीर्ति अन्तिम पटक "द्वैमासिक' को रुपमा प्रकाशित भएको हो ।***

## मासिक 'धर्मकीर्ति'

*वर्षमा एउटा पत्रिका निकाल्ने अध्ययन गोष्ठीको लक्ष्यभन्दा माथि द्वैमासिकको रुपमा प्रकाशित भइरहेको यो पत्रिका बु.सं. २४२९ असार, २०४२, पूर्णांक-१३ देखि 'धर्मकीर्ति' मासिकको रुपमा प्रकाशित भएको हो जुन अहिलेसम्म अटूट रुपमा प्रकाशित भईराखेको छ । यही अंकदेखि प्रत्येक २ वर्षमा सम्पादन एवं व्यवस्थापन पुनर्गठन गर्ने नियम (हाल यो नियम लागू छैन -सं) अनुरुप 'धर्मकीर्ति' को सम्पादक मण्डल एवं व्यवस्थापन समिति निम्न रूपले गठन गरियो–*

*सम्पादन तर्फ– प्रधान सम्पादक-* भिक्षु अश्वघोष ।

*सम्पादक-* बरदेश मानन्धर, प्रकाश वज्राचार्य

*सह-सम्पादक-* रीना बनिया

*व्यवस्थापन तर्फ- व्यवस्थापक-* प्रेमकुमार शाक्य

***प्रथम पल्ट 'मासिक' को रुपमा छापिएको 'धर्मकीर्ति' को 'बौद्ध गतिविधि' स्तम्भमा छापिएको समाचार निम्न बमोजिम साभार गरिएको छ :–***

**धर्मकीर्ति - तेश्रो वर्षमा**

यो अंकदेखि 'धर्मकीर्ति' – तेश्रो वर्षमा प्रवेश गरेको छ । त्यसका साथै यसै अंकदेखि– [illegible] मासिकको रुपमा प्रकाशित भएको छ । तपाईहरु[illegible] सहयोग र सद्भावनाके कारणबाट हामीले दुई वर्ष [illegible] गऱ्यौं । र तपाईहरुके प्रेरणा, सल्लाह, सुझाव[illegible] कारणले यस अंकदेखि यसलाई 'मासिक' को रुप [illegible] छौं । यस पत्रिकालाई अझ स्तरीय एवं उपयोगी [illegible] हाम्रो प्रयास जारी रहनेछ– यसका लागि [illegible] सबैको सहयोग एवं सल्लाह सुझाव अपेक्षित छ ।

'धर्मकीर्ति' को नयाँ सम्पादक मण्डल एवं व्यवस्थापक - प्रत्येक दुई वर्षमा सम्पादन [illegible] व्यवस्थापन समिति पुनर्गठन गर्ने नियम अनुरूप [illegible]कीर्ति' को सम्पादक मण्डल एवं व्यवस्थापन समिति[illegible] पुनर्गठन गरिएको छ ।

*सम्पादन तर्फ– प्रधान सम्पादक-* भिक्षु अ[illegible]घोष

*सम्पादक-* बरदेश मानन्धर

*सह-सम्पादक-* रीना बनिया

*व्यवस्थापन तर्फ- व्यवस्थापक-* प्रेमकुमार शाक्य

समयसँगै 'धर्मकीर्ति' को व्यवस्थापन, सम्पादन मण्डल तथा यसको मूल्य इत्यादिमा भएको परिवर्तन निम्न बमोजिम रिकर्ड गरिएको छ ।

- प्रथम मासिक 'धर्मकीर्ति' को क्रम संख्या द्वैमासिकको रुपमा आएको दुई वर्ष जोडेर वर्ष ३ । अंक १ तथा पूर्णांक १३ रहेको हो । प्रति मूल्य रु. २।- नै कायम रहेतापनि द्वैमासिकबाट मासिक भएकोले वार्षिक रु. १०।- बाट रु. २०।- तोकियो ।
- वर्ष ४। अंक १, पूर्णांक २५, जेष्ठ २०४३ देखि मूल्यमा परिवर्तन गरेर वार्षिक रु. २५।- प्रति मूल्य रु. ५।- तोकियो ।
- वर्ष ४। अंक ६, पूर्णांक-३०, आश्विन २०४३ देखि सम्पादन सहयोगीमा मदन रत्न मानन्धर र रीना बनियालाई राखियो । यसै अंकदेखि प्रति मूल्य रु. २।५० गरी बढाइयो ।
- पूर्णांक ३५ (होलिपुन्ही) र पूर्णांक ३६ (ल्हुति पुन्ही) अंकबाट पुन:मुद्रित– "बौद्ध भिक्षुणीहरु सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको विशेष रिपोर्ट" को रुपमा धर्मकीर्ति प्रकाशित भएको छ । यस अतिरिक्त अंक प्रकाशनमा बरदेश मानन्धरको योगदान रहेको छ ।





Downloaded from http://www.dhamma.digital

- वर्ष ५। अंक २, पूर्णांक ३८, जेष्ठ २०४४ देखि व्यवस्थापकमा नयाँ सदस्य सोभियत रत्न तुलाधरलाई नियुक्त गरियो । यसै अंकदेखि प्रति मूल्य पुन: घटाएर रु. २।- नै तोकियो ।
- वर्ष ५। अंक ४ पूर्णांक ४०, असार २०४४ देखि प्रतिएकको मूल्य पुन: बढाई रु. २।५० तोकियो । यसै अंकदेखि व्यवस्थापनमा सोभियत रत्न तुलाधरको साथै प्रेम कुमार शाक्यलाई पनि नियुक्त गरियो ।
- वर्ष ६। अंक २, पूर्णांक ५०, जेष्ठ २०४५ देखि व्यवस्थापकमा प्रेम कुमार, शाक्य र विद्या सागर रञ्जितलाई नियुक्त गरियो ।
- वर्ष ७ अंक २, पूर्णांक ६३ देखि प्रति मूल्यमा रु. २।५० बाट रु. ३।- गरी वृद्धि गरियो । वार्षिक मूल्य भने रु. २५।- नै कायम गरियो ।
- वर्ष ७ अंक ५, पूर्णांक ६६, देखि व्यवस्थापक विद्या सागर र कमल मुनिलाई नियुक्त गरियो ।
- वर्ष ८। अंक १, पूर्णांक ७५, जेष्ठ २०४७ देखि व्यवस्थापकमा विद्या सागर नियुक्त गरियो ।
- वर्ष ८ अंक १३ पूर्णांक ८६, अतिरिक्तांक निक्लेकोमा मूल्य रु. १।- राखियो ।
- वर्ष ९/९, पूर्णांक ९५, पुष २०४८ देखि सम्पादन सहयोगीमा भिक्षु सुनन्दलाई नियुक्त गरियो ।
- वर्ष १०। अंक १२, पूर्णांक ११०, चैत्र २०४९ सम्म मात्र पूर्णांक क्रम राखियो । वर्ष ११। अंक १ देखि पूर्णांक क्रमसंख्या राख्न छोडियो ।
- वर्ष १२। अंक ३, असार २०५१ मा सम्पादक मण्डलमा परिवर्तन गरेर सम्पादकमा अनगारिका वीर्यवती र प्रकाश वज्राचार्य राखियो ।
- वर्ष १२। अंक ४, श्रावण २०५१ मा सम्पादन सहयोगीमा अनगारिका वीर्यवती र सम्पादकमा प्रकाश बज्राचार्य नियुक्त गरियो ।
- वर्ष १२। अंक १०, माघ २०५१, वर्ष १२। अंक ११, फागुण २०५१ र वर्ष १२। अंक १२, चैत्र २०५१ तीनवटा अंकमा व्यवस्थापकको नाउँमा कोही छैन । व्यवस्थापक को नाउँमा खालि राखेर नै पत्रिका छापिएको छ ।
- व्यवस्थापक विहिन रहेको 'धर्मकीर्ति' को व्यवस्थापन गर्न व्यवस्थापन पक्षमा व्यापक परिवर्तन गरियो । वर्ष १३। अंक १, बैसाख २०५२ देखि व्यवस्थापक- चिनीकाजी महर्जन, व्यवस्थापन सहयोगीमा राम महर्जन, ध्रुव राजकर्णिकार, इन्द्रमान महर्जन, ज्ञानेन्द्र महर्जन नियुक्त गरियो । सम्पादकमा अनगारिका वीर्यवती रहनु भयो । मूल्यमा पनि परिवर्तन गरी वार्षिक मूल्य रु. ३५।- र प्रति मूल्य ४।- तोकियो ।
- वर्ष १४। अंक १, बैसाख २०५३ 'धर्मकीर्ति रजत जयन्ती' अंकको रुपमा विशेषांक प्रकाशित भएको हो । यस अंकको संयोजक सोभियत रत्न तुलाधर हो । यसै अंकदेखि व्यवस्थापन तर्फ पनि परिवर्तन गरी प्रमुख व्यवस्थापकमा विद्या सागर र व्यवस्थापकमा चिनीकाजी नियुक्त गरियो ।
- वर्ष १५। अंक १, जेष्ठ २०५४ "बौद्ध महिला विशेषांक' को रुपमा प्रकाशित भएको हो । यस अंकको संयोजक रीना तुलाधर हो ।
- वर्ष १५ अंक २, जेष्ठ २०५४ देखि मूल्यमा परिवर्तन गरी वार्षिक रु. ५०।- प्रति मूल्य रु ५।- तोकियो ।
- वर्ष १५। अंक ७, मंसिर २०५४ देखि सम्पादक र विशेष सल्लाहकार को नाउँमा अनगारिकाको ठाउँमा भिक्षुणी वीर्यवती र भिक्षुणी धम्मवती क्रमश: प्रतिस्थापन गरियो ।
- वर्ष १६। अंक १ बैशाख २०५५ देखि प्रमुख व्यवस्थापक - विद्या सागर, व्यवस्थापकहरू - चिनीकाजी, ज्ञानेन्द्र महर्जन र सह-व्यवस्थापक - ध्रुव रत्न स्थापित नियुक्त गरियो जुन हालसम्म कायम छ ।
- वर्ष १७, अंक ७, कार्तिक २०५६ 'भिक्षुणी धम्मवती प्रव्रजित हुनु भएको ५० वर्ष पुरा भएको स्वर्ण जयन्ती अंकको 'रुपमा प्रकाशित भएको हो । यस अंकको विशेष सहयोगी रीना तुलाधर हो ।
- वर्ष १८ अंक २, जेष्ठ २०५७ देखि मूलय रु ६०।- रु. ५।- गरी बढाइयो ।
- वर्ष २१, अंक १, बैसाख २०६० देखि मूल्य वार्षिक रु. ७५।- र प्रति एकको रु. ६।- गरी बढाइयो ।
- वर्ष २२। अंक २ जेष्ठ २०६१, श्रद्धेय भिक्षु अश्वघोष महास्थविर प्रव्रजित हुनु भएको ६० वर्ष भएको उपलक्ष्यमा 'अश्वघोष भन्ते विशेषांक' प्रकाशित भएको हो । यसको सम्पादक मण्डलमा - लोचनतारा तुलाधर, रीना तुलाधर, सुरेश किरण मानन्धर र राजा वज्राचार्य रहनु भएको हो ।

- वर्ष २२, अंक ४, श्रावण २०६१ देखि प्रति एकको मूल्य रु. ७/- गरी बढाइयो ।

समय, परिस्थितिको परिवर्तन अनुसार ३४ वर्षको दौरानमा धर्मकीर्तिको मूलयमा परिवर्तन भयो, व्यवस्थापन समूहमा परिवर्तन भयो । सम्पादक, सह-सम्पादक मण्डलमा परिवर्तन भयो । हुनु स्वाभाविक छ । सबैको कार्य गर्ने क्षमता र तिनको काम गर्ने वातावरण सँधै एक नाश रही रहँदैन ।

यति लामो अवधिमा परिवर्तन भएन त पूज्यनीय भिक्षु अश्वघोष भन्तेको प्रधान सम्पादकत्व र पूज्यनीय धम्मवती गुरुमांको विशेष सल्लाह र प्रकाशनतिरको सहयोग । उहाँ दुईजना 'धर्मकीर्ति' पत्रिकाको सब से बलिया खम्बा हुनुहुन्छ । उहाँहरू नहुँदो हो त 'धर्मकीर्ति' पत्रिका यहाँसम्म नपुग्दो हो ।

भवतु सब्ब मंगलं

('धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी' [illegible] [illegible] उपासक [illegible] तुलाधर [illegible] । धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी [illegible] [illegible] [illegible] [illegible])

## स्वागत म्ये

■ श्री [illegible] तुलाधर

स्वागत दु बौद्ध अध्ययन गोष्ठीइ
धुकिस्याँ सफल मचूगु धुसके
पुइका: मचासो कने सयेके
स्वागत दु.....(धु.)

भलसी मचोसें अध्ययन गोष्ठीइ
स्वार्थसे कुत: याना च्वोंवने नु
न्हि न्हि दनेवं मचुगु पुगलें
त्रि-रत्न स्मरण याना वने नु
स्वागत दु.....

बुद्धया शिक्षा मुगलय् लुमंका
व्यवहारय् मोल छ्यला च्वने नु
धु: मथे पर न जुये हे भा:पा:
धार्मिक जीवन हना वनेनु ।

(आधार- वि.सं. २०२९ साल [illegible] [illegible] वार्षिक धर्मकीर्ति [illegible])






Downloaded from http://www.dhamma.digital

# 'धर्मकीर्ति' को विशेषाङ्कहरू

■ प्रस्तुती लोचनतारा तुलाधर

३५ वर्षको लामो इतिहास बोकेको यस 'धर्मकीर्ति' पत्रिकाले विभिन्न समयमा विभिन्न विषयमा विशेष ध्यान पुऱ्याएको देखिन्छ । यस्को प्रमाण सान्दर्भिक विषयमाथि समय समयमा प्रकाशित विशेषांकहरूले देखाउँछ । यस पत्रिकाले बि.सं. २०४३ देखि विशेष अवसरहरूमा विशेषांक प्रकाशन गरीएको देखिन्छ–

जस्तै: (१) वर्ष ४/८, पुर्णाक ३२, २०४३ पुषमा नेपालमा भएको "१५ औं विश्व बौद्ध सम्मेलन सम्बन्धी विशेषांक" (२) वर्ष ४/ अंक ११, पूर्णाक ३५, २०४३ चैत्र "बौद्ध भिक्षुणीहरू सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन" को विशेष अंक (३) वर्ष ५/ अंक १ पूर्णाक ३७, २०४४ को वैसाख पूर्णिमाको उपलक्ष्यमा "विभिन्न विद्वान्हरूको विचारोत्तेजक लेखहरूको विशेष अंक" (४) "मां गुणवती- सुवर्ण रजत उत्सव विशेषाङ्क"- वर्ष ५/९ पूर्णाङ्क- ४५, २०४४ - नेपालमा बुद्ध शासनको दिगो जग वसाल्न महत्वपूर्ण भूमिका निभाउने बर्मी गुरुमां मागुणवती गुरुमांको ५० औं जन्मोत्सव र २५ सौं प्रवज्या वर्ष उपलक्ष्यमा प्रकाशित (५) "धर्मकीर्ति विहार स्थापनाको रजत जयन्ती स्मारिका"-पूर्णांक ७४, वैसाख- २०४७, (६) वि.सं. २०४६ को जन आन्दोलन पछि बहुदलीय सरकारको गठन पछि बन्न लागेको नयाँ संविधानमा नेपाललाई धर्म निरपेक्ष राष्ट्र बनाइयोस् भन्ने प्रस्तावलाई 'धर्मकीर्ति' पत्रिकाले तीनवटा अंक सम्म यस्लाई महत्वपूर्ण स्थान दिइ प्रकाशित गरेको थियो– वर्ष ८, अंक - २, पूर्णाक ७६, २०४७, वर्ष ८ अंक ३, पूर्णाक ७७, २०४७, वर्ष १२, अंक २, २०५१ यी तीन अंकहरू "धर्म निरपेक्षता विशेषांक"को रूपमा प्रकाशित भएको थियो ।

(७) "धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी रजत जयती विशेषांक" - वर्ष १४, अंक १, २०५३, (८) बुद्ध शासनमा महिलाहरूको भूमिकाको कार्यपत्र सहित प्रकाशित "महिला विशेषांक" वर्ष १५, अंक १, २०५४ (९) "भिक्षुणी धम्मवती प्रवजित हुनु भएको ५० वर्ष भएको स्वर्ण जयन्ती" विशेषांक वर्ष १७, अंक ७, २०५६ (१०) 'धर्मकीर्ति' पत्रिकाको जन्मदेखि आजसम्म निरन्तर रुपमा प्रधान सम्पादक भई कार्यरत पूज्य अश्वघोष भन्ते प्रवजित हुनुभएको उपलक्ष्यमा "श्रद्धेय भिक्षु अश्वघोष महास्थविर प्रवजित जुया बिज्या:गु ६० दँ क्यंगु लसताय् अश्वघोष भन्ते विशेषांक" - वर्ष २२, अंक २, २०६१

(११) धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको सदस्य 'धर्मकीर्ति' पत्रिकामा बि.सं. २०४१ जेष्ठ देखि बि.सं. २०५१ चैत्र सम्म सम्पादक भई कार्यरत श्री प्रकाश बज्राचार्यको दुखद् निधनमा "प्रकाश बज्राचार्य स्मृति अंक" - वर्ष २३, अंक ९, २०६३ योमरी पुन्ही (१२) धमकीर्ति बिहारको स्थापना कालदेखि बुद्ध धर्म चिरस्थायी गर्न का लागी आफ्नो प्रवजितजीवन समपर्ण गर्ने विहारकी संस्थापिका रत्नमञ्जरी गुरुमाको दुखद देहावसानमा पत्रिकाले "रत्नमञ्जरी गुरुमां स्मृति अंक" वर्ष २४, अंक-७, २०६३, कार्तिक योमरी पुन्ही प्रकाशित गरियो ।

यसरी विभिन्न क्षेत्रमा योगदान दिने व्यक्तिहरू देखि देशको बिभिन्न महत्वपूर्ण घटनाहरूमा समेत महत्व दिई 'धर्मकीर्ति'ले आफ्नो पत्रकारीताको धर्म निभाउँदै जनमानसमा निष्पक्ष सूचना प्रदान गर्दै आइरहेको छ । ■

बुद्ध सम्वत् २५५१ व
"धर्मकीर्ति पत्रिका" या रजत जयन्तीया
लसताय् सफलता भिन्तुना !

जागृति इङ्गलिस स्कूल
स्वनागु २०३९ वि.सं.
फोन- ४-२२८२५८

भर्ना चाल ! भर्ना चाल !!
नर्सरी निसें न्यागू तगिं तक
भर्ना चाल !

# धर्मकीर्ति पत्रिकाको व्यवस्थापन पक्षबाट कृतज्ञता एवं सहयोगको अपेक्षा

प्रस्तुती- ज्ञानेन्द्र महर्जन,
चिनीकाजी महर्जन
*(धर्मकीर्ति पत्रिकाको व्यवस्थापकहरू) वर्तमान*

**१. स्थापनाः**

अनगारिका धम्मवतीको सक्रियतामा वि.सं.२०२२ सालमा धर्मकीर्ति विहारको स्थापना भयो । त्यहाँ बुद्ध धर्म सम्बन्धी विभिन्न गतिविधिहरू हुन थाले । त्यस मध्ये जागरुक युवाहरूको सक्रियतामा वि.सं.२०२८ सालमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको स्थापना भयो । उक्त धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको विभिन्न चार उद्देश्य थियो–

१. बुद्ध धर्मको अध्ययन गर्ने
२. गाउँ गाउँमा बुद्ध धर्म प्रचार गर्ने
३. बुद्ध धर्म सम्बन्धी पुस्तक तथा पत्र-पत्रिका प्रकाशन गर्ने
४. देश विदेशका बौद्ध विद्वानहरूलाई स्वागत गर्ने ।

**२. दर्ताः**

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको ती उद्देश्यहरू मध्ये पुस्तक तथा पत्र-पत्रिका प्रकाशन गर्ने उद्देश्य पुरा गर्न बुद्ध धर्म सम्वन्धी लेख-रचना लेख्ने र एक आपसमा बाँड्ने कार्यहरू गर्न थाले यसै अनुरूप वि.सं. २०२९ सालको बुद्धजयन्तीको अवसर पारी विधिबद्ध पहिलो पत्रिका प्रकाशित भयो, जसको प्रकाशक स्वयम धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी थियो भने सम्पादकमा भिक्षु अश्वघोष महास्थविर हुनुहुन्थ्यो । यसरी नै १२ वर्ष सम्म वार्षिक १ अङ्कको रूपमा प्रकाशित भैरहयो । त्यस पछि वि.सं. २०४१ सालमा सरकारी मान्यता लिनको लागि अनगारिका (भिक्षुणी) धम्मवती प्रकाशक, भिक्षु अश्वघोष सम्पादक भै जिल्ला प्रशासनमा दर्ता (जि.का.का.द.नं.७०/०४०/०४१) गरी द्वैमासिक रुपमा प्रकाशित भयो ।

पत्रिका काठमाडौं उपत्यका भन्दा बाहिर र बिदेशमा पुऱ्याउन हुलाकको आवश्यकता भयो फलस्वरुप वि.सं.२०४२ सालमा हुलाकमा दर्ता (बा.अ.हु.नि.का.द.नं. ६/०४२/०४३) गरी विभिन्न स्थानमा पुऱ्याउन सफल भयो ।

**३. आर्थिक पक्ष**

शुरुमा ग्राहक शूल्क र विशेष सदस्यबाट उठेको कोष रकमको व्याजबाट संचालन गर्न पर्याप्त थियो । पछि कोषको व्याज दर कम हुँदै गयो, यता कागज, मुद्रण लगायत अन्य खर्च बढ्दै गयो, यसरी आम्दानी भन्दा खर्च बढ्न गई वि.सं.२०५१, २०५२ तिर धर्मकीर्ति पत्रिकामा आर्थिक संकट हुन पुग्यो । यसलाई पूर्ति गर्न ग्राहक शुल्कमा वृद्धि गरेमा पाठक वर्गलाई पर्ने मर्कालाई ध्यानमा राखी कोष वृद्धि तर्फ लाग्यौं । यस अनुरुप २०५२/०५/१७ गते विज्ञापन दाताहरू एवं सहयोगीहरूको बैठक बस्यो । जस अनुसार निम्न सहयोगी व्यक्तिहरूले कोषको लागि चन्दा प्रदान गर्नुभयो–

| | | |
|---|---|---|
| १. | भिक्षु अश्वघोष | रु. [illegible]००/- |
| २. | अनगारिका धम्मवती | रु. [illegible]००/- |
| ३. | अनगारिका अनुपमा | रु. [illegible]००/- |
| ४. | श्री ज्ञानज्योति कंसाकार | रु. [illegible]००/- |
| ५. | श्री सानुरत्न स्थापित | रु. [illegible]००/- |
| ६. | सुश्री तारादेवी तुलाधर | रु. [illegible]००५/- |
| ७. | श्री बरदेश मानन्धर | रु. [illegible]००/- |
| ८. | श्री माणिक रत्न कंसाकार | रु. [illegible]००/- |
| ९. | श्री [illegible]रत्न तुलाधर | रु. [illegible]००/- |
| १०. | श्री निर्मलमान तुलाधर | रु. [illegible]००/- |
| ११. | श्री रोशनकाजी तुलाधर | रु. [illegible]००/- |
| १२. | श्री ध्रुव राजकर्णिकार | रु. [illegible]००/- |
| १३. | अन्य दाताहरूबाट प्राप्त | रु. [illegible]००/- |
| | जम्मा | रु. [illegible]००५/- |

यसरी चन्दा रु. ४६,००५/- र खर्चलाई जति सक्दो न्यूनिकरण गरी रु. २,००,०००/- को कोषलाई बढाएर रु. २,५०,०००/- पुऱ्याईयो । यस कोषलाई पनि बढी ब्याज लिनको लागि बैंकबाट निकाली व्यक्तिको संस्था (होटेल लुम्बिनी गार्डेन न्यू क्रिष्टल प्रा. लि.) मा राख्न बाध्य भयो । समय समयमा व्याज वृद्धिको आशमा कोषलाई स्थानन्तरण समेत गऱ्यो । वि.सं. २०५९ सालमा श्री द्रव्य मान सिं तुलाधर (भाईराजा साहू) द्वारा रु. १,००,०००/- प्रदान गर्नुभयी । २०६३ चैत्र मसान्त सम्ममा विशेष सदस्यको संख्या ४९० जना भई सक्नु भएको छ र उहाँहरूबाट प्राप्त रकम र खर्च घटाई बचत गरेको रकम गरी अहिले रु. ७,००,०००/-



Downloaded from http://www.dhamma.digital

(सात लाख मात्र) को कोष पाटन फाइनान्समा राखेका छौं। एक आर्थिक वर्ष (वर्ष २३ अंक १-१२ सम्म) को आर्थिक विवरण तल प्रस्तुत गरेका छौं।

**धर्मकीर्ति बौद्ध मासिक**

**नाफा नोक्सान हिसाब**

**२०५१ वैशाख देखि चैत्र मसान्त सम्म (वर्ष २३, अंक १-१२)**

| क.सं. | खर्च | रकम रु. | आम्दानी | रकम रु. |
|---|---|---|---|---|
| १. | कागज खर्च | ९३,७३४।०५ | ग्राहक शुल्क | ११७,०७५।०० |
| २. | छपाई खर्च | १४६,७०५।०० | विज्ञापन आम्दानी | ५४,५८०।०० |
| ३. | मशलन्द खर्च | १,८७२।०० | ब्याज प्राप्त | ५६,८४७।७० |
| ४. | हुलाक खर्च | १२,९२०।०० | दान वा चन्दा | १,५००।०० |
| ५. | ढुवानी खर्च | १,४४०।०० | पत्रिका बिक्री | ५१०।०० |
| ६. | कार्यालय खर्च | ३,६००।०० | | |
| ७. | फुटकर खरिद | ९७०।०० | | |
| ८. | कमिशन | – | | |
| ९. | विशेष सदस्य फ्रेम | ७४०।०० | | |
| १०. | बाँकी रकम पूँजीमा सारिएको | (३२,४६८।३५) | | |
| | | २३०,५१२।७० | | २३०,५१२।७० |

तपाई एक पाठक भै प्रदान गर्नु भएको ग्राहक शूल्क रु.७५/- ले हामीले तपाईलाई प्रदान गर्ने वार्षिक १२ प्रति पत्रिकाको लागि कूल खर्चको ४४.५०% मात्र धान्छ। बाँकी २०.७४% विज्ञापन, ०.७६% दान चन्दा र त्यसबाट पनि नपुगा ३४% कोषको ब्याज वा कोषबाट नै कट्टा गरी व्यहोर्नु पर्ने हुन्छ।




यसरी विशेष सदस्य भै रु. १,०००/- वा सो भन्दा माथि यथाश्रद्धा प्रदान गरी कोष बढाउन सहयोग गर्नु हुने महानुभावहरू, विज्ञापन दाताहरू, चन्दा प्रदान गर्नु हुने हितैषी सहयोगीहरू सबैलाई विशेष धन्यवाद दिन चाहन्छौं र भविष्यमा पनि यस्तो निरन्तर सहयोगको आशा गर्दछौं। हाल पनि यस पत्रिकाको आर्थिक स्थिति मजवुत छैन, त्यसकारण कोही इच्छुक विज्ञापन दाताहरूले पत्रिकाको विज्ञापन दिन सक्नु हुने छ। र कुनै स्तम्भको प्रायोजन गर्नु सक्नु हुने छ। यसमा तपाईहरूले बजारको सबै पत्रिकामा भन्दा सस्तो मूल्यमा शुभकामना सन्देश, बधाई सन्देश तथा संवेदना सन्देश दिई सही पाठक सम्म पुग्न सक्नु हुन्छ। तपाई कसैको नाममा पुस्तक वा अन्य कुनै सामाग्री छपाई रहनु भएको छ। त्यसरी नै यस पत्रिकामा रु.१५,०००/- तिरी कसैको नाममा कुनै एक अंक प्रायोजन गर्न सक्नु हुने छ वा रु. ७,५००/- तिरी छपाई मात्र वा रु.६,०००/- तिरी कागज मात्र यस्तै अन्य कुनै आंसिक खर्च कसैको नाममा प्रायोजन गर्नु सक्नु हुने छ। यसरी तपाई जो कोही पनि विज्ञापन दाता भै गर्नु भएको सानो सहयोग यस पत्रिकाको लागि ठूलो टेवा पुग्ने छ। यस पत्रिकामा कार्यरत कसैलाई कुनै पारिश्रमिक वा सेवा प्रदान गर्ने गरेको छैन।

**४. कार्यरत व्यक्तिहरू**

यस पत्रिका शुरु देखि प्रकाशन गर्न विशेष सारथीको रूपमा रहनु भएका प्रधान सम्पादक भिक्षु अश्वघोष महास्थविरलाई विशेष हार्दिक कृतज्ञता

ज्ञापन गर्न चाहन्छौं । त्यस्तै अरु सम्पादक मण्डलमा रहनु भएका श्री रीना वनिया, श्री वरदेश मानन्धर, स्व. श्री प्रकाश वज्राचार्य, श्री मदनरत्न मानन्धर, भिक्षु सुनन्द (हाल भिक्षु सुशील), भिक्षुणी वीर्यवतीलाई पनि धन्यवाद छ । साथै प्रकाशक र विशेष सल्लाहार भिक्षुणी धम्मवती र निरन्तर सहयोग गर्ने धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीलाई पनि धन्यवाद छ । त्यस्तै व्यवस्थान तर्फ सहयोग गर्नु हुने श्री प्रेम कुमार शाक्य, श्री सोभियत रत्न तुलाधर, श्री विद्या सागर, श्री कमलमुनि शाक्य, श्री चिनीकाजी महर्जन, श्री ज्ञानेन्द्र महर्जन, श्री इन्द्रमान महर्जन, श्री राम महर्जन, श्री ध्रुव रत्न स्थापित, श्री ध्रुव राजकर्णिकारलाई पनि धन्यवाद छ ।

यस पत्रिकाले वर्षको १ अंक विशेषांक र बाँकी ११ अंक साधारण अङ्कको रुपमा प्रकाशित गर्दै आइरहेको छ । यसको अलावा कहिले धर्म निरपेक्षता अङ्क, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी रजत जयन्ती अङ्क, महिला विशेषांक गरी विभिन्न विशेषाङ्क प्रकाशन गर्ने गरी रहेको छ । यस्तो विशेषाङ्कको संयोजन गर्ने र सम्पादन गर्ने, श्री सोभियत रत्न तुलाधर, श्रीमती रीना तुलाधर, श्रीमती लोचनतारा तुलाधर... लगायत सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरूलाई धन्यवाद दिन चाहन्छौं ।

### ५. वितरण

कुनै पत्रिका प्रकाशन मात्र गरेर हुँदैन त्यसले पूर्णता पाउन पाठक समक्ष पुऱ्याउनु नै पर्दछ । तर त्यो त्यति सजिलो छैन । ग्राहक बनाई पत्रिका पुऱ्याउने तल उल्लेखित महानुभावहरूलाई पनि धन्यवाद छ । जसले विहारबाट पत्रिका लगी पाठक समक्ष पुऱ्याउछ । ग्राहक बनाई पत्रिका वितरण गर्नेलाई कूल ग्राहक संख्याको १०% थप गरी दिदै आईरहेका छौं ।

| | | |
|---|---|---|
| १. भिक्षु अश्वघोष महास्थविर | २२. मिनवती स्यौड | ४३. जनक माया [illegible] |
| २. बुद्ध पूजाय् दनेगु | २३. मिनशोभा शाक्य | ४४. दसनारायण [illegible] |
| ३. हेरकाजी पुचिका | २४. मन्दिरा ताम्राकार | ४५. प्रेम शोभा [illegible] |
| ४. सिद्धी मंगल बुद्धविहार | २५. निर्मलमान तुलाधर | ४६. रत्न ज्योति [illegible] |
| ५. रामकृष्ण वैद्य | २६. चन्द्र कुमार गुरुङ | ४७. दानवती गुरुमा |
| ६. सुवर्ण छत्रपुर विहार | २७. कर्णदेवी तुलाधर | ४८. बोधवन विहार |
| ७. कृष्ण कुमार प्रजापति | २८. अनुपमा गुरुमां | ४९. ज्ञानदेवी [illegible] |
| ८. महेन्द्र कुमार महर्जन | २९. रत्न मञ्जरी गुरुमा | ५०. सरिता मानन्धर |
| ९. श्यामलाल चित्रकार | ३०. रुप शोभा शाक्य | ५१. चम्पा महर्जन |
| १०. बनेपा-गौरीशंकर मानन्धर, पुष्पकाजी शाक्य | ३१. सोभियत रत्न तुलाधर | उपत्यका बाहिर |
| ११. रवि नारायण मानन्धर | ३२. इन्द्रावती गुरुमा | १. नील कुमारी स्थापित, धरान |
| १२. प्रेम बहादुर नकर्मी | ३३. जयवती गुरुमा | २. याम शाक्य, [illegible] |
| १३. प्रदिप शाक्य | ३४. अशोक कुमार महर्जन | ३. [illegible] |
| १४. वीर्यवती गुरुमा | ३५. प्रकाश श्रेष्ठ | ४. [illegible] |
| १५. अमिर कुमारी शाक्य | ३६. रोशनकाजी तुलाधर | ५. [illegible] बहादुर [illegible] |
| १६. अगाम्य रत्न कंसाकार | ३७. रमा शोभा कंसाकार | ६. [illegible] |
| १७. सहना मानन्धर | ३८. प्रेमकृष्ण महर्जन | ७. [illegible], त्रिशूली |
| १८. प्रफुल्ल कमल | ३९. विकासरत्न तुलाधर | ८. विमल बहादुर [illegible], बुटवल |
| १९. तिलमान सिं | ४०. ज्ञानेन्द्र महर्जन | ९. बुद्धराज शाक्य, [illegible] |
| २०. प्रेमकाजी [illegible] | ४१. कमल मैया वज्राचार्य | |
| २१. चमेली गुरुमा | ४२. तारा देवी तुलाधर | |

कूल पत्रिकाको नियमित ग्राहक ७६.५९%, विशेष सदस्य २०.८५% छन् भने नि:शुल्क २.५६% वितरण हुन्छ । कूल पत्रिकाको ७५% वितरण ग्राहक उहाँको मार्फत, १७.८०% कुरियर मार्फत र ६.२०% हुलाक मार्फत पोष्ट भएर जान्छ ।

गोश्वरा हुलाकमा दर्ता गरी पत्रिका पोष्ट गर्ने सुविधा लिई पोष्ट गर्दा वि.सं.२०५३ साल सम्ममा १ प्रति पत्रिकाको १५ पैसामा नेपाल अधिराज्यभर पोष्ट हुन्थ्यो त्यस हिसावले सम्पूर्ण पत्रिका पोष्ट गर्दा रु.१००/- भए पुग्थ्यो । त्यस बेलाको तत्कालिन सरकारले दर्ता गरी सुलभ पोष्ट गर्ने



Downloaded from http://www.dhamma.digital

सुविधा खारेज गरेको हुनाले हाल साधारण १ अङ्क पोष्ट गर्न नेपाल अधिराज्यमा रु.३/-, सार्क मुलुकमा रु.३५/-, एसिया मुलूकमा रु.४५/-, जापान र यूरोप मूलूकमा रु. ६०/- र अमेरिकामा रु.७०/- लाग्ने गर्दछ। जस अनुसार प्रति अंक मासिक रु.१,५००/- थप भार व्यहोर्दै आइरहेको छ।

**६. भावी योजना**

यस पत्रिका प्रति महिना २५०० प्रति छपाई हुन्छ। पत्रकारिताको नियम अनुसार १ प्रति पत्रिका औषत ५ जनाले पढ्दा जम्मा १२,५०० जना पाठकलाई यस पत्रिकाले प्रत्यक्षरूपमा बुद्ध धर्मको प्रचारमा सु-सज्जित गर्न सकेको छ। यस पत्रिका प्रकाशन गर्न कार्यरत महानुभाव र सहयोग गर्नु हुनेको मेहनतको प्रतिफल १२,५०० जना पाठकमा मात्र सिमित रहेको छ। यसलाई बृद्धि गरी असिमित पाठक समक्ष पुऱ्याउन र विश्वको कुना कुनाबाट हेर्न सक्ने बनाउन वेभ साइटमा राख्न आबश्यक छ। यस पत्रिकाको १ साधारण अङ्क औषत ३० MB हुन्छ जसको लागि अहिलेको दररेट अनुसार प्रारम्भिक अनुमान अनुसार कम्तिमा पनि वेभ पेज डिजाईनिंग बाहेक प्रति महिना रु. १,०००/- थप व्ययभार बढ्ने छ, भने वेभ डिजाईनिङ्गमा मात्रै वार्षिक रु.८,०००/- देखि रु. ३२,०००/- सम्म लाग्न सक्ने छ। यसको लागि प्रायोजनको खोजीमा छौं। र पत्रिका बिक्री कक्षको व्यवस्था गर्न खोजिरहेका छौ।

शुरु देखि मुद्रण कार्यमा सहयोग गर्दै आएको 'न्यू नेपाल प्रेस' लाई धन्यवाद छ, जसले कभर पेज नि:शुल्क छाप्दै आई रहनु भएको छ। धर्मकीर्ति विहारका उपासक-उपासिका, विभिन्न संघ संस्था, पत्रिकाका विज्ञापन दाता, हितैषी एवं शुभ चिन्तकहरू लगायत प्रत्यक्ष-अप्रत्यक्ष रूपमा सहयोग गरी रहनु भएका सम्पूर्ण महानुभावहरूलाई पुन: एक पटक साधुवाद छ। भविष्यमा पनि यहाँहरूको गहकिलो सहयोगको निरन्तरतामा आशा एवं विश्वास गर्दछौं। भवतु सब्ब मंगलं॥


सिलन श्रेष्ठ

श्रेष्ठ सपिङ सेन्टर

इटहरी-१, सुनसरी, कोशी अञ्चल





मानव मात्रमा सुख, शान्तिका साथै समुन्नत समाजका निम्ति समर्पित **धर्मकीर्ति पत्रिकाको** सफलताको कामना गर्दै सबैमा २५५१ औं बुद्ध पूर्णिमाको मंगलमय शुभकामना !

**विनिया काजी तुलाधर**

भोटाहिटी, काठमाडौं



बुद्ध सम्वत् २५५१ व

धर्मकीर्ति पत्रिका या रजत जयन्तीया

लसताय सकसितं भिंतुना !

**लसना प्रिस्कूल (मण्टेसरी स्कूल)**

स्थापना सन् २००५

भर्ना खुला !

Play Group र Nursery तहका लागि

- Play Group देखि U.K.G. सम्म भर्ना



# धर्मकीर्ति विहार – स्वास्थ्य सेवा



रोसनकाजी तुलाधर

'यो गिलानं उपट्ठाति सो मं उपट्ठाति' 'आरोग्या परमा लाभा ...' यी र यस्तै भावना बोकेका अनेकौं बुद्ध वचन र बुद्ध कालिन घटनाहरू बौद्ध शिक्षा, विहार तथा भिक्षु भिक्षुणीहरूको प्रवचनबाट हामी अवगत हुन्छौं । नेपालमा थेरवाद बुद्ध शासनको पुनरौत्थान पछि समाजको परंपरागत रूढी सोचमा ठूलो धक्का र कम्पन ल्याएको हामी पाउँछौं । स्वतन्त्र चिन्तन र नैतिकता बोध गराउने ज्ञानमाला अभियानको प्रतिफल स्वरूप नेपालमा परोपकार संस्था तथा प्रशुती गृहको स्थापना भएको थियो ।

बुद्ध शिक्षामा निर्वाण प्राप्त गर्नु परमलक्ष्य राखेको हुन्छ । यसलाई राग, द्वेष र मोहबाट सम्पूर्ण रूपमा मुक्त अवस्था भनी व्याख्या गरिन्छ । तर जीवन भौतिक र मानसिक अवस्थाको सन्तुलनबाट डोऱ्याइरहेको हुन्छ । चित्त शुद्ध हुन, सम्यक आजिविकामा रहन स्वास्थ्य र शारीरिक ज्ञान आवश्यक हुन्छ । यही वास्तविकता महशुस गरी धर्मकीर्ति विहारद्वारा आफ्नो गतिविधिहरूमा रोगीको सेवा/स्वास्थ्य सेवालाई महत्व दिंदै आएको छ । अस्पतालका बिरामीहरूलाई फलफुल, विस्कुट वितरण गर्ने, प्रत्येक वर्ष रक्तदान कार्यक्रम गर्ने, आँखा दान गर्ने गर्दै वेलावखत शहर बाहिरका बस्ती तथा आफ्नै विहार परिसरमा विभिन्न विशेषज्ञ स्वास्थकर्मीहरूको स्वैच्छिक सहभागितामा स्वौस्थ्य शिविर गर्दै सेवा पुऱ्याउन सफल भएको छ । यसैको पृष्ठभुमिमा हाम्रो देशमा त्यागी भिक्षु/भिक्षुणी प्रति विरामी अवस्थामा स्वास्थ सेवा पुऱ्याउने कुनै राम्रो व्यवस्था नभएको तथ्य र यसबाट सद्धर्म प्रचारमा प्रभाव पुग्ने अनुभुत गर्दै वि.सं. २०५६ वैशाख पूर्णिमामा धर्मकीर्ति स्वास्थ कमिटीको व्यवस्था भयो । श्रद्धेय धम्मवती गुरुमांको अध्यक्षतामा अनुपमा गुरुमां, तारादेवी तुलाधर, डा. चन्द्रेशरत्न तुलाधर र रोसनकाजी तुलाधर संयोजक रहे । शुरूमा प्रत्येक अष्टमी, पूर्णिमा, संक्रान्तीका दिन विहान बुद्ध पुजा पछि क्लिनिक सञ्चालन गरियो । भिक्षु/भिक्षुणी तथा गुरुमांहरूमा नि:शुल्क र उपासक उपासिकाहरूलाई दर्ता शुल्क स्वरूप रु. १०।- लिई स्वास्थ परिक्षण गराउने तथा चन्दा/दानमा प्राप्त भएका औषधि नि:शुल्क वितरण गरियो । यस सेवाबाट प्रभावित श्रद्धालुहरूको चन्दाबाट एउटा स्वास्थ्य कोषको पनि व्यवस्था भएको छ जुन क्रमिक रूपमा बढ्दो छ । हिजो आज हरेक शनिबार र पूर्णिमाका दिन यो क्लिनिक निरन्तर सञ्चालन भइरहेको छ ।

यसरी विहारको स्वास्थ्य सेवाबाट आकर्षित भई विभिन्न स्वास्थ संस्थाबाट संयुक्त रूपमा कार्यक्रम आयोजना हुन थाले । काठमाडौं डेन्टल होम, पिपल्स डेन्टल कलेज, डच मदत नेपाल फाउण्डेशन, सिटी डेन्टल क्लिनिक, नेपाल आँखा अस्पताल, लायन्स क्लब, रोटरी क्लब अफ राजधानी आदिबाट विविध स्वास्थ्य कार्यक्रम सम्पन्न भएको छ । ताइवानको Kuanyen Compassion Buddhist Association को सहयोगमा चिनिया परम्पराको स्वास्थ परिक्षण/तालिम आयोजना व्यवस्था गरियो । यस्तै आस्था नेपाल भन्ने अन्तर्राष्ट्रिय डायवेटीक संस्थासंग मिलेर मधुमेह व्यवस्थापन शिक्षा र परिक्षण शिविर तीन पटक सम्पन्न भयो । यस्तै Faith Healing, योगा र Phisiotherapy सेवा पनि बेलावखत प्रदान गरिएको छ । यसरी धर्मकीर्ति विहारबाट बुद्ध शिक्षाको प्रचार संगसंगै स्वास्थ्य क्षेत्रमा पनि उल्लेख्य योगदान गर्दै आएको छ ।

नेपालको बौद्ध जगतमा, खास गरी प्रव्रजित हुनुभएका भिक्षु, भिक्षुणी तथा गुरुमांहरूको संघलाई आवश्यक पर्ने स्वास्थ्य सेवा पुऱ्याउने राम्रो व्यवस्था चतुप्रत्यय भित्र पर्रे पनि उपासक वर्गबाट यसको व्यवस्था (व्यक्ति विशेष वाहेक) गर्न सकेको देखिन्न । मैत्री, करुणा, मुदिता र उपेक्षा भावबाट प्रेरित भै श्रद्धापूर्वक नि:शुल्क स्वास्थ्य सेवा पुऱ्याउने संकल्प धर्मकीर्ति स्वास्थ्य कमिटीले गरेको छ । यसको निमित सबैतिर बाट सहयोग जुटाउँदै उपयुक्त ठाउँमा एउटा स्वास्थ्य केन्द्र बनाउने योजना गरेको छ । सबै श्रद्धालुहरूको भावना र सहकार्य यसलाई स्वीकार्य हुनेछ । यही सिलसिलामा मनकामना विमेन्स क्याम्पस फन्डको सहयोगमा धर्मकीर्ति विहारका एकजना भिक्षुणी गुरुमां रस्मावतीलाई छात्रवृत्तिमा स्टाफ नर्स कोर्ष अध्ययन गराइरहेको छ । यसरी विहारको स्वास्थ सेवालाई आजसम्मको अवस्थामा पुऱ्याउन योगदान पुऱ्याउने सबै चिकित्सक तथा अरू कल्याण मित्रहरू कृतज्ञताका पात्र हुन् । आशा गरौं हाम्रो समाजमा बुद्ध शिक्षा र स्वास्थ्य सेवा संगसंगै लैजाने धर्मकीर्ति विहारको ध्येय पुऱ्याउन आउँदा दिनमा अझ बढी सुझाव, सहयोग र उन्नती मिल्नेछ । भवतु सब्ब मंगलम् । ■



Downloaded from http://www.dhamma.digital

■ संयोजकको कलमबाट ■

# "धर्मकीर्ति" पत्रिका र न्यू नेपाल प्रेस

प्रस्तुती- रीना तुलाधर

धर्मकीर्ति प्रकाशनको २५ औं वर्षको सुखद् उपलक्ष्यमा प्रकाशित भएको यो विशेष धर्मकीर्ति संग न्यू नेपाल प्रेसको समेत पच्चिसौं वर्ष पनि संलग्न छ भन्न पाउँदा हामीलाई खुशी लागेको छ । धर्मकीर्तिको पहिलो अंकको प्रकाशन न्यू नेपाल प्रेसबाट नै भएको अहिले झैं लाग्छ । देश, काल, परिस्थिति र परिवेशमा पनि कत्ति हो कत्ति परिवर्तन आएको छ ।

शुरूशुरुमा यही धर्मकीर्ति कोही कोहीले मात्र यदाकदा पढ्ने गर्दथे भने अहिले आएर यो धर्मकीर्ति प्रति जागेको अभिरुचि र चाहना देख्दा हामी सबैलाई खुशी र गर्व लाग्नु स्वभाविक भएको छ ।

धर्मकीर्ति नियमितरूपमा छापी प्रकाशित गर्न न्यू नेपाल प्रेसका संस्थापक स्व. श्री रत्न मान सिंह तुलाधरज्यूको अभिरुची र प्रकाशनमा प्राप्त भएको सौहार्दपूर्ण सहयोगको हामी स्मरण गर्न पाउँदा खुशी छौं । यसको प्रकाशनको निरन्तरताको लागि न्यू नेपाल प्रेस सँधै संलग्न रहिरहनु भएको छ । पत्रिका प्रकाशनमा सम्पादक र व्यवस्थापकको प्रत्यक्ष योगदान देखिन्छ भने मुद्रकको भूमिका अदृश्य हुन्छ । मुद्रण पक्षले आफ्नो पक्षबाट समयमा पत्रिका प्रकाशित गर्न भएभरको मेहनत गर्नु पर्ने हुन्छ । प्रेस भित्रका कामदारहरूले काममा धेरै मिहेनत गर्नुपर्ने हुन्छ । यदि समयमा काम सक्काई दिन नसके ठूलो अवगाल खप्नु पर्ने हुन्छ । धर्मकीर्ति पत्रिकाको यो भाग्य हो कि न्यू नेपाल प्रेस जस्तो मुद्रकसँग यो सम्बन्धित छ । सँधै पूर्णिमाको एक दिन अगाडि पत्रिका ठीकै समयमा छापेर आउनुको पछाडि न्यू नेपाल प्रेस परिवारको ठूलो योगदान छ । तीसौं वर्ष सम्म यसरी नियमित सेवा पुऱ्याई राख्नु भनेको चानचुने कुरा होइन ।

न्यू नेपाल प्रेसका मालिक वर्गमा पर्ने दिवंगत रत्न मान सिंह तुलाधर, विजय मान सिंह तुलाधर र अजय मान सिंह तुलाधर पनि बुद्ध धर्ममा आस्था भएका व्यक्तित्वहरू भएकोले धर्मकीर्तिको काम भनेपछि हुरुक्कै हुनुहुन्छ । सँधैभरि कभर पेजको छूट दिनु कम श्रद्धाको नमूना होइन । नेपाल प्रेसबाट पाइरहेको अन्य सहुलियत पनि उल्लेख गरेर साध्य छैन ।

धर्मकीर्ति पत्रिकाको ज्ञानको श्रोत प्रेसमा काम गर्ने व्यक्तिहरूमाथि पनि परेको हुन सक्छ । यस प्रेसका पुराना सेवकहरू मित्रमान बनियाँ, गोविन्द, रामकृष्ण लामिछाने, सुरेन्द्रकुमार राजथलाहरू पनि असाध्यै मिहेनती इमान्दार, भद्र स्वभावका हुनुहुन्छ । उहाँहरूले धर्मकीर्तिको सारा भण्डार आफ्नो कम्प्यूटरमा संचित गरेर राख्नु भएको छ साथै जुनबेला जे साम्रग्री माँग्दा पनि सजिलैसँग झर्को नमानी उपलब्ध गराईदिनुहुन्छ । न्यू नेपाल प्रेस परिवारको सौहार्दपूर्ण व्यवहार, मान-मिजास, आचरण जति 'धर्मकीर्ति कै प्रभाव हो कि भनी सोच्न लायक छ । धर्मकीर्तिको ज्ञानको स्रोत यहाँ पनि पक्कै पुगेको हुनुपर्छ ।

भविष्यमा पनि न्यू नेपाल प्रेसबाट यसको निरन्तरताको लागि यस्तै सौहार्दपूर्ण सहयोग रहिरहने छ भनी हामी विश्वस्त छौं । ■

- 'राग बराबरको आगो अर्को छेन, द्वेष बराबरको ग्रह अर्को छैन, मोह बराबरको जाल अर्को छेन र तृष्णा समानको नदी अर्को छैन ।' - धम्मपद
- क्रोध नगर, अभिमान नगर, सबै बन्धनबाट पार तरेर जाउ, नाम-रूपमा आशक्त नहुने परिग्रह रहित व्यक्तिलाई दु:ख सन्ताप हुनेछैन । - धम्मपद
- जो सँधै जाग्रत भएर रातदिन योगाभ्यासमा लागीरहन्छ, निर्वाण नै जस्को एकमात्र अभिलाषा हुन्छ, त्यस व्यक्तिको आस्रव र चित्तमल नष्ट हुन्छ । - धम्मपद

# 'शान्ति'

■ नरेन्द्रनाथ भट्टराई

*यस विश्वब्रह्माण्डमा शान्ति नचाहने कोही पनि छैनन् । गहिरिएर हेर्ने हो भने जीवनको एकमात्र उद्देश्य पनि शान्ति नै हो । जीवमात्रले जे-जति काम कुरा गरेका छन् शान्ति प्राप्तिकै लागि गरेका छन् । मानिस त झन् सबै प्राणीमा बढी विवेकशील भएकोले यसले आफ्नो विवेक प्रयोग गरेर अनगिन्ती तरिका अपनाएर शान्ति पाउने चेष्टामा लागिरहेको छ । तर मानिसको जीवन दशा हेर्ने हो भने शायद सम्पूर्ण जीवजन्तुमा सबभन्दा बढी अशान्त मानिस नै पाइन्छ ।*

**चन्द्र, मंगल, शुक्र आदि ग्रहहरूमा जति नै पटक पुगे पनि जे जति खोजे पनि, भेटे पनि मानिस अपूर्ण नै रहन्छ । जसले आफ्नो खोजी गरेर आफूमा पुग्दछ, आफूलाई भेट्दछ त्यसले पाउनुपर्ने र भेट्नुपर्ने कुरा केही बाँकी रहँदैन ।**

एकजना मानिस ज्यादै क्रोधी थिए । क्रोधकै आवेशमा आएर एक पटक पिट्दाखेरि तिनको स्वास्नी नै मरिन् । यस घटनाले ती क्रोधीलाई ज्यादै चिन्ता पऱ्यो । अशान्ति र चिन्ताले गर्दा तिनी यत्रतत्र छटपटिएर हिँड्न थाले । एकदिन एकजना सन्तकहाँ पुगे । ती सन्तको उपदेशको ठूलो प्रभाव उनमा परेछ । घरबार सबै ती स्वामीजीको मठलाई अर्पण गरेर आफ्नो मानसिक स्थिति र आफूले गरेका यावत् कुकृत्य सन्तलाई बताएर सन्तको चरणमा परेर यो अशान्ति अवस्थाबाट उद्धार गरिदिन र शिष्यत्व ग्रहण गरिदिन आग्रह गरे । सन्तले पनि तिनलाई शिष्य बनाएर राखे । ती शिष्यको त्याग र लगनशीलता देखेर सन्तले उनको नाम शान्तिनाथ भनेर राखिदिए । १५/२० वर्षपछि, सन्तको मृत्यु भयो । मठका सबभन्दा जेठा र सन्तका प्यारा शिष्य भएकाले तिनै शान्तिनाथ त्यो मठका मुख्य मठाधिश पनि भए । २०/२५ जना चेला पछि लगाउँदै एकदिन शहरतिर गएका थिए तिनलाई पुराना एकजना साथीले देखे । आफ्नो क्रोधी साथी महात्मा बनेर चेलागण समेत पछि लगाएर हिंडिरहेको देखेर आश्चर्य र खुसी पनि हुँदै भेटघाट गर्न भनी अघि बढे । तर शान्तिनाथले तिनलाई चिनेको नचिनै जस्तो गरेको मित्रले थाहा पाए । त्यस्ता क्रोधी मानिस कसरी महात्मा भए होलान् भन्ठानी नचिने पनि कुराकानी गर्नै पऱ्यो भनी अघि बढे । साथीले नमस्कार गर्दै सोधे, "महात्मा, हजुरको नाम के हो ?" महात्माले कड्कीएर भने, "रेडियो सुन्दैनौं, अखबार पढ्दैनौ ? पत्र-पत्रिका, रेडियोहरूमा मेरो नाम आइरहन्छ । मेरो नाम शान्तिनाथ हो ।" एकैछिनपछि फेरि साथीले, "ओहो, महात्माजी ! मैले बिर्सिएँ, हजुरको नाम केरे, एकपटक फेरि बताइदिनु हुन्छ कि ?" भने । यो कुरा सुन्दा शान्तिनाथ आँखा तरेर, "भरखर भनेको मेरो नाम बिर्सने कस्तो मानिस रहेछ" भन्दै औंला ठड्याएर भने, "शान्तिनाथ ! शान्तिनाथ !! शान्तिनाथ !!!" "कत्तिका शान्त रहेछन् हेर्नैपऱ्यो" भनी साथीले एकैछिनपछि फेरि "ए हजुर ! मैले त भुसुक्कै बिर्सिएँ, हजुरको नाम के रे ?" भनी के सोधेका थिए, हातमा लिएको लठ्ठीले हिर्काइहाले टाउकोमा । "कत्ति पटक भनुँ मेरो नाम शान्तिनाथ, शान्तिनाथ भनेर ।" मित्र जुरुक्क उठेर हाँस्दै, "हे मित्र ! तिम्रो नाम शान्तिनाथ भए पनि त २० वर्षअगाडिकै जो स्थिति थियो त्यही रहेछ" भनेर हिँडे ।

नाम मात्रको शान्तिनाथ काम लाग्दैन । यसैगरी नारा मात्रको शान्ति पनि निरर्थक हुन्छ । अहं साथमा रहुन्जेल चाहे बीसौं, तीसौं, पचासौं वर्ष जङ्गलमा बसोस्, चाहे सारा शास्त्र कण्ठ गरोस्, चाहे अनेकन् व्रत, उपवास, जप, तप गरोस् त्यस्ताले तृप्ति, सन्तोष, शान्ति पाउँदैन ।

■

*"क्षण क्षणमा उत्पन्न हुने, रोक्न गाह्रो, जताततै दगुर्ने, स्वेच्छाचारी चित्तलाई दमन गर्नु ठीक छ, चित्त दमन गर्नाले नै सुख पाईन्छ ।" — धम्मपद*



Downloaded from http://www.dhamma.digital

# योगाभ्यास विधि – २७

रेकी, योगा शिक्षक एवं प्रा.चि. डा. **गोपाल प्रधान**
*रेकी वैकल्पिक उपचार केन्द्र, भोटाहिटी, काठमाडौं - ४२२४०८५*

## निन्द्रा स्वास्थको लागि अति उत्तम खुराक

शारीरिक श्रम र मानसिक श्रमको सन्तुलन विग्रन गएमा मानिसहरू धेरै रोगको शिकार हुन पुग्छ । त्यस्ता रोगहरूमध्ये अनिद्रा प्रमुख मानिन्छ । दिनभरी शारीरिक परिश्रममा क्रियाशील हुँदा आरामको जरूरी हुन्छ । आरामका लागि प्राकृतिकरूपमै शरीरले मानिसक तथा शारीरिक आराम प्राप्त गर्न मानिसहरू निदाउँदछ । निदाएको अवस्थामा रक्त सञ्चार-प्रणाली, शारीरिक क्रियाकलाप नहुने र संसारिक गतिविधिको ज्ञान नहुने हुँदा तुलनात्मक रूपले वेहोसी अवस्थामा हुन्छ । निद्रा वा वेहोसीकै अवस्थामा शरीरको कोशिका र तन्तुको पुर्नस्थापन वृद्धि र विकास हुन्छ । मानिसलाई ताजा, स्वस्थ र फुर्तिलो बनाउन पनि नियमित निदाउनु जरूरी हुन्छ । कम उमेरकालाई बढी (१०-१५ घण्टा दैनिक) तथा वयस्क र बुढचौलीले कम्तीमा पनि दैनिक ५-६ घण्टा निदाउनु जरूरी हुन्छ । प्राय: बुढचौलीमा निदाउने प्रक्रिया घट्दै जान्छ । निद्राको अवधिमा गडवडी भएमा, यसले शरीरमा विभिन्न प्रकारको नकारात्मक लक्षणहरू देखिन थाल्दछ, यसैकारण यी समस्याबाट मुक्तहुन पूर्ण रूपले मानसिक र शारीरिक रूपले आराम अर्थात् निदाउनु पर्दछ ।

**निन्द्रा नलाग्ने कारणहरू–**

अनिद्रामा रोगीहरूको निद्रा गुणात्मक तथा सङ्ख्यात्मक रूपले निरोगीको भन्दा कम हुन्छ । यस्ता व्यक्तिहरू अनिद्राकै कारण आलस्य, थकावट, झर्किने, राम्ररी कुरा बुझ्न नसक्ने हुन्छन् । त्यस्तै बोली अशुद्ध र लर्बरिने हुन्छ । धेरै दिनसम्म अनिदो रहने मानिसहरूले निद्राको क्षतिपूर्ति सुतेर मात्र परिपूर्ति गर्न सक्दैन । त्यसैले अनेक रोगहरू निम्त्याउन सक्दछ । यसरी मानिसहरूलाई निद्राबाट वयस्कलाई भन्दा वृद्धहरूलाई बढी समस्या हुन्छ । त्यस्तै वृद्धहरूलाई निद्राको समस्या जाडो होस् वा गर्मी बाऱ्है महिना निदाउन गाऱ्हो पर्दछ । यसका प्रमुख कारण उमेर बढ्दै गएपछि आउने मानसिक तनाव हो ।

**(१) मानसिक समस्या–**

चिन्ता, तनाव, अत्यधिक खुसी, अनावश्यक सोचाइहरू, उच्च महत्वकांक्षा तथा विभिन्न मानसिक समस्याहरूका कारण अनिदो हुनेहरू जिन्दगीभरी आरामको जिन्दगी बिताउन पाएका हुँदैनन् । यस्ता रोगीहरू रातमा ३-४ चोटी ब्यूँझने, उठिरहने तथा आफ्नो भनाइलाई बढाइ-चढाइ भन्ने स्वभावका हुन्छन् । रात भरको अनिदो, बेचैनी र तनावहरूका कारण रातभर ओल्टो-कोल्टो फेर्दै रात बिताउँदछ र अन्तमा विहान पख अलिकति अर्थात् केही समय निदाउन सफल हुन्छन् ।

*क्रमश:*

### वैशाख पूर्णिमा

■ राजीव [illegible]

वैशाख पूर्णिमाको दिन जन्मेको भगवान बुद्ध
[illegible]
[illegible]
[illegible]
[illegible]

वैशाख पूर्णिमाको दिन जन्मेको भगवान बुद्ध
त्यही दिनमै समाधि र बोधिज्ञान प्राप्त गर्यौ ॥
बुद्ध तिमी फेरि जन्मेर आऊ बुद्ध जन्मेको देशमा
दिन ढल्दै छ बुद्ध ॥

यो कस्तो देख्नु पर्यो आज तिमी फेरि फर्केर आऊ
विश्व [illegible] फेरि [illegible] आऊ
[illegible] ॥
वैशाख पूर्णिमाको दिनमै समाधि र बोधिज्ञान प्राप्त गर्यौ ।

[illegible]
कस्तो महान विज्ञान, तिम्रो शिक्षा अपरम्पार
[illegible]
[illegible] ॥
[illegible] ।
वैशाख पूर्णिमाको दिन जन्मेका भगवान बुद्ध
तिम्रो महिमा अपरम्पार तिमीलाई गर्दछु म
कोटी-कोटी प्रणाम ॥

# 'धर्मकीर्ति गतिविधि' धर्मकीर्ति स्थायीं स्तम्भ



*'धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी' का स्थापना कालका सदस्यहरू*

***'धर्मकीर्ति गतिविधि' धर्मकीर्ति पत्रिकाया स्थायी स्तम्भकथं थौंतकं पिदना च्वंगु दु । 'अध्ययन गोष्ठीया गतिविधि' नांगु थ्व समाचार स्तम्भ २०२९ सालं पिदंगु न्हापांगु 'धर्मकीर्ति' पत्रिका पाखें साभार खः । – संयोजक द्वय)***

**अध्ययन गोष्ठीया गतिविधि**

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया उद्देश्य अनुसार "बौद्ध शिक्षा अभियान" थुकिया मुटु खः । थ्व हे लक्ष ज्वना प्रत्येक शुक्रवारपतिं धर्मकीर्ति विहारय्सं बौद्ध शिक्षा बियेगु ज्या जुया च्वन ।

थ्व सिलसिलाय् पश्चिम नं १ त्रिशूली बजारय् पौष ३,४,५,६ जूगु प्यन्हु यंकया कार्यक्रम दकले न्हापांगु बौद्ध अभियान कार्यक्रम खः ।

**बिदाइ समारोह**

२०२८ चैत्र १८ खुनु धर्मकीर्ति विहारय् महामहिम कार्यवाहक बर्मी राजदूत उल्हाया सपरिवार यात धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया पाखें विदाई समारोह सम्पन्न जुल ।

पञ्चशील प्रार्थनां लिपा अध्ययन गोष्ठीया कोषाध्यक्ष सुश्री सुमन कमलं स्वागत भाषण बासे धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया साप्ताहिक कार्यक्रम आर्थिक स्रोतया बारे चर्चा याना दिल । वयकः नं धयादिल - थ्व अध्ययन गोष्ठीं बुद्ध व बुद्ध धर्मया अध्ययन नापं व्यवहारय् गथे छ्यलेगु धयागु थ्वीका बियेगु कुतः याना च्वंगु दु ।

अनं लिपा महामहिम बर्मी कार्यवाहक राजदूतया श्रीमती धो त्तां नंवाना धयादिल– बर्मा तोता नेपा वयेतेका अनया देशयापिसं न्यन नेपा धयागु गन ? बुद्ध जन्म जूगु देश खः अन हे वनेतेना धया बले– बर्मीतसें धाल अज्यागु देशय् वने दुगु भाग्यया खँ खः ।

वयेकनं धयादिल - नेपा थ्यनेबं थनया धार्मिक



Downloaded from http://www.dhamma.digital

चलन, पूजाविधि व वर्माया बौद्ध चाल चलन यक्वं पा:गु खना । बुद्ध जन्म जूगु देशय् बौद्ध चरित्र व बौद्ध जागृति मखनागुलिं मने भचा दु:ख जुल । तर स्वदंति थन च्वनाया भित्रे बौद्ध धर्म प्रचार जुया वया च्वंगु व बौद्ध जागृति दया वई च्वंगु खना लय्ताया च्वना । विशेषं धर्मकीर्ति विहारे धम्मवती प्रमुख मेपिं प्यह्म न्याह्म अनगारिकापिं बर्माय् ब्वनावोपिं धर्म प्रचारया ज्या याना च्वंगु जिमिगु लागि गौरवया खँ ख: ।

आ: हानं बौद्ध अध्ययन गोष्ठी दयेका ल्यायह्म ल्यासिपिन्त न्हूगु धाँचां बौद्ध शिक्षा बियाच्वंगु खना साव लय्ताया च्वना ।

वयकलं बर्मी बौद्ध जीवनया चर्चा यासें धयादिल बर्माय् बौद्ध धर्म प्रचार यायेगुली मिसातसें अपो सहयोग बियाच्वंगु दु । मातापक्ष धर्मे ला:गुलिं मच्त नं धर्म अनुसार तालिम जुया च्वं ।

अध्ययन गोष्ठी पाखें नेपाली तपुली, ढाकाया गा व नेपाली काप: लाक्कां आदि उपहार प्रदान जुल ।

अनं लिपा गुरुमां धम्मवती बौद्ध अध्ययन गोष्ठीया उद्देश्यया बारे नंवाना धया बिज्यात– भीथाय् बौद्ध धर्मया शिक्षा अभाव जुया च्वंगुलिं छुं भतिचा बौद्ध शिक्षा प्रचार यायत थ्व अध्ययन गोष्ठी स्थापना जूगु ख: ।

थ्व गोष्ठीया मेगु उद्देश्य ख: गाँगामे वना बौद्ध शिक्षा प्रचार या:वनेगु थ्व उद्देश्य नं दकले न्हापां त्रिशूली वना बौद्ध अभियान कार्य जुल । उद्देश्य अनुसार व ज्या नं शुरु ज्वी धुंकल ।

मेगु उद्देश्य ख: सफू छापेयाना प्रचार यायेगु, थ्व नं लय् छगू धयाथें छापेजुया च्वंगु दु ।

मेगु उद्देश्य ख: पत्रिका अर्ध वार्षिक, अथे नं मफुसा दच्छि छक जूसां पत्रिका पिकायेगु व नं बैशाख पूर्णिमाया उपलक्षे पिहाँ वइच्वन ।

ल्यं दनि बौद्ध गण्यमान्य बौद्ध अतिथि तयगु स्वागत सम्मान यायेगु । व उद्देश्य नं थौं जुल । विस्तारं उद्देश्य अनुसारं ज्यायाये फुगु हर्षया खँ ख: ।

श्री लोकदर्शन बज्राचार्यजुं नंवाना धया बिज्यात, बौद्ध जीवन व बौद्ध शिक्षाया महत्व थूगु हे आनन्द कुटीया सत्संगत जूगुलिं ख: । अनं लंका याह्म पूज्य नारद महास्थविरया पाखें बौद्ध शिक्षाया बारे न्यने खन । विशेषं जित स्थविरवादी भिक्षु पिनिगु धर्म प्रचार कार्य व अनगारिका पिनिगु बौद्ध धर्म प्रचार ज्या भचा ग्यसुला खना । अथे धका गुर्जु धर्म मज्यु धयागु मखु । फुकस्यां मूल स्रोत बुद्ध हे ख: । फुकस्यां गुरु बुद्ध हे ख: ।

वसपोलं धया बिज्यात भीपिं बौद्ध जुया च्वनाथें मचांनिसें बौद्ध शिक्षा व बौद्ध वातावरणे च्वने दुसा, सत्संगत याये दुसा भीगु बौद्ध जीवन सफल ज्वी व बौद्ध संस्कार ब:लाना च्वनी ।

अन्ते श्री लोकदर्शनजुं धर्मकीर्ति विहारय् बौद्ध शिक्षा सफलता प्राप्त या:पिन्त पुरस्कार प्रदान यायया लागी स्थायी दाता ज्वी धयागु वचन बिया बिज्यात ।

अन्ते गुरुमा धम्मवती श्री लोकदर्शन बज्राचार्य पुरस्कार वितरणया लागी मा:गु खर्च जिम्मा कया बिज्या:गुलिं वसपोलप्रति कृतज्ञता प्रकट याना बिज्यात । ■

बुद्ध सम्वत् २५५१ व "धर्मकीर्ति पत्रिका" या रजत जयन्तीया लसताय् सकसितं भिन्तुना !



मांभायया संरक्षण शिक्षाय् स्तरीयता
थ्व हे ख: जिमिगु स्कूलया विशेषता

Modern Newa English School

Durbar Marg, Kathmandu. Tel. 4247703
e-mail: newaschool@mail.com.np • website: www.newaschool.com.np

A school dedicated to quality education through mother language

# धर्मकीर्ति व भिक्षु सुदर्शन महास्थविर



दुण्डबहादुर वज्राचार्य

बुद्ध धर्म सम्बन्धी अनुसन्धान मूलक च्वसुत नेपालभाषां छापे जुइगु ग्यसुग्यंगु पत्रिकात भ्चीथाय् नियमित रुपं पिलू वये मफया च्वंगु खँय् दिवंगत भिक्षु सुदर्शन महास्थविरलिसे बरोबर खँ जू । थ्व खँय् वसपोल भन्ते साप हे लुमदं । भ्चीथाय् ग्यसु ग्यंगु च्वसुया च्वमित पिलू वये मफया च्वंगुया छता कारण अनुसन्धान मूलक पत्रिकाया अभावं खः । मेमेथाय् जूसा थजागु पत्रिकाया नितिं च्वमिपिंत विशेष इनाप याना हे खास खास विषयया च्वसुत तयार याकीगु जुया च्वन । च्वमिपिनि नं च्वसु तयार यायेवं पारिश्रमिक दइगु जुया छपु च्वसु च्वयेत थीथी सफूत पुइकेत तःगुमछि लाइब्रेरी वने माःसां वनी अथवा सम्बन्धित थासय् बा ख्यलय् वा विशेषज्ञत नाप लाना तन्हुमछि बिका माला, वाला, क्यला, लुइका तताहाकःगु ग्यसुग्यंगु च्वसुत रचना याइ । अन्यागु हे पत्रिकातय्सं थजागु च्वसुयात विशेष स्थान बिया प्रकाशन याइ । भ्चीथाय् जूसा थजागु च्वसुत भतिचा तहाक जुल धाधां सम्पादकतय्सं थःगु पत्रिकाय् थाय् बिइत थाकु चाइगु जुया च्वन । हानं कथंकदाचित थजागु च्वसुत छापे हे जूसां तःगुमछि अंकय् छरे जुया पिदनीगु जुया च्वन । थुकिं याना च्वमिपिंके नं विषयवस्तुस दुने थ्यंक दुग्येक दुहाँ मवंसे द्योने द्योने जक ब्वसाथें बचाहाक याना च्वसु च्वयेगु प्रवृत्ति खने दुगु जुल ।

भ्चीथाय् तःदँ न्ह्यो निसें पिदना च्वंगु बौद्ध मासिक पत्रिकात मध्ये आनन्दभूमि धुंका धर्मकीर्तिया स्थान दुगु जुल । वि.सं. २०२९ सालं वैशाखपुन्ही निसें धर्मकीर्ति ११ दँ तक दँपौया रुपय् पिदन । अले २०४० सालं निसें २०४२ साल तक निला पौया रुपय् पिदन । अनं निसें थौं तक लय्पौया रूपय् नियमितरुपं पिदना च्वंगु जुल । श्रद्धेय अश्वघोष महास्थविर थुगु प्रतिकाया प्रारम्भिक कालं निसें सम्पादक, प्रधान सम्पादक जुया अटुटरूपं धर्म व भाषाया ख्यलय् थौंतक गुगुकथं भ्या भतिचा हे अल्सी मचासे संलग्न जुया सेवा याना बिज्याना च्वन, थ्व वसपोलया कुतः अतिकं च्वछायेबहः जूगु जुल । धात्थें धायेमाल धाःसा धर्मकीर्ति पत्रिकायात थौं थन तक थ्यंकेगुली वसपोल भन्तेया जाँगरयुक्त परिश्रम व कुतःया विशेष भूमिका दुगु जुल । अथे हे प्रकाशकया दुनेया मू भूमिकाय् धम्मवती गुरुमांया योगदान नं उलि हे लुमंकेबहः जूगु जुल । बरु बुद्धधर्म व नेपाल भाषाया ख्यलय् धर्मकीर्ति पत्रिकां ब्यूगु योगदानयात नं लुमंके माःगु दिं थ्यंकःवलथें च्वं । थुकिया निर्ति धर्मकीर्ति पत्रिका परिवार बढाइया पात्र जुल ।

आः थन प्रस्तुत च्वसुया छ्योंकथं दिवंगत भिक्षु सुदर्शन महास्थविरया च्वसुत धर्मकीर्ति पत्रिकाय् इलय् ब्यलय् पिदंगुया धलः न्ह्यब्वयेगु कुत जुइ–

| *धर्मकीर्ति* | वर्ष | अङ्क | पूर्णाङ्क |
|---|---|---|---|
| सच्छिगः शान्ति-स्तूपया सिचू-किचलय् सच्छिदं दुम्ह फूजी गुरुजी | २०४० चैत्र ५ | | |
| बौद्ध संस्कृतिया स्वास्थ्योपचार-१ | २०४१ असोज ८ | | |
| बौद्ध संस्कृतिया स्वास्थ्योपचार-२ | २०४१ सकिमना पुन्ही ९ | | |
| पूज्य ञाणसंवर महास्थविरया दर्शन | २०४२ सकिमना पुन्ही १८ | | |
| धर्म व जीवन | २०४३ होली पुन्ही ३५ | | |
| त्रिरत्नशरण | ४ | ५ | ४० |
| गुण म्हस्यूम्ह व गुण दुम्ह | ४ | ९ | ४५ |
| अशोकया सप्त स्तम्भाभिलेखया उद्देश्य–सन्दर्भय् लुम्बिनीस्थित अशोक स्तम्भ अभिलेखया "उबलिके कटे" | ६ | १ | ४९ |
| ह्वेनसाङ्गको यात्रा वृतान्तमा थेरवाद | ७ | १ | ६२ |
| बौद्ध संस्कृतिमा रक्तदान | ८ | ५ | ६६ |
| शाक्यमुनि बुद्धया जन्म जूगु थाय् लुम्बिनी वन : लुम्बिनी ग्राम | ७ | ९ | ७० |
| चार संवेजनीय स्थानका मूर्तिहरू | २०४७ बैसाख ७४ | | |
| महाकवि अश्वघोषकृत "बुद्धचरितम्" को शब्दमा बुद्धत्व प्राप्ति | ८ | ५ | ७८ |
| श्री शिवदेव संस्कारित श्री रुद्धवर्ण महाविहारका सर्व संघका गुरुजुहरू | ८ | ५ | ८१ |
| अजन्ता | ९ | १ | ८७ |
| बुद्ध-धर्मया अनुयायीपिं क्वातुक छपाँय्-छधी यायेत भ्चीगु कर्तव्य | ९ | ३ | ८९ |



Downloaded from http://www.dhamma.digital

| | | | |
|---|---|---|---|
| वैशाख-पूर्णिमा : बुद्ध-पूर्णिमा | ११ | १ (१११) | |
| हिन्दू शब्द.... | ११ | ३ | |
| बोधिसत्त्वको शाक्य जनपद लुम्बिनी ग्राममा जन्म | ११ | ५ | |
| नेपा:या न्हूम्ह संघनायक | ११ | ८ | |
| अजन्ताया चित्रकला-१ | १ | ११ | १० |
| अजन्ताया चित्रकला-२ | २ | ११ | ११ |
| नेपालय् धर्म निरपेक्षता | १२ | २ | |
| थारु : बौद्ध परिचय | १२ | ८ | |
| बौद्ध दृष्टिमा माघ पूर्णिमाको महत्व | १२ | १२ | |
| बुद्ध जयन्ती समारोह समिति २५२९ का अध्यक्ष भिक्षु सुदर्शन महास्थविरको वक्तव्य | १३ | ३ | |
| लुम्बिनी विकास योजनाका निर्माण कार्य संक्षिप्त इतिहास | १३ | ४ | |
| लुम्बिनीको बौद्ध संग्रहालय : एक चिन्तन | १५ | ५ | |
| कपिलवस्तुका बुद्धकालीन थेरहरू | १३ | १० | |
| लुम्बिनी विश्वशान्तिको एक प्रतीक | १४ | १२ | |
| कपिलवस्तु | १५ | ४ | |
| स्तूप र शान्ति स्तूप इतिहासमा लुम्बिनी शान्ति स्तूप | १९ | ९ | |
| आचार्य नागार्जुनया सुप्त उल्लेखं | १९ | ११ | |
| बौद्ध वाङ्मयको शब्दमा बुद्धको जन्म | २० | ४ | |


दि. भिक्षु सुदर्शन महास्थविरया च्वसुत थी थी उपनामं नं थीथी पत्रिकाय् पिहाँ वः । वसपोलं धर्मकीर्ति पत्रिकाय् नं छपु लेख श्रमण नामं "लिपिया नां" २०४५ भाद्र पूर्णाङ्क ५३ स पिकया बिज्यागु खने दु । थथे हे अन्य उपनामं पिहाँ वःगु च्वसुत मालेगु ज्या ल्यं हे दनिगु जुल ।

थुकथं बौद्ध विद्वान सुदर्शन महास्थविरया अनुसन्धनात्मक च्वसुयात थाय् बिया: धर्मकीर्ति पत्रिकां पत्र पत्रिका जगतया मूगु भूमिका पूवंकूगु दु । च्वसु तहाक जूसा थी थी अंकय् भाग ब्वथला: नं ताहाक:गु अनुसन्धनात्मक लेख पिथना: धर्मकीर्ति पत्रिकया पाठकपिन्त लाभान्वित या:गु जुल ।

■

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरुज्झन्ति तेसंऊपसमोसुखो**

*जन्म :*
*वि.सं. १९७१ मंसिर ६*



*दिवंगत :*
*वि.सं. २०६३ माघ २९*

## दिवंगत तेजमाया तुलाधर

धर्मकीर्ति पत्रिकाका विशेष सदस्य तेजमाया तुलाधर दिवंगत हुनु भएकोले उहाँका परिवार हरूले यस दु:खद घडीमा संसारको अनित्य, दु:ख एवं अनात्म स्वभावलाई स्मरण गरी धैर्य धारण गर्न सकुन् भनी कामना गर्दै श्रद्धाञ्जली अर्पण गर्दछौं ।

## धर्मकीर्ति पत्रिका परिवार

धर्मकीर्ति विहार, श्रीघ:न:घ:
काठमाडौं

# बुद्ध धर्मया लँपुइ भिक्षुणी धम्मवतीया योगदान



अमृतमान शाक्य भिक्षु

**"बुद्ध शासनया लँपुइ धर्मकीर्ति विहार या योगदान"** धैगु भिक्षुणी धम्मवती गुरुमांया नेपादे प्रति याये मागु थगु जिम्मेवारी ख: । सुंनं नागरीकं जन्मसिद्ध अधिकार कथं थम्हं थगु दे प्रति याये मागु दायित्व मचायूक याना च्वनि । वसपोल मचांनिसें बुद्ध धर्मय् मन क्व सा:म्ह जुया: १४ दँया मचागु बैसय् थ:गु मां दे त्वता: बर्माय् वना:बुद्ध धर्म अध्ययन या:व न । वहे नेपा:या मिसापिं मध्ये छम्ह न्ह्यथने बह:म्ह बुद्ध धर्मया योद्धा मधासे मगा: । राणा शासनया इलय् ज्यू ज्यानयात हे परवाह मतसे नेपादेया जनतायात शान्ति खयकेगु निम्ति हे लगनसिल पूर्वक १४ दँ तक्क अध्ययन यानालिं २०२० सालय् नेपा: वया: थम्हं अध्ययन यानाथें थनया बौद्ध मार्गी पिन्त धाथ्येंगु बुद्ध धर्म व व्यवहारिक ज्ञान बिइगु पाखेंपला: ल्होना बिज्यात । २०२१ सालय् धर्मकीर्ति विहारया निर्माणलिपा थातं च्वनालि थनहे वसपोलं विहारय् वैपिं उपासक उपासिकापिन्त बुद्धज्ञान ध्यान कना: धर्म शिक्षा प्रचार यानायंकल । खयूतला स्वनिग: दुने बौद्धत पुजाय्जक सिमित जुया च्वनिपिं ख: । बुद्धधर्म भक्ति मार्ग मखु ज्ञानमार्ग ख: । थज्यागु खँये वा:चायेके मागु जुया: व्यावहारिक बौद्ध शिक्षा बिइगु यानायंकल । थुकिदकलय् न्हापां मस्तसें याकनं लानाकाय् फैगुजुयाहे मस्तेत बौद्ध शिक्षा ब्वंकेगु कक्षा स्थापनायात । थुकी ल्यायम्ह ल्यासे तसेनं ब्वति कागु जुल । इमिगु मनतयेगु लागि हौसला बढेय यायेगु लागि जाँचय् पास जूपिन्त सिरपा नं व्यवस्था यागु जुया दँय्दसं परियत्ति शिक्षा ब्वनिपिं व विहारय् वैपिनिगु ल्या: बरे जुया वन । थुकिं बर्मा निसें धम्मवती गुरुमां नापं बिज्या:म्ह मां गुणवती गुरुमां नं थ:थगु थासं यायेमागु धर्म ग्वाहाली याना च्वंगु जुल । वया अलावा रत्नमञ्जरी गुरुमां, चमेली गुरुमां, कमला गुरुमां पिन्सं नं ग्वाहाली याये मा:थाय् यानाच्वन । उगु बखतय् इमिसंहे सुथ-सुथ न्हिथं बौद्ध परियत्ति ब्वंकीगु रत्न मञ्जरी गुरुमानं ध्यान भावना सेनिगु कनेगु सफा सुघर यानाकेनीगु । थुकथं न्हिथं धम्मवती गुरुमां पाखेनं विहारय् जुइगु व्यवहारीक ज्याखँय् स्व:जुइगु व विहारय् वा पतिकं बुद्ध पूजा धर्म देशनाया अलावा छेखापतिकं वनां बुद्ध धर्म व व्यवहारीक धर्म देशना बिइगु ज्या याइगु जुया च्वन । थुकथं पेम्ह न्याम्ह गुरुमां पिन्सं बुद्ध शासन थीर यायेगु ज्याय् मदिक पला न्ह्याका च्वन ।

धर्मकीर्ति विहारया दैनिक बुद्ध पुजा व व्यवहारीक शिक्षा या लोक प्रियता बढे जुया वंगु जुया अनवैपिं उपासिका पिनी विचे सु धनी, सु गरीब धैगु भेदभाव मदयकेगु लागी ड्रेसया व्यवस्थायाना वन । थ:गुहे देंया नेवा: थाना कापया पतासिं सकसिनं सिनावयेमागु व्यवस्था जुसेंलि भेदभाव मन्त । धर्मकीर्ति विहारया प्रगतिया लागि विहारय् वैपिं उपासक उपासिकापिनिगु लगनशिलतां विहार चकना वन । थुकथं बुद्ध धर्मया प्रभावय् लाना धर्मकीर्ति विहारय् भिक्षुणी गुरुमां पिनिगु ल्या:बढे जुयाव न । थुकथं हे विहार प्रगतिया लंपुइ न्हाकेगु लागी बुद्धधर्मया शिक्षा प्रचार प्रसार यायेगु, मिसापिन्त थीथी व्यावहारीक ज्याखँय् न्हय्चिकेगु, ल्याय्म्हपिन्त बुद्धधर्मया म्हसिका विइगु व व्यावहारिक ज्याखँय् मन क्व सायेकेगु ज्ञान व ध्यानय् लगेयायेगु लागी लंपुकेनेगु, इलय्व्यलय् तिर्थयात्राया ग्वसा:ग्वया: चाहिकेगु, थुकथं यानावया च्वंगुहुनि धर्मकीर्ति विहार प्रगति लंपुइ न्हयाना च्वंगु जुल । जनमानसया न्हचोने ब्वया सना च्वंगु सकसिनं स्यूगु अनुभवयाना च्वंगु बुद्ध पूजा, परियत्ति शिक्षाया अलावा स्कूलय् ब्वना च्वंपिं मस्तेत स्कूलया पाठ नं स्यना बिइगु लिई न्हयचिला शिक्षा धर्म नं यागु जुल । थुकथं ध्यान शिविर ऋषिनी प्रव्रज्या, परम्परायात धर्मकीर्ति विहार पाखें बौद्ध शिक्षा विइगु कथं विहारय् हें तया ऋषिनीयाना विहारया वस पुंका धर्मया नियमय् तया बौद्ध शिक्षा विइगु ख: । प्रौढ कक्षा धका विहारय् वैपिं वयस्क तयेत बौद्ध शिक्षा नं ब्युगु जुल । सफाइ अभियान धका: विहारया ज:ख: विहारय् वैपिन्त हरेक पुन्हि छन्हुन्हचो बँ पुइकीगु । थ्वधैगु सकसितं पा:बिया:याना वया च्वंगु सफासुग्घर यायेगु संस्कार वसेयायेगु ज्या छचोगु धायेमाल ।

सामाजिक सेवाय् नं उपासक उपासिकापिन्त न्हयचिकेगु यानावया च्वंगु जुल । सकल सिगु ग्वाहाली कया आपत बिपत परे जूपिन्त वास: खाजा, फलफूल, वस:



Downloaded from http://www.dhamma.digital

धेवा आदि आदि बिया ग्वाहाली याना वया च्वंगु जुल ।

थुकथं धर्मकीर्ति विहार पूजा पाखें स्वया व्यवहारीक धर्मय् न्ह्यावंगु जूल । ल्यायम्ह ल्यासेपिन्त अध्ययन अध्यापन याकेगु लागिं धर्मकीर्ति अध्ययन गोष्ठीया स्थापना जुल । थ्व धैगु शुद्ध बुद्ध धर्म प्रचार प्रसार यायेगु लक्ष्य ज्वना वम्ह भिक्षुणी धम्मवती गुरुमांया लगनशिलताया दसु खः ।

धर्मकीर्ति विहारया उद्देश्य नाप ज्वलाःगु ज्यात गोष्ठीयागु मध्ये व्यावहारिक बौद्ध शिक्षाया अध्ययन यायेगु, गांगामये बुद्धधर्म प्रचार प्रसार याय्गु बुद्धधर्म सम्बन्धी पत्रिका पिकया च्वनेगु, देश विदेशंवपिं बौद्ध विद्वानपिन्त लसकुस व न्वचु विइकेगु व हाजिरी जवाफ व मेमेगु गतिविधि ब्वति काःवनेगु इवलय् आपलंहे ताःलानावःगु हुनिं अध्ययन गोष्ठीया सकल परिवार लयताःगु न्यनेदु । धर्मकीर्ति विहार, धर्मकीर्ति अध्ययन गोष्ठी पाखें इलय् ब्यलय् हाजिर जवाफ, वाद विवाद, छलफल विचा गोष्ठी, प्रवचन आदि आदि आपालं न्हयथने बह कथं वैज्ञानिक कथं ज्या जुया वया च्वंगु जुल । सुरसुरूइ हरेक शुक्रबाः सन्ध्याया प्यताःइलय् अध्ययन गोष्ठीइ थी थी गतिविधि जुइगु लिपा वना वाःया सनिवापतिंक सुथसिया ८:०० इलेय् निसें १०:०० बजे तक्क न्हयाकुगु जुल थ्व निरन्तर न्हयाकावया च्वंगु धैगु ३५ दँय् क्यन ।

लुमंकेगु इवलये् अध्ययन व छलफल या विषय व उकिया वक्तापिं थुंकथं धाय्माल– भिक्षु अश्वघोष, भिक्षु अमृतानन्द, भिक्षु कुमार काश्यप, भिक्षु ज्ञानपूर्णिक, भिक्षु विमलानन्द । भिक्षु पियदस्सि, श्रीलंका; भिक्षु फुजिगुरु, (जापान) । खयतला स्थापना जुवलय् मा गुणवती गुरुमां व धम्मवती गुरुमां पाखें पालि भाषा व अभिधर्म या ब्वंकेज्या जुगू थुथाय् लुमंके बहजू । अध्ययन गोष्ठी पाखें दच्छीछक धर्मकीर्ति पत्रिका पिकाय्गु याना च्वंगुयात लिपा वना निलाय् छक जुल वयांलिपा लय्पौ कथं पिकया वयाच्वंगु जूल । थुकथं हे धर्मकीर्ति अध्ययन गोष्ठी पाखें बौद्ध साहित्यत नेपाल भाषा, नेपाली भाषा व अंग्रेजी भाषा पिकया वया च्वंगु लुमंके बहजु । इलय् व्यलय् धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी पाखें सफू ब्व ज्या, थीं थीं देशं वपिं बौद्ध विद्वान पिन्त लसकुस हना जयाइव थी थी ग्वसा इलय् व्यलय् स्वास्थ्य सेवाया ग्वसा यानाव मापं वा पतिकं थी थी रोगया विषेशज्ञ, डाक्टर तथा स्वास्थ्य सेवा यानावया च्वंगु मिसा पिनिगु लागि थी थी तालिम बिइगु, नाटक प्रदर्शन, अस्थायी प्रव्रज्या, एस.एल.सी. कोचिङ्ग कक्षा, ग्वाहालीमि ज्याइवं, दान प्रदान, इलय् ब्यलय देश परदेशया भ्रमण, वतःगुहे लुमंकेवहगु ज्याइव जुगू लुमंके वहजू ।

धर्मकीर्ति विहार व धम्मवती गुरुमांया क्वातुगू मैत्री करूणा प्रभावं दाता पिनिगु नं उत्साह बरे जुल धर्मकीर्ति विहारया तःम्हपिं दातापिं मध्ये भाइराजा तुलाधरजुया चकंगु नुगः क्वसागु जुयाहे आपालं उपासक उपासिका न्हयनिगु कथं तःधंक विहार दयका विल । विहारया स्वरूप आपालं बाँलात । विहारया स्वरूप बाँलागु हुनि धम्मवती गुरुमांया क्वातुगु धर्म देशना प्रभावित जुया स्वनिगः दुनेया आपालं बौद्ध उपाक उपासिका पिं इलय् ब्यलय् मुनेगु थाय् जुयावन । अथे न्हापालिपा स्वयानं आपालं वरे जुयावन । थुकथं थुगु विहारय् देश विदेशया राजनीतिज्ञपिं व राजदूत पिनीगु वयेवनेगु थाय्नं जुयावन । धम्मवती गुरुमां प्रव्रजित जुगु न्यदँ क्यंगु लसताय् प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला वया भिन्तुना या नापं मन्तुना बिइगु इवलय् धम्मवती गुरुमांया योगदान न्यना प्रभावित जुगू थुथाय् लुमंकेबह जू । फुफुपिन्सं फुथें चाथें बुद्धधर्म यानावया च्वंपिं मध्ये भिक्षुणी धम्मवती गुरुमांया थंःगु हे पहलं धर्मप्रचार व ज्याखँ यायेगु इवलय् नेपाः अधिराज्यया थासं थासेवना जक मखु विदेशयृतक धर्म प्रचार याना जूइम्ह खः ।

लुम्बिनी गौतमी विहार व बसुन्धरा दोलय् धर्मकीर्ति वसुन्धरा विहार व सारनाथय् नं विहार स्थापनाज्यया लुमंके वहःजू । अथेहे वसपोलया नेतृत्त्वय् विहारया शाखा विहार कथं पद्मकीर्ति विहार, कमल पोखरी व सुलक्षण कीर्ति विहार, चोभार; निर्वाण मूर्ति विहार किण्डोल नं स्थापना जूगु प्रशंसनिय खँ खः । वसपोलया शिष्य पिनि न्ह्योने धर्म सेनापती मधासे मगाः । न्ह्याथाय् वंसां-च्वंसां वसपोल न्ह्यो-न्ह्यो हे । ज्याखँय् न्ह्योने धर्म उपदेश क्वातुक बिइगुलिनं न्ह्योने लागु जुया हे धम्मवती गुरुमां धर्म सेनापती गथे मजुई । नेपाःया पिन्त बुद्धधर्म प्रचार प्रसार यायेगुली वसपोल या तःधंगु योगदान व लक्ष्य न्हयाःगु पलाःयात सर्कलसिनं च्वमछासे मगाः । उकिं वसपोलयात बर्मा सरकारं शासनधज धम्माचरिय व अरगमहा ग्रन्थ वाचक पण्डितया पदँ विभूषित याःगु हुनि झी नेपाःमि बौद्ध तसें गर्व यायेथाय् दु । थुकथं वसपोल थःगु जीवनय् भिक्षुणी जुयाः बुद्धशासन थीर यायेगुली धर्म सेनापती हे जुयाः योगदान यागु सदा सर्वदा लुमंकेवहःजू ।

■

# सुजाता प्रति



■ जुक्तिजङ्ग लामिछाने
डिल्लीबजार

गयाको उर्वेला गाउँ लता जङ्गल निर्झरी ।
गाउँमा खुला चउर, पिपल वर लहरी ॥
गयाको पवित्र भूमि पवित्रता सबैथरी ।
आविर्भाव सबै हुन्छन् लिला गर्दै संधैभरी ॥

देवी दुर्गा र पार्वती सती सावित्री र सीता ।
सबैका गुण एकत्र भएको ज्ञानकी गीता ॥
ती हुन्– सुजाता, उर्वेला-वाला विवेक ज्ञानकी ।
हृदय भित्रकी देवी परी, सुन्दरी ध्यानकी ॥

गयाको माथि आकाश प्रकाश चहभरी ।
खुला चारै दिशाबाट मन्द मारूत सरसरी ॥
अमृत वर्षेको जस्तो अति सौम्य र माधुरी ।
आनन्दको अचेता सुजाता छन् घरि घरि ॥

देखिन्छन् वृक्षको आड बसी ध्यानस्थ भैकन ।
को हुन् ? यी योगी वा सिद्ध ? वेहोसी चेत गै कन ॥
नजिक गएर हेर्छिन तेजको पुञ्ज स्वरूप ।
सिद्धार्थ राजकुमार भन्ने छैन कुनै रूप ॥

दुब्लो, थकित, पातलो, नियास्रो जस्तो देखिने ।
लामो नाक, ठूलाकान आँखाले शान्ति लेखिन ॥

अहो ! त्यो रूप देखेर के भनुँ ? के गरूँ भयो ।
सिद्धार्थ र सुजाताको विभेद सब मेटियो ॥
एक आपसका भाषा, भावमा भावित भए ।
सुजाता भित्रका माता, ममता जागृत भए ॥

व्यग्रता ज्ञानको लागि ताप त्यो तपको सव ।
सङ्गको साथीको त्याग भोकको ज्वाला भो अब ॥
दिन वा रात बिचको उधो व उभोको गति ।
किंकर्तव्य विमुढ भै युद्धन्हारको त्यो मति ॥

कसरी सार लगाउँ, पार लगाउँ जीवन ।
कसरी छिचोलुँ सारा अविद्या, क्लेशको वन ॥
दु:खको भुमरी बिच फसेको जीवको चरी ।
ढल्छ कि दु:ख तापमा जलेर बिचमा परी ॥

यस्तो उद्वेगको सागर मनमा उर्लिंदो थियो ।
सत्य र ज्ञानको तृष्णा मन-मनै कुर्लंदो थियो ॥
यो युग र जगतको त्यत्रो शंकट सिद्धको ।
फार्नसक्ने को नै थियो कालो बादल बुद्धको ॥

देवी, हुन् सुजाता माता भोकको बाहना गरी ।
ज्ञानको खीर पस्केर खुवाईन चाहना गरी ॥
अहो ! त्यो ज्ञानको ज्योति स्वप्रकाश भईकन ।
खुल्यो सिद्धार्थमा सत्य बोधरूप भईकन ॥

सिद्धार्थ बुद्ध भै सत्य अहिंसा धर्मको जग ।
पिपल बोधको वृक्ष सदा छ बुद्धको संग ॥
तर ती सुजाता ऐले संझनामा रूवाउँछिन् ।
ज्ञानको खीर पस्केर हा ! कसलाई खुवाउँछिन् ॥

गयाको उर्वेला मात्र, सुजाता भेटिने भए ।
बोलाई लिन आउँथे, अज्ञान मेटिने भए ॥
सुजाता स्वागत गर्छौं, आउ हाम्रो घर आँगन ।
अझै सिद्धार्थ बसेका छौ, ज्ञानको खीर मागन ॥



Downloaded from http://www.dhamma.digital

# विजय माला क्वखाय्‌गु दिं

*(बर्मायाम्ह भिक्षु र वे ध्वं नं च्वया बिज्यागु धम्मवती जीवनी 'य:म्ह म्ह्याय्' सफूया अन्तिम परिच्छेद । - सं.)*

■ र वे ध्वं

१९६२ सन्‌या डिसेम्बर २ तारिख (बर्मी दँ १३२४ या मंसीर ६ गते) रंगून शहर, गभायी, सिरिमङ्गल भूमिस्थलय् छट्ठ संगायन महापासाण गुफाय् जूगु संयुक्त राष्ट्र बर्मी क्रान्तिकारी सरकारया पालि तक्षशीला समितिया अधिकारत्वय् उद्‌घाटित पालि तक्षशीला आचार्य परीक्षाया उपाधि सभामण्डलय् "शाशन धज धम्माचरिय" उपाधि छुना पिहाँ व:म्ह उमेरं २५ दँ दुम्ह शीलवती (अनगारिका) गुरुमां छम्हसिछ समस्त उपस्थित परिषदं साधुकार बिया अभिनन्दन याना च्वंच्वन ।

उम्ह गुरुमां ख: गणेश नां दुम्ह धम्मवती (सुधम्मवती) धयाम्ह मोलमिनया प्रिया मानिपो (नेपा:मय्जु) । मानिपोयाके पासापिं, दायक दायिकापिं पत्रकारपिसं छचा:ख्यरं भुना न्यना च्वन । पत्रिका फोटो नं कया च्वन । न्यना च्वंगु प्रश्नत छगू छगूतालं जूसां मुख्यत: छगू हे ।

"मानिपो धम्माचरिय पास जुइ धुंका नेपा: देशय् धर्म प्रचारार्थ लिहाँ बिज्याई धा:गु धात्थेंला, धात्थें लिहाँ बिज्याये त्यनाला ?"

ध्व प्रश्न हे ख: । मानिपो छम्ह नेपा: देशय् लिहाँ वनिगुलिं थेरवाद बुद्ध धर्मया लागी सहास थाहाँ वइगु खँ ख:, तर धात्थे लिहाँ वनिन धा:गु बखतय् बर्मा देशं वयात छ्वय् नुग: स्या:, तोता छ्वइगु इच्छा मदु । बाया च्वनेत थाकु चा: ।

मानिपोनं बुलुहुँ हे लिस: बिल– "लिहाँ वनेगुला धात्थें ख: । अन च्वनेत शीलवती आश्रम छगू नापं मां अबु थ:थितिपिसं प्रबन्ध यानातय् धुंकल । थनं छम्ह छम्ह धर्मय् क्वातुपिं बर्मी शीलवतीपिं निमन्त्रणा याना यंकेगु नं कोछिना त:गु दु । हानं सकसिनं प्रेरणा ब्यूगुलिं आगामी वर्षय् पालि तक्षशीला परीक्षाय् पालि पारंगत गुण विषयक श्रेणी प्रवेश जुइगु नं मती तया च्वना तिनिगु जुया दच्छिया दुने ला लिहाँ वने फइ मखुनि । ध्व समाचार नं नेपालय् बियातये धुंगु दु ।"

"प्रतिपत्तिक्रमय् भावना यायेगु मानिपोनं नुगलय् तया बिज्यानागु दुला ?"

"दु, धर्म प्रचार याय्‌गु अवस्थाय् परियत्ति जक मखु प्रतिपत्ति नं पूर्ण जूसा तिनि सफलता दइ धयागु मती दु ।"

प्रज्वलित पारमीभागी हे ख: । सीकेगु इच्छुकपिसं छचाख्यरं भुना न्यना च्वंक्व खँ शान्त । अविचलित रूपं इन्द्रिय संयम याना लिस: बिया च्वन । वयागु गम्भीर अविचलित मिखा निगलं नं गम्भीरगु विचार दुम्ह धयागु खँ कना च्वंगु दु, न्हापा ध्व निग: मिखा आत्म समर्पणया ज्यां विचलित जुया वल जुइ, दु:खया आघातं ख्वबिं जाय्‌का व:गु दु जुइ, भयभीत जुया पुलक-पालक मद्दिक सना व:गु दु जुइ, शिथिलता व निराधारं ख्वूँका व:गु दु जुइ, तर व हे मिखा थौं उगु अनुभूतिया अभ्यासी ज्वी धुंकुगुलिं गम्भीर, तीक्ष्ण जुया पाण्डित्यं पूर्णगु जुया च्वने धुंकुगु दु ।

विशेषता युक्त च्वांमुसे च्वंगु न्हासय् दुगु हाकुहाकु धा:गु ती न्हापा ला स्त्री जातिया सौन्दर्य तिलक जुया व: थें च्वंसा आ: अविचलित स्वभावया तिलक, गम्भीर प्रज्ञाया प्रतीक रूपय् ख्वालय् प्रभावाशिक्त जुया च्वन ।

महापासाण गुफा नांगु सभामण्डपं पिहाँवया च्वंपिं श्रमण पण्डित, गृहस्थ पण्डितपिसं नं मानिपो (नेपा: मय्जु) यात स्वस्वं विचा कया च्वंथें च्वं । इमिगु नुगले "ध्व नेपा:मि शीलवती, गुरुमां बौद्ध साहित्य अध्ययन् उच्च श्रेणी थ्यना च्वने धुंकुगु ला अवश्यं खत, तर अध्ययन उच्च श्रेणी थ्यने मात्रं मन लुदंका खुशी जुया वनिला, पालि अट्ठकथा टीका व अनेनेगु ग्रन्थान्तर गवेषण याय्‌या लागी, गम्भीराति गम्भीरगु पिटक ग्रन्थमा ह्व:प्वा: सीमद्‌क अनुगामिक जुइया लागी वयासिकं बुद्धवाद- धात्थें सत्य जुया च्वंगु विमुक्ति सत्य धर्मयात तिसिया स्पष्ट रूपं धर्म-रस पान याके फयेकेगु इत्यादि विषययात लोमंका जकं च्वने लाइगु ला ! कल्पना वय्‌का च्वनला मस्यु, मानिपोया न्ह्य:नें गवयत बिका नं लिचिला वने मफसे च्वना च्वंगु खने दया च्वन ।

थुम्ह मानिपोयात अबु नेपा: देशं व मां अबु थथितिपिसं पिया च्वंगु दु । तर... दच्छितिं ला सह:याना पिया च्वना ब्यु ... नेपा: दे व मां अबु, थ:थितिपिं... !

रात्री अन्धकारं नगुत नं खने मदय्‌क गगन तोपुया च्वंगु समये फुति-फाति वया च्वंगु वाया दथुं निर्भयता आत्मसमर्पण याना छें विसि वया धर्म व शाशन शिक्षा अनिवार्य प्रयत्नं लुइकुम्ह य:म्ह म्ह्याय् गणेश प्रज्ञावती शीलवती गुरुमां भावं शाशन प्रचारार्थ मातृभूमी थ्यनीन ।

अनुज्वलित अप्रकाशित बालिका अवस्थां पलायन जुया आत्मसमर्पण परियत्ति प्रतिपत्ति समस्त ज्ञान बुद्धिं दुम्ह जुया नेपा: देशय् थ्यंक: वनीम्ह मां अबु निम्हसिया य:म्ह म्ह्याय्, नेपा, देया य:म्ह म्ह्याय्, तथागत शासनया य:म्ह म्ह्याय्, थुम्ह 'य:म्ह म्ह्याय्' गणेशं थेरवाद शासनया रश्मि-मिज्वालायाा मां-भूमण्डलया निंतिं प्रज्वलित धारण या:गु जुल धन्य !

■



# पञ्चबुद्ध

■ फणीन्द्ररत्न वज्राचार्य

आचार्य नागार्जुनया '**धर्म संग्रह**' कथं बुद्ध धर्मय् यान स्वंगू दु– श्रावकयान, प्रत्येक बुद्धयान व महायान। बुद्धपिं न्याम्ह दु– वैरोचन, अक्षोभ्य, रत्नसंभव, अमिताभ व अमोघसिद्धि। तथागतपिं न्हय्म्ह दु- विपश्वी, शिखी, क्रकुच्छन्द, कनकमुनि, काश्यप व गौतम (शाक्यमुनि)। श्रावकयानया उद्देश्य भिक्षु, भिक्षुणी व उपासक-उपासिका पिसं शील, समाधि व प्रज्ञाद्वारा स्रोतापत्ति, सकृदागामी, अनागामी व अर्हत् फल प्राप्त याना: निर्वाण लाभ यायेगु ख:। प्रत्येक बुद्धयानया उद्देश्य थ: याक:चा जक बुद्ध जुइगु ख:। महायानयात सम्यक्सम्बुद्धयान धका: नं धाइ। थ्वया उद्देश्य सर्वप्रकारं जगतो हिताय व बुद्धो भवेयं जगतो हिताय अर्थात् सर्वसत्व प्राणीयात हित व उद्धार याना: बुद्धपद लायेगु ख:। थौं श्रावकयानयात थेरवाद व महायान-यात लामायान व वज्रयान धका: धायेगु याना च्वन।

थेरवादकथं बुद्ध वन्दना याइबलय् 'ये च बुद्धा अतीता च; ये च बुद्धा अनागता अर्थात् तण्हंकर निसें काश्यप बुद्ध तक २७ म्ह बुद्धपिं दु। भविष्यय् बुद्ध जुइम्ह मैत्रेय बोधिसत्व ख:। भद्रकल्पय् वर्तमान बुद्ध गौतम शाक्यमुनि ख: थेरवादय् पञ्चबुद्धया नां गनं नं खने मदु।

ग्रन्थ निर्माण जूगु ल्याखं गुह्य समाज तन्त्र ईशाया स्वंगूगु वा प्यंगूगु शताब्दिपाखेयागु ख: धयागु विद्वान्पिनि विचार दु थथे हे स्वयम्भूमहापुरण भिंनिस: दँ न्हापायागु ख: धयागु नं विद्वान्पिनि मत दु। पञ्च बुद्धया अवधारणा गुह्य समाज तन्त्रनिसें पिदंगु ख: धयागु नं विशेषज्ञपिनि धापू दु। गुह्य समाजतन्त्रया प्रथम पटलय् पञ्चबुद्धया नां थथे न्ह्यथनात:गु दु–

"अथ ख लु अक्षोभ्यस्तथागत: रत्नकेतुस्तथागत: अमितायु स्तथागत: अमोधसिद्धि स्तथागत: वैरोवचन स्तथागत: बोधिचित्तवज्रस्य तथागतस्य हृदये विजहार:।"[1]

अर्थ-अले श्री भगवान् सर्वतथागत कायवाक्चित्त अर्थात्– महावज्रधर सकल तथागतपिनिगु मण्डलया दथुइ च्वना बिज्यात। अले अक्षोभ्य तथागत, रत्नकेतु तथागत, अमितायु तथागत, अमोधसिद्धि तथागत, वैरोचन तथागतपिं बोधिचित्तवज्र तथागतया हृदयय् बिहार याना बिज्यात।

थ्व उद्धरणय् सर्वतथागत काय वाक्चित्त वज्राधिपति धयाम्ह तथागत व बोधिचित्तवज्र धयाम्ह तथागतया नां नं उल्लेख जुयाच्वंगु दु। थुकी उल्लेख जूपिं रत्नकेतु व अमितायु तथागतयात लिपा रत्नसंभव व अमिताभ धायेगु यात।

रोचन धयागु मिखा ख:। विशेष प्रकारया मिखा दुम्ह जुया: वैरोचन धाल। थ्व विशेष प्रकारया मिखा धयागु प्रकृतिप्रभास्वर ज्ञान ख:। क्षुभ् धातुया अर्थ न्यायेगु ख:। मग्या:म्हयात अक्षोभ्य धाइ। राग द्वेष क्लेश आदि खना: मग्या:म्ह जुया: अक्षोभ्य तथागत धा:गु ख:। रत्न (संभोग निर्माण) पाखें संभव (उत्पन्न) जूम्ह जुया: रत्नसंभव धा:गु ख:। अपरिमित थुलि उलि धाये मफयेक आभा (ज्योति) दुम्ह जुया: अमिताभ धाल। सत्व प्राणीया हित यायेत असफल मजूम्ह जूगुलिं अमोघसिद्धि धयागु नां च्वन।

गथे बीजद्वारा स्वांमा-सिमा, पशु-पक्षी उत्पत्ति जुइ अथे हे छग: छग: बीजाक्षरद्वारा वज्रयानया देव देवपिं उत्पत्ति जुइ। ॐ हूँ त्राँ ह्रीं खँ पञ्च वीजाक्षरद्वारा वैरोचन, अक्षोभ्य, रत्नसंभव, अमिताभ व अमोघसिद्धि उद्भव जूगु ख:। परन्तु सप्त विधानुत्तर पूजाया पञ्चबुद्धया हस्तमुद्राया वाकयय् 'ॐ सर्व तथागत पुष्प पूजामेध समुद्रस्फरण समये हू वज्र पुष्पे हूँ, वज्रपुष्पं प्रतीच्छ स्वाहा। थथे हे वज्रधूपे यां, वज्रदीपे ह्रीं, वज्रगन्धे अ:, रसवज्रे चां धयागु दु। ध्वयात हे षोडश लाश्यासु थथे दु– वज्रपुष्पे हुं, वज्रधूपे चां, वज्रावलोकिते ह्रीं, वज्रगन्धे अ:, रसवज्रे चाँ।

बुद्ध वंशया बुद्धपिनि बौ मां व कायमचा दु। पञ्चबुद्धपिं मां-बौपाखें जन्म जूपिं मखु अथे नं वसपोलपिनि स्त्री पुत्रपिं दु धका: धयात:गु दु। थथे हे वसपोलपिनि सम्बन्धित वाहन व वस्तु नं दु। उपिं मध्यय् थन छुं प्रस्तुत याये–

१. आर्य श्री गुह्यसमाजतन्त्रम्, पृ. ३५



Downloaded from http://www.dhamma.digital

| पञ्चबुद्ध | वैरोचन | अक्षोभ्य | रत्नसंभव | अमिताभ | अमोघसिद्धि |
|---|---|---|---|---|---|
| दिशा | मध्य पूर्व | दक्षिण | पश्चिम | उत्तर | |
| वर्ण | तुयू | वँचु | म्हासु | ह्याउँ | वाउँ |
| वाहन | सिंह | किसि | सल | म्हयुखा | गरुड़ |
| मुद्रा | बोध्यंग *(ल्हा:म्हूचिना: च्वलापतिं ज्वनाच्वंगु* | भूस्पर्श *(जवल्हानं पृथ्वीइ थिया च्वंगु* | वरद *(जवल्हातं वर बिया च्वंगु* | ध्यान *निपाल्हा: खनां च्वंगु* | अभय *अभय वरबिया च्वंगु* |
| महाभूत | ल: | न (आकाश) | वँ (पृथ्वी) | ज: तेज) | फय् |
| स्त्री | वैरोचनी | लोचनी | मामकी | पद्मिमी | तारा |
| रति | मोहरति | द्वेषरति | ईर्क्ष्यारति | रागरति | वज्ररति |
| पुच | समन्तभद्र | वज्रपाणि | रत्नपाणि | पद्मपाणि | विश्वपाणि |
| भुवन | वज्रधातु | अभिरति | रत्नावती सुखावती | अमोघवती | |
| तत्त्व | रस | शब्द | स्पर्श | रूप | गन्ध |
| इन्द्रिय | मे | न्हाय्पं | काय (छ्यंगू) | मिखा | न्हाय् |
| चिन्ह | चक्र | वज्र | रत्न | पलेस्वां | विश्ववज्र[२] |

आ: स्वयम्भूमहापुराणया खँय् वये । सत्ययुगय् विपश्वी बुद्धया पर्याय् ध्व नेपा:गा: नागवासह्रद नांगु पुखू जुयाच्वंगु ख: । वसपोल बन्धुमती नगरं बिज्याना: ध्व पुखूया वायुव्य कोणय् च्वंगु जामाच्वय् थहां बिज्याना: समाधिई च्वना ध्व नागवासदहनय् पलेस्वांपु ह्वलाबिज्यात । शिखी बुद्धया पर्याय् ध्व पुखुलिं द्व:छि ह: दुगु तफ्व:गु पलेस्वां ह्वया: उकिं ज्वालाज्वालां थीक रश्मि पिहांवल । उकिं स्वयंभू ज्योतिरूप धका: नां च्वन । विश्वभू, ऋकुच्छन्द, कनकमुनि, काश्यप व शाक्यमुनि बुद्धपिं स्वयम्भूया दर्शन यायेत बिज्यात ।

स्वयम्भूपुराणय् प्यम्ह बुद्धपिं व प्यम्ह तारापिनि नां थथे उल्लेख यानात:गु दु–

**पश्चिमे त्वमिताभञ्च उत्तरेमोघसिद्धिकम्**
**पूर्वे ह्यक्षोभ्यं श्रीभक्तं दक्षिणे रत्नसंभवम् ।**[३]

पञ्चबुद्धया जप यात धा:सा प्राप्त जुइगु फलया वर्णन थथे यानात:गु दु–

**शान्तिमक्षोभ्यमन्त्रेण पुष्ठिञ्चा मोघसिद्धिके**
**वश्यं चाप्यमिताभस्य रत्नेशस्य श्रीसंपदम् ।**
**वैरोचनस्य मन्त्रेणा सर्वफलं च प्राप्यते ॥**[४]

*अर्थ–*

अक्षोभ्यया मन्त्रं शान्ति दइ, अमोघसिद्धिया मन्त्रं नये त्वने दइ, अमिताभया मन्त्रं मनूत ल्हातय् वइ । रत्नसंभवया मन्त्रं श्रीसम्पत्ति प्राप्तजुइ । वैरोचनया मन्त्रं सकल फललाभ जुइ ।

थ्वीपिं स्वयम्भू, श्रीघ: विहार वनेबलय् त:ग्वगु भंगीया दिशा विदिशाय् पञ्चबुद्ध व चतुर्तारापिं स्थापना यातात:गु दु । पञ्चबुद्धया क्वय् बाहन तयात:गु दु । पञ्चबुद्धया क्वय् वाहन सिंह, किसि, सल, म्हयुखा व गरुडया मुर्ति दु । स्वयम्भू पा: या: जवं खवं ङ्व:लिक सिंह किसि, सल, म्हयुखा व गरुडया बहचाधिक:गु मूर्ति दु । स्वयम्भूई थहां वइपिं भक्तजनतय्त ध्व पञ्च वाहनं स्वागत यानाच्वंगु दु ।

यें, यल, ख्वप न्यंकभनं दुगु ल्वहंयागु चैत्यय् वैरोचन दुने गर्भय् व प्यंगू दिशाय् प्यम्ह ध्यानीबुद्धपिं तया त:गु दु । यैंय् स्वयम्भू, श्रीघ:, महाबौद्ध व यलय् प्यंग: थूरय् थथे हे प्यम्ह बुद्धपिं स्थापना यानात:गु दु । गुंलाया लच्छि यंक व पुन्ही अष्टमीबलय् देके

२. पञ्चरक्षासूत्रपाठ, पृ. ज । ३. स्वयम्भूपुराण, पृ. १७ । ४. स्वयम्भूपुराण, प. १०५

वनेबलय् थ्वहे पञ्चबुद्धपिनिगु दर्शन, पूजन, स्तवन, वन्दन यायेगु याइ।

बहा: बहीया क्वापाद्य: प्रायश: भूमिस्पर्श मुद्राया अक्षोभ्य बुद्ध मूर्ति हे खने दु। शाक्यमुनि बुद्धं तपस्या यानाबिज्याबलय् भूमि स्पर्श यानाबिज्या:गु ख:। उकिं क्वापाद्य:यात शाक्यमुनि बुद्धया रूपय् नं कायेगु याइ।

आ: श्रीघलय् न्हू स्थापना या:म्ह ल्वहंतय् लुं सियात:म्ह बुद्धमूर्तियात शाक्यमुनि बुद्धया मूर्ति धायेमाली। थथे धायेबलय् पञ्चबुद्ध मध्येया अक्षोभ्य मूर्ति मखुत। छाय्धा:सा अक्षोभ्यया वर्ण वंचुगु जुइ व शाक्यमुनिया वर्ण म्हासुगु जुइ।

धलवत, सिं, चा, ल्वहँ: खा: व न्ह्याग् वस्तुया बुद्धमूर्ति दयेकीबलय् भूमिस्पर्श मुद्रा यानाच्वंम्ह बुद्धया मूर्ति दयेकीगु ख:। न:रां पञ्चदान व सम्यक् महादानबलय् स्वयम्भू स्थानं जात्रा याना: क्वतहइम्ह बुद्ध अमिताभ तथागत ख:।

महायानी बौद्धत सीबलय् अमिताभ तथागतया सुखावती भुवनय् वास लायेमा धका: कामना याइगु ख:। स्वयंभूया न्याम्ह बुद्धपिं मध्यय् पश्चिम दिशा स्वयाच्वंम्ह अमिताभ तथागत मूम्ह भगवान्द्य:या रूपय् विशेष पूजा याइगु ख:। स्वयम्भू भगवान्या थाय् कलश स्वना: पूजा याइबलय् थ्वसपोल अमिताभ तथागतया अग्रय् च्वना: पूजा याइगु ख:। वज्राचार्यतय् देआचागू व महर्जनतय् पुन्ही सिवा पुज्याइबलय् नं थ्वसपोल मूम्ह भगवान् द्य:या न्ह्य:ने च्वना: पुज्याइगुख:।

दक्षिण अभिमुखम्ह रत्नसंभवयात गुलि गुलिस्यां दिगुद्य:या रूपय् पुज्यायेगु याइ।

बुद्ध धर्म संघयात त्रिरत्न धाइ। त्रिरत्नया बुद्धरत्न नील वर्णाम्ह अक्षोभ्य तथागत ख:। त्रिकाल बुद्ध दीपंकर, शाक्यमुनि व मैत्री बुद्ध ख:। यैंय् व यलय् दीपंकरयात आदिबुद्ध धका: स्थापना याना: सम्यक् महादान पूजा याइ। सम्यक्बलय् पूजा जात्रा याइम्ह द्यो: जुया: दीपंकर यात समयद्यो: धका: नं धायेगु या:। ख्वपय् सम्यकद्य:यात आजुद्य: धाइ।

आतक च्वय् उल्लेख यानापिं बुद्धपिन्त पूजा भाव यायेगु यानावयाच्वंगु दु। तर थौंकन्हय् बुद्धमूर्ति पूजा यायेत जक मखु, ब्वसाया रूपय् ब्वयातयेत नं छ्यलेगु या:। विभिन्न उपलक्ष्यय् बुद्धया मूर्ति उपहार नं बीगु या:। बुद्धया प्रतीक मूर्तिजक मखु पौभा:, तसवीर नं उलि हे प्रचार जू। बुद्धया लाकेट दयेका: म्हय् भ्यायेगु नं या:।

नेवा: बौद्ध समाजय् पञ्चबुद्धया विभिन्न प्रकारं प्रयोग जुयाच्वंगु दु। वज्राचार्य गुरुजुपिसं सप्तविधानुत्तर आदि पूजा याइबलय् पुइगु ली बा सिज:यागु भुखलय् तथागतया चिन्ह पञ्चबुद्धया मूर्ति दइ। बौद्धतय् पस्ता: याना: भौमचा दुकाइबलय् मूलुखाय् पञ्चबुद्धया चित्र च्वकेगु याइ। यैंधा:सा कुमारी द्य: सालीबय् न्याता उनया जामा गुजिलं फिना: पञ्चबुद्ध दुगु सिज:या मुखलं पुया: लाय गुरुजुपिं कुमारी ख: लिसें दे चा: हिलेगु याइ। मनू हे पञ्चबुद्धया रूपय् जात्राबलय् दे चा:हिले गु जुयाच्वंगु दु।

नेपाल पुलांगु सभ्यता संस्कृतिं सम्पन्न देय् ख:। थनयागु पुरातात्त्विक वस्तुत विश्वया तत:धंगु संग्रहालयय् यंका: ब्वयेगु यानात:गु दु। थ्व हे इवलय् लगंबहा: यागु नवरत्न थुनात:गु पञ्चबुद्ध दुगु नं सियागु मुख: तना: व मुख: थौंकन्हय् बेलायतया छगू प्रसिद्ध संग्रहालयय् तयात:गु दु। व मुख छगूया मू लखंलख वं धाइ। तर थ्व मुख: खुया: म्यूम्हेस्यां थ:गु देशया वहमूल्य मुखतात्त्विक वस्तु करकिया देशयात मिया: त:धंगु क्षति यात।

दच्छिया छक्व: मुख: अष्टमी खुन्हु पशुपति महाद्य: यात पञ्चबुद्ध दुगु सिज:या मुख पुइकेमा:। भुइज:सि नारायण द्य:या मतुकय् अक्षोभ्य तथागतया मूर्ति दु, उकिं अन च्वंपिं पुजारीतसें थ्व बुद्धमूर्ति खनी धका: न्ह्याबलें मतुकय् स्वानं व पीताम्बरं त्वपुयातइ। थथे महाद्य: व नार ांद्य:या मुखलय् नं बुद्धमूर्ति दुगु नेपालय् धर्म समन्वययात स्थान दुगुया दसु ख:।

वज्राचार्यतसें थ्व पञ्चबुद्ध दुगु मुख: पुइत बदे छुइ धुंका: विहारय् च्वना: वज्राचार्यभिषेक क्या: मुख: ल:ल्हाना कायेमा: अले जक मखु: पुयेदइ। थ्व मुख: न्ह्य:ने ला:बलय् अगतिं पुइमज्यू। पूजा याना: अधिष्ठानय् च्वना: जक पुइमा:।

सप्तविधानुत्तर आदि विशेष पूजा याइबलय् न्याता रंगया गुजिलं फिना:, मेखला व ला:फ्व: तया: हाकुगु



Downloaded from http://www.dhamma.digital

जटाप्व:या द्य:गे वह:यागु पञ्चबुद्धया मूर्ति दुगु तथागतचिन्ह पुया: पूजा क्रिया याइ । पञ्चबुद्ध दुगु मुख: पूजा यायेबलय् बाहेक मेबलय् पुइमज्यूगुलिं धर्मोदय सभा, लुम्बिनी विकास कोष आदिपाखें न्यायेफइगु शान्तिपद यात्राय् च्वय् धया थें न्याता रंगया जामा पुना: मेखला ला:प्व: तया: जटाप्व:या द्य:ने पञ्चबुद्धया मूर्ति दुगु तथागतचिं पुया: गं वज्र ज्वना ब्वति कायेगु यानाच्वंगु दु । थुजागु हे वस: पुना: तथागतचिं पुया: वज्राचार्य संरक्षण गुथिया वज्राचार्य गुरुजुपिं भारतया बुद्धगयाय् कानूम् लाम् पूजाय् ब्वति का:गु ख: व बंगलोरय् साइबाबाजुं वैशाखपुन्हीबलय् बुद्धपूजा यायेत निमन्त्रणा यानाबिज्या:गुलिं अन वना:नंपूजा पाठ या:गु ख: ।

गुंला लछिं व पुन्ही अष्टमी बलय् बहा: बहिलिइ बौद्ध स्तोत्र पाठ याइ । नामसंगीति पाठ याइ । थ्व नामसंगीतिइ आदर्शज्ञान धयागु वैरोचनया प्रतीक ख: । थथे है समताज्ञानया रत्नसंभव, प्रत्यवेक्षणाज्ञानया अमिताभ, कृत्यानुष्ठान ज्ञानया अमोघसिद्धि व सुविशुद्ध धर्मधातु ज्ञानया अक्षोभ्य प्रतीक ख: ।

बौद्ध स्तोत्र संग्रहय् पञ्चबुद्ध सम्बन्धी त:पुमछि स्तोत्रत दु । उपिं मध्यय् छुं स्तोत्रत थन प्रस्तुत याये । 'पञ्चबुद्ध बीजाक्षर स्तोत्र' या न्हापांगु श्लोक थथे दु–

**ॐ कारोतयन्न शुक्लाभं मध्ये सिंहासनास्थितम्**
**बोध्यंगी मुद्रया युक्तं वैरोचन मुनिं नमे ।**

थ्व श्लोकय् वैरोचन तथागतया ॐ वीजाक्षर, शुक्ल वर्ण, मध्य दिशा, सिंहआसन, बोध्यंगी मुद्रा उल्लेख जुयाच्वंगु दु । थथे हे मेपिं प्यम्ह तथागतपिनिगु नं वर्णन दुगु जुल ।

पञ्चबुद्धया दकलय् चल्तिगु गीत 'मध्येगत' ख: । थ्व गीतयात पञ्चजिन गति धाइ । मेगु तुत: 'मध्येगत स्थित' ख: । थ्वया नां बुद्धगीत ख: । थ्वया न्हापांगु चरण थथे दु–

**मध्येगत स्थित श्रीवैरोचन**
**सिंहमासन जिन श्वेतवर्णम् ।**
**नमोस्तु ममोस्तु पञ्चजिन व्यापितं**
**जगतनाथं सर्वसत्व उद्धारणम् ।**

'अतसिकु' स्तोत्रयात धर्मधातुगीत धाइ । थ्वया छगू चरण थन न्ह्यब्छुके–

**दक्षिणमुख श्रीरत्नसंभव**
**विभव संपद् दायकम् ।**
**उदित सुवर्ण संकाश देहा**
**नमामि श्री तुरगवाहनम् ॥**

थुकी पञ्चबुद्धया साहित्यिक रूपं वर्णन याना त:गु दु । व गति रचना या:गु मिति 'गगन विन्दु कुमार वदना, वत्सर श्री नेपालिकं' धका: नेपाल संवत् ६०० उल्लेख यानात:गु दु । थ्व पञ्चबुद्धया धर्मधातु गीत थौं स्वया: ५२६ दँ न्ह्य:यागु ख: ।

'उत्तिमञ्जुश्री' स्तुतियात चैत्यवन्दन गीत धाइ । थुकी स्वयम्भू चैत्यया लिसें पञ्चबुद्धया वर्णन दु । वेद मुनि ऋतु नेपाल वत्सर फाल्गुन कृष्ण सप्तमी-नेपाल संवत ६७४ फाल्गुन कृष्णा सप्तमी खुन्हु थ्व गीतया रचना जूगु ख: ।

वैद्य देवानन्द वज्राचार्य वि.सं. १९८८ स गोरखा भाषा प्रकाशिनी समितिपाखें स्वीकृत याका: प्रकाशित या:गु नेपाल भाषा स्वयम्भू दर्शन सफुलिइ वैरोचनया वर्णन थथे यानात:गु दु–

**बहुरुप गुणवन्त नाम वैरोचन श्री**
**हसित वदन कान्ति ध्यान बोध्यंग मूर्ति ।**
**शशि समसुख पूर्ण शंखपूर्ण तुयूम्ह**
**प्रथम दु मुनि बीज मध्यदीगे स्वव:म्ह**
**भगत व दुखिपिन्त ध्यानदृष्टिं स्वयूम्ह**
**अमरगु वर बीम्ह सिंहयाके गव:म्ह ।**

चल्तिम्ह छम्ह द्य: खने दुयाच्वनी अले वया मेमेगु विविध रूप दयाच्वनी । डा. नरेशमान वज्राचार्य 'पञ्च बुद्ध' सफुलिइ च्वयात:थें पञ्चबुद्ध दुथ्यानाच्वंगु त:ता प्रकारया मण्डलत दु । वैरोचन, अक्षोभ्य, रत्नसंभव, अमिताभ व अमोघसिद्धि छपा:, स्वपा: व प्यपा: ख्वा: दुपिं व थथे हे निका, प्याका, खुका, च्याका ल्हा: दुपिं दु । थथे त:पा ख्वा: व त:का ल्हा: दुम्ह वैरोचनयात महावैरोचन धाइ ।

पञ्च बुद्धया न्यागू हे धारणी व मन्त्र दु । वैरोचनया धारणी ज्वना चैत्य संकल्प यायेगु, अमोघसिद्धिया व अमिताभया धारणीया छुं अंश ज्वना: धौ

व थ्वँ श्राद्धया पिण्डय् छ्यायेगु वाक्यं पिण्डविधानय् तयात:गु दु ।

पञ्चबुद्धया विषयय् अध्ययन अनुसन्धान यानावन धा:सा आपालं खँ सीकेगु दइतिनि । आ:यात थन थुलिं हे क्वचायेके । ■

**लिधं-सफू:-**


१. वज्रीरत्न वज्राचार्य- नागार्जुनपाद विरचित धर्म संग्रह, वज्राचार्य संरक्षण गुथि, ने.सं. १११४ ।

२. प्रा.डा. मुकुन्दराज अर्ज्याल- पं. अमृतानन्द शाक्यको धर्मकोश संग्रह, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, कमलादी काठमाडौं, वि.सं. २०५९ ।

३. वज्रीरत्न वज्राचार्य- स्वयम्भूमहापुराण, सानु माया तुलाधर, पानोरामा होटल, खिचापूखू, यें, ने.सं. ११०३ ।

४. स्वयम्भू पुराणम्- लिखित वज्रधृत् चक्रमहाविहार ाधिष्ठित जगद्गुरुसागर, ने.सं. ९१९।

५. हेमराज शाक्य- श्री स्वयम्भूमहाचैत्य, स्वयम्भू विकास मण्डल, स्वयम्भू, यें, ने.सं. १०९८ ।

६. वैद्य देवानन्द वज्राचार्य- स्वयम्भू दर्शन, तीर्थ शोभा वज्राचार्य, त्रिपुरेशवर, काठमाडौं नेपाल, चतुर्थवार ने.सं. १११४ ।

७. पं. दिब्यज्र वज्राचार्य- आर्यश्री गुह्य समाज तन्त्रम्, लोटस रिसर्च सेन्टर, नकिं झ्या:, दौबहा: वडा नं.-१८, ललितपुर नेपाल, ने.सं. ११२१ ।

८. डा. नरेशमान वज्राचार्य- पञ्चबुद्ध, तुलरत्न वज्राचार्य, पद्मकेशरी वज्राचार्य, तेबहा: यें, ने.सं. ११२३ ।

९. प्रकाश वज्राचार्य- बौद्ध दर्पण, बुद्धजयन्ती समारोह समिति, आननदकुटी विहार, दोस्रो संस्करण ने.सं. १११६ ।

१०. धम्मवती अनगारिका- त्रिरत्न गुण स्मरण, धर्मकीर्ति बौद्ध अधययन् गोष्ठी, धर्मकीर्ति विहार श्रीघ:, न:घ:त्वा:, यें, बु.सं.२५१९ ।

११. धजवती (कुसुम गुरुमां)- संक्षिप्त बुद्ध वंश (प्रथम भाग) मोतिलाल शिल्पकार सपरिवार, लोकेश्वर टोल, जावलाखेल, वि.सं. २०५८ ।

१२. अमोघवज्र वज्राचार्य- पिण्डविधानम्, पूर्व सेवा खल:, कान्तिपुर, ने.सं. १०९४ ।

१३. आदि वज्र - पञ्चरक्षा सूत्रपाठ, सत्वतारावज्र वज्राचार्य व सपरिवार, मखंबहा:, यें, स्वक्व:गु ने.सं. १११८।

१४. धर्महर्ष वज्राचार्य-बौद्ध स्तोत्र संग्रह, धर्महर्ष वज्राचार्य, असन तक्षवहाल, नेपाल, ने.सं. १०५९

१५. फणीन्द्ररत्न वज्राचार्य- बौद्ध स्तोत्र संग्रह आशा नन्द स्वधर्म विहार, थँहिति, यें, ने.सं. ११२३ ।


## मेरा हातले लेख्नु छ युग भुलेको कहानी



मिलु गौतम ( शिशिर )

सिद्धार्थ शुद्धोदन राजाको सन्तान
शान्तिको किल्ला बुद्ध भएको निशानी
आँखा खोलौ आँखा खोलौ हुदैछ बिहानी
सत्यको खोजी किन भएन आज
आधुनिक युगमापनि ।

मेरा हातले लेखनुछ यहाँ युगभुलेको कहानी
सिद्धार्थले जन्म लियो लुम्बिनी सा[illegible]
बुद्धपनि हासी जस्तै नेपाली आमाके सन्तान हामी
उठ ! उठ !! नेपाली दाजु-भाई, दिदी-बहिनी
बुवा-आमा
बुद्ध भगवानको शान्ति ल्याउनु [illegible]

उभिन खोजने कलिला खुट्टाले शान्ति [illegible]नुछ
नेपाल आमालाई हाँसो दिनु रोज[illegible]
नेपाली भई देशको माया बोकनु छ
बुद्धको इतिहास बुद्धके भूमिमा खोजनु [illegible]।

महामानव बुद्धको भूमि सिंगारी [illegible]
सजाउँनु छ यहाँ आफ्नै धर्ति र माटो
भुलन भएन बुद्धले देखाई दिएको शान्ति[illegible] बाटो
कति नामी छ बुद्ध जन्म भई टेकेको [illegible] ।
आउ आउ सबै मिली जाउँ शान्तिको बाटो



Downloaded from http://www.dhamma.digital

# नाम संगती नापं दुम्ह महामञ्जुश्री

■ उत्तमराज शिलाकार

नाम-संगती सूत्र छगू नेपाःया पुलांगु ग्रन्थ खः । नामसंगति बुद्धं स्वयं देशना याना बिज्याःगु खः धैगु खँ नामसंगति सफूया निगूगु परिवर्तस **"अथ शाक्यमुनि भगवान द्विपदोत्तम"** धका च्वयातःगुलिं सीकेफु । नाम संगति गवले सुयात देशना याना बिज्यात धैगु खँय् थुगु हे सफूया खुगूगु अन्तिम स्लोकय् भगवान बुद्धं बज्रपाणीया न्ह्यसःयात लिसः बिसें **"एवम् अध्यैष्य गुहेन्द्री बज्रपाणी..."** धैतःगुलिं सीदु । अथेजूसां थ्व धर्म देशना भगवान बुद्धं अपोथें धर्मदेशना याना बिज्यागु स्थान जेतवन महाविहारे याना बिज्यागु धाःसा खने मरु । उकिं अवश्यनं सुंछम्ह देवता वा बोधिसत्वयात देशना याना बिज्याःगु जुइमाः । पाली साहित्यय् भगवान बुद्धं यहलोक जक मखु देवलोकय्नं धर्म देशना याना बिज्याःगु खँ दु । उकिं हे वसपोलयात **"सत्था देव मनूसानं"** – देव-मनूष्ययानं शास्ता (गुरु) धयातल ।

**"नामसंगती"** बज्रयानया छगू धर्म विभूति खः । थ्व सफू बज्रयानया मेमेगु ग्रन्थतयेंहे मूलगु ग्रन्थ खः । भगवान बुद्धं बज्रपाणी यात देशना याना बिज्यागु थुगु ग्रन्थयात "अद्वय् अनुत्पाद गाथा" धकाःनं धायुगु याः । दिङ्नाग (५०० इ.स.) कृत प्रज्ञापारमिता पिण्डार्थया न्हापांगु पद कथं– **"प्रज्ञापारमिताज्ञ नम द्वय सा तथागत** "अथेधैगु प्रज्ञापारमितायाा ज्ञान अद्वितिय खः वहे तथागत खः धयातल उकिं नामसंगति गुगुकि अद्वय अनुत्पाद धर्मखः धका धायेफु ।

"महासांघिक वाद" गुगु भगवान बुद्ध परिनिर्वाण जुया बिज्याय् धुंकाः १०० दँ ति लिपाया पुलांगु निकाय जूगुलिं बुद्धया उपदेशय मन्त्र आदिनं दु धैगु खँ सीकेफु । पाली साहित्यय् खनेदया च्वंगु रतनशुत्त आटानाटीय सूत्र, मयूर सूत्र, प्रज्ञापारमिता, पञ्चरक्षा पाठ, आदि फुकसं मन्त्रपाठ दुथ्याना च्वंगु दु । स्थविर वादय् पाठ याकीगु परित्राण पाठ देव मनूष्यया कल्याण जुइगु धयातलसा बज्रयानय् दुथ्याना च्वंगु सूत्रपाठ, धारणी आदिनं लोक कल्याणया लागि हे खः । गथे परित्राणं पाठ लःया भय, मिया भय, सत्रुया भय, राजभय, शर्पया भय आदि मदयेकेगु कथं पाठयायेगु यानातल । बज्रयानय् मन्त्र सिद्धियाना मनूया सुख, शान्ति, वैभव व उन्नतिया ज्याय छ्यचला तल । परित्राण पाठ देशय् शान्ति सुरक्षा यायेतनं छ्यचला च्वंगु दु थौं नं श्रीलंका, थाइल्याण्ड, म्यानमार, कम्वोडीया, लावस थेंजागु थेरवादी देशय्नं भिक्षुपिसं थःपिनि उपासिका पिनिगु छेँ छेँ बिज्याना सहज प्रशव, समृद्धि, सुख शान्तिया लागि कामना यासें पाठ याना बीगु चलन दनी । अथेहे देशय् अनिकाल मदयेकेत व भय मदयेकेत छ्यचला च्वंगु दनी ।

बज्रयानया 'नामसंगति' नं तिब्बति भिक्षुपिं थनया महायानी पिं व बज्रयानी पिसं छ्यचलावया च्वंगु छगू महान सफू खः । उकिं थ्व सफू बौद्धिक सफुत दुने छगू प्रचलीत सफूनं खः । थ्व सफू नापं स्वानाच्वंम्ह द्यः वा बोधिसत्व महामञ्जुश्री खः । बुद्ध धर्मय् मञ्जुश्रीया अर्थ स्वंगू कथं क्यनातःगु खनेदु । भाष्यकार स्मृतिज्ञान कीर्तिया कथं, श्रावक यान अन्तरगतया पारमिता यानय् मञ्जुश्री दशभूमि (बोधिसत्व) खः । महायानया मन्त्रयान वा बज्रयानय् महामञ्जुश्रीनं छम्ह बोधिसत्व कथं बुद्धत्वया प्रतिनिधित्व याना च्वंगु दु । स्वयम्भू पूराणकथं न्हयब्वयेगु खःसा वसपोल महाचीन (तिब्बत) थन बिज्याना (थनया नेपाःगालय् लःमुना कालि दह जुयाच्वंगु इलय) श्री स्वयम्भू ज्योतिरूपया दर्शनयाः बिज्याम्ह छम्ह अद्वितिय तान्त्रिक महापुरुष खः । गुम्हेस्यां थन मुनाच्वंगु लःयात चोभाःया गल्छीं पितछ्वयाः थन स्वयम्भूं निसें गुहेश्वरीतक "मञ्जूपटन शहर" या स्थापना याना थकल । वसपोलं धारणा याना बिज्याना च्वंगु सफू, खड्ग व अजूस्वांयात कया बिचाःयायेबलय वसपोल ज्ञानया सागर, शत्रुभय नासक व शान्तिया प्रतिकया रुपय कायेफु । मेखतं बिचाःयायेबलय् वसपोल छम्ह अज्ञाननासक (बोधिसत्व) या रुपय् खनेदयेकः वइ । स्मृति ज्ञानकीर्तिया कथं पारु-प्यक्लेशं मुक्तम्ह ज्ञानी खः । अथे हे 'मञ्जु' या अर्थ मधूर (नायूगु, यैपुगु) खःसा "श्री" या अर्थ ऐश्वर्य वा वैभव खः । थुकिं छु सीदु धाःसा मञ्जुश्री छम्ह धर्म विभूति

हे ख: । तिब्बति धर्म कथंला अभ्र वसपोलयात संसारया उद्धारक धका शाक्यमुनी बुद्धया समानहे दर्जाय् क्यनात:गु दु । धार्थेला वसपोल शाक्यमुनी बुद्धया जक मखु वयासिकें न्ह्योनेयापिं मेमेपिं सिखि बुद्ध, पञ्चबुद्धपिनिगु अद्वय ज्ञानया प्रतिनिधित्व जक याना विज्याना च्वंगु ख: । नाम संगतीया मञ्जुश्री व पञ्चतथागतपिं धर्म विभूति पिन्त अपोथें देवीदेवता कथं न्ह्यब्वयेगु वा स्थानय् तयेगु ज्या थनया महायानी धर्महनीपिसं यानावया च्वंगु खनेदु । अंगुत्तर निकायया २:३७ स द्रोण शुत्रय बुद्धं थ:त "नखो अहम व्राम्हण देवो भविष्यामी- अथेधैगु हे व्राम्हण जि द्य मखुसा वसपोलया अनुयायी पिं गथेकि प्रज्ञापारमिता, वज्रसत्व व महामञ्जुश्री पिसं अथेहे अद्वितिय महापुरुषपिं कथं ख: धका ध्वीकेमा: । बौद्धिक भाषं थमित हे बोधिसत्व धका धया तल ।

मार्ग मञ्जुश्री नाम पञ्चतथागत, पञ्चज्ञान इत्यादि मण्डल ख: । गुकियात प्रभाश्वर चित्तय् वयाच्वनीगु कलेशयुक्त याइगु कथं कायेफु उत्पन्न क्रम व सम्पन्न क्रम (शमथ-विपश्यना) या सुदम रुप कथनं कायेफु । पालीसाहित्यया अंगुत्तर निकायया खुगूगु निपात अनुत्तर वग्गया उदायी सुत्तय प्रभास्वर संज्ञा सम्बन्धी भावना व विधि व उकिया वोधीलाभ (ञाण दस्सन पतिलाभ) कायेफइगु खँ च्वयात:गु दु । मञ्जुश्री या चित्त अथवा मण्डलया उत्पत्ति क्रम व विनाशया क्रमकथं स्वयेगु ख:सा विपश्यनाय क्यनात:गु शमथ भावनायात मञ्जुश्री चित्त कथं कायेफु । थुकी चित्तयात शान्तयाना प्रज्ञाया उत्पति याना वीगु हुनिं मञ्जुश्री या अर्थ प्रज्ञापाय (प्रज्ञा उत्पादनया उपाय) वा लंपुकथंनं कायेफु । अथेहे शुन्यताया प्रतिक प्रज्ञापारमिता जूगुलिं विपश्यनां प्रज्ञापारमितायाहे अंग जुल । अनित्ययात ध्वीकेगु हे प्रज्ञायुक्त ज्वीगुख: उकिं मञ्जुश्रीया अर्थ विपश्यना व शमथ निगुलिं ख: । मेखतं स्वय्वलय् नैरात्म्ययात प्रतिवेध यायेगुहे प्रज्ञा पारमिता ख: । उकिं विपश्यना प्रज्ञापारमिता ख: गुगु मञ्जुश्री याहे अद्वितिय ज्ञान ख: । नामसंगती नापं स्वाना च्वंम्ह मञ्जुश्री ज्ञान, शक्ति व अभ्यन्तर चेतनाया प्रतिक ख: ।

■

# बोधिज्ञान या बुखँ

■ आनन्द मानसिं तुलाधर

बुद्ध गयाया शाल बृक्षया क्वय्
बुद्धत्व प्राप्त याना बिज्यागु थौं हे जुल ।

थ:म्हं प्राप्त यानागु सम्पूर्ण ज्ञानया बुखँ
कनेत बिज्यागु सारनाथय् पासा पिन्त ।

मा: जुइम्वा: गननं शान्तिया लँपुनं
लुया वइ नुग: दुने हे योगा: भ्यासं ।

भौतिक बिलाषि सुख: भोग तोता: सकतां
गनं दइ अले व लुइकेगु आसां आध्यात्मिक शान्ति ।

त्याग याय् फयेमा व निगू अतिमार्ग
सिद्धार्थ त्व:ता वंथें विशाल लाय्कु ।

अनेक गुरुपिन्थाय् माला स्वत गुलिनं
लुइके मफु गननं उगु बोधिज्ञान ।

पीन्यादँ तकया दुने दु:ख सियानं
अन्न, जल, छुंहे ग्रहण मयासे

यानां छ थाय् ध्यान दयाहाँ लाना नं
अति मार्गया बिचं लुइका का:गु

सकल प्राणियात ल्व:गु मध्यममार्ग
थुलिहे ज्ञान लुइवं भगवत

थेंक: वन मृगदावन सारनाथे
कनेत वृतान्त सकतां व दमथरिपिन्त ।

जिं लुइका: कयागु ध्व उत्तम ज्ञान
नालाका छिमिसनं चित्तय् ल्व:सा ।

याय्म्वा पत्या छुफुति हेनं ।
ख: मखु नयास्व चिनि चाकु धाय्त ।

जिं लुइकागु ध्व बोधिज्ञान–
इना बिइत वया थन सारनाथय् ।

न्यनाका छिमिनं थुगु हे ज्ञान
ल्वाहाँ वय्म्व:के भव सागरं

ध्यान बिया न्यंछिमिनं ........
चतु आर्य सत्य, खंका नुगलं

मोक्षमार्गया
जिगु अध्ययनं लुयाव:गु चतू आर्य सत्यया खँ ।



Downloaded from http://www.dhamma.digital

# शान्तिया लँपु

■ लक्ष्मीहीरा तुलाधर

थौं २१ सौं शताब्दी वैज्ञानिक युग । विज्ञानया प्रगति न्हिया न्हिथं जुजुं वना च्वंगु ई । आ ध्व इले मनूतय्सं याये मफुगु व मसः धैगु दु हे मदु धा:सां ज्यू । आकासं ब्वया जुइगु निसें क्या: पृथ्वीया दुनें संसार चा:हीलेगु ल:या दुने-दुने चा:हिलेगु, आकाशे च्वंगु ग्रहलय् थ्यंकेगु अथेहे एक मिनेटं हे संसारया श्रृष्टि नष्ट यायेगु साधन यन्त्र दय्केगु, छगू थासं मेगु न्हचाथे जागुहे तापागु थाय् थजू अपुक् खँ ल्हायगु, अझ ख्वा: स्वया: खँ ल्हायेगु थुलि जक मखु कल्पना हे यायें मफुगुज्या तक्कनं याय् फुगु इ ध्व ख:- गथे Test Tube Baby प्रविधिं मानवं जन्म यायेगु ज्या तक्कनं यायें फुगु इ:लेय् व् चिकिचा धिम्ह धायेला चिकिचा धंगु धायेला निग: आख:लं बनेजुया च्वंगु "शान्ति" दयेके मफु, माले मफु, ज्वने मफु । आश्चर्य अति शाश्चर्यया विषय ध्व ख: ।

त:त: धंपिं वैज्ञानिकतयसं नं ध्व शान्ति स्थापना यायेगु यन्त्र थौं तक दयेके मफुनी, अथेहे त:त:धंपिं डाक्टर, वैद्य तथा ज्योतिष शास्त्रनं लुइके मफुनि । शान्ति स्थापना या वास:, ध्व शान्ति गनदु, ध्व शान्ति गपायधं ध्व शान्तिया लक्षण छु ख:, छाय् थव निग आ:खयात थपासकं ज्वने थाकुगु । गुगुकि संसारे दक्को मनूतय्त नं मदयेक मगाना च्वंगु दु । शान्ति-शान्ति धका: आन्तरीक हृदय निसें मनूतय्सं विश्वय् आव्हान याना च्वंगु दु ।

गुलि गुलि विश्व: मनूतय्सं शान्तियात मालेत न्ह्यलुया स्वल उली उलिहे शान्ति दसुना शान्तिया पलेसा अशान्ति न्ह्यो न्ह्यो ले लें पुयाव्या च्वंगुदु । अशान्ति सुयां मयो, शान्ति सकस्यां यो । तर मनूतय्त योगु चिज मदु मयोगु चिज न्ह्यच्याना च्वने माला च्वन । ध्व छगू मनूतय्त व्या च्वंगु त:धंगु विडम्बना ख: । ध्व छाय् ख:, छु जुया: ख: थुकिया हेतु मनूतय्सं थुइके मफु, अले थुइकेत कुत:नं मया: । मनूतय्सं न्या लाय् धा धां ब्यांचा लाना च्वन । म्हतुं शान्ति धका हाला: ज्यां धा:सा अशान्ति उत्पन्न जुइगु ज्ञकयाना च्वन । गुकिं याना: शान्ति झन-झन् मालां माले मफेक सुला व्न । शान्ति पिहाँ वये मास्ती व:सां तवि बकात पिलुइगु वातावरण हे शान्तिया हृदय विदारक ब्यथा ख: । शान्तिं थ: पिलुइगु लँ माला च्वंगु दु । तर वयात प्यख्यं अन्धकारं तोपुया त:गुलिं लँ खनेमदु, नापं वयात पासा मदु, च्वना वयेत साधननं मदु । न्ह्यायपनं शान्ति धका स:ता च्वंगु बाँलाक ता:सां तवि पिहां व्ये मफया: नवाये मफया: इत: मित: कना: दुने च्वना: ख्वया च्वंगु दु ।

विश्वय् मनूत आक्रोस, लोभ, मोह, रिस, राग, द्वेष, स्यायेगु, पालेगु, ल्वायेगु इत्यादिया कारणं अशान्ति जुया: गनवंसा शान्ति दै धैगु आसं इत: मित: कना च्वंगु दु । ध्व फुक्कंहे शान्तिया शत्रु तथा अशान्तिया लक्षणत ख: धायेत लिफ: स्वये माली मखु । थन्यागु भावना मनूतयेके दत्तले शान्ति कदापि न्हचलुइ फैमखु, माले फैमखु अनुभव नं याय् फै मखु । चाहे व व्यक्ति यक्कोहे स:स्यू तथा डिग्री परीपक्को जूम्ह थजु अथवा बुद्धया अनुयायीधका चीवरं धारणयाम्ह हे थजु । ध्व बुद्ध वचन ख: ।

थौं विश्वय् न्ह्याथाय् सोसां मनूतय्के चायेकं मचायेकं वांलागु भिंगु स्वया: बांमलागु गुण अप्पो मात्राय् प्रगती जुया व्ना च्वंगु दु । गुकिया परिणामं याना: संसारय् न्हयाथासनं अशान्ति अशान्ति जुया च्वंगु दु । भगवान बुद्धं धया बिज्या:गु दु कि छुं नं दु:खया कारण हेतुं याना: ख: । व हेतु धयागु 'तृष्णा' ख: । व् हेतु माला: हेतु निर्मुलयात धा:सा दु:ख निवारण जुई । शान्तिया वातावरण व्इ । अथे जूगुया कारणंयाना संसारे मनूत शान्ति-शान्ति धंका: हाला शान्तिया: जुईगुया पलेसा अशान्तिया हेतु माला निर्मूल याये फयकेमा: अलेसा शान्ति-शान्ति धका ग:प: सुक्क हाला: माला जुई माली मखु । शान्ति थ: थमं हे मुसु मुसु न्हि:ला झीगु न्हयोने दं व्ई ।

बुद्धया अमूल्य व्चनयात लोमंका: अथवा मसिया: मनूतय्सं शान्ति कामना यासे विभिन्न देशेय् विभिन्न जाती, धर्मय् विभिन्न तरिकां थ:थ:गु परम्परा अनुसारं धर्म-कर्म याई । तर न्हयाथे जागुहे जाती थजुईमा, धर्म थजुईमा इमिसं यागु शान्ति कामना अन्ध विश्वासय् मला:गु जुइमा: । गथे त:त: धंगु महायज्ञ, गनकी निर्दोष प्राणीत अर्पणयाना होम याइ, अथेहे निर्दोषी प्राणीत भोग विया:, गथे पञ्चवली पुजा याना: देवी देवता पिनिगु पुजा याइ, पार्थना याइ । थथे मिखा निप्पां तिस्सिना: धर्म यानागु दोष धकाथयक लिफ मसोसे व उकिया निवारण निर्दोष प्राणी पिनिगु ज्यानकया: बली विया: थ:गु मतलव साध्य याय्गु स्वई थुकी शान्तिया पलेसा अशान्तिई जक्क जुई शान्ति गुवलेजुई अथवा वय्फइ मखु ।

धर्म अथवा प्रार्थना थन्या:गु जुइमा: गुकी नि:स्वार्थ भावनां युक्त, अले शुद्ध चित्त मैत्री भावं परिपूर्ण निर्मल चित्तं या:गु जुइमा: । अले जक व प्रार्थना, धर्म फल बी ।

विश्व शान्तिया अग्रदूत वस्पोल भगवान बुद्धं विया बिज्यागु शिक्षां थथे धया त:गु दु कि शान्ति कामना धयागु छम्ह प्राणी मेम्ह प्राणीया लागि शुद्ध चित्तं मैत्री भावना त:गु जुइमा: । थ्व हे मैत्री भावना जागरण यायेगु लागि वस्पोलं स्वयं धया विज्यागु दुकि संसारे दक्को मानव तयसं वस्पोलं क्यना विज्या:गु पञ्चशील पालना यायेगु अति आवश्यक ख: । थ्व पञ्चशील धयागुहे मानव -मानव जुया म्वाये फयकेगु सरल व शान्तिपूर्ण ढंगं जीवन हने सयेकेगु, फयकेगु महान लंपु ख: । नापं जीवनय् देशेय् शान्ति दइगु या लक्षण ख: ।

पञ्चशील धयागु छु ले ?

वस्पोल भगवान शास्ता नं पञ्चशील धका झीत न्यापु लँ क्यना विज्यागु दु । गुगु लँपु अती सरल, जीवनय् छयले फुगु नम्र स्वभाव उत्पन्न जुइगु, आपसे-आपसे माया ममता दैगु ख: । गथे–

- सुँ प्राणी पिन्त हिंसा याये मखु ।
- सुयागुं छुँ वस्तुनं मविइकं काये मखु । नुगलेय् स्याका काये मखु ।
- ब्यभिचार (थ:मिसा, थ:मिजं वाहेकँ सुया नापं दाम्पत्य संवन्ध तयमखु) भ्रष्टाचार यायेमखु ।
- मखुगु खँ जिँ गुवलें ल्हायेमखु । चुकली खँ ल्हाना सुयातं ल्वाकेगु ज्या याये मखु ।
- अयला, थ्वं, अथवा थगु नसा यात लट्ठ याईगु पदार्थ जिं छुँ नयमखु, त्वनेमखु ।

थथे वस्पोल बुद्धं पञ्चशील पालनां हे जक मनू मनू जया म्वाये फै मखुसा मनू नरपशु जुया: म्वाय् मालिइ धका: ध्वा थुइका विज्या:गु दु । यदि थुकी विश्वास मदुसा जीवनय् छचला झिसं स्वयेफु । अथवा झिसं खनानं च्वंगु दु थ्वहे झिगु समाजेय् गुम्हं अयला गुलुजुया छेँ अशान्तियाना च्वंपिं, अथेहे गुम्हं खुया दु:ख विया च्वंपिं, दु:ख सिया च्वंपिं, गुम्हं ब्यभिचार, याना ल्वापु, अशान्ति मचेयाना च्वंपिं, मखुगु खँ चुकली खँ ल्हाना ल्वापुयाना च्वंपिं, करपिन्त नगले स्याक बोबिया ख्वयका च्वंपिं ईत्यादि ईत्यादि । थ्व फुक्क जीवनय् दु:ख व अशान्ति ब्वलंकेगुया चिँ ख: ।

थ्वहे सिल सिलाय् थौं थन झीत शान्ति माला च्वंगुदु । शान्ति स्थापनाया लागि फुक्क मानव जातिया मनेय् मैत्री भावना उत्पन्न याये माला च्वंगुदु । विना मैत्री चित्तं शान्ति गुवलें हये फैहे मखु । उकिं बुद्ध दयेका विज्या:गु थ्व मैत्री सुत्र छाय, गबले गन, सुयात, छु समस्या समाधान यायेत दयेका विज्यात धैगु खँ छकुचा व्याख्या याये त्यना ।

भगवान बुद्धया समयय् ५०० म्ह भिक्षुपिं वर्षावास च्वनेत जङ्गलय् च्वं वंगु जुयाच्वन । अन जङ्गलय् अनेक भय त्रास जुया: इपिं च्वने मफुत । वर्षावास हे तोड्येयाना: इपिं अनं लिहाँ वया: बुद्धयाथाय् शरण वल । भगवान बुद्धं इपिं भिक्षुपिन्त व हे थाय् उपयुक्त जू धयागु सिया बिज्या:गुलिं भय, त्रास हटये यायेत मैत्री सूत्र देशनायाना बिज्यात । 'मैत्री सूत्र' धयागु व जङ्गलय् च्वंपिं दक्को प्राणीपिं, अमनुष्यपिनिगु लागि मैत्री भावना यायेगु ।

छिपिं फुक्कस्या आन्तरिक हृदयं निसें एकचित्तयाना मैत्री भावना याना: थ्व सूत्र पाठ याना हुँ, ध्यान च्वं छिमिगु समस्या समाधान अवश्य जुइ धया: हानं व हे थासय् भिक्षुपिन्त लित छोया विज्यात ।

धात्थें व न्यास:म्ह भिक्षुपिं वसपोल भगवान बुद्धया वचन शिरोपर याना: एक चित्तं थ्व हे 'मैत्री सूत्र' पाठ याना: हाकनं व हे जङ्गलय् लिहाँ वना: ध्यान च्वंवन । थ्व सूत्रया प्रभावं इमित अन भय, त्रास हटे जुया: शान्ति जुल । थुकथं भय, त्रास अन्तरायं मुक्त जुया: एक चित्त ध्यानय् प्रतिस्थित जुया: अरहत फल तकनं प्राप्तयात धयागु खँ बौद्ध ग्रन्थय् उल्लेखित जुया च्वंगु दु ।

थथे थ्व मैत्री सूत्र धयागु आपस-आपसे मैत्री भावना बृद्धि याना वनेगु कृत्य, भय अन्तराय मदयेकेगु कृत्य, विपश्यनाया जग समान दुगु पादक, ध्यान कृत्य थ्व स्वंगु पुरे यायेगु शक्ति दुगु सूत्र ख: धका धम्मपद अथवा खुद्दक पाठ, अट्ठकथा ग्रन्थे उल्लेख याना तगु खनेदु ।

उकिं थौं झित झिगु देशेनं शान्ति हये माला च्वंगु दु । शान्ति माल शान्ति माल धका देशहे थ्वयक ग:प:हे सुक्क, टि.भि.हे मुइथे च्वंक हाला च्वंगुदु । तर थथे हालां शान्ति गुवलें हे वइ मखु । शान्ति वयेके यात भगवान बुद्धं क्यना विज्यागु लँपु पञ्चशीलया पालना यायां न्ह्यावना आपस आपसे मैत्री भावना जागरण याना: लोभ, द्वेष, मोहयात त्याग यायां वन धासा देशे याकनं हे शान्ति जुइगु दु । शान्ति जुइ थव बुद्ध वचन ख: । उकिं झिपिं त:धं चिधं सकस्या आपस आपसे मैत्री चित्त बृद्धि यायां अशान्तिया हा: निर्मूल याये मागु दु । थथे याना शान्ति हय् फयेमा धका: भगवान बुद्धया वचन मैत्री सुत्र न्हिया न्हिथं सकस्यां पाठ यायां अशान्तिया हा निर्मूल जुइक लँथना: शान्ति स्थापना यानां तोते । भवतु सब्ब मङ्गलम् ।



Downloaded from http://www.dhamma.digital

# धन व गुण

## अध्ययन शील पासापिं

*( धन व गुण धर्मकीर्ति विहारे निको प्यको अध्ययन शील पासापिंसं नाटक क्यना बीधुंकुगु खः । - सं. )*

■ बरदेश मानन्धर

दौलत : मेचत स्वंगु तया तःगु दै ।
राम या प्रवेश
न्हचोनेसं च्वंगु मेचस दौलतराम "आय्या बाबा" धका फ्यत्वी ।

दौलत : ए गोजा ! गोजा !!

गोजा : हजुर साहुजि

दौलत : गपायच्व त्वानुगु ध्व, बजां छ्कः थें ले का !

गोजा : धन्दा हे कायम्वा, नां काय् साथं थना बी । (गोजा फ्यतुना, बजां थनि)

दौलत : गोजा !

गोजा : हजूर,

दौलत : थौं छिमि साहुनिं नं छु दयके त्यंगु हां ।

गोजा : गो साहुजि, थौं कन्हे लाखे तरकारी है न्याय थाकुल हँ ! न्स्यागुया भाः न्यंसा नं करन्टं ज्वनीगु हँ । चिकं भिगु मदु हँ । घ्यो न्यायगु मदु हँ । (भचा भस्के जुया) छु छु हँ, छु हँ !

दौलत : (कपाः त्यु त्युं) हरे भगवान, गपायच्व अनिकाल परे जुया वगु धायगु आः ! (गोजा पाखे स्वया) का, गोजा थुंजोगु अनिकालेला छन्तं नं लहिनाते थाकुया वलका ।

गोजा : (मे वांन्याना) यमाः सा ! छु धया दियागु व, मालिक थें जाःपिं साहु तेसं लही मफुसा जिमि छु नयगु ? हाकनं उलिजक ला ... (दौलतं बिचे हे "आसे" धका ल्हा भाय् याई, नैपथ्य पाखे न्हायपं बी ! गोजा नं न्हाय्पं बिया छ्यूयों ल्हुकु ल्हुकु संकी)

दौलत : ए, सु वोगु थें स्वाने स्वः

गोजा : धन्दा हे कायम्वा ! नां काय् साथं स्वया बी ! (गोजा वनी, भचा लिपा गुणदास नापं दुहाँ वइ ।

दौलत : अहो गुणदास ! तारेमाम

गुण : तारेमाम

दौलत : फ्यतु ले ! थये छ थौं कन्हे ला खने खाने नं दुगु मखु । साप हे लिमला थें च्वं ।

गुण : का, छं वंगु बुद्ध जयन्ति बले प्रदर्शनी जूगु मन्यनाला ?

दौलत : व ला न्यनागु गु खः ।

गुण : हः व हे प्रदर्शनी व मेमेगु विहारया ज्यांयाना भचा लिमलाना च्वंगु का ! थौं कन्हे तिनि भचा फुर्सत दत । छ हाला च्वनी धका फुर्सत दु बले छन्त छक नापलाः वैगु का !

दौलत : ए गोजा,

गोजा : ज्य उ

दौलत : का हूँ अन पासायात कौलाया व्यवस्था या ! साहुनीयात दकसिवे भिंगु ऐला पिका धा हूँ !

गोजा : धन्दा हे काय्म्वा नां कय् साथं धया वी । (गोजा वने त्यनी)

गुण : ए ! ए ! गोजा म्वाल म्वाल । (गोजा लिहाँ वै साहुजि पाखे स्वया) जित कौला म्वाः धका ! जि ऐला मत्वने धुन ।

दौलत : धत्तेरी का ! छ श्रीघः ले वना धर्मात्मा जूगु ला लो हे मंगु का । अयसा (Squash) इस्क्वास सां त्वने मज्यूला ?

गुण : ज्यू, पासा यागु मनतयगु लागी त्वना बिइका ।

दौलत : गोजा !

गोजा : ज्य उ,

दौलत : का हूँ पासायागु लागि इस्क्वास कयाहिं ।

गोजा : धन्दा हे कायम्वा नां काय् साथं हयाबी (गोजा काः वनि)

दौलत : मखु पासा ध्व धर्मकीर्ति विहारं छिमित मोहनी याना तल कि छु ? (गोजां तय् हई)

गुण : (मुसुक्क न्हिला) छु खँ ल्हाई, खु खँ ल्हाईका नं जि ला बौद्ध धर्म थ्वीकेत विहारे वना च्वनागु का । बौद्ध धर्म भीगु जीवनेहे गुलि ज्या वः धैगु मस्यूनि ज्वी छं ला:सा ।

दौलत : का जितःला ज्याय् स्यले मजुका आम धर्म !

गुण : छाय् ? छु जुल ?

दौलत : व का उखुनु जि पासा छम्ह नापलाना लिहाँ वया च्वनाबले छ्थाय् भिक्षु छम्हेस्यां बाखं कना च्वन । जिं न छकुचा न्यं हे न्यनेका धका फ्यतुना । बाखं कंम्ह भिक्षुंला छें, बुँ, लुँ, वह ध्येवा धन सिकं आर्य धन मू वं धका धाल । लुँ वह इत्यादी धनं सुख मजू हँ । आर्यधनं हे जीवन सुख ज्वी धका धया च्वन । का, ठिक जूला ?

गोजा : (छ्यूयों संका) बिलकुल ठीक मजू साहुजि ।

दौलत : थुलि न्यने धुनेवं जितला तँ पिहाँ वल । गुज्योगु मखुगु खँ ल्हागु ध्वं ? ध्यबा मदयकं छु ज्या बने ज्वी धका ? ध्व संसार हे धन व ध्येवां चले जुया च्वंगु । ध्येवा मदुसा अनाथ ज्वीका च्वने मालिका, थः थिति पिसं हे थः नाली मखु । पासा छम्ह नं दै मखु । खः लाकि मखु ?

गोजा : (छ्यूयों संका) खः खः साहुजी ! अज्ज उलिजकं ला व बाखँ कंम्ह भिक्षुयात नं मनुतसें दान मब्यूसा वया गयेयाना नै थेंका का ? गयेयाना म्वाई थें का ? बसे जक च्वनेत नं ध्येबा मदयकं मगाः । ध्वेबा मदुसा भ्रीसँ छुं नं न्याय खनि मखु, खनीला साहुजि ? (भचा चीसकं) तर ध्व आर्यधन धयागु छु थें ?

दौलत : जिं नं मस्यू ! (गुणदास पाखे स्वया) छ ला विहारे वना भिक्षु पिनिगु बाखँ न्येना च्वंम्ह । छं स्यू जुइनि आर्यधन धैगु छु धका । हाकनं ध्व आर्यधन तः धंकि ध्वेबा तःधं छकः नं थ्वीका ब्यू ले ।

गुण : स्व पासा, जिगु बिचारं ला आर्यधन हे त:धं । आर्यधन धयागु हे गुण ख: । ७ गू प्रकारया गुण धनयात है आर्यधन धाई । व छु छु धासा–

१. मन प्रसन्न ज्वीगु, विश्वास पात्र ज्वीगु श्रद्धा धनं ।
२. सदाचारी जुया चरित्र बांलाका यंकेगु शील धन ।
३. मखुगु ज्या यायबले धाई ल्हाई थैगु लज्जा धन ।
४. धाई ल्हाई धका ग्यायगु भय धन ।
५. न्यने कनेयाना सयकेगु इच्छा श्रुत धन ।
६. नुगमस्यागु चित्त ज्वीगु त्याग धन ।
७. भिं मभिं थ्वीका काय्गु बुद्धि प्रज्ञा धन ।

(गोजां ७ गू आर्यधन पतिं त्वथुला ल्या:खाना च्वनि)

गोजा : ध्याक हे न्ह्यगू ७ !

गुण : गोजा ! ग्वगू जुल ?

गुण : ह ! ! थ्व हे न्ह्यगू यात आर्य धन धका धाई । थ्व न्ह्यगू मदयकं न्ह्याक्व हे ध्येबा, लुं वह आदि दुसां नं जीवनया गतिपति दैमखु ।

दौलत : ए... । छ ला भिक्षु तयगु पँलीम्ह जुहे जुलनि । ध्येबा जक दुसा छुं नं दु:ख मदु । अज्ज उलि जकला, व भिक्षुंला बुद्धं लाखे धनप्वयात काल सर्प धका धालं हैं, काल सर्प । थ्व ला मचा खँ जुलका ।

गुण : छाय् ? छाय् मचाखँ ?

दौलत : छाय् धासा अथे धा:गु स्वे वलेला धन थैगु छुं हे ज्याय् ख्यले मजू थें च्वन । तर छु, धन मदयक छुं ज्या तरे याय् फुला ? छिमि बुद्ध जयन्ति माने यायबले ध्येवा म्वायेक आर्यधनं ज्या ब्यूसा ख:का मेगु ला छु, जिके धन मदुसा थ्व गोजा हे जित पँ ली मखुगु ज्वी । (गोजा ल्हा ब्वे ब्वे स्यास्यां वास्यां न्हिली) थौं कन्हे ध्येबा जक दुसा न्ह्यागु मत्योगु ज्या यासां सुनानं छुस: नवाय फैमखु । उकें ला जि धया च्वनागु नि "धर्म नं ध्येबा"

गोजा : (छ्यों संका) कर्म नं ध्येबा

दौलत : पासा नं ध्येबा

गोजा : च्यो नं ध्येबा

दौलत : मनू नं ध्येबा

गोजा : (फर्को चाया) संसार हे ध्येबा का !

गुण : पासा धा:सा एकोरा जुया जक खँ ल्हाना च्वन । खँ थूगुसा अथे हाली हे मखुगु ज्वी ।

दौलत : अयसा छक थ्वीका ब्युले का ।

गुण : धायकि छंक्य यक्व धन प्व दुका । छु आम ध्येबा प्व जक ज्वनां ज्या फुक्क तरे ज्वीला ? ज्वी मखु । छिमि ब्याहा याय्मानिपिं काय्पिं हे दनिका, छु अमि ब्याहा यायत ज्या याइपिं मनूत मदयक ध्येबां जक तरे याइला ? गुहालि बीपिं भाइ पासापिं मा:कि म्वा ?

दौलत : धन दुसा ग्वहालि बिपिं यक्कों वै ।

गुण : तर छु ग्वाहाली बिइ पिनिगु श्रद्धा व विश्वास मदुसा छंगु ज्या तरे ज्वीला ? ग्वहालि कायत थ:म्हं नं सहयोग बिइ फयकेमा ध्येबा दु जक धयां ग्वहाली वई मखु । गुलिं मनूत ध्येबा मदुसां करपिंत ग्वहालि बिइ न्ह्या: ।

दौलत : तर अयनं ध्येबा दुपिं मनूत सकस्यां यो का ।

गुण : आमनं मिले मजू । ध्येबा मदुपिं जूसा नं ज्या याना बीपिं जूसा सकस्यां यो । सकसिनं माने या: । ध्येबा दुथें सुयातं उपकार मयात धासा मनं सामुहिक ज्याय् चन्दा मबिल धा:सा ध्येबा दु धका लाक्को पाक्को सना जुल धा:सा उजोपिं सुयानं यै मखु । ख्वाले न्ह्योने मधासां ल्यूने लाक्को पाक्को धाय्का च्वने माली । "ध्येबा जक दयां छुयाय् व साहु नुग: स्या ध्येवा छ्ग: हे चन्दा ब्यूगु मखु, मखुगु ज्या याना त:मि जुम्हका व" धका धायका च्वने माल धायव छु सुख ? धायेंया सुख ला सिना वनेधुंका नं सकस्यां नं नां कासा आहा फलनाम्ह साहु ध्येबा दुसां त:धं छु मजू, नुग:स्या धयागु नं मदु । त्वाले व भिं भिंगु ज्या याना थकल, दान त्याग याना थकल । सुयातं दु:ख बिया मवं थथे धाय्के दुसा धका जीवने आशिर्वाद ज्वी । ध्यबा जक मुंका तल धायेव खुया यंकीगु चिन्ता, मी नैगु पीर आदी यक्व दुख बढे ज्वी, शत्रु बढे ज्वी, ध्येबा यक्व मदुसां छुं नं पीर मदु ।

दौलत : का छनं ध्वाँ धका लाना च्वन ध्येबा हुला मज्जां बैंकय् तयगु अले भन भन बैंकया ब्याजं धन बढयुयाना यंकगु । मेहेनत नं यायम्वा: । खुं ख्वीगु आम्दा नं कायम्वा, मी नै धका नं ग्यायम्वा । अले व ध्येबा छु जक याय् । छंत छुं जुया रोगं क:सां छु छंगु आर्यधनं छना लाय्की ला ? थौं कन्हे ध्येबा मदया, वास: याय् मफया अपरेसन याय् मफया सीपिं यक्वं दु । ग्व आर्यधनं लायेके मफुथें । नगद नारायण हे मदयेक मगा: । छंके ध्येबा जक दुसा छु ज्या तरे याय मफु । मुद्दां त्याकेफु, जामिर नकेफु, जाँचे पास यायफु । व आर्य गुणंयाना मनूत थाहाँ वनेगु जमाना मखय् धुंकल थ्व । उकें आम आर्यधन त:धं धा:गु जित:ला ठीक म:ता: । जिंला मथू ।

गोजा : (छ्यों संका) जि नं मथू !

गुण : क... ! छं व संस्कृत स्लोक छपु न्येना तयागु मदुला ? ( बिचा याना) छु धाल ग्व ? लो नं मन । उकि धयात:गु दुनि ध्येबा दुपि लाखे त्वाले जक नां जाई, म्हसी हैं, गुण दुपिं विद्वान तयत लाखे संसारं माने याई हैं ।

दौलत : मथुल, छुं धा:गु आम ?

गुण : छ बुद्ध पुजा थैगु स्यू ख:ला ?

ह...! भिस. बुद्धयात पुजा याना च्वनागु हे वसपोल याके दुगु गुणं याना ख: वसपोल छम्ह धनिम्ह राजकुमार जुया मखु । उकें धनसिबे गुणतधं थैगु ।

दौलत : (न्हायपं बिया) ए गोजा, कुने सु बल थें स्व: ।

गोजा : धन्दा हे कायम्वा नां काय साथं स्वया बी ! (बुद्ध रत्नया प्रवेश)

दौलत : अहो, बुद्ध रत्न ला ? वा वा फ्यतु, छाय् थें ?

बुद्ध : थौं धर्मकीर्ति विहारे बौद्ध अध्ययन शील पासापिं पाखें डायलग क्यनीगु दु ! (गुणदास पाखे स्वया) उकियात मेच





Downloaded from http://www.dhamma.digital

मगाना छिथाय् का:वनागु । छि छें मदि थन फाया च्वन धा:गु न्यना थन हे वयागु ।

दौलत : छाय् छ नं श्री घ:ले वनीम्ह ला ?

गुण : ख: मस्ते बौद्ध अध्ययन शील पासापिं धका: छगू पुच: दयका त:गु । भाजु नं व हे पुच:या सदस्य ।

दौलत : ए, अयसा छगू खँ ध्वीका ब्यू ले का । फ्यतुले (बुद्ध रत्न फ्यतुइ)

दौलत : गोजा ?

गोजा : ज्य उ

दौलत : का हुँ, अन पासायात नं स्ववायुस हया ब्यू !

गोजा : धन्दा हे कायेम्वा, नां काय् साथं हयाबी !

बुद्ध : छु खँ ? छु जुल ?

दौलत : व का, उखुनु जि पासा छम्ह नापलाना ल्याहाँ वयाच्वना बले छथाय् भिक्षुं छम्हेस्यां बाखँकना च्वन । व भिक्षुं धालकि ध्येबा लुँ, वह इत्यादि धन धायगु ख्यले मदु हँ, धन धैगु हे कालसर्प हँ, अले आर्यधन दुसा मनुया जीवन सुख ज्वी धाल । ध्व खँ जित चित्त बुझे मजुया गुणदासयाके न्यना ला फन मध्वीक भिक्षुया पँलिना खँ ल्हात । थुके छंगु छु बिचा दु ले ?

बुद्ध : जिं न्येना तयाथेंला पशु व मनू फरक जुया च्वंगु हे गुणंयाना ख: । नय्गु द्यनेगु धैगुला पशुयाके नं दु । तर मनूतयके अप्व गुण दुगुलिं व ख: कथं बिचा यायगु शक्ति दुगुलिं हे पशुत सिबें च्वे लाना च्वंगु ख: । मनूयाके ध्येबा दया पशुसिबें श्रेष्ठ जूगु मखु बुद्धं धया बिज्यागु गुण धनया खँ ठीक जू । तर ध्येवा, लुँ, वह: छें बु आदि धन ज्याय् ख्यले मजू धका: बुद्धं धया बिमज्या, थुलला छिं ?

दौलत : भति भति थुल थें च्वं ।

बुद्ध : आ गथेकि छिकपिसं विश्वास याना गोजायात छें या फुक्क ज्या भाला बिया तलका ख:ला ? तर यदि गोजा याके गुण मदुगु जूसा छु ज्वीले ? छिगु धन फुक्कं फुना वनि ! उकें धनया नापं गुण नं मा: । ख: लाकि मखु गोजा ?

गोजा : (लय् लय् तातां) ख: ख: छिं धयादीगु ठ्याक्क हे मिले जू ! ज्याय् ख्यले मयासे मुना त:गु धन ला चा बराबर हे जुलनि !

बुद्ध : हँ... । उकें धनया सदुपयोग याय् सयकेमा: । ऐला त्वनेत चुरोट त्वनेत, प्याखँ स्वयत आदि पाखे अप्व धन छ्यले मज्यू । थुकिं याना करपिन्सं पत्या याई मखु, थ:गु धन नं नाश जुइ । ध्येबा धयागु जिगु जिगु धका: क्वातुक ज्वना तयूत मखु सोथना जक तयूत मखु । माथाय् मा:कथं छ्यलेत : । मदुपिन्त उपकार यायेत ख: ।

दौलत : अले ध्व धनयात कालसर्प धका छाय् धा:गु ले ?

गुण : करपिनिगु धने लोभ यातकि व धन काल सर्प जुइ । छाय् धासा करपिनिगु धनक्या: सुचुका तयूबले उकिं यक्वं पीर व दु:ख वइ । बुद्धया उपदेश कथं ध्येबाया मू दैगु है न्हेगु आर्यधन दुसा जक ख: । फीके विवेक बुद्धि मन्तकि ध्येवा दुसां सुख सी मखु । बुद्धीं भि मभिं छुटे याई । भिंयाना या फल भिं जुइ । त्याग यायेमा: धैगु बिचार वैगु प्रज्ञा ख: । सोथना तयां न थ:त फाइदा न करपिन्त अथे हे लज्जा व भय मन्तकि लाक्व पाक्व सना है । अले ध्येबा दुसां नां बांमलाका च्वने माली ।

गोजा : (हथासँ) अय्सा फीत ध्येबा हे म्वाल ला:ले ? जित: ज्याला नं म्वाल ला:ले ?

बुद्ध : (न्हिला ध्येबा धागुला लाता । फीत ध्येबा नं मा: । थौं कन्हेया समाजे म्वाय्त ध्येबा मदयकं मगा: । धर्म यायृत ज्वीमा, बिद्या सयकेत ज्वीमा, डायलगथें जागु कार्यक्रम दयकेत हे छाय् थ मज्वीमा ध्येवा बिना ज्या बने ज्वी मखु । थौंया थिकेगु जमानय् ध्येबा मदयक सुं नं म्वाना च्वने फै मखु । तर ध्येबा दुथें फीसं नुग: मस्यासे ख: थाय् छ्यले सयके मा । धर्म्हं मेपिन्त बियात:सा जक मेपिसं फीत उपकार या: वई । थुल ला ?

गुण : अहो सा ! अयसा फीत ध्येबा नं मा: गुण नं मा: का । ध्येबा मदयका गुण जक दया नं मज्यू, गुण मदयका ध्येबां जक दयां नं मज्यू । ला व लुसि थें धन व गुण निता बाय् मज्यू ।

दौलत : ह: न्हाच: हे आमथे खँ वय् धुंकूगु जूसा खेल हे सिधय् धुंकूगु । बुद्धया बिचा: अथे ख:सा बँहिला: जू । भिक्षु पिस नं खँ बाँलाक मजूसा मस्यु व्यवहारे मल्वेक खँ कनिगु !

बुद्ध : आमथे धायगुनं ठीक मजू । बाखँ कनीबले बाँलाक मन बिया पूर्वक न्यने मा:का । बाखँ कनिबले न्हचो वयेके मज्यू । बाखँ पू मवंक न्यनकि अर्थ या अनर्थ ज्वी यो । उखुनु छिं बाखँ पूर्वक न्येना मदी जुइ । सुरूंनिसें बाखँ न्यंगु जूसा छि अथे धाई मखु खइ ।

गुण : दौलत जी पूवंक न्यंगु जूसा अपाय् हाक गन्थन हे जुइ मखुगु नि । आला खं बाँलाक थुल खला ?

दौलत : ध्येबा नं मा गुण नं मा: नितां मा धा:गुलिं खँ थुल । छता जक जूसा मज्यू धयागु का ।

बुद्ध : (गुणदास पाखे स्वया:) का ! मेच धयागु कया बिया दीगु मखुला ?

गुण : ख: ख: नु ! जि नं थौ. विहारे डायलग स्व: वे ! (दौलत राम पाखे स्वया:) छ नं वयगु मखुला ?

दौलत : ज्यू, थौं छक जि नं बहे वय्का ! (जोगा यात) ए गोजा साहुनीयात थौं जि दुहाँ वय्गु लिबाई धयाब्यु हुँ !

गोजा : धन्दा हे कायम्वो नां काय् साथं धयाबी । (गोजा वनी)

बुद्ध : (पति नं क्यो क्यों) स्व उलिमछि मनूत मुने धुंकल डायलग स्वयत । नु लिबात फी नं वना हे छ्वे ।

दौलत : नापं नु नु

गुण : नापं नु नु

(सकें लय् लय् तातां वनी)

क्वचाल !

***(साभार- २०३५ साल प्रकाशित वार्षिक 'धर्मकीर्ति' पाखें)***

# PEACEFUL SUFFERING


Suwarna Sakya

People do not like suffering because suffering is a pain, anguish and affliction. Suffering is a disease. It is painful. To tell the truth, suffering is another name for the world. The world is called so because it is full of suffering. Siddharth come to be known as the Buddha because of the Four Noble Truths He had exponded. Suffering is the major subject of the Four Noble Truths. Bhava or the world signifies suffering. Life is synonymous with suffering for those who dwell in this world. 'Sarve Duhkham Duhkham' as it is said. The truth of Suffering is the first Noble Truth of the Buddha. To accept the truth is the duty of human beings. if one is to accept the truth, he must accept suffering, too. to accept suffering may mean to undergo suffering resulting from nonsensical activities. However. this meaning is not totally wrong, either. There exists peaceful suffering among many other types of suffering. One needs to reflect on this subject.

